नेपाली मजदूर आन्दोलनको इतिहास/ नयाँ श्रम ऐनको चिरफार

# मूल्याङ्कन

विचार-अन्तर्क्रियामुखी मासिक

वर्ष १०
अंक ४
२०४९
जेठ-असार



उत्तर कोरिया
के सोचिरहेछ? के गरिरहेछ?

जापान : अब कतातिर?

वामपन्थीहरूबाट
के-के कमजोरीहरू भए?
का. रोहित
का. पद्मरत्न तुलाधर
का. माधव नेपाल

साथमा
का. प्रचण्ड

## चुनाव
## कांग्रेसको जित,
## वामपन्थीहरूको हार, किन
## र कसरी?

अब वामपन्थीहरूको कार्य दिशा कस्तो हुनु पर्छ?

गत चैत्र वैशाखको
आन्दोलनलाई फर्केर हेर्दा

रू. १०।-

# बोर्डिङ्ग पास - समयको उपहार


एक वृद्ध महिला जसले चलनेमा मोटरसम्म देखेकी छिनन्, आज आफ्नो जिन्दगीमा अनमोल परिवर्तनको घडी पर्खिरहेकी छिन्। छिट्टै उनी एक चरा झैं उडेर शहरमा आफ्नो छोरालाई भेट्न पुग्नेछिन्। बडो उत्सुकताका साथ पर्खिरहेको आफ्नो छोरालाई चाँडै नै भेट्न पाउने कुरामा भन्दा उनी प्राचीन युगको "पुष्पक विमान" को परिकल्पनामा मग्न छिन्।

शहरमा छोरा भेट्न धेरै दिन लगाएर भरिया-तरिया सहित पैदल यात्रामा निस्कनु पर्दा हुने लामो हिंडाईको दुख कष्ट भोग्नु नपर्दा उनी ज्यादै नै खुशी हुनेछिन्। अहिले उनको हातमा रहेको उडान बोर्डिङ्ग पासले उनलाई यात्रामा बचेका केही गौरवमय दिनहरु छोरासंग बसी बिताउन पाउने एक उपहार हुन पुगेको छ।

**बोर्डिङ्ग पास - अमूल्य समयको उपहार।**

**देशको कुना काप्चासम्म विकासको प्रतिफल पुर्‍याउनमा संलग्न**




**शाही नेपाल वायुसेवा**

जति उड्यो उति उडौं उडौं लाग्ने

# यस भित्र


## स्थानीय निकायको चुनावले के शिक्षा दिएको छ?

- *कसरी कांग्रेसले बहुमत ल्यायो?*
- *वामपन्थी शक्तिका दोष र कमजोरी के रहे?*
- *अब वाम खेमाको कार्यक्रम र कार्यनीति के हुनुपर्छ?*



## किन वामपन्थीहरु हारे ?

का. रोहित
का. पद्मरत्न तुलाधर
का. माधव नेपाल
का. प्रचण्ड
नेताहरूको मूल्यांकन

वामपन्थी शक्तिको संस्कृति समाजवादी हुन सकेको छ? के गैर-वामपन्थीहरूसँग समेत संयुक्त मोर्चा हुन सक्छ? सबभन्दा बढी सिट कसले गुमायो? स्थानीय निकायमा वामपन्थीहरूको सहभागिताको उद्देश्य र चरित्र के कस्तो हुनुपर्दछ ? विस्तृत तथ्यांक र तथ्यांक विश्लेषण सहित ८

## नेपाली मजदूर आन्दोलनको इतिहास

- *नयाँ श्रम ऐनको चिरफार*
- *वर्तमान ज्याला दरले मजदूरलाई खान पुग्छ?*
- *नेपालमा मजदूहरू कहाँ कति?* २६






## गत चैत्र-वैशाखको जन-आन्दोलनलाई फर्केर हेर्दा २१

## उत्तर कोरिया

के सोचिरहेछ?
के गरिरहेछ?

उत्तर कोरियाली काउन्सेलरसँग कुराकानी २४





## अब जापान कतातिर?

दोस्रो विश्व युद्ध अघि कै सक्रिय साम्राज्यवादी राष्ट्र बन्ने जापानी चाहना ८

नयाँ तथ्यांकमा आधारित नेपालको जनसंख्या वृद्धिका केही विशेषताहरु अर्थशास्त्री महेश्वरमान श्रेष्ठको विश्लेषण ३४

स्वास्थ्यः सुविधा छैन
सुविधा छ
तर सुविधा किन्ने सामर्थ छैन
स्वास्थ्यमा सामाजिक न्यायको प्रश्न-
डा. शरद वन्तको दृष्टिकोण ३७

वन जंगल र पर्यावरणको नाश लगाउँदै तिनीहरूको विनास गर्नेहरू अझै कायम छन्। नेपालको वन र त्यसको संरक्षबारे डा. कमल कृष्ण जोशीको लेख ३९

**घटना-प्रवाह**
- राजतन्त्रको तावेदारी ५
- लस एन्जेलस घटना ५
- सडकमा लेखक-कलाकारहरू ७
- शिक्षक र राजनीति ६

**आँखी-झ्याल**
सि.आइ.ए : अब कहाँ आँखा ? ४९

**नीति/नैतिकता**
स्वतन्त्रता र प्रतिवद्धता
- डी.आर.पोखरेल ४२

**दर्शन/दिग्दर्शन**
द्वन्दात्मक वस्तुवाद नै किन?
- शिवदास घोष ४४

**पाठकको कुरा** ५०

**ज्ञान/विज्ञान**
अब मधुमेह रोग निको हुन सक्छ ४७

**कला/साहित्य/संस्कृति**
कथाः रोग। खलिल जिब्रान ४७
फिल्मः लोभी पापीमा मह जोडी ४५
रंगमंचः टि.भि.को फ्रेममित्र साम्दे शेर्पा ४३



# मूल्याङ्कन

(विचार-अन्तर्क्रियामुखी मासिक)

वर्ष १० अंक ४
०४९ जेष्ठ-असार



संरक्षक
डा. मथुराप्रसाद श्रेष्ठ

सल्लाहकार
डा. कमलकृष्ण जोशी
डा. कृष्णबहादुर थापा
खगेन्द्र संग्रौला
चन्द्रराज ढुंगेल
डा. चैतन्य मिश्र
डी.आर.पोखरेल
पद्मरत्न तुलाधर
डा. भरत प्रधान
डा. महेश मास्के
महेश्वरमान श्रेष्ठ
प्रा. हर्षनारायण धौभडेल

प्रधान सम्पादक
श्याम श्रेष्ठ

कार्यकारी सम्पादक
हरिगोविन्द लुईटेल

सह-सम्पादक
राजेन्द्र महर्जन

व्यवस्थापक
श्याम खड्का



अन्तर्क्रिया प्रकाशन (प्रा.) लि. का लागि सुवास श्रेष्ठद्वारा प्रकाशित

सम्पर्क कार्यालय
"मूल्यांकन" मासिक
अन्तर्क्रिया प्रकाशन (प्रा.) लि.
न्हूसाल, भंरोखे, ख-२,२३७
काठमाडौं-२३
फोनः २१३६९४
पो. ब. नं. ३०२६

आवरण कला : मोहन खड्का, क्यालिग्राफिक स्टूडियो, कमलादी। टाईपसेटिङ्ग तथा मुद्रण : मोडर्न प्रिन्टिङ्ग प्रेस, कान्तिपथ।

# स्थानीय निकायमा वामपन्थीहरूको सहभागिताको उद्देश्य र चरित्र के कस्तो हुनु पर्छ?

देशका ३९९६ वटा गाउँ विकास समिति, ३६ वटा नगरपालिका र ७५ जिल्ला विकास समितिको निर्वाचन प्रायः संपन्न भएको छ।

यस पटक सबै वामपन्थी शक्तिहरू यी स्थानीय निकायहरूको निर्वाचनलाई उपयोग गर्ने पक्षमा देखा परे, यद्यपि स्थानीय निकायलाई हेर्ने दृष्टिकोण भने समान छैन।

वामपन्थी शक्ति स्थानीय निकायमा निर्वाचित हुनुको उपादेयता के? उनीहरूले त्यहाँ के गर्नु पर्दछ, के गर्नु हुँदैन? उनीहरूको कामको मुख्य दिशा, विधि र चरित्र के कस्तो हुनु पर्दछ, जसको कारणले उनीहरू प्रतिक्रियावादी, सुधारवादी उम्मेदवारहरू भन्दा आधारभूत रूपमा उन्नत र भिन्न हुन्छन्? यी सवालहरू यतिखेरका महत्त्वपूर्ण विषयहरू हुन् जसबारे विचार प्रष्टता भएन भने वामपन्थी सहभागिताको कुनै अर्थ रहँदैन।



स्थानीय निकायहरू जन प्रतिनिधिमूलक छन् र तिनीहरूको चरित्र स्थानीय जन सत्ताको छ। तिनीहरूसित एक साथ कार्यकारिणी, न्यायिक, र विकास कार्यक्रम र योजना बनाउने तथा कर थेग्ने मामलामा व्यवस्थापिकाका अधिकारहरू पनि विद्यमान छन्। तिनीहरू सापेक्षिक रूपमा केही हदसम्म स्वायत्त पनि छन्।

तर यी अधिकारहरू र स्वायत्तताका सीमाहरू पनि छन्। केन्द्रमा पूँजीवादी प्रतिक्रियावादी सत्ता विद्यमान छ र यी निकायहरू त्यसका नीति निर्णयहरू मान्न कानूनी तवरले बाध्य छन्। केन्द्रिय सरकारलाई विभिन्न निहुँमा यी निकायहरू निलम्बन र भंग गर्ने एकलौटी अधिकार कानूनले दिएको छ। यी निकायको नोकरशाही यन्त्र केन्द्रिय सरकारद्वारा नै नियुक्त र नियन्त्रित हुन्छन्। यी निकायहरू संविधानको सीमाभन्दा बाहिर जान कानूनी तवरले सक्दैनन्। यिनै शर्तहरू स्थानीय निकायका स्वतन्त्रता र स्वायत्तताका सीमाहरू हुन्।

यी सीमाहरूको परिप्रेक्ष्यमा समाजको आमूल क्रान्तिकारी परिवर्तनको निम्ति संघर्षशील वामपन्थी शक्तिले स्थानीय निकाय मार्फत नै त्यस दिशामा सबथोक गर्न सकिन्छ भन्ने सोच राख्नु अवस्तुसम्मत अतिवादी चिन्तन मात्र हुनेछ। यो पथ विचलन हुनेछ। त्यस्तै, यी निकायहरूमा जे जति स्वतन्त्रता र स्वायत्तता छ, त्यसको परिप्रेक्ष्यमा यिनीहरू मार्फत त्यस दिशामा केही पनि गर्न सकिँदैन भन्ने सोच राख्नु पनि अर्को अवस्तुसम्मत र अतिवादी चिन्तन हुनेछ। यो पनि अर्को छेउको पथ-विचलन हुनेछ।

यस स्थितिमा स्थानीय निकायलाई समाजको आमूल क्रान्तिकारी परिवर्तनको दिशामा काम गर्नको लागि एउटा सहयोगी साधनका रूपमा मात्र लिइनु पर्दछ। सो आफैं साध्य कदापि हुन सक्दैन। यो तिनीहरूका लागि मात्र साध्य हुन सक्दछ जो वर्तमान समाजलाई नै समाजको आदर्श नमूना ठान्दछ र जो सित समाज व्यवस्थाको यो भन्दा उन्नत र परिपूर्ण खाका छैन।

स्थानीय निकाय आम जनसमुदाय सित जीवन्त र घनिष्ठ संवन्ध राख्ने, उनीहरूका जीवनका मूर्त समस्याका आधारमा उनीहरूलाई अनेकौं किसिमका काममा र संगठनमा संगठित गर्ने र संघर्ष संचालन गर्ने एवं संघर्षकै अनुभवबाट यसबाट उनीहरूको जीवन स्थितिमा आमूल परिवर्तन आउन किन संभव छैन भनेर अनुभूति गराउने थलो हुन सक्दछ। स्थानीय निकायमा वामपन्थी शक्तिको कामको मूल सार र मूल दिशा जन समुदायको विचारधारात्मक सचेतनता र संगठितपन अभिवृद्धि गर्ने हुनु पर्दछ भन्ने हामीलाई लाग्दछ।

जन समुदायको जीवन स्तर र सांस्कृतिक स्तरमा प्रगतिको लागि वामपन्थी शक्तिहरूको सोच के हो, त्यो एक हदसम्म कार्यान्वयन गरी देखाउने थलो पनि यही हो। लघु र पछौटे उत्पादन प्रणालि, बेरोजगारी र पछौटे जीवन र सांस्कृतिक स्तर नेपालका गाउँ शहरको आम समस्या हो। यो समस्या हल गर्नको लागि वामपन्थी शक्तिहरू दुई तीनवटा महत्वपूर्ण कदम चाल्न सक्दछन्। ती हुन्-पहिलो, राज्यसित यी समस्या हल गर्न मूर्त मूर्त माग गर्ने र यसका लागि जनसमुदायमा आधारित भएर संगठित संघर्ष चलाउने। यस्तो संघर्षबाट जनतामा सत्ताबोध हुनेछ, वर्तमान राज्यव्यवस्थाको सीमा र चरित्रबारे, यसको आमूल परिवर्तनको जरूरतबारे आफ्नै अनुभवबाट प्रष्ट धारणा बनाउन जन समुदायलाई सहयोग पुग्नेछ। दोस्रो, जन समुदायबीच व्यापक छलफल चलाएर सीमित स्रोत र पूँजीलाई एक गठ पार्ने र स्वेच्छिक सहकारिताको आधारमा आफैं समस्या समाधान गर्न सामूहिक प्रयत्न चलाउने। जस्तो-सहकारी खेती, सहकारी उद्योग र सह-कारी व्यापारहरू, सहकारी वन आदि। यसबाट जनताको जीवन स्तर पनि बढ्नेछ, जन समुदाय संगठित हुनेछ, उनीहरूमा वैकल्पिक सत्ताको आवश्यकता बोध हुनेछ र उनीहरू वास्तवमै वैकल्पिक सत्ताको अभ्यास पनि गर्न थाल्नेछन्। र तेस्रो, आफ्नो संपर्क, ज्ञान र उपलब्ध जनशक्तिको आधारमा प्रभावकारी सांस्कृतिक आन्दोलनको संचालन। जस्तो-स्वास्थ्य सचेतनता वृद्धि गर्ने अभियान, साक्षरता अभियान, संसारमा विकसित ज्ञान, विज्ञान, प्रविधि, सीप जानकारी दिने अभियान आदि। यसबाट जनताको सांस्कृतिक स्तर लाई समाजको आमूल परिवर्तनको दिशामा अभिवृद्धि गर्न मद्दत पुग्नेछ। सांस्कृतिक रूपले उन्नत स्तर भएका जनताहरू स्वभावतः प्रतिक्रियावादी र प्रतिगामी शासन व्यवस्थाको विरोधी हुनेछन्।

स्थानीय निकायमा वामपन्थीहरूको कामको विधि जन सहभागितामूलक हुनु जरूरी छ। जुन कामले जुन तप्काको र क्षेत्रको जनतालाई प्रभावित पार्दछ त्यो कामको योजना, कार्यक्रम र नीति तय गरिँदा त्यस तप्का वा क्षेत्रको जनताको सहभागिता गराउन अनिवार्य हुन्छ र उनीहरूको चेतना स्तरको सीमा अनुकूल नै त्यो काम संचालन गर्नु पर्दछ। यही उपाय हो जसद्वारा काममा नोकरशाही प्रवृति हटाउन सकिन्छ र हरेक काममा व्यापक जन समर्थन र सहभागिता प्राप्त गर्न सकिन्छ। जबर्दस्ती नीति, सोच र कार्यक्रम लाद्ने गल्ती कदापि गरिनु हुन्न, यद्यपि ती कति नै राम्रा सोच किन नहुन्। यसबाट जनतामा प्रतिरोधको मानसिकता विकसित हुन्छ र जनतासितको संवन्धमा खाडल पैदा हुन्छ।

हिसाव खाता र योजना प्रगतिको स्थितिलाई वामपन्थीहरूले दुरूस्त र पारदर्शी राख्न सक्नु पर्दछ। जनताको एक पैसा पनि हीनामिना नहोस् र त्यसको हिसाव समय समयमा आम समुदायले थाहा पाउने व्यवस्था गर्न सकियोस् भन्ने सवालमा अत्यन्त होशियारी पुऱ्याउन सक्नु पर्दछ। यसबाट वामपन्थी शक्तिप्रतिको जन विश्वास सुदृढ हुनेछ र जनसत्ता मजबूत हुनेछ।

स्थानीय निकायलाई कर लगाउने पनि अधिकार छ। वामपन्थी शक्तिको कर नीति प्रगतिशील करनीति हुनुपर्दछ, यसको तात्पर्य के हो भने करको अनुपात संपन्न र सक्षमलाई बेसी लगाउनु पर्दछ र गरीब र असक्षमलाई यथाशक्य कम।

प्रशासन सरल, सस्तो, र प्रभावकारी र जनमुखी बनाउनु जरूरी छ। सर्व साधा-रणले सजिलै आफ्नो समस्याको हल पाउन सकून र संवन्धित मानिससित सजिलै पहुँच गर्न सकून भन्ने सवालमा पर्याप्त ध्यान दिनु जरूरी छ। न्याय सत्यमुखी र जनमुखी हुनु जरूरी छ। कुनै पनि मुद्दाको जरो र वास्तविकता पत्ता लगाएर मात्र न्याय गर्ने र न्याय जनताको पक्षमा, प्रतिक्रियाको विपक्षमा गर्ने कुरामा वामपन्थीहरू दृढ र स्पष्ट हुनु जरूरी छ।

स्थानीय निकायमा यस्तो चरित्रको भूमिका निर्वाह गर्न समर्थ हुनको लागि त्यहाँ निर्वाचित भएर जाने उम्मेदवारहरूमा समाजवादी आचरण, नैतिकता र संस्कृति हुनु जरूरी छ। उनीहरूमा त्यहाँ के गर्ने, के नगर्ने भन्ने संवन्धमा वैचारिक प्रष्टता र प्रतिवद्धता हुनु जरूरी छ। नैतिक सांस्कृतिक स्तर निकै तल्लो भएका र वैचारिक प्रष्टता र प्रतिवद्धता नभएका उम्मेदवारहरू त्यहाँ पठाइए भने स्थानीय निकाय समाजको आमूल परिवर्तनको निम्ति साधन होइन, यो कसैको अहंतुष्टि र स्वार्थ पूर्तिको साधन पनि हुन सक्दछ। यसमा यथेष्ट ध्यान पुऱ्याइनु जरूरी छ। सम्वन्धित वामपन्थी शक्तिले न्यूनतम योग्यता भएका उम्मेदवार त्यहाँ पठाउनको कति ध्यान दिन्छन् र पठाए पछि आफ्नो उम्मेदवारहरूमा र उम्मेदवारहरूले आफूमा समाजवादी नैतिकता र संस्कृति, वैचारिक प्रष्टता प्रतिवद्धता विकास गर्नका लागि कति गंभीरता पूर्वक, इमान्दारिपूर्वक संघर्ष चलाउँछन्? ◘





# यो राजतन्त्रको तावेदारी नभए के त?

गत वैशाख १९ गते दाङ्ग जिल्ला प्रशासनले नेकपा (मसाल) का जिल्ला प्रवक्ता रश्मी राज नेपाली, अखिल नेपाल जनजाति संगठनका के. अध्यक्ष परि थापा र अ.ने.युवक संघका भरत भण्डारीलाई मे दिवसको उपलक्ष्यमा आयोजित आमसभापछि गिरफ्तार गऱ्यो। उहाँहरूलाई राजतन्त्र विरोधी नारा लगाएको र भाषण गरेको अभियोगमा पक्राउ गरिएको भन्ने खबर प्रकाशमा आएको छ।

आमसभामा बोलेका कुरालाई लिएर जनतालाई गिरफ्तार गर्ने क्रम गिरिजा सरकारले शुरू गरेको र यसो गरेर राजतन्त्रप्रतिको आफ्नो तावेदारी प्रदर्शन गर्न थालेको यस घटनाले अत्यन्त ठूलो अर्थ राख्दछ। विगत ऐतिहासिक जन-आन्दोलनमा जन-समुद्र उर्लेर राजतन्त्रको विरूद्ध नारा लगाउँदै बन्दूकसंग लडेर र थुप्रै मानिसहरूले ज्यान अर्पेर हालको व्यवस्था आएको हो। संविधान निर्माणको समयमा पनि आफ्नै प्रतिगामी मस्यौदा विकल्प पेश गरेर दरवारले देखाएको दुर्नियतका विरूद्ध देशव्यापी रूपमा जनताले आवाज उठाएको थियो। आज पनि "०१७ साल दोहोरिन नपाओस्" भन्ने आशयका आशंका र कामनाहरू स्वयं गणेशमानहरूले समेत उठाउनु परिरहेको अवस्था छ। यस्तो स्थितिमा राजतन्त्रलाई जनताको तर्फबाट खबरदारी गर्ने र यसप्रति सचेष्ट पार्ने काम गर्दा गिरफ्तार गर्ने, वा यस कार्यलाई दुरूत्साहित गर्ने काम गिरिजा सरकारबाट हुनुले यस सरकारको दरबारप्रतिको तावेदारी र आत्मसमर्पणको प्रवृत्तिको पर्दाफास गरेको छ।

जनताका हत्याराहरू, जन आन्दोलनका द्रोहीहरू, तस्कर, काला बजारियाहरूमाथि सरकार को निगरानी छैन, त्यस्ता व्यक्तिहरूलाई कारवाही गरिएको छैन। तर संभावित दरबारिया षडयन्त्रबाट जनतालाई सचेत गराउने र राजनैतिक रूपले राजतन्त्रका बारेमा जनतालाई छर्लङ्ग पार्ने काम गराउने प्रयत्न गर्ने पार्टी-नेताहरू सरकारद्वारा गिरफ्तार गरिएका छन्। गिरिजा सरकारले देखाएको यो प्रवृत्तिले गिरिजा सरकारको नेतृत्वमा नेपालको राजनीति भविष्यमा कुन दिशातिर अघि बढ्न संभव छ भन्ने कुरा प्रष्टतापूर्वक इंगित गरेको छ। यदि यो प्रवृत्ति विना-प्रतिरोध झाँगिन पायो भने नेपालमा १७ साल दोहोरिन सैनिक शक्तिको प्रयोग गर्नु पर्ने छैन। गिरिजा सरकारको अगुवाईमा शान्तिपूर्वक क्रमिक विकासको प्रक्रियाद्वारा राजाको निरंकुशतन्त्र फेरि पनि हावी हुनेछ।

संविधानले राजाको विरोध गर्नमा समेत कुनै बन्देज लगाएको छैन। तर गिरिजा सरकारले नयाँ प्रेस ऐनमा राजपरिवारको समेत विरोध गर्न नपाउने प्रावधान संविधान विपरीत ल्याएको छ। त्यो घटनाको क्रमिकतामा राजतन्त्रको विरोध गर्दा गिरफ्तारी गरिएको घटनालाई जोडेर हेर्नु जरूरी छ। यसरी जोडेर हेर्दा यो एउटा अलग अलग घटना नभएर गिरिजा सरकारको नियत र प्रवृत्तिको रूपमा देखा पर्दछ। यस प्रवृत्तिको सशक्त विरोध वास्तविक प्रजातन्त्रका पक्षपाती सबैबाट हुनु जरूरी छ। दर-बारिया षडयन्त्रकारीहरूको मनोबल बढाउने यस प्रकारका कार्यहरू र प्रवृत्तिहरू अन्ततः आत्मघाती हुनेछन् भन्ने कुरालाई कांग्रेसी सरकारले वा जो कोहीले पनि इतिहास साक्षी राखेर बुझ्नु जरूरी छ।☐

# लस एन्जेलसको घटनाले के प्रष्ट्याएको छ ?

अमेरिकाको प्रशिद्ध शहर लस एन्जेलसमा गत वैशाख तेस्रो हप्ताबाट शुरू भएको व्यापक हिंसा, लूट र आगलागीबाट करीव चार दर्जन व्यक्तिहरू मारिए, अढाई हजारभन्दा बढी व्यक्तिहरू घाइते भए, डेढ हजार जत्ति गिरफ्तार गरिए, साढे पाँच हजारभन्दा बढी घरहरू आगलागीबाट ग्रस्त भए र एक अरब डलरभन्दा बढीको क्षति हुन गयो। शहरमा कर्फ्यू लगाइयो। "शान्ति" कायम गर्न स्थानीय सर-कारी शक्तिले नपुगेर राष्ट्रपति वुशले संघीय सेना खटाए। दंगा वरपरका राज्य र थुप्रै शहरहरूमा फैलियो। "अमेरिकाको इतिहासमा ७५ वर्ष यताको सबैभन्दा भयानक घटना" को रूपमा पनि कतिपय संचार-माध्यमहरूले यस घटनालाई लिएका छन्।



गत वर्ष मार्चमा एक जना कालो-वर्णका मोटर चालकलाई ४ जना गोरा-वर्णका प्रहरीहरूले निर्घातसंग पिटेको र हालै न्यायालयले झन उल्टो प्रहरीकै पक्षमा निर्णय दिएको घटनाको विरोधमा त्यहाँ उर्लेको जन-आक्रोशको बाढीले उक्त "भयानक घटना" घटाएको थियो। प्रहरीले उक्त चालकमाथि कुटपिट गरेको घटनाको दृश्य एक व्यक्तिले आफ्नो भिडियो क्यामेराले संयोगवश खिचेका रहेछन्। प्रमाणको रूपमा उक्त दृश्य आम-जनता र स्वयं अदालतसम्म पनि पुगेको थियो। त्यो दृश्य टि.भिम, प्रदर्शित भएपछि काला जातिको आक्रोशको ज्वालामुखी फुटेको थियो।




अमेरिकाले आफूलाई जत्ति नै "प्रजातन्त्रको मशिहा" भनी प्रचार गरेपनि तथ्यहरूले के देखाएका छन् भने- त्यहाँ असमानताको खाडल अत्यन्त गहिरो छ, बलियाहरूले एकलौटी गरी खान पाउने "स्वतन्त्र-अर्थ व्यवस्था" मा निर्बलियाहरू सडक-गल्लीमा भोकै-नाँगै मरिरहेको अवस्था त्यहाँ छ र छ- त्यहाँ पूँजीको बजारको राक्षसी क्रुरता र विकृति। जातीय समानताको खोक्रो नारा संसारमा बेचेर अमेरिका आफू चाहिं गोराहरूको पक्षमा र आम निर्धन कालाहरूको विपक्षमा भेदभाव गर्दछ। न्यायालयका निर्णायक पदहरूमा गोराहरू मात्र अत्यधिक संख्यामा रहेको र प्रायः गोराहरू दण्ड भागी हुनबाट जोगिने र कालाहरूमाथि मात्र कानूनका "कडा दफाहरू" लागू गरिने खुला भेदभावपूर्ण नीति त्यहाँ रहेको विद्यमान प्रमाणहरू पनि हाल विश्व-संचार क्षेत्रमा प्रकटमा आएका छन्।

हालको लस-एन्जेलस घटना अमेरिकामा रहेको यही ढोंगी आर्थिक-सामाजिक

(बाँकी पृष्ठ ६ मा)

# शिक्षकले राजनीति गर्न किन नपाउने?

## प्राज्ञिक पेशामा कार्यरत शिक्षकहरू राजनीतिक अधिकारबाट वञ्चित हुँदैछन्।

श्री ५ को सरकारले शिक्षकहरूलाई राजनीतिबाट अलग्याउने निर्णय गत बैशाखको दोस्रो हप्तामा गरेको छ। यस अनुसार "शिक्षकहरूलाई कुनै राजनीतिक दलसंग संवद्ध रही दलका विभिन्न इकाइहरूको सदस्य तथा पदाधिकारी हुने, विभिन्न राजनीतिक दलका उम्मेदवारहरूको निर्वाचन एजेण्ट बन्ने, दलगत प्रचार-प्रसार गर्ने जस्ता सक्रिय राजनीतिमा सहभागी" हुन निषेध गरिएको छ। यस्तो निर्णय विद्यार्थीवर्गको हित, अभिभावक वर्गको आकांक्षा र व्यापक जन-चाहनालाई दृष्टिगत गरी गरेको दावी सरकारले गरेको छ।

नेपाली कांग्रेसको "गिरिजा-सरकार" ले आफू सत्तामा आएपछि विस्तारै विस्तारै जनताका प्रजातान्त्रिक हकहरू खोस्ने काम गर्न थालेको क्रममा यो निर्णय पनि यसै क्रमको एउटा उल्लेखनीय घटना हो।

शिक्षण-पेशा एउटा प्राज्ञिक पेशा हो। यो आम-सरकारी नोकरशाहीभित्र नपर्ने र यसभित्र पार्नु नहुने क्षेत्र हो। प्रज्ञा को विकास नोकरशाही बन्देजहरूबाट हुँदैन। त्यसकारण नै प्राज्ञिक क्षेत्रहरूलाई नोकरशाही बन्देजहरूबाट स्वतन्त्र राख्नु पर्ने औचित्यको स्थापना भएको हो। प्राज्ञिक पेशामा कार्यरत शिक्षकहरूलाई यसरी राजनीतिक अधिकारबाट बञ्चित गराउने काम प्रजातन्त्रप्रतिको ठूलो घात हो र यो निन्दनीय छ।

कुनै पनि मुलुकमा र नेपाल जस्तो बौद्धिक-राजनीतिक रूपले पिछडिएको देशमा कुना कुनामा छरिएर रहेका शिक्षकहरू संचेतनाका बाहक हुन सक्दछन्। उनीहरूको माध्यमबाट राजनैतिक चेतको विस्तार र यिनीहरू बीचको अन्तर्क्रियामा विस्तार गर्न सकिन्छ। यो कामलाई प्रोत्साहित गर्नु पर्नेमा किन दुरूत्साहित गरिँदै छ? यो आश्चर्यको कुरो भएको छ। शिक्षकहरू संस्कृतिका बाहक हुन। संसारमा विकसित अत्याधुनिक संस्कृति नयाँ पुस्तालाई हस्तान्तरण गर्ने कार्य शिक्षकहरूले नै गर्दछन्। अहिले देशमा राजनीतिक सत्ताका हिसाबले नयाँ प्रजातान्त्रिक सत्ता स्थापित भएको छ। प्रजातान्त्रिक सत्ता प्रजातान्त्रिक संस्कृति विना दिगो हुनै सक्दैन। जनतामा प्रजातान्त्रिक संस्कृतिको बीजारोपण गर्नमा शिक्षकहरूको निर्णायक भूमिका हुन्छ। अहिलेको पुस्तालाई प्रजातान्त्रिक संस्कृतिले सुसज्जित पार्ने कार्य शिक्षकहरूले नै गर्दछन्। यस्तो पेशा भएका शिक्षकहरूलाई राजनीति गर्नु हुन्न भनी बन्देज लाउनु संपूर्ण पुस्तालाई उन्नत संस्कृतिविहीन पार्ने यत्न सिवाय के हुन्छ? अहिलेको राजनीति शिक्षकहरूले ग्रहण नगरे उनीहरू कसरी अहिलेको राजनीति अनुकूलको मूल्य र संस्कृति वर्तमान पुस्तालाई हस्तान्तरण गर्न सक्छन? यो हस्तान्तरण नै भएन भने- के नयाँ पुस्तामा प्रजातान्त्रिक संस्कृति आफ से आफ पैदा हुने आशा गर्न सकिन्छ? त्यसैले शिक्षकहरूले राजनीति गर्नु हुन्न भन्नु राजनीतिलाई मुट्ठीभर "राजनीतिक पेशेवर" हरूमा मात्र सीमित गर्न खोज्ने "पंचायती प्रवृत्ति" हो - सचेत जन समुदायले



*विशुद्ध शैक्षिक वातावरण कि धूर्त्याईं ?*

यसको विरोधमा आवाज उठाउनु पर्दछ। यस विषयलाई लिएर ने.क.पा. (एमाले) ले सरकारको विरोध गरेको छ। अरू प्रतिपक्षी पार्टीहरूको पनि यसतर्फ ध्यान जानु जरूरी छ। सरकारको प्रजातन्त्र विरोधी यस प्रकारको कदममाथि अंकुश लागेन भने प्राध्यापक र अन्य तहका जनताहरू माथि पनि यो बन्देज लगाउने दुस्साहस सरकारले गर्न सक्दछ।

हो, शिक्षकहरूले शिक्षणको कामलाई नै बेवास्ता गरेर पार्टी नेताहरू जस्तो राजनीतिक काममा मात्र दगुर्नु हुन्न नै। "पठन-पाठनमा शिक्षक वर्गको क्रियाकलाप केन्द्रित होस्, अध्ययन अध्यापन नियमित होस् र विद्यालयमा शैक्षिक वातावरण कायम होस्" भन्ने चाहना आफूले राखेको दावी सर कारले गरेको छ। यो कुरामा त शिक्षक वर्गको कुनै आपत्ति हुने सवाल नै उठ्दैन। आफ्नो मूल कामलाई प्राथमिकता दिने र दक्ष बनाउने काम गर्नै पर्छ। तर यसको नाउँमा शिक्षकहरूको राजनीतिक हक खोस्ने अधिकार गिरिजा सरकारलाई छैन। यो त पंचायती शैलीको "विशुद्ध शैक्षिक वातावरण" को माग हो। गएको हिउँदे सदन बैठकमा तुहिएको "कर्मचारी नियमावली" मा शिक्षकहरूलाई पनि सरकारी नोकर शाही कै शैलीमा बाँध्ने आशय सरकारले प्रकट गर को थियो। हालको सरकारी निर्णय त्यही आशयकै अभिव्यक्ति हो।

वर्तमान बहुदलीय व्यवस्था ल्याउन विगतमा प्रत्यक्ष-अप्रत्यक्ष रूपले ठूलो भूमिका निर्वाह गरेको नेपाली शिक्षक वर्गमाथिको यो सरकारी प्रहारका विरूद्ध नेपाल राष्ट्रिय शिक्षक संगठनले वक्तव्य जारी गरी अध्यापन पेशाको चरित्र अनुरूप विद्यालय समयमा इमान्दारीपूर्वक आफ्नो दायित्व पूरा गर्नु पर्ने कुरामा आफ्नो सचेतता जाहेर गर्दै "सामाजिक परिवर्तनको प्रक्रियामा आ-आफ्नो राजनीतिक उत्तरदायित्व स्वस्थ्य ढंगले पालना गर्न सक्षम नेपाली शिक्षकहरू" माथिको यो सरकारी प्रहार फिर्ता लिन सरकारसंग माग गरेको छ। साथै यसले सर्वोच्च अदालतमा यसबारे रिट पनि दायर गरेको छ।

गिरिजा सरकारलाई यस प्रकारको "पंचायती विशुद्ध" वातावरणको आग्रह गर्दै जनताका राजनैतिक अधिकारहरूमाथि अंकुश लगाउने अधिकार छैन। "विशुद्धता" को आग्रह ने.कां. को "बहुदलीयता" को आफ्नै राजनीतिसंग मेल खाँदैन। "देशमा राजनीतिक मतमतान्तर नछाओस र विशुद्ध एकता छाओस्" भन्ने नाममा पंचायतले गरेको ३० वर्षे शासनको अप्रत्यक्ष- नक्कल गर्ने हैन, आज देशमा जनताको बढी भन्दा बढी हिस्सामा राजनीतिक अधिकार प्रदान गर्दै जानु जरूरी छ। जनतालाई "हक" दिंदा "अराजकता" हुने हौवा खडा गरेर हैन, जनता स्वयंमा आत्मानुशासन जगाएर समाजलाई अघि बनाउने चाह र आँट सरकारले गर्नु पर्दछ। हैन भने आफू "प्रजातान्त्रिक हुनु" को दावी केवल ढोंग सावित हुनेछ। स्कूल-क्याम्पसहरूलाई राजनैतिक दार्शनिक विचारविहिन "भीड" मा परिणत गरेर विकृत पूँजीवादी संस्कृति-संस्कारको एकलौटी बजार बनाउने साम्राज्यवादी स्वार्थको इशारा अनुसार चालिएको यो सरकारी कदम शिक्षक वर्गमा कांग्रेसी प्रभावको कमजोर स्थितिलाई ध्यानमा राखी गरिएको प्रष्टै देखिन्छ। यो भनेको भिन्न मत माथिको दमनको एउटा रूप हो, जसलाई "प्रजातान्त्रिक कदम" भनिन्छ भने त्यो निर्लज्ज धूर्त्याईं बाहेक केही हैन।□

(पृष्ठ ५ को बाँकी)

व्यवस्थाको विरूद्ध उठेको जन-आक्रोशको एउटा मूर्त अभिव्यक्ति हो। न्यायालयको निर्णयको लगत्तै मानिसहरू सडकमा उत्रिएर यसका विरूद्ध प्रदर्शन गर्न थाल्नु र यसले सुकेको बनमा डढेलो सल्केझैं थुप्रै शहरहरूलाई ढाक्नुले के प्रमाणित गर्दछ भने यो घटना एउटा निहुँ मात्र थियो, जसले लामो समयदेखिको व्यापक शोषक-वर्गीय लूटको विरूद्ध संचित आक्रोशलाई हवात्तै पोखिने मौका दियो। गोराहरूको मात्र नभै धनी कालाहरूकै घरहरू समेत लुटपाटमा परेका घटनाहरूले यस जन-आक्रोशमा अमेरि कामित्रको व्यापक अभाव, गरीवी र वर्गीय शोषणका विरूद्धको प्रतिकृया समावेश भएको प्रष्ट पार्दछ। पूँजीवाद नै एक मात्र "विकल्प" हो भनी समाजवादको "मृत्यु" भएको ढोल पिट्नेहरूका लागि यो घटना मुखभरीको एक जोडदार थप्पड सावित भएको छ। राष्ट्रपति जर्ज बुशले दंगाग्रस्त क्षेत्रमा "शान्ति" कायम गर्न "जस्तोसुकै शक्ति प्रयोग गर्न पनि आफू तयार रहेको" कुरा बताएका छन्। "शक्ति" को मर मा आक्रोशित जनतालाई दमन गरेर शान्ति कायम गरेको देखाउने पूँजीवादका नाइकेहरूले लस एन्जेलसहरूमा वास्तविक शान्तिको लागि स्रोत र साधनहरूको न्यायपूर्ण वितरण र समानता एवं न्यायमा आधारित सद्भावको भाषा कहिले बुझ्लान? - यो एक निकै ठूलो प्रश्न खडा भएको छ।□

# सडक चोकमा लेखक-कलाकारहरु




गत चैत्र २४ गते "नेपाल बन्द"को सन्दर्भमा नेपाली कांग्रेसको सरकारले जनताको पंक्तिमाथि जुन क्रूर दमन र प्रहार गऱ्यो, त्यसलाई टुलुटुलु हेरेर बस्न नसकी प्रगतिशील लेखक संघ सडकमा उत्रियो। उपत्यकाका तीनै शहरहरूमा यसले आयोजना गरेका "सांस्कृतिक सभा" हरूमा विभिन्न प्रगतिशील कविहरूले कविताहरू बाचन गर्नुका साथै इन्द्रेणी सांस्कृतिक समाज, रक्तिम परिवार, जन सांस्कृतिक संगमहरूले गीत-संगीतहरू प्रस्तुत गरे। यसै गरी काठमाडौंमा "जन सांस्कृतिक मंच"लेपनि "सांस्कृतिक सभा" को आयोजना गऱ्यो। यस सभामा पनि विभिन्न कविहरूले कविताहरू र ज.सा.मंचले गीत-संगीतहरू प्रस्तुत गरे। यसै गरी विराटनगर, धरान, ईटहरी आदि स्थानमा प्र.ले. संघले सडकमा "कविता-यात्रा" को आयोजना गऱ्यो। यी सवै कार्यक्रमहरूमां सांस्कृतिक क्षेत्रमा कार्यरत विभिन्न बक्ताहरूले वर्तमानमा लेखक-कलाकारहरूको दायित्वबारे बोल्नु भएको थियो।

खुला स्थानमा साहित्य-कला लिएर जनतासामु पुग्ने कार्यमा यी कार्यक्रमहरूले कलाकर्मीहरूलाई जुन अवसरहरू दिए, ती अवसरहरू अत्यन्त महत्वपूर्ण र उपयोगी भएको ठहर सहभागीहरू प्रायः धेरैले गरेका छन्।

साहित्य-कलालाई सडकमा पुऱ्याउँने हो भने आम-जनताले त्यसलाई उत्साहपूर्वक स्वागत गर्दो रहेछ भन्ने कुरा यी कार्यक्रमहरूप्रतिको जन-चासोले देखाएको छ। मुलुकमा विशिष्ट स्थिति पैदा भएको बेलामा वा सामान्य-बेलामै पनि लेखक-कलाकारहरू यसरी जनतासामु पुग्नुले जन-चेतनाको अभिवृद्धिका साथै लेखक-कलाकार र पाठक-स्रोता वीच खुला संबन्ध स्थापित गर्न पनि ठोस योगदान गर्दछ।

रूचि-संस्कारको हिसावले बौद्धिक वैचारिक क्षेत्रका सूक्ष्म तर महत्वपूर्ण कुराहरूतर्फ भन्दा बढी मोटा राजनीतिक कार्यक्रमहरूतिर मात्र जन-मानस खिचिएको आभास मिलिरहेको वर्तमान समयमा यस्ता सडक-कार्यक्रमहरूतर्फ कलाकर्मीहरूको ध्यान तानिन थाल्नु स्वागत योग्य र खुसीको कुरा हो।❑

# कांग्रेसी आतंकको प्रतिकार जरूरी

नेपाली कांग्रेसले गत स्थानीय चुनावको सन्दर्भमा आम रूपमा जुन गैर-प्रजातान्त्रिक चरित्रको अनुशरण गरी आफूलाई प्रस्तुत गऱ्यो, त्यसको निरन्तरता अझै देशका विभिन्न स्थानहरूमा कायमै रहेको छ। आफू जितेको ठाउँमा जितवाजीको उन्माद बोकेर विपक्षीहरूमाथि जाइलाग्ने र आफू हारेको ठाउँमा चाहिं पराजित मानसिकताको कारण क्रुद्ध भएर विजयी विपक्षीहरूमाथि जाइ लागी आतंकको वातावरण सृजना गर्ने काम कांग्रेसले गरिरहेको पाइएको छ।

रामेछाप जिल्लामा नेपाली कांग्रेसले चुनावको समयमा र त्यसपछि हालसम्मै पनि देखाइआएको फासिष्ट प्रवृत्तिले नेपाली कांग्रेसको "प्रजातान्त्रिक" भनिने तर वास्तवमा पाखण्डी चरित्रको असलियतको पर्दाफास गरिरहेको छ।



सिन्धुली जिल्लामा फैलाइएको मिलेटरी-आतंक र गुल्मी, अर्घाखाँची, कालिकोट, मनाङ, चितवन आदि जिल्लामा विपक्षीहरूमाथि गरिएको प्रहार एवं लादिएका गिरफ्तारी र जेल-नेल-यातानाका क्रम नटुट्दै विराटनगरमा विपक्षीहरूद्वारा आयोजित कांग्रेसी धाँधली विरोधी जुलुसमा लाठी र अश्रु ग्यास प्रहार को घटनाले आम सर्वसाधारण जनतामा थप आतंक सृजना गरेको छ।

रामेछाप जिल्लामा चलाइएको कांग्रेसी आतंकको कारण पाँच सय जना भन्दा बढी रामेछापवासीहरू शरणार्थीको रूपमा काठमाडौं आएका छन्। सं.ज.मो. का दर्जनौं कार्यकर्ताहरू गिरफ्तार र वारेण्टेड छन्। गिरफ्तार कार्यकर्ताहरूलाई शारीरिक यातना दिइएको छ। नव निर्वाचित जन-प्रतिनिधिहरूलाई समेत पक्राउ गरिएको छ। महिला कार्यकर्ताहरूमाथि पनि कुटपीट गरिएको छ।

संजमोको पक्षमा निर्विरोध चुनावी विजय भएका खनियापानी, बेथान, पिंखोरी, राकाथुङ लगायतका ५ वटा गा.वि.स. मा विजयी प्रमाण-पत्र दिइसकेको अवस्थामा समेत पुनः मतदान गराउनु, विपक्षीहरूलाई उम्मेदवारी दिन बाट नै रोक्नु, उम्मेदवार र मतदाताहरूमाथि गुण्डादल प्रयोग गरी कुटपीट गर्नु, मनोनयन स्थलमा उपस्थित नै नभएको कांग्रेसी उम्मेदवारलाई निर्विरोध विजयी भएको घोषणा गर्नु, चुनावमा कर्मचारीहरूबाट अत्यन्त नग्न र खुला धाँधली गराउनु र बल प्रयोग गरी आफ्नो पक्षमा जथाभावी मतदान गराउनु आदि जस्ता संपूर्णतः मण्डले प्रवृत्तिहरू आफूले अप्नाउनु तर यसको विरोध गर्ने विपक्षीहरूलाई "उग्रवादी भएको र तोडफोड गरेको" आरोप लगाई गिरफ्तार गर्नु र दमन गर्नु- यो घटनाले नेपाली कांग्रेसको "राजनीतिक विक्षिप्तता" को अत्यन्त सटीक उदाहरण पेश गरेको छ।

रामेछापमा कांग्रेसी आतंक रोक्न र यसको सक्षम प्रतिकार गर्न एवं त्यहाँबाट विस्थापित नागरिकहरूलाई सर-सहयोग गर्न लागी पर्नु तमाम प्रजातन्त्र प्रेमी नागरिकहरूको कर्तव्य हो।

यी र यस्ता कांग्रेसी उद्दण्डताहरू बढ्दैछन्। कांग्रेस नांगो दमनद्वारा पनि विपक्षी मास्ने पंचायती शैलीमा तेजीकासाथ अघि बढीरहेको संकेत देखा परेको छ। यस स्थितिमा विपक्षी पार्टीहरू एकजुट भई यसको प्रतिकारमा लाग्नु जरूरी छ। ❑


**मूल्यांकनको नियमित ग्राहक बन्नुहोस्।**

"मूल्यांकन" को नियमित ग्राहक-योजना शुरू गरिएको छ।
वार्षिक ग्राहक बन्न चाहने महानुभावहरूले कार्यालयमा सम्पर्क गर्नुहोला।
वार्षिक ग्राहक दर व्यक्तिगत रू. १२० |-
भारतको लागि वार्षिक दर रू. १२० |- (भा.रू.)
घरैमा बसी बसी "मूल्यांकन" उपलब्ध गर्नुहोस्।
यसका लागि वार्षिक रू. १५० |-
मूल्यांकनको खातामा जम्माहुने गरी पठाउनु होस्।
हरेक अंक हुलाकबाट तपाईंको घर ठेगानामै पठाइने छ।

- व्यवस्थापक

# अब जापान कतातिर?

## फेरि सक्रिय साम्राज्यवादी राष्ट्र बन्ने दिशा

### दोस्रो विश्वयुद्ध अधिकै रूपमा स्थापित हुने जापानी महत्वाकांक्षा

बिपक्षीहरूको प्रचण्ड विरोधको वावजूद गएको आषाढ १ गते जापानको तल्लो संसदले जापानी फौज अबदेखि विदेश पठाउन सकिने संबन्धी विधेयक पारित गरी छोड्यो। तल्लो सभामा मतदान हुँदा विधेयकको पक्षमा ३२९ मत र विपक्षमा १७ मत खसेको थियो। सत्तारूढ लिवरल डेमोक्र्याटिक पार्टीको वाहुल्य रहेको ५१२ सदस्यीय तल्लो सभाको यस विषयको मतदानलाई सबैभन्दा ठूलो विपक्षी दल सोशल डेमोक्रेटिक पार्टीले र अल्पसंख्यक युनाइटेड सोशल डेमोक्रेटिक पार्टीका संपूर्ण सांसदहरूले वहिष्कार गरका थिए। जापानी कम्यूनिष्ट पार्टीले प्रस्तावको विपक्षमा मतदान गरेको थियो।

स्मरणीय छ, दोस्रो विश्वयुद्धमा नराम्रो हार भए पछि जापानी संविधानले जापानी फौज विदेश पठाउन सख्त प्रतिवन्ध लगाएको थियो। यही प्रतिवन्धका कारणले गतः वर्षको खाडी युद्धमा जापानले आफ्नो फौज त्यहाँ पठाउन सकेको थिएन। यसको सट्टामा ९ अरब डलरको मोटो धनराशी युद्धको निमित अमेरिकी पक्षलाई दिईएको थियो।

अहिले कम्वोडियामा संयुक्त राष्ट्र संघको १.८ अरब डलर खर्च लाग्ने शान्ति स्थापना संबन्धी योजनामा जापानी सहभागिता संभव बनाउनको निम्ति यो नयाँ विधेयक जापानी सरकारले संसदबाट पास गराएको हो। यस नयाँ विधेयक मुताविक अझ पनि जहाँ जहाँ युद्ध विराम उल्लंघन हुन्छ र जहाँको कुनै एक थरी पार्टीले जापानी सैनिक उपस्थितिको विरोध गर्छ त्यहाँ त्यहाँ जापानी सेना पठाउन सकिन्न। र त्यस्तो सेना २००० भन्दा बढी संख्यामा हुनु हुँदैन। तथापि जापानी संसदले यो विधेयक यतिखेरै पारित गर्नुले एउटा विशेष अर्थ राखेको छ।

विधेयकको उपरोक्त भाषा मुताविक जापानले अहिले पनि कम्वोडियामा आफ्नो सेना पठाउन मिल्दैन किनभने त्यहाँ साम्यवादी खमेरूज सेनाको सरकारी सेनासित लगातार झडप भई नै रहेको छ। युद्धविराम त्यहाँ हुन नै सकिरहेको छैन। तथापि कम्वोडियामा नै शान्ति सेना पठाउनका निम्ति यो विधेयक पारित गरिएको छ। स्वभावतः प्रश्न उठ्दछ यस्तो किन गरियो त? यसबाट के प्रष्ट भएको छ भने जहाँ युद्ध विराम उल्लंघन भएको छ त्यहाँ जापानी सेना जान सक्दैन भन्ने प्रावधान फगत संसदका विपक्षीहरूलाई र युद्ध विरोधी जापानी जनमतलाई शान्त गर्न राखिएको देखौवा प्रावधान मात्रै हो। जापानी सरकारको वास्तविक नियत त एकैचोटि विदेशमा फौज पठाउने निर्णय गर्दा विपक्षीहरूको र युद्धविरोधी जापानी जनताको व्यापक विरोधको सामना गर्नु पर्ने स्थिति भएकाले एक पछि अर्को पाइला उठाउँदै विदेशमा फौज पठाउने ढोका खोल्नु नै रहेको देखिएको छ। जापानी सरकारको अहिलेको मुख्य प्रवृत्ति - आर्थिक रूपले संसारको सबैभन्दा सबल राष्ट्रका रूपमा उदीयमान भई रहेको जापानलाई अब राजनीतिक र सैनिक शक्तिका हिसावले पनि, फेरि दोस्रो युद्ध पहिले जस्तै, सबैभन्दा सवल राष्ट्रका रूपमा स्थापित गर्नु रहेको छ। कम्वोडिया प्रकरण त अहिले फगत निहुँ मात्र हो।

उसका हालसालैका क्रमवद्ध कदमहरूले यही दिशातिर जापानी सरकार निर्देशित भई रहेको पुष्टि गरेको छ। जापानले २४ जनवरी १९८९ मा गरेको आफ्नो प्रतिरक्षा खर्चमा ६ प्रतिशत वृद्धि गर्ने निर्णय यस दृष्टिकोणबाट निकै अर्थपूर्ण छ। जापानको प्रतिरक्षा खर्च त्यतिखेरै २७ अरब ८० करोड डलर पुऱ्याइएको थियो। प्रतिरक्षा खर्चमा गरिएको यो अप्रत्याशित वृद्धिले जापानलाई प्रतिरक्षामा सबैभन्दा धेरै रकम खर्च गर्ने संसारको छैठौं राष्ट्र पारेको छ। त्यसपछि जापानले आफ्नो प्रतिरक्षा खर्चमा लगातार वृद्धि गर्दै आईरहेको छ।

हालै जापानको विदेश मन्त्रालयद्वारा प्रकाशित ५९४ पेज लामो "Blue Book" मा जापान अब विदेश नीतिको हिसावले एउटा निर्णायक मोडमा पुगिसकेको उल्लेख गरिएको छ। त्यसमा भनिएको छ "जापान अब त्यो स्थितिमा पुगेको छ जसको आधारमा उसले अब नयाँ अन्तर्राष्ट्रिय व्यवस्थाको निर्माणसंग संबन्धित सबै मामलालाई प्रभावित पार्न सक्दछ। त्यसैले अब उसको भविष्यको परराष्ट्र नीति विगतको भन्दा भिन्न हुनु स्वाभाविक छ।" दस्तावेजले अब जापानले विश्वमा राजनीतिक परराष्ट्रनीतिमा सक्रियतापूर्वक भूमिका खेल्न चाहेको र त्यसका लागि जापानको विशाल अनुदान कार्यक्रमलाई साधनका रूपमा प्रयोग गर्ने कुरा उल्लेख गरेको छ। (हेर्नुहोस् Information Bulletin, Embassy of Japan in Nepal, जनवरी १९९२, पृष्ठ ५)। यस परिप्रेक्ष्यमा जापानको नयाँ निर्णय निकै अर्थपूर्ण छ।



संसारमा आर्थिक साम्राज्य नै अन्ततः राजनीतिक साम्राज्यका रूपमा अभिव्यक्त हुने गर्दछ। जापान अहिले आर्थिक हिसावले संसारभरी एकछत्र बजार प्रभुत्व कायम गर्न भरमग्दुर प्रयत्न गर्दैछ र उसका सामानको सस्तो दाम, अत्याधुनिक प्रविधि र सुन्दर बनौटले संसारका सबै चीनियाँ पर्खालि भत्काउँदै र बजार कब्जा गर्दै लग्दैछ। जापानको व्यापार नाफा अहिले वार्षिक २० अरब डलर पुगेको छ र संसारमा सबैभन्दा बेसी व्यापार नाफा आर्जन गर्ने राष्ट्र जापान नै भएको छ। जापान अब अमेरिका लगायत विभिन्न विकसित औद्योगिक राष्ट्रमा आफ्नो लगानी तीव्र गतिले बढाउँदै लग्दैछ। अब विकसित पश्चिमी राष्ट्रको निम्ति सबैभन्दा टड्कारो चुनौति जापान नै भएको छ। जापान अहिले संसारको सबैभन्दा ठूलो आर्थिक अनुदान दिने राष्ट्र पनि भएको छ। जापान आफ्नो यो आर्थिक क्षमतालाई - राजनीतिक क्षमतामा बदल्न लालायित भएको छ। नयाँ विधेयक त्यसतर्फको उसको लालसाको एउटा स्पष्ट अभिव्यक्ति हो। के भविष्यवाणी गर्न सकिन्छ भने जापानले अब छिटै प्रतिरक्षा क्षेत्रमा रहेका अन्य वाधाहरू पनि क्रमवद्ध रूपले हटाउँदै लैजानेछ। पूर्वको एउटा विकसित नयाँ शक्तिशाली साम्राज्यवादी शक्तिका रूपमा आफूलाई पुनर्स्थापित गर्न उसले यथासंभव प्रयत्न गर्नेछ।

पैसा र प्रविधि दुवैले उसलाई यस दिशामा साथ दिईरहेको छ। प्रतिकूलता खालि जनमत, जनसंख्या र देशको आकारले मात्र पारेको छ।

जापान फेरि शक्तिशाली साम्राज्यवादी सैनिक शक्तिका रूपमा उदीयमान हुनु पूर्वका सबै राष्ट्रका लागि खतरा हो, विशेषतः साना राष्ट्रका लागि। तर जापानको यो यात्रा निष्कण्टक र सजिलो भने अवश्य छैन। अहिले नै जापानमा जापानी संसदको इतिहासमा पहिलो पटक १३६ जना सोसल डेमोक्रेटिक सांसदहरूले यो विधेयकको विरूद्धमा राजीनामा दिईसकेका छन्। संसदमा विरोध व्यापक र तीव्र भयो भने फेरि संसदको चुनाव गराउनु पर्ने स्थिति सम्म निम्तिन सक्दछ। गत आषाढ ३ गते टोकियोमा जनताको विशाल विरोध प्रदर्शनले यस प्रतिको जन आक्रोश अभिव्यक्त गरेको छ। भविष्यले देखाउनेछ- जापानी पूँजीवादी सरकारले आफ्नो शक्तिशाली साम्राज्यवादी राष्ट्र बन्ने महत्वाकांक्षालाई युद्ध विरोधी जापानी जनताको मानसिकताको वीचबाट कसरी सिद्धि गर्ने जमर्को गर्छ ? ❑

# स्थानीय निकायको चुनावले के शिक्षा दिएको छ?

## कुन मूल्यमा नेपाली कांग्रेसले वहुमत हासिल गऱ्यो?

स्थानीय निकायको चुनावमा नेपाली कांग्रेसले बहुमत ल्याउन सक्नेछ भनेर कसैले अपेक्षा गरेको थिएन। स्वयम् नेपाली कांग्रेसलाई आफ्नो लोकप्रियताको मूल्यमा सर्वाधिक बहुमत ल्याउन सकिन्छ भन्ने कुरामा विश्वास भईरहेको थिएन। आफ्नो लोकप्रियता उपर उसलाई पक्का विश्वास हुँदो हो त यति बर्बर, निर्लज्ज र तानाशाही उपायहरू अख्तियार गरेर चुनावी मैदानमा उत्रन उसले जमर्को नै गर्ने थिएन। चुनावमा उसले जुन घिनलाग्दा हथकण्डाहरू अप्नाएको छ-त्यसले नेपाली कांग्रेसको भयभीत तर सत्तातुर मनोदशा प्रदर्शित गरेको छ। नेपाली कांग्रेस कसै गरेर पनि सत्तामा टिकीराख्न चाहन्थ्यो। तर वस्तुस्थिति के थियो भने विगत एक वर्षको कामबाटै ऊ यति अलोकप्रिय भएको थियो कि उसको घोषित "आदर्श प्रजातान्त्रिक समाजवादी" नैतिक सांस्कृतिक मूल्यहरू पालना गरेर चुनाव लड्ने हो भने ऊ स्थानीय सत्तामा आफ्नो पकड कायम राख्नै समर्थ हुने संभावना थिएन। त्यसैले, सत्तास्वार्थबाटअन्धो र सत्ता गुम्ला भनेर भयभीत भएको नेपाली कांग्रेस प्रजातन्त्र र समाजवादका संपूर्ण स्वघोषित मूल्य मान्यताहरूलाई रछानमा फालेर चुनावी मैदानमा उत्रियो। चुनावी व्यभि-चारका यस्ता घिनाउँदा उपायहरू अप्नाएर मैदानमा यो उत्रियो कि व्यभिचारको यति निर्लज्ज उदाहरण पंचायती कालमा पनि देख्न पाइएको थिएन।

चुनावी अवधिमा मात्र कम्तीमा ७ जना विपक्षीहरू मारिए। सयौं वामपन्थी उम्मेद्वार र कार्यकर्ताहरूको अंगभंग गरियो। सयौं वामपन्थी उम्मेदवारहरू गिरफ्तार वा अपहृत गरिए र मनोनयन पत्र दाखिल गर्न नै समर्थ भएनन्। सयौं बूथहरू कांग्रेसी भिजीलान्ते दलद्वारा कब्जा भए र वास्तविक मतदाताहरूले मत नै दिन पाएनन्। अरू त अरू काठमाण्डु र पाटनमै नेपाली कांग्रेसले बूथ कब्जा गर्ने हिम्मत गऱ्यो भने अनकण्टार गाउँमा वास्तविक मतदाताहरूले के हविगत भोगे होलान्? -सजिलै लख काढ्न सकिन्छ। कम चेतनशील र अभावग्रस्त मतदाताहरू किन्न करोडौं रूपैयाँ खर्च गरियो। हजारौं फर्जी मतदाता दर्ता गर्नु र फर्जी मतदान गर्नु त सामान्य परिघटना बन्यो। रेडियो र टि.भी.ले वामपन्थीहरूले जितेका काठमाण्डु र पाटनका कैयन् गा.वि.स.हरूको समाचार नै दिएनन् जबकि मनाङ र सोलुखुम्बूमा नेपाली कांग्रेसले जितेका गा.वि.स.हरू बारे भने उसले बेलैमा समाचार दिन संभव भई रहेको थियो। सिंधुली, रामेछाप र चितवन जस्ता वामपन्थी बाहुल्य र जितवाजी सुनिश्चित भएका कैयन् जिल्लामा नेपाली कांग्रेसले सुनियोजित राज्य आतंक र गुण्डागर्दीद्वारा चुनाव परिणामलाई कांग्रेसी अनुकूलतामा बदल्ने कार्य गऱ्यो। सिंधुली र दाङमा उसले चुनावको निम्ति सेना समेत प्रयोग गऱ्यो।

स्थानीय निकायको चुनावमा वामपन्थीहरू माथि आफ्नो आक्रमण केन्द्रित गर्नको लागि नेपाली कांग्रेसका प्रधानमन्त्री गिरीजाले राजालाई आफ्नो समर्थनमा लिने कार्यनीति पनि अख्तियार गरे। उनले आन्दोलन यता पहिलो पल्ट जन आन्दोलनको जनादेश विपरीत "अब उग्रान्त राजामाथिको आलोचना र विरोध सह्य हुने छैन, त्यस्तो गर्नेलाई दमन गरिने छ" भनेर समेत घोषणा गरे। राजाले संविधान



विपरीत मंत्री परिषदको सिफारिश विनानै राजदूत नियुक्त गरे वापत सर्वोच्च अदालतमा अन्तरिम कालमा परेको मुद्दामा राजाको पक्षमा नै फैसला गराउने कार्य पनि यतिखेरै गरियो। यस नजीरले राजालाई अब मंत्री परिषद्को सिफरिश विना गर्नु नहुने भनेर संविधानमा प्रष्ट तोकिएका कुरा बाहेक नतोकिएका सबै कामहरू आफूखुशी गर्ने अधिकार प्रदान गरेको छ - जसमध्ये एउटा त संकटकालीन स्थितिको घोषणा पनि पर्दछ। यो एउटा अत्यन्त गंभीर भविष्यको संकेत हो। तर नेपाली कांग्रेसको सरकारले यो प्रतिगामी निर्णय पनि न्यस्त सत्ता स्वार्थको कारणले गर्ने धृष्टता गऱ्यो जसको भविष्यमा अति गंभीर परिणाम हुन सक्दछ। यो परिणाम स्वयम् नेपाली कांग्रेसकै निम्ति पनि आत्मघाती हुन सक्दछ।

यसरी नेपाली कांग्रेसले सत्ता स्वार्थको लागि केन्द्रिय सत्तामा आफ्नो पकड हुनाको कारणले हातमा भएका सबै साधनहरू-राज्ययन्त्र, संचार यन्त्र, राज्यको ढुकुटी र अदालत-सबै साधनहरू प्रयोग गऱ्यो। **चुनावी जित निश्चित पार्नका लागि उसले सम्पूर्ण तानाशाही र बर्बर उपायहरू प्रयोग गऱ्यो, राजालाई फेरि १७ साल अघि जस्तै अधिकार सम्पन्न पार्ने प्रतिगामी कार्य समेत गऱ्यो।**

यी घटनाहरूले के देखाएका छन् भने-नेपाली कांग्रेस आफै न्यून सांस्कृतिक स्तर र सत्ता स्वार्थका कारणले एउटा प्रतिगामी र फाशिष्ट शक्तिका रूपमा उदीयमान भई रहेको छ। सत्तास्वार्थले उसलाई बिल्कुलै अन्धो बनाएको छ र उत्तिकै आक्रामक पनि। सत्तामा आफ्नो हात मजबूत पार्नको लागि ऊ कुनै पनि साधन अप्नाउन तयार भएको छ - चाहे त्यो जतिसुकै बर्बर, अनैतिक र अन्यायपूर्ण किन नहोस्। उसको यो सत्ता अन्धता र जुझारूपन उसमा विकास भईरहेको फासिष्ट प्रवृत्तिको प्रष्ट लक्षण हो। यो प्रवृत्ति निर्वाध रूपमा बढ्दै जाने हो भने -नेपालमा निरंकुशतन्त्र फेरि पूर्ण रूपमा पुनर्स्थापना हुन निरंकुश राजतन्त्रलाई फेरि सत्ताधिकार संपन्न बनाई राख्नु पर्ने छैन। नेपाली कांग्रेस स्वयंले निर्वाचित निरंकुशतन्त्रको स्थान लिने छ। यो भविष्यवाणी गर्न सकिन्छ-भविष्यमा छिट्टै राजनैतिक व्यवस्था अघोषित रूपमा एक दलीय हुनेछ। नेपाली कांग्रेसको प्रतिद्वन्दिता गर्न सक्ने वामपन्थी दलहरू या त दमनद्वारा स्वाहा पारिनेछन् या प्रतिबन्धित गरिनेछन्। नेपाल अहिले तीव्र गतिले त्यही दिशा तर्फ यात्रा गरिरहेछ। देश अहिले यो यात्रालाई अवरूद्ध गर्न वामपन्थीहरूको संयुक्तताबाट निर्माण हुने सशक्त शक्तिको उदयको प्रतीक्षामा छ। त्यस्तो शक्ति मैदानमा नदेखिनाले केही हताशा र निराशाको वातावरण साथसाथै देखा परिरहेछ।

**नेपाली कांग्रेसले सत्ता स्वार्थको लागि केन्द्रिय सत्तामा आफ्नो पकड हुनाको कारणले हातमा भएका सबै साधनहरू-राज्ययन्त्र, संचारयन्त्र, राज्यको ढुकुटी र अदालत-सबै साधनहरू प्रयोग गऱ्यो। राजालाई फेरि १७ साल अघि जस्तै अधिकार सम्पन्न पार्ने प्रतिगामी कार्य समेत गऱ्यो।**

# वामपन्थी शक्तिका मुख्य दोष र कमजोरीहरू?

नेपालमा निरंकुशतन्त्र विरूद्ध लगातार जुध्दै आई रहेको र फेरि पनि जुध्न सक्षम शक्ति वामपन्थी शक्ति हो। तथापि नेपाली कांग्रेसले देखाई रहेको फाशिष्ट प्रवृत्ति, उसले गरेका सम्पूर्ण अन्याय र बेठीकहरू विरूद्ध संघर्ष गर्ने मामलामा वामपन्थी शक्तिले केही समय यता संयुक्त, उपलब्धीमूलक र जिम्मेवारीपूर्ण संघर्ष गर्न सकेको छैन। विरोध त भएको छ तर औपचारिक र व्यहोरा पुऱ्याउने हैसियतले मात्र। संघर्ष त भएको छ तर मनतातो, कुनै उद्देश्य सिद्धि नहुने खालको मात्र। यस्तो प्रतीत हुन्छ, वामपन्थी शक्तिहरू अहिले उद्देश्य सिद्धि गर्नका लागि होइन, अवगालबाट बच्नका लागि वा अस्तित्व सिद्धि गर्नका लागि मात्र झारा-टराइ संघर्ष र विरोध गर्न उद्यत छन्।

चाहे कर्मचारी आन्दोलन हेर्नुहोस् वा टनकपुरको मुद्दा, चाहे चैत्र २४ को हत्याकाण्ड विरोधी आन्दोलन हेर्नुहोस् वा महंगी चाहे संसद भित्रको गतिविधि हेर्नुहोस् या बाहिरको गतिविधि, चाहे खोटाङ काण्ड हेर्नुहोस् वा अर्घाखाँची काण्ड-वामपन्थी शक्तिले उद्देश्यमूलक र जिम्मेवारीपूर्ण संघर्षशील शक्तिको भूमिका खेलेको पाइन्न। गिरीजा सरकार सत्तामा आए यता तीन दर्जन भन्दा बढी कार्यकर्ताहरूको हत्या भई सकेको छ। तर कुनै हत्यामा पनि वामपन्थी शक्तिले सशक्त विरोध र संघर्ष संचालन गर्ने प्रयत्न गरेन। एक वर्ष यता सयौं वामपन्थी विचार राख्ने कर्मचारीहरूको बिल्लीबाठ पारिएको छ- तर वामपन्थी शक्ति न त त्यसको व्यापक भण्डाफोर गर्छ, न त सशक्त प्रतिरोध नै। महँगी यति चर्को र सर्वग्रासी भएको छ कि सर्वसाधारण जनतामा "बहुदल भन्दा त पंचायतै जाती थियो नि" भन्ने मनोदशा उत्पन्न हुन लागिरहेछ र यो प्रतिगामी शक्तिको लागि निकै मलिलो पृष्ठभूमि हो। तर यसको विरूद्ध, पनि संयुक्त र उलब्धीमूलक संघर्ष गर्नमा मूलभूत वामपन्थी शक्तिको जिम्मेवारपूर्ण तत्परता देखिन्न। यी सबै अन्यायलाई पनि पचाई सकेपछि नेपाली कांग्रेसको सरकारले चैत्र २४ गते त राजधानीमै निर्दोष नागरिकहरू मार्ने दुस्साहस गऱ्यो। तर पनि वामपन्थी शक्तिले त्यसको विरूद्ध संयुक्त, सशक्त र जिम्मेवार पूर्ण संघर्ष छेड्न सकेन बरू उल्टो चुनावी सत्ता स्वार्थलाई प्रमुखता दिएर अत्यन्त वद्ना म, चारैतिर बाट एक्लिएको, जनताबाट निन्दित नेपाली कांग्रेसलाई संकटग्रस्त घडीमा चुनावी स्वार्थको कारणले जोगाउने कार्य समेत जिम्मेवार वामपन्थी शक्तिबाटै भयो।

यसरी निरन्तर रूपमा कतैबाट पनि जिम्मेवार पूर्ण विरोध र प्रतिरोध नहुनाले संकटग्रस्त घडीमा नेपाली कांग्रेसलाई बचाउने कार्य भएकोलेनै नेपाली कांग्रेसको फासिष्ट प्रवृत्ति झन् झन् प्रोत्साहित र विकसित हुँदै गयो। स्थानीय निकायको चुनावमा त त्यो उत्कर्षको रूपमा नांगो र निष्कृष्टतम् रूपमा अभिव्यक्त भएको मात्र हो।

नेपाली काँग्रेस शासन व्यवस्थाका मामलामा एक पछि अर्को महाभूल गर्दै जाँदैछ -महँगी, टनकपुर, जनहत्या, कर्मचारी पजनी, आदि आदि। तर कार्यनीतिका मामलामा भने उसको हात हर हमेशा माथि हुँदै आएको छ। वामपन्थी खेमा उसको कार्यनीतिक दाउपेंचमा फसेको फस्यै छ। यसरी नेपाली कांग्रेस प्रत्येक मरणासन्न संकटबाट उम्कन समर्थ भएको छ र प्रत्येक उम्काइबाट ऊ अरू नियन्त्रणहीन, मैमत्त र फासिष्ट हुँदै गएको छ।

यो चुनावमा नेपाली कांग्रेसले जुन अनपेक्षित वहुमत प्राप्त गरेको छ, त्यो वामपन्थी शक्ति संयुक्त भएको भए, उसले ने.कां.को फाशिष्ट प्रवृत्ति विरूद्ध सजगतापूर्ण तम्तयारी र सशक्त प्रतिरोध गरेको भए कदापि संभव थिएन। स्थानीय चुनावमा वामपन्थी वाहुल्य नै कायम हुने थियो। यति चर्को दमन र धाँधलीका बावजूद वामपन्थी शक्ति दोस्रो ठूलो शक्तिको रूपमा देखा पर्नुले यो प्रष्ट पारेको छ। मूलभूत वामपन्थी शक्तिहरू न्यस्त स्वार्थ र अहं-कारका कारणले विभाजित भए र झण्डै झण्डै शत्रुतापूर्ण संवन्धको स्थितिमा रहे। हालैको आन्दोलनताक यो विभाजनलाई अरू गहिऱ्याउन नेपाली कांग्रेसले काफी प्रयत्न गऱ्यो र त्यस प्रयत्नमा ऊ सफल पनि भयो। वामपन्थी शक्तिहरू चालै नपाइकन नेपाली कांग्रेसद्वारा प्रयुक्त भए, यही विभाजनको स्थितिबाट नेपाली कांग्रेसले अधिकतम फाइदा उठायो। यही विभाजनका कारणले नै चरम व्यभिचार दमनद्वारा चुनावी परिणाम अनुकूलतामा वदल्ने कांग्रेसी रणनीति सफल हुन सक्यो।



**मूलभूत वामपन्थी शक्तिहरू न्यस्त, स्वार्थ र अहंकारका कारणले विभाजित भए र झण्डै झण्डै शत्रुतापूर्ण संवन्धको स्थितिमा रहे। तर वामपन्थी नेतृत्व, यसका कार्यकर्ताहरू जति पनि दूरदर्शी र बुद्धिमतापूर्ण निक्लेन।**

वामपन्थी कार्यकर्ताहरूले जिल्ला जिल्लामा वामपन्थी शक्ति बीच एकता कायम गर्दै नेपाली कांग्रेसलाई परास्त गर्ने कार्यनीति अप्नाएर प्रशंसनीय काम गरेका छन्। चितवन र पूरै जसो जनकपुर अंचलमा यस्तो एकता संभव बनाइएको हो। यसबाट ती ठाउँमा तुलनात्मक रूपले बढी उपलब्धी पनि हासिल भयो। तर वामपन्थी नेतृत्व, यसका कार्यकर्ताहरू जति पनि दूरदर्शी र बुद्धिमतापूर्ण निक्लेन। केन्द्रीय स्तरमा एकता हुन नसक्नाले केन्द्रीय स्तरमा वामपन्थी शक्ति बीच द्वेषपूर्ण र शत्रुतापूर्ण संवन्ध विद्यमान हुनाले स्थानीय एकता त्यति प्रभावशाली हुन सकेन। सबै ठाउँको स्थानीय एकता केन्द्रीय वैमनस्यबाट प्रभावित भयो। तल एकता भए पनि माथि नहुनाले नेपाली कांग्रेसलाई दमन गर्न निकै सजिलो भयो।

वामपन्थी शक्ति विभाजित हुनुका पछाडि उनीहरूले अख्तियार गरिरहेको बेठीक संस्कृति र बेठीक चिन्तन प्रणाली मूल रूपमा जिम्मेवार छ। उनीहरूले चुनावमा समाजको हित के गर्दा हुन्छ, त्यसलाई धुरी बनाएनन्। समाजको हितमा नै आफ्नो हित देखेनन्। अर्थात् उनीहरूले समाजवादी संस्कृति व्यवहारमा अख्तियार गरेनन्। उनीहरूले आफ्नो अहंकार र न्यस्त स्वार्थलाई नै धुरी बनाए र आफ्नो समूहको अहंतुष्टि र हितलाई नै ठीक बेठीकको मूल मापदण्ड बनाए। यो भनेको नयाँ किसिमको व्यक्तिबाद हो-सामूहिक व्यक्तिवाद। यो सारमा पूँजीवादी संस्कृति नै हो। उनीहरूले यही संस्कृति अख्तियार गरे। हरेक किसिमको अहंकार ले, व्यक्तिवादले मानिसलाई अन्धो र मूर्च्छित वनाउँछ। उनीहरूको अहंकार र सामूहिक व्यक्तिवादले पनि उनीहरूलाई अन्धो र मूर्च्छित बनायो। अहंकार र स्वार्थान्धताले निर्देषित हुँदै उनीहरूले आफ्नो र अरूको वास्तविक हैसियत र वस्तुगत स्थितिलाई ख्याले गरेनन्। उनीहरूले समाजको भन्दा आफ्नो फाइदालाई नै मूल जोड दिदै अवस्तुसम्मत मनगढन्त माग अघि सारे। वास्तविकतासित मेल नखाने हरेक मनगढन्त या मनोगत चिन्तन भनेको सारमा आदर्शवादी चिन्तन प्रणाली नै हो। उनीहरूले स्वार्थवश यही अवस्तुवादी चिन्तनप्रणाली व्यवहार

मा अख्तियार गरे। गतिशील र संपूर्ण वास्तविकतासित मेल खाने द्वन्दवादी वस्तुवादी चिन्तन प्रणाली अप्नाएनन्। वस्तुवादी मागमा आधारित भएर एकता गर्ने जमर्को नै गरेनन्। फलस्वरूप एकता संभव भएन। संपूर्ण प्रगतिशील बौद्धिक जमातको दवावको वावजूद पनि एकता भएन। उनीहरूको विभाजनले नेपाली कांग्रेसलाई नै सर्वाधिक फाइदा पुग्न गयो। काठमाण्डु र पाटनमा यही परिघटना घटेको हो र एकता संभव नभएका अन्य जिल्लामा पनि।

यसको जरो कारण सामूहिक व्यक्तिवादी संस्कृति र आदर्शवादी चिन्तन प्रणाली नै हो। विचारधारा र नैतिक–सांस्कृतिक स्तरको न्यूनता नै हो। घटनाहरूले देखाएका छन्, नेपालमा वामपन्थी शक्तिको संस्कृति–समाजवादी हुन सकेको छैन। त्यो आधारभूतरूपमा पूँजीवादी व्यक्तिवादी स्तरबाट माथि उठ्न सकेको छैन। र चिन्तन प्रणाली पनि मार्क्सवादी हुन सकेको छैन त्यो आधारभूत रूपमा अधिभूतवादी आदर्शवादी स्तरमै छ। यो चिन्तन प्रणाली पूँजीपति वर्गले नै अख्तियार गर्ने चिन्तन प्रणाली हो। खालि यो पटकको चुनावमा मात्र होइन, प्रत्येक परिघटनामा वामपन्थी शक्तिमा विद्यमान समाजको फाइदा भन्दा आफ्नो अहंकार र समूहको फाइदालाई मात्र धुरि बनाएर सोच्ने आत्म केन्द्रित सामूहिक व्यक्तिवादी संस्कृति र आदर्शवादी चिन्तन प्रणालीले प्रगतिको मार्गमा बाधा तेर्स्याउने गरेको छ। विगत संसदको चुनावमा पनि यही परिघटना देखा परेकोथियो। नेपाली कांग्रेसले यही नै कारणले बहुमत ल्याउन सफल भएको थियो। हालसालैको जन आन्दोलनमा पनि यही परिघटना देखा परेको थियो। वस्तुगत परिस्थितिको संपूर्ण पक्ष नहेरेर वामपन्थी शक्तिले फगत न्यस्त चुनावी स्वार्थलाई धूरी बनाउँदा नेपाली कांग्रेस आफ्नो शासनकालको सबैभन्दा ठूलो संकटबाट बच्न पुगेको थियो।

स्वार्थन्धताले मानिसलाई अनैतिक साधनको उपयोग तर्फ उत्प्रेरित गर्छ। यस पटकको चुनावमा पनि यो देखियो– फर्जी मतदाता दर्ता गर्ने, फर्जी मतदान गर्ने र बूथ कब्जा गर्ने परिघटना वामपन्थी खेमाबाट पनि छिटपुट रूपमा भएको देखियो। जसरी पनि चुनाव जित्नु पर्छ भन्ने न्यस्त स्वार्थ प्रेरित मानसिकताका कारणले यस्तो परिघटना घटेको हो। यो प्रवृत्ति अहिले सम्म मूल प्रवृत्ति बनेको छैन। तथापि भविष्यमा यो मूल प्रवृत्ति बन्न सक्दछ। यस्तो भयो भने संस्कृतिका मामलामा वामपन्थी खेमा नेपाली कांग्रेस भन्दा आधारभूत रूपमा भिन्न हुने छैन। र संस्कृति उही भए पछि वर्ग चरित्र पनि उही नै हुने हुन्छ।

वामपन्थी खेमाले मार्क्सवादी संस्कृति र नैतिकता अभ्यास र स्थापना गर्न पर्ने हो। यो त संपूर्ण अनैतिकता र कुसंस्कृतिका विरुद्ध सशक्त प्रतिरोध गर्ने शक्तिका रूपमा उभिनु पर्ने हो। तर यो आफैले अनैतिक साधन र कुसंस्कृति अभ्यास गर्‍यो भने यसले अनैतिकता र कुसंस्कृति विरुद्ध प्रतिरोध गर्ने क्षमता कसरी राख्दछ? र सबैले अरूले त त्यस्तो गर्नु हुन्छ, "मैले किन हुन्न" भन्दै अनैतिकता र कुसंस्कृतिको नै अभ्यास गर्‍यो भने समाज कस्तो हुन्छ? समाजमा नैतिकता र असल संस्कृति कसरी स्थापना हुन्छ?



## वामपन्थी खेमाको अबको कार्यक्रम र कार्यनीति के हुनुपर्छ?

विगत अनुभवबाट पाठ सिक्ने हो भने वामपन्थी खेमाले अब आफू संयुक्त हुने र नेपाली कांग्रेसलाई फेरि पनि हरेक कोणबाट एक्ल्याउने कार्यनीति अख्तियार गर्नु जरूरी छ।

चुनावमा राज्यशक्तिको व्यापक दुरूपयोग, हिंसा र धाँधली तात्कालीक संघर्षको साझा मुद्दा हुन सक्दछ। यो यस्तो मुद्दा हो जसमा रा.प्र.पा. र सद्भावना पार्टी समेत नेपाली कांग्रेसको विरूद्ध गोलबन्द हुनसक्छन्। राज्यशक्तिको दुरूपयोग र धाँधलीद्वारा चुनाव भएका सबै ठाउँमा पुनर्निर्वाचन, हाल चलिरहेको दमन अभियानको तुरून्त अन्त र अपराधीहरूमाथि दण्ड– संघर्षको साझा नारा हुन सक्छ।



महँगी, राष्ट्रघाती संझौता, जन हत्या र कर्मचारी निष्काशनको समस्या अहिले पनि **संघर्षका साझा मुद्दा हुन सक्दछन्। यी मुद्दा–हरूमा नेपाली कांग्रेस बाहेकका सबै शक्ति–हरूलाई गोलबन्द गर्ने कार्यनीति अप्नाइनु पर्दछ।**

अभाव–संघर्षका सर्वसम्मत र वस्तुसम्मत मुद्दाको होइन, संयुक्त र सशक्त संघर्ष उठाउने सोचको छ। न्यस्त स्वार्थबाट माथि उठेर समाजको हितमा नै आफ्नो हित एकाम्य पार्ने संस्कृतिको छ। अभाव–वस्तुसम्मत माग र संघर्षका रूपहरू अप्नाउने तथा संघर्षलाई बीचैमा स्वार्थवश नतुहाएर त्यसलाई अन्त सम्म, टुंगो सम्म उठाउने वस्तुवादी चिन्तन प्रणालीको छ।

यसको लागि वामपन्थी शक्तिले आफै भित्र संघर्ष चलाउनु जरूरी छ।

अहिले वर्षा याम आएको छ। वर्षा याममा गाउँले संघर्ष उठ्ने संभावना हुँदैन। शहरको संघर्ष पनि सुख्खायाममा जस्तो अनवरूद्ध हुँदैन। तथापि शहरी क्षेत्रमा भने ठ्याप्पै केही गर्न नसक्ने स्थिति हुँदैन। अहिलेको यो याम व्यापक देशव्यापी जन–आन्दोलनको तयारीको लागि धारणा निर्माण गर्ने, वातावरण तयार पार्ने समयावधि हुन सक्दछ। यो समय अहिले माथि उल्लिखित तरोताजा साझा मुद्दाहरूमा देशव्यापी प्रचारप्रसार, जनमत निर्माण गर्ने, शहरी क्षेत्रमा तात्कालीन मुद्दामा संघर्षको थालनी गर्ने समय हुन सक्दछ। संसद अधिवेशन नजिकै छ। त्यो मौकाको फाइदा उठाउँदै सदन भित्र र बाहिर संघर्षको संयोजन गर्नु जरूरी छ।

यी सबै कुरा गर्नको लागि फेरि पनि मुख्य आवश्यकता वामपन्थी खेमाको संयुक्तताको हो। वामपन्थी खेमामा समाजवादी संस्कृति र वस्तुवादी चिन्तन प्रणाली को हो। ❑

(मूल्यांकन समीक्षक)

### भूल–सुधार

गतांकमा २०४८ चैत्र २४ गते धनगढीमा मारिएकाहरूको नामावलीमा श्री धर्मराज गौलीको पनि नाम समावेश भएकोमा उहाँ दमनमा पर्नु भए पनि जीवितै रहनु भएको थाहा हुन आएकोले क्षमा याचना सहित सो समाचार सच्याएका छौं। –संपादक

# यो चुनावमा सवैभन्दा बढी सीट नेकपा (एमाले) ले गुमाएको छ।

## कुन पार्टीको कहाँ कस्तो हालत रह्यो? को बढ्यो? को घट्यो? चुनाव परिणामले इंगित गरेका तथ्यहरूबारे "मूल्यांकन" को विश्लेषण

स्थानीय निकायको चुनावले नेपाली कांग्रेसलाई फेरि पनि सर्वाधिक ठूलो पार्टी देखाएको छ। गत संसदको चुनावमा यसले २०५ सीटमा १०८ सीट ल्याएर ५२.६८ प्रतिशत सीट हासिल गर्न समर्थ भएको थियो। यस पटकको स्थानीय निकायको चुनावमा यसले कूल ४४,५३९ पद मध्ये २२,३०३ पद (असार १, २०४९ सम्ममा) ल्याएर ५०.३ प्रतिशत सीट हासिल गरेको छ। यसरी सीटको अनुपातको हिसावले नेपाली कांग्रेसले संसदको चुनावको तुलनामा १.३ प्रतिशत कम सीट ल्याएको छ।

नेकपा (एमाले) फेरि पनि दोस्रो ठूलो शक्तिको रूपमा नै प्रकट भएको छ। यसले गत संसदको चुनावमा २०५ मा ६९ सीट ल्याएर कूल सीटको ३३.६६ प्रतिशत हासिल गरेको थियो। तर अहिलेको चुनावमा त्यो अनुपात घटेर २६.१ प्रतिशत मात्र

### स्थानीय निकायको चुनाव संवन्धमा कूल तथ्यांक

| | |
|---|---|
| कूल गा.वि.स.हरू | ३९९५ |
| गा.वि.सका कूल पदहरू | ४३९४५ |
| कूल नगरपालिकाहरू | ३६ |
| नगर पालिकाका कूल पदहरू | ५९४ |
| जम्मा पदहरू | ४४५३९ |

| कूल पद | ४४,५३९ | प्रतिशत |
|---|---|---|
| नेपाली कांग्रेसको | २२,३०३ | ५०.३% |
| नेकपा (एमाले)को | ११,५५७ | २६.१% |
| राष्ट्रिय प्रजातन्त्र पार्टीको | ४,२९४ | ९.६९% |
| संयुक्त जनमोर्चाको | २,२४५ | ५.०७% |
| नेपाल सदभावना पार्टीको | १,३०९ | २.९५% |
| स्वतन्त्र र अरू | २,५४९ | ५.४६% |
| जम्मा | ४४,३०२ | १०० |

स्रोतः निर्वाचन आयोग, १ वजे, आषाढ १,२०४९ सम्मको तथ्याङ्क

भएको छ। यसरी यो चुनावमा सबैभन्दा वेसी सीट नेकपा (एमाले) ले नै गुमाएको छ। पूर्वाञ्चल र मध्यमाञ्चलमा गएको संसदीय चुनावमा एमालेको प्रभुत्व रहेको थियो। त्यो यसपटक गुम्नाले र त्यो ठाउँ बलपूर्वक नेपाली कांग्रेसले लिनाले नै एमालेको सीटको अनुपातमा धेरै गिरावट आएको हो।

राष्ट्रिय प्रजातन्त्र पार्टीले यस पटक सबैभन्दा वेसी उपलब्धी हासिल गरेको छ। गएको संसदीय चुनावमा उसले फगत (दुईवटा पार्टीको जम्मा गरेर) ४ सीट ल्याएको थियो। र त्यो कूल सीटको १.९५ प्रतिशत मात्र थियो। तर यस पटक उसले ४,२९४ सीट ल्याएर कूल सीटको ९.६९ प्रतिशत भाग हात लगाएको छ। ऊ गएको संसदीय चुनावमा पाँचौं स्थानमा थियो। अहिले संयुक्त जनमोर्चा र सदमावना पार्टीलाई उछिनेर तेस्रो स्थानमा आई पुगेको छ। दुई पार्टीको संयुक्तताले र केही स्थानमा अनपेक्षित सफलताले उसले यो लाभ हासिल गर्न सकेको हो।

संयुक्त जनमोर्चा अहिले पहिलेको तेस्रो स्थानबाट चौथो स्थानमा धकेलिएको छ। गएको संसदीय चुनावमा उसले ९ सीट हासिल गरेर कूल सीटको ४.३९ प्रतिशत भाग ओगटेको थियो। अहिले २,२४५ सीट हासिल गरेर ५.०७% भाग ओगटेको छ। तर जुम्ला, दैलेख र कालिकोटमा नेमकिपाले हासिल गरेको ३७४ सीट सं.ज.मो. को

## कुन पार्टीको कहाँ कस्तो रह्यो?

### पुर्वाञ्चल विकास क्षेत्र

| | प्राप्त कूल सिट | प्रतिशत |
|---|---|---|
| ने.कां. | ५००७ | ४९.६% |
| एमाले | ३१७३ | ३१.४% |
| राप्रपा | ७५७ | ७.५% |
| सद्भावना | ४२५ | ४.२१% |
| संजमो | १७६ | १.७४% |
| स्वतन्त्र | ५६१ | ५.५६% |
| जम्मा | १००९९ | १००% |

घोषणा हुन बाँकी ८ सीट

टिप्पणी : स्वतन्त्रलाई दलका रूपमा लिइएको छैन। त्यसले बढी सिट ल्याएको तथ्यांक भए पनि त्यसलाई सवैभन्दा कम सिट ल्याउनेमा राखिएको छ।

अन्यथा लेखिएकोमा बाहेक सबै तथ्यांकको स्रोतः निर्वाचन आयोग।

### मध्यमाञ्चल

| | कूल प्राप्त सीट | प्रतिशत |
|---|---|---|
| ने.कां. | ६०५२ | ४४.४ |
| एमाले | ३७८३ | २७.७ |
| राप्रपा | १७८३ | १३.१ |
| संजमो | ८१७ | ५.९९ |
| सद्भावना | ३६९ | २.७ |
| स्वतन्त्र | ८३० | ६.०९ |
| कूल प्राप्त सीट | १३५४५ | १०० |

घोषणा हुन बाँकी सीटहरू १८४

यो निर्वाचन आयोगको तथ्यांक अनुसार हो। ने.म.कि.पा.को तथ्यांक अनुसार भक्तपुरमा ने.म.कि.पा.को ६५ सिट छ र दोस्रो स्थानमा छ।

### पश्चिमाञ्चल

| | कूल प्राप्त सिट | प्रतिशत |
|---|---|---|
| ने.कां. | ५११८ | ५२.६ |
| एमाले | २५५५ | २६.३ |
| राप्रपा | ५९० | ६.०६ |
| सदभावना | ५०० | ५.१४ |
| संजमो | ३९३ | ४.०४ |
| स्वतन्त्र | ५७३ | ५.८९ |
| कूल प्राप्त सिट | ९७२९ | १०० |

घोषणा हुन बाँकी १०४ सीट

### मध्य पश्चिमाञ्चल

| | जम्मा प्राप्त सिट | प्रतिशत |
|---|---|---|
| ने.कां | ३४०३ | ५२.०६ |
| एमाले | १०६४ | १६.०५ |
| संजमो | ८५२ | १३.०२ |
| राप्रपा | ६५२ | १०.१ |
| सद्भावना | १६ | ०.२५ |
| स्वतन्त्र | ४७७ | ७.३८ |
| कूल प्राप्त सिट | ६४६४ | १०० |

घोषणा हुनबाँकी सीटहरू १४०

### सुदूरपश्चिमाञ्चल

| | जम्मा प्राप्त सीट | प्रतिशत |
|---|---|---|
| नेकां. | २७२३ | ६२% |
| एमाले | ९८२ | २२% |
| राप्रपा | ५१२ | १२% |
| संजमो | ७ | ०.२% |
| सद्भावना | ० | ०% |
| स्वतन्त्र र अरू | १५३ | ३.५% |
| कूल प्राप्त सिट | ४३७७ | १००% |

घोषणा हुन बाँकी सीट २१

❑

सीटमा गामिएको हटाई दिने हो भने सं.ज.मो. को सीट वास्तवमा १,८७१ मात्र हुन्छ। यो कूल सीटको ४.२ प्रतिशत मात्र हो। यस हिसावले उसले गएको चुनावमा भन्दा ०.१९ प्रतिशत गुमाएको छः जुन अरूको तुलनामा नगण्य हो। जंम्मामा जनमोर्चाको उपलव्धी स्थिर रहेको छ।

नेपाल सद्भावना पार्टीले गएको संसदीय चुनावमा ६ सीट ल्याएर चौथो स्थान प्राप्त गरेको थियो र कूल सीटको २.९ प्रतिशत भाग ओगटेको थियो। अहिले पनि उसले १,३०९ सीट ल्याएर पहिलेकै २.९ प्रतिशत सीट अनुपात हासिल गर्न समर्थ भएको छ। त्यसैले उसको उपलव्धी पनि स्थिर नै रहेको छ।

चुनावी परिणामले के देखाएको छ भनेः नेपाली कांग्रेसले देशको सबै विकास क्षेत्रमा र जिल्लाको हिंसावले ६५ जिल्लामा आफ्नो प्रभुत्व हासिल गरेको छ। यो प्रभुत्व मध्ये पूर्वाञ्चल र मध्यमाञ्चलको प्रभुत्व उसले नयाँ हासिल गरेको हो। यद्यपि यो उसले प्रजातान्त्रिक मूल्यहरूको अभ्यासबाट हासिल गरेको प्रभुत्व भने कदापि होइन। यी विकास क्षेत्रका प्रायः सबै जिल्लामा फाशिष्ट दमनको उपायबाटै यी प्रभुत्वहरू हासिल भएका छन्। ने.कां. को सबैभन्दा कमजोर क्षेत्र मध्माञ्चल क्षेत्र देखिएको छ। जिल्लामा सबैभन्दा कमजोर तेह्रथुम र मकवानपुर देखा परेको छ। एमालेको सबैभन्दा बलियो क्षेत्रका रूपमा पूर्वाञ्चल, मध्यमाञ्चल र पश्चिमाञ्चल क्षेत्र देखिएका छन्। यी मध्ये अधिकांश स्थानमाा उसले व्यापक दमनका वावजूद, दोस्रो, पहिलो र तेस्रो स्थान हासिल गरेको छ। ती मध्ये पनि धनकुटा, भोजपुर र मकवानपुर उसको सबैभन्दा सवल आधार भएको जिल्लाको रूपमा चुनाव परिणामले देखाएको छ। एमालेको सबभन्दा कमजोर जिल्ला मनाङ देखिएको छ जहाँ उसले शून्य स्थान प्राप्त गरेको छ। अन्य कमजोर जिल्लाहरूमा कपिलवस्तु, जुम्ला, र प्यूठान रहेका छन् जहाँ उसले चौथो स्थान प्राप्त गरेको छ। विकास क्षेत्रको हकमा उसको सबैभन्दा कमजोर क्षेत्र मध्य–पश्चिमाञ्चल विकास क्षेत्र हो। उसले त्यहाँ १६.०५% सीट मात्र प्राप्त गरेको छ।

राप्रपाको सबैभन्दा बलियो क्षेत्र मध्यमाञ्चल र सुदुर पश्चिमाञ्चल विकास क्षेत्र हो जहाँ उसले अधिकांश स्थानमा दोस्रो वा तेस्रो स्थान ओगटेको छ। उसको सबैभन्दा बलियो जिल्ला तेह्रथुम, महोत्तरी, मकवानपुर, नुवाकोट, सिन्धुपाल्चोक, रसुवा, भक्तपुर, पर्सा, कपिलवस्तु, डोटी र बैतडी हुन् जहाँ उसले दोस्रो स्थान ओगटेको छ। राप्रपाको सबैभन्दा कमजोर क्षेत्र पश्चिमाञ्चल र पूर्वाञ्चल विकास क्षेत्र हो। जिल्लाको हिसावले उसका सबैभन्दा कमजोर जिल्लाहरू सिंधुली, मनाङ, गुल्मी, अर्घाखाँची, मुस्ताङ, म्याग्दी, वाग्लुङ र पर्वत हुन् जहाँ उसको शून्य स्थान छ।

### नगरपालिकामा को कति बलियो ?

| दलहरू | प्रमुख | उप-प्रमुख | सदस्य | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|
| ने. का. | २२ | २१ | २८८ | ३३१ | ५६ |
| ए. मा. ले. | ६ | ५ | १०८ | ११९ | २० |
| रा. प्र. पा. | २ | २ | ५१ | ५५ | ९.३ |
| सद्भावना | १ | ३ | १४ | १८ | ३ |
| सं. ज. मो. | – | १ | ७ | ८ | १.३ |
| स्वतन्त्र | ५ | ४ | ५३ | ६२ | १० |
| जम्मा– | ३६ | ३६ | ५३१ | ५९३ | १०० |

संयुक्त जनमोर्चाको सबैभन्दा बलियो क्षेत्र मध्य–पश्चिमाञ्चल विकास क्षेत्र देखिएको छ जहाँ उसले दोस्रो र चौथो स्थान प्राप्त गर्नमा सफलता प्राप्त गरेको छ र कूल सीटको १३.०२ प्रतिशत ल्याएको छ। जिल्लाहरूमा सबैभन्दा सबल जिल्लाहरू रोल्पा, गोर्खा, मनाङ र रूकुम रहेका छन् जहाँ उसले पहिलो वा दोस्रो स्थान प्राप्त गरेको छ र रामेछाप, सिंधुली, धनुषा, चितवन, तनहुँ, गुल्मी, अर्घाखाँची, वाग्लुङ र काभ्रे रहेका छन् जहाँ उसले तेस्रो स्थान प्राप्त गरेको छ। उसको सबैभन्दा कमजोर क्षेत्र सुदूर पश्चिमाञ्चल र पूर्वाञ्चल रहेको छ। जिल्लाहरूमा उसका सबैभन्दा कमजोर जिल्लाहरू पूर्वाञ्चलको झापा, भोजपुर, सोलु, खोटाङ, उदयपुर र सिराहा छाडेर सबै जिल्लाहरू, सदूर पश्चिमाञ्चलको डोटी, कैलाली र कंचनपुर छोडेर सबै जिल्लाहरू, बारा, मुस्ताङ, डोल्पा र मुगु छन् जहाँ उसको शून्य स्थान छ।

नेपाल सद्भावना पार्टीलाई यो निर्वाचन परिणामले फगत तराई क्षेत्रको पार्टीको रूपमा उभ्याएको छ। उसकोे सवलता संपूर्ण पहाडी क्षेत्र र पहाडी जिल्लाहरूमा शून्य प्रायः देखिन्छ। तथापि सबै क्षेत्रमध्ये सद्भावनाको सबैभन्दा आधार भएको विकास क्षेत्र पश्चिमाञ्चल विकास क्षेत्र हो जहाँ उसले कुल सीटको ५.१४ प्रतिशत ल्याएको छ। उसको सबैभन्दा सवल जिल्ला झापा, मोरङ, सप्तरी, सर्लाही, रौतहट, रूपन्देही, नवलपरासी र कपिलवस्तु हुन् जहाँ उसले दोस्रो वा तेस्रो स्थान प्राप्त गरेको छ। उसको सबैभन्दा कमजोर क्षेत्र सुदूर पश्चिमाञ्चल र मध्य पश्चिमाञ्चल क्षेत्र हो जहाँ लगभग उसको शून्य स्थिति छ।

नेकपा (मसाल) को सबैभन्दा सवल क्षेत्र मध्यमाञ्चल, पश्चिमाञ्चल र मध्य पश्चिमाञ्चल देखिएको छ। जिल्लाहरूमा प्यूठान, अर्घाखाँची र वाग्लुङ देखिएको छ जहाँ उसले पहिलो वा दोस्रो स्थान ल्याएको छ। उसको सबैभन्दा कमजोर क्षेत्र र जिल्लाहरू पूर्वाञ्चल र सुदूर पश्चिमाञ्चलका जिल्लाहरू देखिएका छन्। जहाँ सप्तरी, कैलाली र कंचनपुर जस्ता २/३ जिल्ला छाडेर सबै जिल्लामा लगभग उसको शून्य छ। मध्य पश्चिमाञ्चलमा पनि सुर्खेत, वर्दिया, प्यूठान र कालिकोट छाडेर अन्यत्र उसको शून्य स्थिति रहेको छ।

नेपाल मजदुर किसान पार्टीको सबैभन्दा सवल क्षेत्र मध्य पश्चिमाञ्चल विकास क्षेत्र हो जहाँ उसले कालिकोट जिल्लामा प्रथम स्थान र दैलेख र जुम्लामा दोस्रो स्थान ल्याएको छ। त्यस पछिको उसको बलियो क्षेत्र मध्याञ्चल र सवल जिल्ला भक्तपुर हो जहाँ उसले क्षेत्रगत रूपमा ७८ सीट र भक्तपुरमा ६७ सीट ल्याएको छ। अन्यत्रको केही ठाउँको नतिजौ प्राप्त हुन बाँकी छ र अधिकांश ठाउँमा – उसको चुनावी स्थिति कमजोर छ।

चुनाव परिणामले के देखाएको छ भने वामपन्थीहरूको संयुक्त शक्ति अझ पनि र संपूर्ण राज्य आतंक र धाँधलीको वावजूद पनि, सवलतम दोस्रो शक्तिका रूपमा देखा परेको छ। कूल सीटको अनुपातको हिसावले यो सीट कूल सीटको करिब ३३.५ प्रतिशत हुन आउँछ। चुनाव परिणामले अधिकांश ग्रामीण इलाकामा वामपन्थी शक्तिकै सबैभन्दा सवल बाहुल्य रहेको देखाएको छ। वामपन्थीहरूले आफूमा रहेको दोष, र आफ्नो कमजोरीको क्षेत्र राम्ररी पहिल्याउने र त्यो हटाउने हो भने स्थिति अझै पनि वामपन्थीहरूको पक्षमा आशाजनक छ। ❑

### कुन कुन पार्टीले कुन स्थानमा कति जिल्लामा जितेका छन्?

| पार्टी | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौं | शुन्य सीट |
|---|---|---|---|---|---|---|
| ने.कां. | ६५ | ८ | २ | – | – | – |
| ए.मा.ले. | ८ | ४६ | १७ | ३ | – | १ |
| राप्रपा | ० | १४ | ३९ | १८ | – | ४ |
| संजमो | १ | ५ | १० | २८ | ९ | २१ |
| सद्भावना | ० | ३ | ५ | ४ | २ | ५९ |
| मसाल | १ | १• | १• | १• | – | – |
| ने म कि पा | १• | २• | – | – | – | – |

स्रोतः १–५ः सम्मका तथ्यांकहरूः निर्वाचन आयोगको आषाढ २०४९को तथ्यांक

६.नं. तथ्यांकः नेकपा (मसाल) केन्द्रिय कार्यालय

७.नं.तथ्यांकः नेमकिपाको केन्द्रिय कार्यालय

* स्वतन्त्र र अन्य चुनाव चिन्हबाट उठेको हुनाले यो संवन्धी तथ्यांक निर्वाचन आयोगको तथ्यांकमा मेट्टिदैन। तसर्थ यी तथ्यांकहरू संवन्धित पार्टीका आधिकारिक स्रोतबाट लिइएका हुन्। – सं.

तथ्यांक विश्लेषण

# स्थानीय निकायको चुनाव परिणाम, २०४९

# नेपाली कांग्रेसले बहुमत ल्याएका जिल्लाहरू र अन्य प्रतिद्वन्दी दलहरूको स्थिति

| ने.का.को बहुमत | दोस्रो दल | तेस्रो दल | चौथो दल | पाँचौं दल |
|---|---|---|---|---|
| **पूर्वाञ्चल विकास क्षेत्र** | | | | |
| १ ताप्लेजुङ्ग(२२१) | एमाले (२०३) | राप्रपा (१०६) | स्वतन्त्र (१९) | - |
| २ पाँचथर (२१५) | " (१३४) | " (९२) | " (१०) | - |
| ३ इलाम (२६८) | „ (१९५) | „ (७) | „ (५८) | - |
| ४ झापा (२३४) | „ (२३२) | सदभावना (६४) | राप्रपा (४२) | संज.मो (१) |
| ५ संखुवासभा (२०३) | „ (१८४) | राप्रपा (१) | स्वतन्त्र (७) | - |
| ६ मोरङ (३७६) | „ (२७५) | सद्भावना (६५) | राप्रपा (८) | स्वतन्त्र (१६) |
| ७ सुन्सरी (३२१) | „ (१७२) | राप्रपा (३८) | सद्भावना (३) | - |
| ८ सोलुखुम्बू (२७५) | „ (५४) | „ (२४) | संजमो (१०) | स्वतन्त्र (१०) |
| ९ खोटाङ( (५०७) | „ (२७०) | „ (२९) | „ (१७) | „ (१३) |
| १० ओखलढुंगा (४७८) | | „ (११६) | „ (४) | स्वतन्त्र (१६) |
| - | | | | |
| ११ उदयपुर (३०७) | „ (१६८) | संजमो (१५) | राप्रपा (६) | स्वतन्त्र (२१) |
| १२. सप्तरी (५५२) | एमाले र सदभावना दुवै (२११) | राप्रपा (११५) | स्वतन्त्र (१७७) | - |
| १३ सिराहा (५९५) | एमाले (१९०) | „ (११३) | संजमो (११०) | स्वतन्त्र (१४२) |
| **मध्यामाञ्चल विकास क्षेत्र** | | | | |
| १४ दोलखा (३४७) | ए.मा.ले. (२३८) | राप्रपा (९) | संजमो (१) | स्वतन्त्र (१०) |
| १५ रामेछाप (३४३) | „ (१५८) | संजमो (६८) | राप्रपा (१२) | „ (१९) |
| १६ सिंधुली (३११) | „ (१७१) | „ (१११) | स्वतन्त्र (११) | - |
| १७ धनुषा (५४०) | „ (३१२) | „ (८४) | राप्रपा (६९) | सद्भावना (३१) |
| १८ महोतरी (४०८) | राप्रपा (१२५) | एमाले (११५) | संजमो (६४) | स्वतन्त्र (१०१) |
| १९ सर्लाही (४७९) | स.पा. (२०४) | „ (१९५) | राप्रपा (११५) | संजमो (४९) |
| २० रसुवा (८४) | राप्रपा (६५) | „ (३४) | संजमो (१) | स्वतन्त्र (५) |
| २१ धादिंग (२२८) | एमाले (२१६) | राप्रपा (७२) | „ (२७) | „ (७) |
| २२ नुवाकोट (२७२) | राप्रपा (२४१) | एमाले (१३९) | „ (२८) | „ (४) |
| २३ भक्तपुर (१०७) | राप्रपा (३५) | एमाले (३२) | संजमो (५) | स्वतन्त्र (७१) |
| २४ सिन्धु पाल्चोक (३०३) | „ (२८३) | „ (२१७) | „ (३६) | „ २३) |
| २५ रौतहट (६२१) | एमाले (१८४) | सद्भावना (३४) | राप्रपा (३२) | संजमो (१६) |
| २६ बारा (४९६) | एमाले (४१२) | राप्रपा (७२) | सद्भावना (३५) | स्वतन्त्र (७२) |
| २७. पर्सा (४०८) | राप्रपा (२२१) | एमाले (१४७) | „ (२६) | संजमो (२) |
| २८ चितवन (२४४) | एमाले (१२०) | संजमो (५९) | राप्रपा (६) | स्वतन्त्र (४) |
| **पश्चिमाञ्चल विकास क्षेत्र** | | | | |
| २९ गोर्खा (४०५) | संजमो (२२१) | एमाले (५२) | राप्रपा (४२) | स्वतन्त्र (२३) |
| ३० मनाङ (११३) | „ (८) | स्वतन्त्र (९) | - | - |
| ३१ लमजुंग (४२७) | एमाले (१२९) | राप्रपा (५७) | संजमो (४१) | - |
| ३२ कास्की (२९४) | „ (२१४) | „ (१६) | „ (५) | स्वतन्त्र (८) |
| ३३ तनहुँ (३५३) | „ (११८) | संजमो (२९) | राप्रपा (११) | „ (७) |
| ३४ स्यांजा (४३०) | „ (२८६) | राप्रपा (१२) | संजमो (११) | „ (९) |
| ३५ गुल्मी (४७५) | „ (३७८) | संजमो (४) | स्वतन्त्र (१०) | - |
| ३६ पाल्पा (३६६) | „ (३४८) | राप्रपा (४) | स्वतन्त्र १३) | - |
| ३७ अर्घाखाँची (२४७) | „ (१४७) | संजमो (९) | „ (४७) | - |
| ३८ नवलपरासी (३५१) | „ (२१७) | स.पा. (१८४) | राप्रपा (४३) | संजमो (७) |
| ३९ रूपन्देही (३१५) | स.पा. (१८१) | एमाले (१२९) | राप्रपा. (८८) | „ (२) |

| ने.का.को बहुमत | दोस्रो दल | तेस्रो दल | चौथो दल | पाँचौं दल |
|---|---|---|---|---|
| ४० कपिलवस्तु (३७४) | राप्रपा (२१२) | स.पा. (१३५) | एमाले (५०) | संजमो (१७) |
| ४१ मुस्ताङ (११०) | एमालेर/ राप्रपा (१३) | स्वतन्त्र (३७) | - - | - |
| ४२ म्याग्दी (२३७) | एमाले (१४२) | राप्रपा (४०) | संजमो (४) | स्वतन्त्र (१७) |
| ४३ वाग्लुङ (३५०) | „ (७९) | संजमो (३१) | राप्रपा (१२) | „ (१६०) |
| ४४ पर्वत (२७१) | „ (२५३) | राप्रपा (४०) | संजमो (४) | „ (२६) |
| **मध्य पश्चिमाञ्चल विकास क्षेत्र** | | | | |
| ४५ रूकुम (२३५) | संजमो (१५५) | एमाले (६०) | राप्रपा (१७) | स्वतन्त्र (५) |
| ४६ सल्यान (४३४) | एमाले (४०) | राप्रपा (१८) | संजमो (१७) | स्वतन्त्र (७) |
| ४७ दाङ (३४३) | „ (४२) | „ (३९) | „ (११) | „ (१८) |
| ४८ डोल्पा (१७१) | राप्रपा (५१) | एमाले (१६) | स्वतन्त्र (१५) | - |
| ४९ मुगू (१५७) | एमाले (७४) | राप्रपा (१०) | „ (२३) | - |
| ५० जुम्ला (१८३) | संजमो (नेमकिपा) सहित (७७) | राप्रपा (३७) | एमाले (२९) | स्वतन्त्र (४) |
| ५१ हुम्ला (१२२) | „ (५९) | एमाले (५५) | राप्रपा (३४) | „ (२७) |
| ५२ जाजरकोट (१४०) | एमाले (८६) | राप्रपा (६८) | संजमो (३२) | „ (४) |
| ५३ दैलेख (३६१) | संजमो (१९८) | एमाले (५०) | राप्रपा (४६) | „ (३) |
| ५४ सुर्खेत (३३०) | एमाले (१८५) | राप्रपा (३८) | संजो (१) | स्वतन्त्र (१०) |
| ५५ बाँके (२९४) | राप्रपा (१३०) | एमाले (६४) | सद्भावना (७) | संजमो (६) |
| ५६ वर्दिया (१६१) | एमाले (१५५) | राप्रपा (२४) | संजमो (१५) | सदभावना (९) |
| **सुदूर पश्चिमाञ्चल विकास क्षेत्र** | | | | |
| ५७ बाजुरा (१७१) | एमाले (१०५) | राप्रपा (१२) | स्वतन्त्र (२) | - |
| ५८. अछाम (४५६) | „ (२६१) | „ (९८) | „ (१०) | - |
| ५९ वझाङ (२९७) | „ (१७३) | „ (१८) | „ (२५) | - |
| ६० डोटी (४३१) | राप्रपाा (४१) | एमाले (३२) | संजमो (१) | स्वतत्र (५४) |
| ६१ कैलाली (२९२) | एमाले (९१) | राप्रपा (८३) | „ (२) | „ (२०) |
| ६२ दार्चुला (२८४) | „ (१०१) | राप्रपा (४९) | स्वतन्त्र (१७) | - |
| ६३ वैतडी (४४५) | राप्रपा (१६१) | एमाले (१२३) | -„ (१७) | - |
| ६४ डडेल्धुरा (२३०) | एमाले (२९) | राप्रपा (१५) | „ (१) | - |
| ६५ कंचनपुरर (११७) | „ (६७) | „ (३५) | संजमो (४) | |

नोट - स.पा. = सद्भावना पार्टी


पढ्न नभुल्नु होस्

पृष्ठभूमि (साप्ताहिक)
शुभ-सन्देश (साप्ताहिक)
दृष्टि (साप्ताहिक)
छलफल (साप्ताहिक)
प्रतिपक्ष (साप्ताहिक)
जनादेश (साप्ताहिक)

संझनु होस् चितवनबाट प्रकाशित हुने
त्रैमासिक साहित्यिक प्रकाशनहरू "जन-साहित्य" र "आधार"

# कस्तो लागेको छ नेताहरुलाई –यो चुनावी परिणाम?

*स्थानीय निकायको चुनावमा ने.का. अत्यधिक बहुमतले जित्न सफल भयो र वामपन्थी शक्तिहरूले जित्न सक्ने ठाउँहरूमा पनि उनीहरूको नराम्ररी हार भएको छ। चुनावको यो संपूर्ण परिणामका पछाडि कुन कुन मूलभूत कारणले भूमिका खेलेका छन्? यस चुनावलाई नेताहरूले कसरी मूल्यांकन गर्नु भएको छ?*

*यो जिज्ञासा पूर्ति गर्न हामीले का. रोहित, का. माधब नेपाल र क. प्रचण्डसँग यसै प्रश्न राखी कुराकानी गरेका थियौं। प्रस्तुत छ उहाँहरूका जवाफहरू। यसै प्रश्नको सन्दर्भमा हामीले उहाँहरूसंग गरेका अलग अलग प्रतिप्रश्नहरू र तिनमा उहाँहरूका जवाफहरू पनि यहाँ प्रस्तुत गरेका छौं।*



## हामीले चिताए जस्तो परिणाम किन ल्याउन सकेनौ?

–का. रोहित

नेपाली कांग्रेसले राष्ट्रिय रूपमै कुनै पनि किसिमले यो स्थानीय निर्वाचनमा बहुमत ल्याउने नीति तयार गरेको थियो। त्यस अनुसार सरकारी साधनको दुरूपयोग, प्रशासनिक पक्षपात, पैसा र शक्तिको खोलो बगाउने जस्ता अप्रजातान्त्रिक उपायहरूको प्रयोग गरेको कुरा सबैलाई थाहै छ। नेपाली कांग्रेसका कार्यकर्ताहरूलाई केही जिल्लाहरू छोडी बाँकी बहुसंख्यक जिल्लाहरूमा छाडा र मण्डले बनाइयो। ने.का. ले यो निर्वाचनमा प्रयोग गरेका उपायहरू हेर्दा यसलाई बहुदलीय निर्वाचन भन्नु मन्दा पंचायती चुनाव भन्न सुहाउँछ। कही कहीं त त्यो मन्दा पनि नराम्रो स्थिति रह्यो। जातिवाद, क्षेत्रियतावाद जस्ता सांप्रदायिकता, कर्मचारीहरूको सरूवा–बढुवा–खोसुवा, ठेकेदार, उद्योगपति र साहुमहाजनहरू माथि पनि दवाव आदि जस्ता व्यवहार गर्ने नेपाली कांग्रेसलाई देख्दा कतै यो पार्टीलाई कसैले प्रजातान्त्रिक प्रतिवद्धताबाट तानाशाही बाटोतिर डोऱ्याइरहेको त छैन? भन्ने शंका उठ्न थालेको छ।

**निर्वाचन परिणाम वामपन्थीहरूको पक्षमा जान नसक्नुको कारण वामपन्थीहरूका बीचमा रहेको हानथाप, समझदारीको अभाव र खुट्टा तानातान नै हो। सैद्धान्तिक रूपले हेर्ने हो भने निर्वाचनबाटै समाजवाद आउँछ भन्ने संशोधनवादी र पूँजीवादी दोषमा डुबेर जुनसुकै उपायले निर्वाचन जित्ने गलत दृष्टिकोणले काम गर्नु हो।**

जहाँसम्म नेपाल मजदूर किसान पार्टीको कुरा छ, संविधानका अप्रजातान्त्रिक धाराहरूको कारण र सर्वोच्च अदालतले दिएको आदेश अनुसार ने.म.कि.पा लाई चुनाव आयोगले "मादल" चिन्ह नदिई स्वतन्त्र र अरू पार्टीका चुनाव चिन्ह लिई निर्वाचनलाई उपयोग गर्न वाध्य गराउनाको कारण एवं वामपन्थी पार्टीहरूकै अनेक अराजनीतिक प्रचारका उपायहरूको कारण हामीले चिताएको जस्तो परिणाम ल्याउन सकिएन। निर्वाचनमा भएका मनपरी र यसको परिणामबाट सत्ता पक्षबाटै "प्रजातन्त्र" माथि संकट आउने संभावना देखिएको हुँदा देशका सबै इतर राजनीतिक पक्षहरू एक हुनु आवश्यक भएको देखापरेको छ।

***प्रतिप्रश्न:*** *वामपन्थीहरू वीच जुन हानथाप र खुट्टो तानातनको कुरो यहाँले उठाउनु भयो, त्यसो हुनुको कारण चाहिं के होला?*

**का. रोहित: पहिलो कुरो त, एमाले एउटा ठूलो र जिम्मेवार पार्टी भएको हुनाले यो धेरै संवेदनशील हुनु पर्ने र सबै वामपन्थीहरूलाई मात्र हैन कि इतर पक्षलाई नै समेटेर अगाडि लैजानु पर्ने हो। यो काम एमालेबाट हुनसकेको देखा परेको छैन्। अर्कोतिर, अरू वामपन्थी शक्तिहरूले पनि आपसमा समझदारीलाई अगाडि बढाउनु पर्ने हो। आ–आफ्नै दृष्टिकोणलाई लिएर आ–आफ्नै ढंगले अगाडि बढेको हुनाले शायद, वामपन्थीहरूले यो चुनावलाई राम्रोसँग उपयोग गर्न सकेनन र परिणाम पनि राम्रो आएन।**

***प्रतिप्रश्न:*** *अब को स्थितिमा, जुन यो सत्तापक्षीय धाँधली भएको छ र व्यापक रूपले राज्य–आतंक फैलाइएको छ, यसको विरूद्ध वामपन्थीहरूले के गर्नुपर्ला?*

**का. रोहित:** मैले भनि पनि सकें, अव त वामपन्थीहरूको मात्र कुरा हैन, सबै इतरपक्ष एक भएर प्रजातन्त्रलाई जोगाउने काममा लाग्नु पर्छ। अर्को शब्दमा भन्ने हो भने, प्रजातन्त्रलाई दीगो पार्नको निम्ति संघर्ष गर्नु पर्दछ। ❑



## बस्तुवादी हिसावले तालमेल मिलाई वामहरू चुनावी तयारीमा जुटेको भए.....

का. माधव नेपाल

नेपाली कांग्रेसले सत्ता हातमा लिएदेखि नै जुन ढंगको रबैया अप्नाउँदै आयो र खास गरी स्थानीय निकायको चुनावको सन्दर्भमा कानून निर्माणको क्षेत्रमा र साथै आफ्नो पक्षमा निर्वाचन परिणाम ल्याउनको निमित्त नेपाली कांग्रेसले जस्तो किसिमका निरंकुश रबैया, अप्नायो, गुण्डागर्दी र राज्य आतंक–द्वारा चरम धाँधलीका रूपहरू प्रयोग गऱ्यो, त्यो नै वामपन्थीहरूले सफलता प्राप्त गर्न नसक्नुका र कांग्रेसले सोचे भन्दा ज्यादा सफलता प्राप्त गर्न सक्नुको प्रमुख कारण हो।

दोश्रो कारण, नेपाली कांग्रेसले राज्य सत्ता, सरकारी साधन श्रोतको व्यापक दुरूपयोगद्वारा निर्वाचन परिणामलाई अनुकूल पार्न भरमग्दूर प्रयत्न गर्नु हो। गृहमन्त्री प्रति वफादार सि. डि. ओ. लाई निर्वाचन अधिकृतका रूपमा नियुक्त गर्नु, प्रधानमंत्री स्वयंले निर्वाचन आयोगको आचार संहिता मिचेर निर्वाचनको प्रयोजनको निम्ति सरकारी हेली–कोप्टरको प्रयोग गर्नु, प्रत्येक जिल्लामा लाखौं रूपैयाँ सरकारी ढुकुटीबाट पेश्की लिएर चुनावमा मतदाता किन्न प्रयोग गर्नु, सरकारी प्रचार यंत्र–रेडियो र टिमीलाई नितान्त पक्षपातपूर्ण ढंगले ने.कां.को मात्रै प्रचार गर्न प्रयोग गर्नु, निर्वाचनको मिति दुई दिन तोकिनु र पहिलो दिन आफ्नो अनुकूल स्थिति भएका ठाउँमा निर्वाचन राखिनु, पहिलो दिनको चुनावमा ने.का.ले जितेका ठाउँको मात्र नतिजा प्रसारित गरेर दोश्रो दिनको चुनाव परिणामलाई प्रभावित गर्न प्रयत्न गर्नु, मतदाता नामावलीमा असंख्य नक्कली नाम थप्ने, नाम हेरफेर र उल्टोपाल्टो पार्ने कार्य चुनावको केही दिन पहिलेसम्म पनि जारी गर्नु यसका प्रत्यक्ष सबुदहरू हुन्। रामेछाप र सिंधुली लगायत कैयन

**ने म कि पा ले प्राप्त गरेका सीटहरु**

| | | | |
|---|---|---|---|
| मध्यामञ्चल : | - | मध्यमश्चिमाञ्चल : | |
| भक्तपुर : | ६५ सीट | जुम्ला | ७७ सीट |
| काठमाण्डू : | ८ सीट | कालिकोट | ९९ सीट |
| काभ्रे : | ५ सीट | दैलेख १ | ९८ सीट |
| जम्मा : | ७८ सीट | जम्मा : | ३७४ सीट |
| पूर्वाञ्चल : ० | | मश्चिमाञ्चल : ० | |

कूल जम्मा : ४५२ सीट

स्रोत : ने. म. कि. पा. केन्द्रिय कार्यालय

टिप्पणी : यस पार्टीका परिणामहरू अझै प्राप्त हुँदैछन्।

जिल्लामा त विपक्षले चुनाव जिते पछि पनि फेरि निर्वाचन गराइयो र कांग्रेसलाई जिताइयो। यसरी बिहारी राजनीतिलाई नेपाली कांग्रेसले नेपालमा भित्र्याएकोले नै यो निर्वाचन ने.कां.को पक्षमा गएको हो।

अब कुरा आउँछ–विपक्षले आफ्नो भूमिका पुरा गर्‍यो कि गरेन भन्ने वा हाम्रो कमजोरी चाहि के रहयो भन्ने। हामीले ने.कां. यो विन्दू र यो स्तरमा खुलेआम गुण्डा र डाँकाहरू समेत प्रयोग गरेर आईपुग्ला वा सि.डि.यो हरूले यसरी तल झरेर काम गर्लान वा ने.कां.ले व्यापक मात्रामा पैसाको दुरूपयोग गरेर जनतालाई प्रलोभनमा पार्ला भन्ने बारेमा जुन ढंगको सुक्ष्मता, सजगता, तयारी र संगठन अप्नाइनु पर्दथ्यो, त्यसमा हाम्रो कमी भएको मलाई लाग्दछ।

यदि वामपन्थीहरूले आपसमा रहेका केही विवादहरूलाई भित्रै बसेर हल गरी यतिखेर मूल रूपमा कम्युनिष्ट विरोधीहरूलाई वा प्रतिकृयावादीहरूलाई हराउनका लागि कम्युनिष्टहरू न्यूनतम रूपमा पनि मिल्न सक्दछन् भन्ने विषयमा स्पष्ट भएको भए र आ–आफ्नो वास्तविक हैसियतलाई बुझेर वस्तुवादी हिसावबाट सिटको तालमेल मिलाई यी जम्मै कुराको तयारीमा जुटेको भए निर्वाचन परिणाम यो ढंगको हुदैनथ्यो। अझै पनि जम्मा मतको हिसावले वामपार्टीहरू अलग अलगको कम भएपनि एमाले, संजमो, मसाल, ने.म.कि पा आदिको मत जोडदा ने.का. भन्दा ज्यादा कम नभएको हुनुपर्दछ, जसको पूरा हिसाव आइसकेको छैन।

जहाँसम्म काठमाण्डौ र पाटन जस्ता महत्वपूर्ण शहरहरूमा वामपन्थीहरू पराजित हुनुको सवाल छ, त्यसमा वामपार्टीहरू वा दुई वामपार्टीहरूको बीचमा राम्रो समझदारी नहुनु पनि एउटा कारण हो। जुन वामपार्टीले आफ्नै हैसियतको बढी मूल्याँकन गरे, त्यसले असमझदारीको स्थिति पैदा भयो। यसले गर्दा मतदाताहरूमा केही नैराश्यता छाएको पनि देखियो।

**त्यसकारण, ने.कां.को चरम बद्‌मासी र त्यसको मुकाविला गर्नको लागि वामपक्षबाट त्यही त्यही ढंगको तयारी नहुनु, मिलेर जानुपर्ने सवालमा बस्तुवादी भएर नसोच्नु नै यस्तो चुनावी परिणाम हुनुको मूल कारण हो भन्ने मलाई लाग्दछ।**

***प्रतिप्रश्नः** वाम पार्टीहरूले वस्तुवादी भएर नसोच्नुको कारण चाहिं के होला नि?*

**का. माधव नेपालः** यथार्थवादी भएर नसोच्ने, आफ्नो स्थितिको ठीक मूल्यांकन गर्न नसक्ने, यो जुन अवस्तुवादीता छ, यो जे कुरामा पनि देखा पर्दछ। आफ्नो र विपक्षीहरूको मूल्यांकनमा र संघर्षको रूपको चयनमा पनि यो देखा पर्छ। **यहाँ अधिभूतवादले काम गरिरहेको जस्तो मलाई लाग्छ। वास्तवमा नाम द्वन्दवादको छ तर खासमा भने "द्वन्दवाद"को प्रयोग भइरहेको छैन।**

उदाहरणको निम्ति– काठमाडौमा एकता केन्द्रका नेताहरूले के सम्म पनि भन्नु भयो भने– वैशाख २१ गतेको "बन्द" पछि हाम्रो शक्ति डेढी बढेको छ, कैयौं गुना बढेको छ, एमालेको कैयौं गुना घटेको छ। वास्तवमा उहाँहरूले यी "बन्द" हरूको सफलतालाई अधिभूतबादी ढंगले हेर्नु भयो। वास्तवमा ती "बन्द" हरू ने.कां.को गलत, जन–विरोधी र राष्ट्रियताविरोधी नीतिको कारणले जनतामा उत्पन्न आक्रोशको प्रवल अभिव्यक्ति थियो। त्यो अभिव्यक्तिलाई त्यही ढंगले बुझ्नु पर्दथ्यो तर त्यसलाई उहाँहरूले एकताकेन्द्रप्रतिको जन समर्थनको रूपमा बुझ्न पुग्नु भयो र उहाँहरूले आफ्नो खुट्टालाई भूईमा राख्न छोड्नु भयो। र उहाँहरूले काठमाडौंमा मेयरको दावी गर्नु भयो। वास्तवमा के देखियो भने, उहाँहरूको त्यो स्तरको प्रभाव र शक्ति बढेको रहेनछ। परिस्थितिलाई यथार्थवादी वस्तुवादी ढंगले मूल्यांकन उहाँहरूले गर्न सक्नु भएको रहेनछ।

पाटनमा हामीले एकताकेन्द्रलाई समयमै भनेका थियौं "मेयर वा उपमेयर मध्ये एक लिनु होस् र एक सीट हामीलाई दिनुहोस्"। तर एकता केन्द्रले मानेन। पछि व्यवहारले देखायो, ती दुई मध्ये एक सीट पनि उहाँहरूले पाउनु उचित थिएन, बरू वडाहरूमा मात्र उहाँहरू सीमित हुनु पर्दथ्यो। तथापि एकताको पक्षमा एक सीट दिएर मिलाउने हाम्रो जुन प्रस्ताव थियो त्यो जायज थियो। यो कुरा त्यहाँको निर्वाचन परिणामले देखाएको छ। अन्य कतिपय स्थानको हकमा हामीले पनि कतै अवस्तुवादी माग राख्यौं कि त्यो हामीले पनि हेर्नु, विचार गर्नु जरूरी छ। ❑

## यो निर्वाचन परिणामलाई जनमतको वास्तविक अभिव्यक्ति भन्न सकिन्न

–का. प्रचण्ड

पहिलो कुरा त, अहिले चुनावको परिणाम भनेर जे देखाइएको छ, त्यो अहिलेको जनताको वास्तविक मतको अभिव्यक्ति हो भन्ने मलाई लाग्दैन। किनभने, ने.कां. सरकारको ज्यादतीका विरूद्ध केही समय अघिदेखि नै नेपाली जनताले आन्दोलन गर्दै आएको हो। खास गरी चैत्र २४ र वैशाख २१ गतेको दुई सफल "नेपालबन्द" पछि सरकारको व्यापक वदनाम भएको थियो। त्यस स्थितिमा नेपाली कांग्रेसको सरकारले आन्दोलनमा फूट पार्न र त्यसलाई शिथिल गर्ने उद्देश्यले स्थानीय निकायको चुनावलाई प्रयोग गर्न चाहेको थियो र प्रारंभमा नै सरकारले देशव्यापी आतंक, धाँधली, षडयन्त्र, दमन आदि सबै खाले हत्थकण्डाहरू अप्नाएर कुनै पनि किसिमबाट निर्वाचनमा आफ्नो बहुमत देखाउने रणनीति तयार पारिसकेको थियो। यही रणनीति पूरा गर्नको निम्ति चुनावको सन्दर्भमा देशव्यापी रूपमा धुप्रै गिरफ्तारी हत्या, दमन, आतंक, लुटपीट गरिए। यी काममा गुण्डाहरू, प्रहरी, सेना सबको संयोजित रूपमा प्रयोग भएको छ। त्यस–कारण, यो स्थितिमा यो निर्वाचनको परिणामलाई जनमतको वास्तविक अभिव्यक्ति भन्न सकिने स्थिति छैन, मलाई के पनि लाग्छ भने, यो जनु

### ने.क.पा (ए.मा.ले) ले बहुमत ल्याएका जिल्लाहरु र अन्य प्रतिद्वन्दी दलहरु

| एमालेको बहुमत | दोस्रो स्थान | तेस्रो स्थान | चौथो स्थान | पाँचौ स्थान |
|---|---|---|---|---|
| पूर्वाञ्चल विकास क्षेत्र | | | | |
| १ तेह्रथुम (१७३) | राप्रपा (९३) | नेका (७८) | स्वतन्त्र (६) | – |
| २ भोजपुर (३६७) | ने.कां (२७९) | राप्रपा (११) | संजमो (२३) | स्वतन्त्र (१३) |
| ३ घनकुटा (२३०) | „ (९८) | „ (६८) | – | – |
| मध्यमाञ्चल विकास क्षेत्र | | | | |
| ४ काठमाडौं (३२५) | ने.कां (२६६) | राप्रपा (७२) | संजमो (४३) | स्वतन्त्र (४६) |
| ५ ललितपुर (१५५) | „ (१३५) | „ (१२४) | „ (४४) | „ (१६) |
| ६ काभ्रे (३७६) | „ (३६९) | संजमो (१५१) | राप्रपा (१०३) | „ (४८) |
| ७ मकवानपुर (२३०) | राप्रपा (१२७) | ने.कां (९०) | संजमो (२८) | „ (९) |
| मध्य पश्चिमाञ्चल विकास क्षेत्र | | | | |
| ८ कालिकोट (९६) | ने.कां (९५) | राप्रपा (२९) | संजमो. (२६) | स्वतन्त्र (८४) |

सुदुर पश्चिमाञ्चल विकास क्षेत्र– शून्य
पश्चिमाञ्चल विकास क्षेत्रः– शून्य

टिप्पणीः यो निर्वाचन आयोगको तथ्यांक अनुसार हो। ने.म.किपा को तथ्यांक अनुसार कालिकोट जिल्लामा उसको कम्तीमा पनि ९९ सीट आएको छ र यो पहिलो स्थानमा छ।

परिणाम देखाइएको छ र जुन स्थिति खडा गरिएको छ, यसमा खास गरीकन अन्तराष्ट्रिय साम्राज्य–वादी हरूको "वामपन्थी मास्ने, वा कम्युनिष्टहरूलाई सखाप पार्ने रणनीतिलाई पूरा गर्नको निमित्त नेपाली कांग्रेसले एउटा गोटीको रूपमा काम गरेको छ।

दोस्रो कुरा, यी सबको वावजूद पनि वामपन्थीहरूको बीचमा तालमेल भएर एकतावद्ध ढंगले गएको भए त्यसलाई काफीहदसम्म नियन्त्रित गर्न सकिन्थ्यो। तर आन्दोलनकै क्रममा आफूलाई नेपालको प्रमुख वामपन्थी समूह मान्ने "एमाले"ले नेपाली कांग्रेस एउटा हत्यारोको रूपमा वदनाम भएको बेलामा आन्दोलनको विरोधमा नेपाली कांग्रेससंग जुन आत्मसमर्पण गरेर सम्झौता गर्‍यो, त्यसबाट नै प्रतिकृयावादी तत्वहरूले जनताका विरूद्ध आतंक फैलाउने मौका पाए। यो कारणबाट पनि वाम–तालमेल हुन सकेन। यसको परिणाम यो पनि भयो कि जहाँ प्रतिरोध गर्न सकिन्थ्यो र जनताको एकतालाई सुदृढ गर्न सकिन्थ्यो, त्यो हुन सकेन। वाम–तालमेल हुन नसक्नुको प्रमुख कारण यो पनि हो र यसको परिणाम स्वरूप चुनावी परिणाम राम्रो हुन सक्ने कतिपय स्थानमा पनि राम्रो हुन सकेन।

तेस्रो कुरा, यी सब हत्यकुण्डाहरूको प्रयोग गरेरै पनि जुन परिणाम देखाइएको छ त्यसबाट गाउँ–जिल्लाहरूमा एउटा जवर्जस्त कम्युनिष्ट प्रभाव कायमै छ भन्ने कुरा पनि पुष्टी हुन्छ। यो सन्दर्भ र पृष्ठभूमिमा हेर्दा, कम्युनिष्ट क्रान्तिकारीहरूले चिन्तित हुनुपर्ने वा जनताको वीचमा आफू कमजोर भएको ठान्नु पर्ने चाहिं हामी देख्दैनौं।

*प्रतिप्रश्नः कम्युनिष्टहरू त आत्मालोचक पनि हुन्छन् आत्मालोचक हुनुको हिसावले आफ्नो पक्षको कमजोरी तपाईले यो चुनावमा के देख्नु भएको छ?*

**का. प्रचण्डः निश्चय नै कमजोरीहरू भएका छन्।** पहिलो कुरा, त हामीहरूले चुनाव आउने बेलासम्म पनि संघर्षलाई नै प्रधानता दिएको हुनाले जसरी चुनावको निमित्त आवश्यक तयारी पूरा हुनुपर्थ्यो, त्यो हुन सकेन। दोस्रो कुरा, अनुभवको कमीले पनि यसमा काम गरेको छ। तेस्रो कुरा, चुनावी क्षेत्रमा गैसकेपछि त्यसको प्राविधिक तयारी र प्रतिरोधको तयारी जो हुनु पर्थ्यो, त्यो राम्ररी हुन सकेन भन्ने हामीलाई लागेको छ, जसको कारणले नहुनु पर्ने क्षति पनि भएको छ।

*प्रतिप्रश्नः काठमाण्डौ उपत्यकामा पनि एकखाले चुनावी परिणाम निस्किएको छ। यस सन्दर्भमा, तपाईहरूले राख्नुभएका मागहरू वा चुनावी सिटका दावीहरू के ठीक थिए भन्ने तपाईलाई लाग्दछ?*

**का. प्रचण्डः** काठमाण्डौं र पाटनको चुनावी तालमेलका बारेमा बाहिर काफी भ्रमहरू छन्। त्यसमा वास्तविकता के हो भने हामीले काठमाण्डौमा मेयरको दावी गरेका थिएनौं। नाम दर्ता र फिर्ता लिने समयसम्म पनि हामी हालको प्रिस्थितिमा कांग्रेसलाई परास्त गर्नु पर्छ र आफूलाई वाम भन्नेहरू सबै एकातिर हुनुपर्छ भन्नेमा थियौं। हामीले काठमाडौंमा मेयर दावी गरेका पनि हैनौं, उपमेयर दावी गरेका पनि हैनौं। अन्त्यमा हामीले काठमाडौंका यी दुबै सिट एमालेलाई छोडिदिने र पाटनको चाहिं मेयर उपमेयर आफ्नो लागि दावी गरेका थियौं। त्यसकारण, काठमाडौंमा हामीले नछोडेको हुनाले तालमेल हुन सकेन भन्ने कुरा सत्य होइन। काठमाडौं र पाटनका वीच तालमेल गर्ने भन्ने मत आम रूपमा आफूलाई स्वतन्त्र वाम वुद्धिजीवी मान्ने व्यक्तिहरू समेतले अगाडि सारेको मत थियो, जसलाई हामीले समर्थन गरेका थियौं.। त्यसकारण, काठमाण्डौमा, तालमेल हुन नसक्नुको पछाडि मुख्यतः एमालेको अहंकार नै जिम्मेवार छ। हामीले अन्तिम घडीसम्म पनि त्यसको निमित्त प्रयत्न गरेका थियौं। दुबै ठाउँको मेयर उपमेयर दुबै सिट उनीहरूलाई दिनुपर्ने भन्ने स्थितिमा त कसैले पनि आफ्नो अस्तित्वनै खतरामा पार्ने गरी आत्मसमर्पण गर्ने कुरा त आएन। त्यसमाथि पनि जतिबेला आन्दोलनलाई एमालेले ठूलो विश्वासघात गरेको छ, त्यो स्थितिमा त यो झनै संभव हुने कुरा थिएन। त्यसकारण, आफ्नो संगठनात्मक–राजनीतिक प्रचारको निम्ति पनि हामी दुवै ठाउँमा चुनाव लड्न वाध्य भएका हौं र यो वाध्यता नेकपा एमालेको तर्फबाट नै आएको हो भन्ने हामीलाई लाग्दर्छ। ❑

### संयुक्त जनमोर्चाले वहुमत ल्याएको जिल्ला र अन्य प्रतिद्वन्दी दलहरू

अन्य सबै विकास क्षेत्रमाः– शून्य।
मच्यमापश्चिमाञ्चल विकास क्षेत्रमा

| संजमो को वहुमत | | दोस्रो स्थान | | तेस्रो स्थान | | चौथो स्थान | | पाँचौ स्थान | |
|---|---|---|---|---|---|---|---|---|---|
| १ रोल्पा | (२२६) | नेकां | (२१४) | एमाले | (५४) | राप्रपा | (५२) | स्वेतन्त्र | (१५) |

### नेकपा (मसाल)ले वहुमत ल्याएको जिल्ला र अन्य प्रतिद्वन्दी दलहरू

अन्य सबै विकास क्षेत्रमाः शून्य। मध्य पश्चिमञ्चल विकास क्षेत्रमाः

| मसालको वहुमत | | दोस्रो स्थान | | तेस्रो स्थान | | चौथो स्थान | | पाँचौ स्थान |
|---|---|---|---|---|---|---|---|---|
| १ प्यूठान | (२४०) | ने.कां. | (१६३) | राप्रपा | (५९) | एमाले | (५८) | संजमो(२९) |

स्रोतः नेकपा (मसाल) केन्द्रीय कार्यालय

### निर्वाचन आयोगद्वारा प्रकाशित परिणाममा उल्लेख नभएका परिणामहरू : ने क पा (मसाल) ले प्राप्त गरेका सीटहरू

पूर्वाञ्चल : सप्तरी २ सीट

| | | | | | |
|---|---|---|---|---|---|
| **मध्यमाञ्चल :** | | | | | |
| दोलखा | २ सीट | रामेछाप | १ सीट | सिंधुली | ५ सीट |
| धादिंग | १ सीट | नुवाकोट | २ सीट | काठमाण्डू | १ सीट |
| ललितपुर | १ सीट | | | सिन्धुपाल्चोक | १० सीट |
| मकवानपुर | २ सीट | चितवन | १ सीट | जम्मा: | ३१ सीट |
| **पश्चिमाञ्चल :** | | | | | |
| गोर्खा | ४ सीट | लमजुङ | २ सीट | कास्की | १ सीट |
| स्याङ्जा | १ सीट | पाल्पा | ३ सीट | अर्घाखाँची | ४८ सीट |
| नवलपरासी | ४८ सीट | कपिलवस्तु | ९ सीट | वाग्लुङ | १७६ सीट |
| पर्वत | २५ सीट | जम्मा : | ३१८ सीट | | |
| **मध्य पश्चिमाञ्चल :** | | | | | |
| प्यूठान : | २४० सीट | बर्दिया | ३ सीट | कालिकोट : | १५ सीट |
| सुर्खेत | ३ सीट | जम्मा : | २६१ सीट | | |
| **सुदूर पश्चिमाञ्चल :** | | | | | |
| कैलाली | १ सीट | कंचनपुर : | ५ सीट | जम्मा : | ६ सीट |

**कूल जम्मा :६१८ सीट**

स्रोत : ने. क. पा. (मसाल) केन्द्रीय कार्यालय

□ यस पार्टीका परिणामहरू अझै प्राप्त हुँदैछन्



वामपन्थी नेता पद्मरत्न तुलाधरसंग विशेष कुराकानी

# एमाले वा संजमोले गैर-वामपन्थीसंग समेत संयुक्त-मोर्चा गर्न जरुरी हुन्छ

**सरकारी संचार-माध्यमको एकलौटी दुरूपयोग र अन्य चुनावी धाँधलीका हत्थकण्डाहरू रोक्न चुनावै बहिस्कार गर्नु पर्छ कि? वा शसक्त आन्दोलन नै अगाडि बढाउनु पर्छ? यस्तो हुन नदिन बाध्यात्मक पाइला के चाल्ने हो? यसतिर वामपन्थीहरूको ध्यान जानुपर्छ।**

***हालै संपन्न स्थानीय निकायहरूको चुनावमा कांग्रेसले सोचिएभन्दा निकै बढी सिट ल्याएर वामपन्थीहरूलाई पछि पारेको छ। यस्तो स्थिति आउनुको कारण केलाई ठान्नु भएको छ?***

यसको प्रमुख कारण त मलाई अझ पनि लागिरहेछ - वाम-विभाजन नै हो। काठमाडौं लगायत मुख्य नगर र कतिपय गाउँमा पनि वाम-तालमेल हुन सकेन। यसले ती ती ठाउँमा त सोझै भोट विभाजित भयो। यस बाहेक अन्यत्र ठाउँमा पनि यो विभाजनले असर गऱ्यो। वामपन्थीहरूको पक्षमा लहर आउन सकेन, जनता र कार्यकर्ता उत्साहित हुन सकेनन्। "एकता" हुँदा उत्साह र लहरले जतातततैलाई सकारात्मक प्रभाव पार्दथ्यो, त्यो हुन सकेन।

यस बाहेक कांग्रेसको गैर-प्रजातान्त्रिक आचरण र बलजफत पनि यसको अर्को कारण हो। "प्रजातन्त्र" को नारा दिएर, स्वतन्त्र र निस्पक्ष चुनाव हुनुपर्छ भनी मुखले चाहिं भन्ने तर कामले धाँधली र पक्षपातपूर्ण व्यवहार गर्ने, सरकारी संचार माध्यम र सरकारी साधनहरूको एकलौटी प्रयोग यसको प्रत्यक्ष उदारहण हो। चुनावकै समयमा पनि विभिन्न प्रकारले जालसाँझी र बल प्रयोग भए। वामपन्थीहरूले यसको जोडदार रूपले प्रतिकार गर्नु पर्थ्यो, त्यो गर्न सकेनन्।

***वामपन्थीहरू मिलेकै ठाउँमा पनि कांग्रेसले सोचेभन्दा बढी विजय कसरी हासिल गऱ्यो?***

मैले माथि पनि भनें, वाम-एकता मुख्य मुख्य ठाउँमा नहुने देखिएपछि वा नभएको देखिएपछि जताततै त्यसले नराम्रो प्रभाव पाऱ्यो। सामान्य शुभेच्छुकहरू कति त निराश पनि भए। चुनावी लहर चलेन। एकता नहुँदा आएको अलग अलग भोटभन्दा धेरै बढी भोट मिलेको खण्डमा आउँछ।

"एकता" भएको चितवन जस्तो ठाउँमा पनि अन्यत्रको विभाजनले असर पाऱ्यो। यसबाहेक, प्रभावशाली व्यक्तित्ववाला उम्मेदवार छनौट गर्ने काममा पनि कमजोरी भएको कुरा कतिपय ठाउँमा सुनिएका छन्।

कतिपय ठाउँको अनुभव के छ भने, तालमेलको क्रममा मुख्य पद पाउने पार्टीले मात्र चुनावी प्रचारमा ज्यादा लाग्नु पर्ने, अरू पार्टीहरू निस्क्रिय रहने स्थिति पनि देखिएको छ।

कांग्रेसी धाँधली र गुण्डागर्दीको शसक्त प्रतिकारमा जानु पर्दथ्यो। भन्नलाई कम्युनिष्टहरू उग्र हुन्छन्, तोडफोड गर्छन भन्ने प्रचार गरिएको छ तर गत चुनावमा यसको ठीक उल्टो भयो। सरकारी साधनको दुरूपयोग र हूलदङ्गा कांग्रेसले गऱ्यो, वामपन्थीहरू सिधासादा भएर बसिरहे। कडा प्रतिरोधका लागि पार्टीहरूले निर्देशन पनि दिएनन्।

कम्युनिष्ट नेताहरू बुर्जुवा चुनावमा यस्ता गलत तरीकाहरू अप्नाइन्छन् भनेर मान्दछन्, जान्दछन्। यदि यसो हो भने यो बुर्जुवा टेक्निकको शसक्त प्रतिकार गर्न तयार हुने कि नहुने? यो बुर्जुवा चुनावी मोर्चाका हत्कण्डाहरू बारे एमाले वा संजमो वा अन्य वामपार्टीहरू अनभिज्ञ छैनन्। कम्युनिष्टहरू इमान्दार हुन्छन् भन्दै कार्यकर्ताहरूलाई "सहन" मात्र सिकाउने? चुनावी क्षेत्र-विभाजन, मतदाता-नामावली निर्माण आदिमै कांग्रेसले प्रसस्त धाँधली गऱ्यो, तर कम्युनिष्ट पार्टीहरू त्यसको विरूद्ध लाग्नै सकेनन्। उनीहरूको विश्वास के थियो भने जनता हाम्रो पक्षमा छ। सिधासादा रूपमा जनताप्रतिको विश्वासमा मात्र उनीहरू अडे। कुनै टेक्निक, जन-परिचालन, तालिम आदिको कार्यक्रम उनीहरूले गरेनन्। तालमेल भएका ठाउँमा पनि हार हुनुका कारणहरू यी पनि रहे।

***यस्ता साधारण लाग्ने विषयहरूमा पनि "अनेकता" का दृश्यहरू देखापर्नुको मूल कारण के होला?***

मार्कसवादी हुँ भन्ने पार्टी वा नेताहरूले साँच्चै मार्क्सवादी शैली अप्नाउन नसक्नु नै यसको मूल कारण हो। जनताको पक्षमा ठूला ठूला आन्दोलनहरू वा क्रान्तिकै अगुवाई गर्नु पर्नेहरू कुन कुरा गर्नु मार्कसवादी सम्मत हुन्छ र कुन हुँदैन भन्ने मा अत्यन्त स्पष्ट बन्नु पर्दछ। तर यसो भइरहेको छैन। एकता नहोस् भन्नेमा देशका प्रतिकृयावादीहरू र अन्तर्राष्ट्रिय रूपमै साम्राज्यवादीहरू लागिरहेका छन्। यस्तो स्थितिमा वामपन्थीहरू अत्यन्त चनाखो हुनु जरूरी छ। कतिपय पत्र-पत्रिकाहरूले पनि "एकता" बारे नकारात्मक भूमिका खेलिरहेका छन्। मतभेद बढाउने कुरामा मात्र पत्रिकाहरूलाई प्रयोग गर्ने काम वामपन्थीहरूले गर्नु हुँदैन। राजनीति मुद्दाहरूमा मात्र हैन, पार्टीहरूका जन-संगठन र मोर्चाहरूमा पनि एकता बढाउन सचेष्ट हुनु जरूरी छ।

कुराले "विश्वभरिका मजदूरहरू एक हौं" भन्ने तर काममा आफ्नै देशका मजदूरहरू पनि "साझा बुँदा" मा पनि एक नहुनुले मार्क्सवादका सामान्य विद्यार्थी र समर्थकहरू पनि आश्चर्यमा डुबिरहेका छन्। उनीहरू दुःखी छन् र कतिपय त निराश पनि छन्। क्षणिक आवेग र प्रतिस्पर्धाको हिसावले हैन मार्क्सवादी ढंगले सोचेर नेतादेखि कार्यकर्ताहरूसम्मले काम गरिदिएमा कार्यगत क्षेत्रका यस्ता अनेकताहरू हट्ने छन्।

***चुनावमा "वाम-एकता" नहुँदा यत्रो ठूलो घाटा लागेको देख्दा देख्दै पनि यसबाट उल्टो पाठ सिकेर "अब एकता वा तालमेल जरूरी छैन" भन्ने निश्कर्ष निकाल्ने व्यक्तिहरू पनि हालसालै वामपन्थीहरूबीच देखा परेका छन्। यसबारे तपाईं के सोच्नु हुन्छ?***

चुनावमा गइरहेका शक्तिहरूमा एकथरि एमालेको सोचसंग नजीकहरू यो चुनावबाटै सत्ता प्राप्त गर्नेतर्फ प्रयत्न गर्न चाहने छन्, भने अर्काथरि संजमोको सोचसंग नजीकहरू यो चुनावबाट सत्ता कब्जा गर्ने नभई भण्डाफोर मात्र गर्न चाहनेहरू छन्। यो स्थितिमा विचारमा यत्ति ठूलो अन्तर भएका शक्तिहरूबीच "एकता" वा "तालमेल" हुन कठीन होला। तर यसकारण एकता जरूरी छैन भन्ने मनाइ बिल्कूलै बेठीक छ। म यस मनाइसंग पटक्कै सहमत छैन। किनभने, साझा शत्रुसंग जुध्नु पर्छ भन्ने

कुरा त मार्क्सवाद सम्मत कुरा नै हो नि। साझा शत्रुसंग जुध्नको लागि वामपन्थीहरूसंग मात्र हैन, गैर-वामपन्थीहरूसंग समेत संयुक्त-मोर्चा गर्न जरूरी हुन्छ र गर्न सकिन्छ। एमाले वा संजमोले आपसमा मात्र हैन, समाजवाद नै नमान्ने अरू कुनै जनतान्त्रिक शक्ति छ भने, त्योसंग पनि समझदारी वा तालमेल मात्र हैन, संयुक्त-मोर्चा नै बनाएर जान पनि सक्छन्। यो मार्क्सवादसम्मत कुरा नै हो।

वास्तवमा "तालमेल" को कारण हामीले धेरै चुनाव हारेका छौं। जहाँ "तालमेल" भएको छ, त्यहाँ पनि अन्तिम समयमा भएको छ। नाम फिर्ता लिने दिन भन्दा पछि पनि तालमेल भएको छ। यसले गर्दा यसले जुन सकारात्मक असर छोड्नु पर्ने हो, त्यसको एक अंश मात्र असर पार्न भ्याउने हुनाले घाटा भएको छ।

आगामी चुनावहरूमा "तालमेल" हुनै पर्छ। सानो, ठूलो पार्टी भनेर छोडिनु हुन्न। एक दुई भोटले पनि चुनावमा हारजित हुन्छ। तर तालमेल समयमै हुनुपर्छ। ढीलो भएमा फेरि पनि घाटा पर्न जानेछ नै।

***विगत संसदीय चुनावबाट "चुनावी एकता" बारे नेताहरूले जत्ति सिक्नु पर्थ्यो, त्यत्ति नसिकेको देखिएको छ। यी स्थितिमा अब यो चुनावबाट उनीहरूले "एकता" को पक्षमा पाठ सिक्लान् भन्नेमा तपाईं कति आशावादी हुनुहुन्छ?***

एक मात्र कुराले यो निर्धारण गर्दैन। एक चुनाव र अर्को चुनावको बीचमा राजनीतिमा केही उतार-चढाव त आएकै हुन्छ। यस्तोमा हरेक पार्टीले आफ्नो र अरूको बारेमा तथ्यपूर्ण मूल्यांकन गर्न सक्नु पर्दछ।

यसपल्टको तालमेल कतै भएको, कतै नभएको देखिएको छ। त्यसैले कुनै पनि पार्टीको "नीति" तालमेल नगर्ने भन्ने छैन। तैपनि अब "एमालेले काठमाडौं र पाटनमै पनि यत्ति धेरै मत ल्यायो, त्यसैले अर्को चुनावमा ऊ एक्लैले जित्नतिर किन नलाग्ने?" भन्ने विचार वा "सधैं संजमो पछाडि किन पर्ने? त्यसैले हामी पनि एक्लै जाने" भन्ने विचारहरू आएका देखिएका छन्।

कोही पनि एक्लैले चुनाव जित्न सक्छ भने हामी उसलाई त्यसरी जित्न पाउँदैनौं भन्न सक्दैनौं। तर वास्तविकता त्यस्तो छैन। त्यस-कारण वामपन्थी नेताहरूले यसबारे गम्भीरतापूर्वक सोचिदिनुपर्छ।

यदि चुनावी राजनीतिलाई पनि उपयोग गर्दै वाम-राजनीतिलाई अगाडि बढाउने हो भने चुनाव संवन्धी स्पष्ट नीति बनाउनै पर्छ। एक समय चुनावी तालमेल भएन भनेर चिन्तित हुने, अर्को समय तालमेल हुनै पर्दैन भन्ने, यस्तो हुनु भएन। बुर्जुवा चुनाव जितेर पनि केही गर्ने हो भने यस्तो अस्पष्टता हुनु भएन। कि त हाम्रो चुनावी राजनीति नै छैन भन्नु पर्‍यो, हैन भने त, स्पष्ट र व्याव-हारिक नीति बन्नु पर्‍यो। भ्रम (Confusion) रहनु भएन।

**नेता र कार्यकर्तामा कम्युनिष्ट चरित्र हराउँदै गएको हो कि भन्नेमा चिन्ता गर्न पनि धेरैले छोडिसकेको देखेको छु।**

***कांग्रेस अत्यन्त उदण्ड किसिमले स्थानीय स्तरमा उत्रेको र वाम एकता नभएको कारणले कतिपय मानिस निराश पनि भएका छन्, अन्यौलमा पनि छन्। यसबारे तपाईंको विचार?***

अन्यौल होला, यस्तो किन भयो भनेर। तर निराश हुनु पर्ने स्थिति छैन। किनभने यो चुनावमा प्रायः काठमाडौं-पाटन जस्ता ठाउँमा सोझै भोट जम्मा गर्ने हो भने पनि हामीले जितेका छौं। काठमाडौंको मेयर पदमा भने गणेशमान प्रतिको सहानुभूति आदिले पनि काम गरेको छ। संसदीय चुनावमा पनि प्रायः नगरहरूमा कांग्रेसकै भोट बढी थियो। गाउँ समेत मिसिएकोले हामीले जितेका थियौं। त्यसैले समग्रमा हाम्रो स्थिति कमजोर भएको छैन। कार्यकर्ताहरूले निराश हुनु पर्ने स्थिति छैन। हाम्रो आफ्नै कारणले नहार्नु पर्ने नगरमा पनि हामी हार्‍यौं, यो अलग कुरा हो। यसलाई भविष्यमा यस्तो हुन नदिन हामी सचेत हुनुपर्दछ।

***खासमा, वामपन्थीहरूले चुनावमा गएर वा स्थानीय निकायमा गएर के गर्ने?***

जनताका तात्कालीन मागहरू उठाउनुको अतिरिक्त वामपन्थीहरूले अरूबाट नउठ्ने तर आफूले भने उठाउनै पर्ने कुराहरू उठाउनु भुल्नु हुँदैन। चुनाव र स्थानीय निकाय मार्फत् जन चेतना जगाउँदै उनीहरूले स्थानीय निकायको "स्वायत्तता" को पक्षमा सरकारसंग लड्नु जरूरी छ। कांग्रेसी-करण यो "स्वायत्तता" को विरुद्ध भइरहेछ। उत्पीडित वर्गको जाति, भाषा, धर्म संरक्षणका कुरा केन्द्रिय सरकारबाट भइरहेको छैन। स्थानीय निकायहरूबाट यसतर्फ शुरूवात गर्न सकिन्छ। प्राप्त स्रोत र साधनको विकास कार्यमा सदुपयोग गराउने कामका अतिरिक्त राष्ट्रियता र राहतका पक्षमा केन्द्रलाई दवाव दिन आवश्यक "अडान" हरू लिन जरूरी हुन्छ। उदार अर्थ नीतिको नाममा विदेशी र दलाल पूँजीप्रतिको स्वार्थ रक्षा गर्न कांग्रेसी सरकार लागेको हालको समयमा राष्ट्रिय पूँजीपतिहरूको संरक्षणको लागि पनि स्थानीय निकायहरूमार्फत दवाव सृजना गर्नु जरूरी हुन्छ।

***हालको स्थानीय निकायको चुनावमा विभिन्न वामपन्थी पार्टीहरूले धेरै संख्यामा आफ्ना साधारण समर्थकसम्मलाई पनि उम्मेदवारको रूपमा उठाएका छन्। उनीहरू राजनीतिक रूपले सचेष्ट छैनन्। यसबाट आउन सक्ने समस्याबारे यहाँको विचार के छ?***

वास्तवमा राजनीतिक रूपले नखारिएका व्यक्तिहरू स्थानीय निकायमा जानुको कारण पार्टीहरूको छवि गिर्ने वा बदनामी कमाउने स्थिति पनि आउन सक्छ। यो ठूलै संकट हो। त्यस्ता व्यक्तिहरूलाई कडा मार्कसवादी अनुशासनमा राख्नु पर्दछ। नत्र हामीले चुनाव जित्न त सकौंला तर थाम्न सक्ने छैनौं।

***जनताको काममा इमान्दारीपूर्वक लाग्नु पर्ने हुन्छ। तर चुनावमा जित्नेहरू सबैले "भत्ता" आदि पाउँदैनन। यस्तो स्थितिमा स्थानीय निकायमा पुगेका वामपन्थी कार्यकर्ताहरूलाई आर्थिक रूपले "भ्रष्ट" हुनबाट जोगाउन उनीहरूलाई आर्थिक टेवा कसरी दिने?***

यो महत्वपूर्ण पक्ष हो। जन-प्रतिनिधि बनेर गएपछि आफ्नो रोजगारी कसरी चलाउने भन्ने प्रश्न त सबैलाई उठिहाल्छ। काममा इमान्दारी कायम गर्न आफ्नो जीवन निर्वाहको समस्या सुल्झिनु जरूरी हुन्छ नै। यसका लागि पार्टी र सहयोगीहरूले यस्ता व्यक्तिहरूलाई यसतर्फ मद्दत गर्नु पर्ने कुरा त छँदैछ तर यो साध्य हुने कुरा हैन। पार्टी वा सहयोगीहरूले देशभरि हज्जारौं कार्यकर्तालाई पाल्न सक्दैनन्। त्यसैले "व्यक्ति" आफैले मूल रूपमा यसबारे सोच्नु पर्छ। जितेर गएपछि "काम गर्नु हुन्न" "पेशा अप्नाउनु हुन्न" भन्ने बुर्जुवा-ढोंग त्यागेर आफ्नो पेशा पनि गर्ने र जनताको काम पनि गर्ने बाटो निकाल्नु पर्दछ। कुनै न कुनै काम वा व्यवसाय गर्नु पर्छ नै। म आफैं पनि आफू प्रेस चलाएर बस्छु, मेरो पेशा छ। यसलाई पनि धान्दै राजनीतिक काम गर्नु पर्छ भन्ने मान्यता मेरो छ। पेशा अप्नाइ रहेकाहरूले पेशा चालू गरेर र बाँकीले उपयुक्त काम खोजेर नै मूल रूपमा यो समस्या समाधान हुन्छ।

***यो चुनावबाट पाठ सिक्दै अब वामपन्थीहरूको मुख्य ध्यान के मा जानु पर्दछ?***

मुख्य कुरो चुनावमा भएका तथ्यकुराहरू जनतासामु पुर्‍याउनु पर्‍यो। वामपन्थीहरू हार्नु र कांग्रेसले जित्नुका कारण एवं धाँधलीका प्रमाणहरू लिएर जनतासामु गई हामीले तथ्य राखिदिनु पर्दछ।

सरकारी संचार-माध्यमको एकलौटी दुरूपयोग र अन्य चुनावी धाँधलीका हत्यकाण्डाहरूको भण्डाफोर मात्रैले चाहिं पुग्दैन। आगामी दिनहरूमा यस्तो हुन नदिन वाध्यात्मक पाइला के चाल्ने हो? यसतिर वामपन्थीहरूको ध्यान जानुपर्छ। यस्ता गलत कुराहरू रोक्न चुनावै बहिस्कार गर्नु पर्छ कि? वा शसक्त आन्दोलन नै अगाडि बढाउनु पर्छ कि? - यसबारे पनि तयारी गर्नै र जनतालाई सुसुचित गर्दै जन-समर्थन जुटाउनु जरूरी छ।

***हालको चुनावको कारणले अघोषित रूपमा स्थगित भएको संघर्षको कार्यक्रम पुनः संचालन***

(बाँकी ४८ पृष्ठमा)

## शुभ-कामना!

नयाँ २०४९ को सुखद उपलक्ष्यमा समस्त देशवासीमा हार्दिक मंगल-कामना गर्दछौं।

गोविन्द हरि धौभडेल

(सभापति) तथा

रेडक्रस परिवार

नेपाल रेडक्रस सोसाइटी, जिल्ला शाखा, सिराहा

## नयाँ २०४९ को

सुखद उपलक्ष्यमा समस्त देशवासीमा हार्दिक मंगल-कामना गर्दछौं।

नेपाल बार एशोसिएसन

इकाइ संघ

सिराहा

## नयाँ २०४९ को सुखद उपलक्ष्यमा समस्त देशवासीमा हार्दिक मंगलमय शुभ-कामना व्यक्त गर्दछौं।

पुष्पा मेडिको इन्टरप्राइजेज तथा

बि. फर्मा इन्टरप्राइजेज

गोलबजार, सिराहा

## शुभ-कामना!

नयाँ २०४९ को सुखद उपलक्ष्यमा

समस्त देशवासीमा

हार्दिक मंगल-कामना गर्दछौं!

नेपाल जन-कल्याण लिपिकार संघ

सिराहा

## नेपालमा बनेको

## अन्तर्राष्ट्रिय स्तरको

### फोम र रबर फोमको तकिया, चकटी, डसना

### प्रयोग गर्नुहोस् र आनन्द लिनुहोस्।

सिटी अफिस

पुतली सडक, काठमाडौं

फोन : २२७३८५

फ्याक्स : २२५२४९

टेलेक्स : २७७९चिराग "एन् पी."

कारखाना

चिराग फोम ई. प्रा. लि.

श्री राम रबर इ.

बा.औं. क्षेत्र, बालाजु

फोन : २७१९०६, २७२३८४, २७०००८

# यस पटकको जन-आन्दोलनले के देखाएको छ?



महँगी, कांग्रेसी मनपरितन्त्र र राष्ट्रघाती संझौताहरूको विरूद्धमा पहिले शुरूमा १४ सूत्रीय र चैत्र २४ पछि १९ सूत्रीय माग राखेर ने.क.पा. (एकता केन्द्र) ले शुरू गरेको संघर्षको कार्यक्रम, औपचारिक रूपमा घोषणा नभए पनि, बैशाख २१ को नेपाल बन्दसँगै सकिएको छ। बैशाख २१ को नेपाल बन्दमा फेरि पनि देखिएको व्यापक जन सहभागिता र जनसमर्थनले पुष्टि गरेको छ-नेपाली जनता अहिले भोगिरहेको जीवनस्थितिबाट अत्यन्त आजित र असंतुष्ट छन्। उनीहरू यस स्थितिको अन्त चाहन्छन् र यसका निम्ति सशक्त आन्दोलन र सक्षम नेतृत्व चाहन्छन्। व्यापक जनसमर्थन प्राप्त गरेर पनि बैशाख २१ गतेपछि आन्दोलनको निरन्तरता जसरी टुटेको छ, आन्दोलनमा जुन गतिरोध उत्पन्न भएको छ त्यसले के देखाएको छ भने त्यस्तो सशक्त, उपलब्धीउन्मुख र जिम्मेवारपूर्ण आन्दोलन संचालनका लागि नेपालमा फेरि पनि नेतृत्वकै समस्या विद्यमान छ।

बैशाख २१ गतेको बन्दमा आयोजकहरूले देखाएको संयमपूर्ण सतर्कता प्रशंसनीय थियो। त्यो दिन आयोजकहरूबाट देशभरी हिंसात्मक परिस्थिति खडा गरिनेछ भनेर संपूर्ण पूँजीवादी संचार माध्यमहरूले जसरी होहल्ला गरेका थिए, वास्तविकता भने त्यसको ठीक उल्टो निक्लियो। आयोजकहरू निकै संयमित र अनुशासित देखिए। तर गिरीजा सरकारले तिनीहरूमाथि पनि राज्यशक्ति प्रयोग गर्‍यो। नेपाली कांग्रेसका सन्त अध्यक्ष कृष्णप्रसाद भट्टराईको सिर्जनशील मस्तिष्कले पंचायतकालीन मण्डले गुण्डा र भिजीलान्तेहरूको निम्ति एउटा सुन्दर नाम सुझायो - शान्ति सेना। र त्यो तथाकथित शान्तिसेना पनि शान्त आन्दोलनकारीहरूको विरूद्ध प्रयोग गरियो। बिराटनगर, पोखरा र नेपालगंजमा तिनले गरेको गुण्डागर्दीले आन्दोलनकारीको हात भाँचियो, आन्दोलनकारीहरू सख्त घाइते हुने गरी पिटिए। हिंसा यसरी आयोजकले होइन, नेपाली कांग्रेसले गर्‍यो - शान्त, अहिंसक र निहत्था आन्दोलनकारीहरू माथि।

अन्यायको विरूद्धमा आफ्नो प्रजातान्त्रिक हक प्रयोग गर्दै सडकमा उत्रेका शान्त, हतियार विहीन जनतामाथि सत्तासीन नेपाली कांग्रेसले जुन राज्यशक्ति र संगठित गुण्डागर्दी प्रयोग गर्‍यो, जङ्‌चाहा भए वापत पत्रेकालाई खुकुरी समात्न लगाएर "म आन्दोलनकारी आयोजक हुँ" भनेर भन्न लगाएर जसरी नग्न झूठहरू बोल्यो, त्यसले देखाएको छ - नेपाली कांग्रेसको नैतिकता न त समाजवादी छ, न त्यसको संस्कृति प्रजातान्त्रिक। ऊ सत्तासीन हुँदा त्यस्तै नैतिकता र संस्कृति प्रदर्शित गर्दछ जस्तो पंचायतकालीन निरंकुश राजतन्त्रले गर्दथ्यो। यो घटनाले कुन तथ्य पनि उदांगो पारेको छ भने निरंकुश राजतन्त्रले प्रयोग गर्ने राज्ययन्त्र र दमनविधि तथा प्रतिक्रियावादी पूँजीवादीवर्गले प्रयोग गर्ने राज्ययन्त्र र दमनविधि बीचमा कुनै आधारभूत अन्तरविरोध छैन। पछिल्लोले सजिलै र जस्ताका तस्तै अघिल्लोले प्रयोग गर्ने राज्ययन्त्र र दमनविधिलाई अप्नाउन र प्रयोग गर्न संभव छ। नेपाली कांग्रेसले त्यही गरेर देखायो।

यी घटनाहरूले भावी अन्याय-विरोधी आन्दोलनका संबन्धमा आन्दोलनकारी जनता सामुन्ने केही गंभीर प्रश्नहरू पनि उठाएका छन् - संविधान बमोजिम बिना हात हतियार न्यायपूर्ण माग लिएर सडकमा निक्लेका जनतामाथि यदि राज्य सशस्त्र राज्यशक्ति प्रयोग गर्छ भने जनतासित पनि न्याय प्राप्त गरी छाड्न सशस्त्र हुनु सिवाय के उपाय बाँकी रहन्छ? यदि न्यायको माग गर्ने निहत्था जनतामाथि हिंसात्मक दमनको उपाय राज्य अप्नाउँछ भने जनताहरू मात्र कसरी शान्त र अहिंसक हुन सक्छन्? प्रतिहिंसाको तयारी नगरी उनीहरू कसरी न्याय प्राप्त गर्न सक्छन्?

**संविधान बमोजिम बिना हात हतियार न्यायपूर्ण माग लिएर सडकमा निक्लेका जनतामाथि यदि राज्य सशस्त्र राज्यशक्ति प्रयोग गर्छ भने जनतासित पनि न्याय प्राप्त गरी छाड्न सशस्त्र हुनु सिवाय के उपाय बाँकी रहन्छ?**

## प्रगतिशील बौद्धिक समुदायको सजगता

चैत्र २४ को राज्य हिंसा पछि त्यसको प्रतिकार गर्न नेपालका प्रगतिशील बौद्धिक समुदायले प्रशसंनीय सजगता देखाए। उनीहरूले सर्वप्रथम गिरिजा सरकारको विरूद्ध संपूर्ण वामपन्थी शक्तिलाई एकजूट पार्न दवावशक्तिको रूपमा भूमिका निभाए। र हत्याको विरूद्ध जनमत तयार गर्न गोष्ठी र सडक कार्यक्रममा पनि उनीहरू ओर्लिए।

नेपाल बुद्धिजीवि परिषदको पहलमा प्रलेस, प्रगतिशील प्राध्यापक समूह, सामाजिक उत्तरदायित्वको निम्ति चिकित्सकहरू नेपाल, नेराशिसं, प्रगतिशील पत्रकारहरू, अधिवक्ताहरू, इंजीनीयरहरू, ओभरसियरहरू र निजामती कर्मचारी संगठनको संयुक्त प्रयत्नमा बैशाख ३ गते प्रधानमंत्रीको राजीनामा र दोषीको छानबीनको माग गर्दै प्रधानमंत्री कार्यालयमा बुझाइएको स्मृतिपत्र एउटा उल्लेखनीय संयुक्त कार्यक्रम थियो। उनीहरूले बैशाख ७ गते सरकारी हिंसाको विरूद्ध जनमत तयार गर्न विचार गोष्ठीको पनि आयोजना गरे। प्रलेसले बैशाख ११ गतेदेखि उपत्यकाका विभिन्न ठाउँमा सांस्कृतिक सभा गरेर जन सजगता बढाउने कार्य गर्‍यो र १३ गते ज.सां. मंचले पनि। प्रगतिशील पत्रकारहरूले बैशाख ११ देखि एक हप्तासम्म आ-आफ्नो पालो परेको दिन सरकारी हिंसाको विरूद्ध एउटै भाषामा विशेष ऐक्यवद्धता सम्पादकीय जारी गरे।

वामपन्थी पार्टीहरूले भने बौद्धिकहरूको माग बमोजिम आफूलाई एकजूट पार्न कुनै गंभीर पहल गरेनन्। तथापि प्रगतिशील बौद्धिकहरूको यो सजगताले नेपालका प्रगतिशील बौद्धिकहरू न्याय र प्रजातान्त्रिक मूल्यहरूको निम्ति निकै सचेत छन् भन्ने देखाएको छ।



## दरबारको दाउपेच

चैत्र २४ को घटना क्रममा र त्यसपछि दरबारको मूल कार्यनीति देशमा अराजकता र अन्यौल सिर्जना गर्नु, वामपन्थी शक्तिहरूमा पनि एउटाका विरूद्ध अर्कोलाई उल्क्याउनु, र नेपाली कांग्रेस विरूद्ध पनि जनमत तयार गर्नु रह्यो। दरबार समर्थक पत्र पत्रिकाहरू र राजनीतिक शक्तिहरूले यिनै भूमिका खेलेको देखियो। जग जाहेर छ, नेपालमा सैन्य र प्रहरीशक्ति अझै पनि दरबारकै प्रभावमा छ। चैत्र २४ को घटनाक्रम हेर्दा यस्तो प्रतीत हुन्छ, त्यो दिनको अराजकता, आगजनी र गोली काण्डमा गिरिजा सरकारको लापर्वाही र राज्ययन्त्रमा अनियन्त्रण त मूल रूपमा जिम्मेवार छ, छ। दर्बार निर्देशित पुनरूत्थानवादी तत्वहरूले पनि यस घटना क्रममा नियतपूर्वक अहं भूमिका खेलेका छन्। प्रहरीको गोलीबाट गुप्तचरको डि.एस.पी. मारिनु, सेनाको मेजर र उसको परिवारले समेत प्रहरीको गोली खानु यसका सबूदहरू हुन्।

## नेपाली कांग्रेसको कार्यनीति

चैत्र २४ को नर संहारपछि नेपाली कांग्रेस चारैतिरबाट निन्दित भयो। ऊ झण्डै झण्डै सबैतिर बाट एक्लियो। यो विषम एक्लोपनलाई तोड्न उसको मूल कार्यनीतिक प्रयत्न रह्यो - वामपन्थी शक्तिमा फाटो ल्याउनु र नर संहारको मामलालाई हर तरहले पृष्ठभूमिमा धकेल्नु। यस निम्ति उसले स्थानीय निकायको चुनावलाई ब्रम्हाशत्रको रूपमा फ्याँक्यो जबकि यस अघि ऊ यो चुनाव सकेसम्म पछि सार्नमा प्रयत्नरत थियो र अलोकप्रियता चुलीमा पुगेको बेलामा चुनाव गर्न उसको निम्ति खतराजनक मामला थियो। वामपन्थी शक्तिमा फाटो ल्याउन उसले सबैभन्दा शक्तिशाली वाम शक्ति ने.क.पा. (एमाले) लाई पक्षमा तान्ने र संघर्षको विरूद्धमा खडा गर्ने र एकताकेन्द्रलाई चारैतिरबाट एक्ल्याउने कार्यनीति अप्नायो। ससाना वामपन्थी शक्तिलाई पनि टेलीभीजन, रेडियो र पत्र पत्रिकामा मूल आन्दोलनकारी शक्ति विरूद्धमा पेश गर्न समेत ऊ प्रयत्नरत रह्यो। नेपाली कांग्रेसको नेतृत्व यो कार्यनीतिमा धेरै हदसम्म सफल रह्यो। बैशाख २१ गतेसम्म पुग्दा नेपाली कांग्रेसको नेतृत्व सबैभन्दा शक्तिशाली वामपन्थी शक्तिको नेतृत्वलाई "नेपाल बन्द" को कार्यक्रमको विरूद्धमा उभ्याउन समर्थ भई सकेको थियो र त्यो पनि निकै सस्तो मूल्यमा।



## वामपन्थी शक्तिको अदूरदर्शिता

नेपाली कांग्रेसको सरकार चारैतिरबाट निन्दित भएको र एक्लिन सक्ने स्थिति भएको बेलामा वामपन्थी शक्तिको मूल कार्यनीति हुनुपर्दथ्यो - तुरून्तै एकजूट हुनु, जनहत्याको मामलालाई सबभन्दा अघि ल्याउनु, संयुक्त उद्देश्यमूलक आन्दोलन चलाउनु, नेपाली कांग्रेसले फ्याँकेको चुनावको कार्यनीतिलाई उसकै घाँटीमा गल्पासो हुने गरी प्रयोग गर्नु।

जनहत्या, महँगी, कांग्रेसी मनपरीतन्त्र र राष्ट्रघाती संझौता यस्ता विषय थिए जसमा पहिलेका पंचहरूलाई समेत आन्दोलनकारीको विरूद्धमा जान गाह्रो पर्दथ्यो। यी मामलामा उनीहरूलाई पनि आन्दोलनमा तान्न सकिन्थ्यो। कोशिस गरेमा नेपाली कांग्रेस भित्रकै इमान्दार संघर्षमुखी तप्कालाई यो सवालमा पक्षमा तान्न संभव थियो। यस्तो गर्न सकिएको स्थितिमा नेपाली कांग्रेस नराम्ररी एक्लिन्थ्यो, उसलाई जनहत्या वापत दण्डित गर्न सकिन्थ्यो र जनताको केही माग पूरा गर्न सकिन्थ्यो। र स्थानीय निकायको चुनावमा पनि ऊ नराम्ररी परास्त हुन्थ्यो। यसबाट उत्पीडित जनताको मनोबल बढ्थ्यो र प्रतिक्रियावादी शक्ति जम्मामा कमजोर हुन्थ्यो।

यो आवश्यकता बारे संपूर्ण प्रगतिशील बौद्धिक समुदायले र पार्टी भित्रकै संघर्षशील कार्यकर्ताहरूले बारंबार औंल्याउंदा औल्याउँदै पनि र जवर्दस्त दवाव दिंदा दिँदै पनि जिम्मेवार वामपन्थी शक्तिमा भने यो कार्यनीतिक कुशलता र दूरदर्शिता देखिएन। उनीहरूका क्रियाकलापहरू के गर्दा जनताको दुश्मन परास्त हुन्छ र समाजलाई प्रगतिको दिशातिर लान सकिन्छ भन्ने दृष्टिकोणबाट निर्देशित भएको देखिएन। मुख्य रूपमा सत्ता स्वार्थ, द्वेष र अहंकारले नै उनीहरूका क्रियाकलापलाई निर्देशित गरिरहेको देखियो। फलस्वरूप कार्यनीतिका मामलामा, संपूर्ण जघन्य अपराधका बावजूद, उनीहरू नेपाली कांग्रेसबाट नराम्ररी परास्त भए। बैशाख २१ गतेसम्म पुग्दा मूलभूत वामपन्थी शक्तिहरू नेपाली कांग्रेसले चाहे जस्तै गरी एक आपसमा शत्रुतापूर्ण व्यवहार गर्दै मारामार गरिरहेका थिए। यसबाट नेपाली कांग्रेसको संकटग्रस्त बनिसकेको कुर्सी भने निकै राम्ररी सुरक्षित भई रहेको थियो।

आन्दोलनको शुरू आयोजक शक्तिले यस बीच वामपन्थी शक्तिहरू बीच एकता कायम गर्न पहल गऱ्यो, एकताको निम्ति पहिलेको संघर्ष समिति विघटन गरेर केही लच्किलोपन पनि देखायो। तर यो पहलसित अन्तरविरोधी व्यवहार पनि उसले साथसाथै देखायो। अरूको अहममा चोट लाग्ने गालीगलौजका भाषाहरूको प्रयोग, एक्लै जस लिने मानसिकताको अभिव्यक्ति, जांयज मागहरू राखेर शुरू गरिएको जन-आन्दोलनलाई "जुझारू अर्थवाद" भनेर आन्दोलन र कार्यक्रमको ध्यान अन्यत्रै मोड्ने र विभाजित गर्ने प्रयत्न, चुनावलाई बेपरिस्थितिमै बहिस्कार गर्ने सोचको अभिव्यक्ति - यस्ता अन्तर विरोधी व्यवहारहरू थिए। यी अन्तरविरोधी व्यवहारको परिणाम स्वरूप पहल गर्दा गर्दै पनि उसले संपूर्ण वामपन्थी शक्तिलाई गोलबन्द गर्न सफलता प्राप्त गर्न सकेन। बरू उल्टो आफै चारैतिरबाट एक्लियो।

सबैभन्दा ठूलो वामपन्थी शक्तिले, आफ्नै संघर्षशील कार्यकर्ता शक्ति र प्रगतिशील बौद्धिक समुदायको व्यापक दवावका वावजूद, यत्तिखेर नेपाली कांग्रेसको विरूद्धमा संयुक्त र सशक्त जन-आन्दोलनको जरूरत नै महसूस गरेन। उसले मुख्य जोड स्थानीय निकायको चुनावलाई दियो। संयुक्त रूपमा सशक्त जन आन्दोलन उठेमा चुनाव विथोलिन्छ भन्ने उसको भय रह्यो। त्यसैले उसको कार्यनीति रह्यो चुनाव नविथोलिने गरी एक्ला एक्लै संघर्षका यस्ता मनताता रूपहरू मात्र प्रयोग गर्ने जसले संघर्ष गरि रहेझैं त देखिन्छ, तर यो झन् झन् उन्नत, सशक्त र उपलव्धीपूर्ण भने बन्दैन।

**वामपन्थी शक्तिको सत्तास्वार्थ, अहंकेन्द्रित चिन्तन र अदूरदर्शिताका कारणले नेपाली कांग्रेसको सरकार एउटा ठूलो संकटबाट उम्कियो। सफल कार्यनीति यहाँ वामशक्तिले होइन, सत्ताशीन नेपाली कांग्रेसले अख्तियार गरेको देखियो।**

उसको कार्यनीतिक लक्ष्य आफ्नो संघर्षमा सामेलीको कारणले नेपाली कांग्रेसलाई चुनाव पछि सार्ने कुनै पनि निहुँ नमिलोस् भन्ने रह्यो। त्यसैले व्यापक जनमत र आफ्नो संघर्षशील कार्यकर्ता शक्ति जन आन्दोलनको पक्षमा रहेको थाहा हुँदा हुँदै, आफ्नो लोकप्रियतामा व्यापक नोक्सानी र नेपाली कांग्रेसलाई उसको नितान्त एक्लोपन र गंभीर संकट टार्न ठूलो मद्दत पुग्ने मूल्यमा पनि उसले बैशाख २१ को संघर्षमा आफ्नो बेसामेलीको घोषणा गऱ्यो। संघर्ष उठाउन आन्दोलनकारीसित संझौता गर्नुको

सट्टामा, चुनाव गराई छाड्न नेपाली कांग्रेससित ६ बुँदे संझौता गर्‍यो जुन कांग्रेसले कहिल्यै पालना गरेन।

अन्य वामपन्थी शक्तिहरू पनि नेपाली कांग्रेसलाई परास्त गर्न संयुक्त संघर्षतिर होइन, आफ्नो अस्तित्व सिद्ध गर्ने खालका कार्यक्रम गर्नमा मात्र व्यस्त रहे।

यसरी वामपन्थी शक्तिको सत्तास्वार्थ, अहंकेन्द्रित चिन्तन र अदूरदर्शिताका कारणले नेपाली कांग्रेसको सरकार एउटा ठूलो संकटबाट उम्कियो। सफल कार्यनीति भनेको हरेक समयमा त्यस समयको मूल दुश्मनलाई चारैतिरबाट एक्ल्याएर आक्रमण गर्न सक्नु हो किनकि यस्तो गर्दा नै ऊ पराजित हुने सबैभन्दा बेसी संभावना हुन्छ। तर सफल कार्यनीति यहाँ वामशक्तिले होइन, सत्ताशीन नेपाली कांग्रेसले अख्तियार गरेको देखियो।

सत्तास्वार्थ, अहंकेन्द्रित चिन्तन, जसको मानसिकता भनेको सारमा व्यक्तिगत संपत्तिको मानसिकता हो। यो, समाजको कसरी हित हुन्छ त्यसैमा आफ्नो पनि हित देख्ने समाजवादी मानसिकता होइन, यो आफूलाई कसरी सबभन्दा बेसी फाइदा हुन्छ भन्ने सवाललाई नै धुरी बनाएर सोच्ने पूँजीवादी मानसिकता हो। त्यसैले यो पूँजीवादी संस्कृतिको अभिव्यक्ति हो। यस पटकको जन आन्दोलनले देखाएको छ – नेपालको वामपन्थी आन्दोलनमा जरा जरामा यही पूँजीवादी मानसिकता र संस्कृति हावी छ। यही व्यक्तिगत संपत्तिको मानसिकता हावी छ। यो संस्कृति र मानसिकताबाट कसरी मुक्त हुने? कसरी यसको ठाउँमा समाजको प्रगति र हितलाई नै धुरी बनाएर सोच्ने, त्यसैमा नै आफ्नो हित सोच्ने समाजवादी मानसिकता वा संस्कृति विकास गर्ने? यो नेपालको वामपन्थी आन्दोलनको अहम् महत्वको समस्या भएको छ, जुन समाधान गर्न सकिएन भने नेपालको वामपन्थी आन्दोलन सारमा पूँजीवादी आन्दोलन भन्दा उन्नत र भिन्न हुन सक्ने छैन। यस पटक पूँजीवादी प्रतिक्रियावादी शक्तिलाई रातो हात पर्दाफास गर्ने र दण्डित गर्ने जुन अनुकूल अवसर पैदा भएको थियो, त्यो वामपन्थी शक्तिमा विद्यमान यही मानसिकता र संस्कृतिका कारणले खेर गएको थियो। यो मानसिकता र संस्कृतिबाट पार पाउन संघर्ष गरिएन भने भविष्यमा पनि वारंवार यस्तै हुनु अवश्यंभावी छ।

## संघर्षले सिकाएका पाठहरू

यसपटकको जन-आन्दोलन जनताको वास्तविक मागमा आधारित थियो। यही कारणले नै यसले व्यापक जन समर्थन प्राप्त गर्न सक्यो।

जन आन्दोलन जायज मागहरूमा आधारित भएर पनि आन्दोलनको सबैभन्दा ठूलो कमजोरी के थियो भने संघर्षका रूप र कार्यक्रममा उद्देश्यमूलक श्रृंखला वद्धता र निरन्तरता थिएन। संघर्षको एउटा कार्यक्रममा जन सहभागिता व्यापक हुन्छ र संघर्ष एउटा उचाइमा पुग्दछ। तर लगत्तै त्यो उचाइलाई र त्यो उचाइले पैदा गरेको आन्दोलनकारी उर्जालाई निरन्तरता दिने र अरू उचाइतिर लैजाने कुनै उन्नत कार्यक्रम प्रस्तुत हुँदैन। फलस्वरूप जन उत्साह फेरि ओरालो लाग्छ, उर्जा सेलाउँछ। चैत्र २४ र बैशाख २१ गतेको नेपाल बन्द – दुवै दिन जन उत्साह निकै उचाइमा थियो। तर लगत्तै कार्यक्रमको कुनै निरन्तर र उन्नत योजनाबद्ध श्रृंखला नहुँदा त्यो उत्साहले पैदा गरेको क्रान्तिकारी उर्जा खेर गयो। नेपाल बन्द त राम्ररी भयो। लक्ष्य प्राप्तिको निमित्त त्यसपछि के त? यो समस्या प्रत्येक पटक यथावत रही रह्यो। यस अर्थमा संघर्ष तदर्थवादी प्रवृत्ति र स्वस्फुर्तताबाट मुक्त भएन।

यो संघर्षले सिकाएको छ – जायज मागमा र ठीक समयमा कुनै संघर्ष उठाउनु मात्र संघर्षको सफलताको निम्ति मुख्य कुरो होइन, संघर्षलाई सबै संकटबाट जोगाएर लक्ष्य प्राप्ति सम्म पुर्‍याउनु नै संघर्षको सफलताको मुख्य कडी हो। कुनै पनि कार्यक्रम सफल कि असफल भन्ने कुराको नापो त्यसमा कति भव्य शक्ति प्रदर्शन भयो त्यो होइन, त्यो कार्यक्रमले शत्रुलाई कति कमजोर पार्‍यो र हामीलाई लक्ष्य प्राप्तिको कति नजिक पुर्‍यायो, त्यो नै सफलताको मूल नापो हो।

यो दृष्टिकोणबाट हेर्दा संघर्षको कार्यक्रममा व्यापक जन समर्थन र जन सहभागिताबाट नेपाली कांग्रेसको विरूद्ध जनमतको स्थिति त थाहा भएको छ, तर घोषित लक्ष्य ज्यूँका त्यूँ छ, ती पूरा भएका छैनन्। लक्ष्य जम्मामा त्यत्तिकै टाढा छ जति पहिले थियो। र दुश्मनको शक्ति अझ पनि सारा अपराधका वावजूद, मजबूतको मजबूत नै रहन सकेको छ। यो भविष्यमा अरू निरंकुश र उद्दण्ड हुने संभावना छ किनकि उसले यति जघन्य नरसंहारलाई पनि वामपन्थी शक्तिको कमजोरीका कारणले पचाउन सकेको छ। यही चुनावमा उसले राज्यशक्तिको व्यापक दुरूपयोग गर्ने काम सजिलै गर्‍यो। किनकि अघिल्लो दुरूपयोग उसले विना सशक्त प्रतिरोध पचाउन समर्थ भएको थियो।

संघर्ष जुन कारणले थालिएको थियो ती कारणहरू यथावत बाँकी छन्। त्यसैले, यस संघर्षमा जे जे त्रुटीहरू भए, कमजोरीहरू भए ती हटाउने नै हो भने, यो संघर्ष अर्को उन्नत संघर्षका निम्ति रिहर्सल पनि बन्न सक्दछ। यसमा प्राप्त असफलता अर्को सफल संघर्षको निम्ति पूर्वाधार पनि बन्न सक्दछ। गएको संघर्ष फगत असंतुष्टिको निमित्त थिएन भने आशा गर्न सकिन्छ, जिम्मेवार वामपन्थी शक्तिहरूले विगतका कमी कमजोरी हटाउन संघर्ष शुरू गर्दै आगामी वर्षायाम पछि फेरि जन आन्दोलन शुरू गर्न पहल गर्नेछन्। ❑

## "मूल्यांकन"को सूचना

- "मूल्यांकन" विचार-अन्तर्क्रियामुखी पत्रिका हुनाले संपादक मण्डलको सामूहिक प्रतिकृयादेखि बाहेक यसमा प्रकाशित सवै लेख-रचनाप्रति संवन्धित लेखकको व्यक्तिगत जिम्मेवारी हुनेछ। संपादक-मंडलको विचारउपर पनि विचार-अन्तर्क्रियालाई स्वागत गरिने छ।
- "मूल्यांकन" का लागि सल्लाह-सुझाव, प्रतिकृया एवं लेख-रचनाहरू पठाउनु हुन समस्त वौद्धिक व्यक्ति-व्यक्तित्वहरूसंग हामी हार्दिक अनुरोध गर्दछौं।
- हल्का र आधारहीन प्रचारबाजी हैन, तथ्यपूर्ण र जिम्मेवार विचार-आदान-प्रदान "मूल्यांकन" को अभिष्ट भएकोले रचनाहरूमा समाविष्ट तथ्यहरूका स्रोतहरू खुलाएर पठाई सहयोग गर्नु भएमा आभारी हुने थियौं।
- अस्वीकृत लेख रचनाहरू फिर्ता गर्न प्रायः संभव नहुने हुनाले प्रतिलिपि आफूसंग राख्न नभुल्नु होला। लेख-रचनाको सामान्य संपादनको अधिकार सपादक मण्डललाई रहने छ। तीन अंकसम्म प्रकाशित नभएको रचना अस्वीकृत भएको ठहरिने छ।
- बैचारिक बहस र छलफलमा शिष्टतापूर्ण भाषा प्रयोग होस् भनी लेखक, विचारकहरूसंग विशेष अनुरोध गर्दछौं।
- यस अंकदेखि हामीले आफ्नो आकार केही बढाएका छौं। यसबाट उत्पादन लागतमा केही बृद्धि भएतापनि प्रति अंकको साबिक मूल्य रू. १०।- नै कायम गरिएको छ।
- विक्री गर्नको लागि "मूल्यांकन" प्राप्त गर्न चाहने विक्रेताहरूले यसको ठेगानामा संपर्क गर्नु होला। कति प्रति आवश्यक हुने हो र कुन माध्यमबाट पठाउनु पर्ने हो, सो पनि खुलाएर प्रत्राचार गर्नु हुन अनुरोध छ।
- "मूल्यांकन" का गताकहरूको विक्री भुक्तानी केही स्थानबाट अझै प्राप्त हुन बाँकी भएकोले, तुरून्त पठाइदिनु हुन संवन्धित सबैलाई अनुरोध छ। अन्यथा, अर्को अंकदेखि पत्रिका पठाइने छैन।
- भूक्तानी तलको बैंक खातामा जम्मा हुने गरी पठाउनु हुन पनि अनुरोध छ।

**अन्तर्क्रिया प्रकाशन प्रा.लि.**
चल्ति खाता नं. १०१/३४४११
नेपाल बैंक लिमिटेड, काठमाडौं अफिस/धर्मपथ

- "मूल्यांकन" को यस अंकका केही चित्र र फोटोहरू उपलब्ध गराई सहयोग गर्नु हुने यूनिसेफ नेपाल, जिफन्ट, नातीकाजी महर्जन, मोहन खड्का, हिमाल, दृष्टि साप्ताहिक, छलफल साप्ताहिक र सानुराजा शाक्य (विश्वभूमि दैनिक) लाई धन्यवाद ज्ञापन गर्न चाहन्छौं। ❑

# उत्तर कोरिया अहिले के सोचिरहेछ, के गरिरहेछ?

किम ओन गिल
काउन्सेलर
उत्तर कोरियाली राजदूतावास, नेपाल।

पूर्वी यूरोप र सोभियतसंघमा आएको परिवर्तन पछि हाल उत्तर कोरिया के गरिरहेछ? यो जिज्ञासा व्यापक रूपमा विद्यमान रहेको कुरालाई ध्यानमा राखी प्रजातान्त्रिक जनगणतन्त्र कोरियाका काउन्सेलर किम ओन गिलसंग हाम्रा प्रतिनिधिले कुराकानी गरेका थिए। प्रस्तुत छ, उक्त कुराकानीको सारांशः



**साम्यवाद भनेको व्यक्तिगत स्वार्थमा आधारित भएर सोच्ने मानिसको समाज होइन। यस्तो मानिस निर्माण गर्नको निम्ति प्राविधिक क्रान्ति मात्र भएर पुग्दैन, विचारधारात्मक र सांस्कृतिक क्रान्तिको पनि आवश्यकता हुन्छ।**

## साम्यवाद कसरी हासिल गर्ने बारे

अहिले भूतपूर्व सोभियत संघ र पूर्वी यूरोपका देशहरूमा समाजवाद असफल भएको छ। यस्तो अवस्थामा, शत्रुहरूको जे जति आक्रमण भए पनि जतिसुकै वाधा र कठिनाइ आई लागे पनि त्यसलाई व्यहोर्दै हामी राष्ट्रपति किम इल सुंगको नेतृत्वमा हाम्रो मुलुकमा समाजवाद निर्माण गरी छाड्न कटिवद्ध छौं र साम्यवादसम्म पुगी छाड्ने छौं भन्ने कुरामा आशावादी छौं।

लेनिनले भन्नु भएथ्यो **सोभियत सत्ता+ विजुलीकरण** भनेको साम्यवाद हो। सोभियत सत्ताको अर्थ जनसत्ता हो। त्यस माथि थप प्राविधिक क्रान्ति हुनपर्छ भन्ने लेनिनको भनाइको सार हो। अर्थात् समाजवादमा प्रविधिक विकास भए पछि सम्यवाद प्राप्त हुन सक्छ भनेर लेनिनले भन्नु भएको थियो।

कमरेड किम इल सुंगको भनाइ छ– साम्यवाद भनेको **जन सत्ता + तीनवटा क्रान्ति** हो। जनसत्ता भनेको के हो त्यो त स्वतः स्पष्ट छ तर तीनवटा क्रन्ति भनेको के हो? लेनिनले प्राविधिक क्रान्तिमा जोड दिनु भएको थियो भने राष्ट्रपति किन इल सुंगले प्राविधिक क्रान्तिका साथ साथै विचारधारात्मक क्रान्ति र सांस्कृतिक क्रान्ति माथि जोड दिनुभएको छ। प्राविधिक क्रान्ति भए पछि प्रशस्त उत्पादन बढ्छ, जति काम गर्न मनलाग्छ त्यति नै काम गर्ने र जति पाउन मन लाग्छ त्यति नै पाउन सक्ने भौतिक परिस्थिति हुन सक्छ। तर हामीले त्यस्तो समाजमा वस्न लायक मान्छे पनि त निर्माण गर्नु पर्छ भनेर जोड दिएका छौं। के प्रष्ट हुनु जरूरी छ भने– साम्यवाद भनेको व्यक्तिगत स्वार्थमा आधारित भए सोच्ने मानिसको समाज होइन। यो समाजको हितमा र अर्काको हितमा आधारित भएर सोच्ने, अरूको सेवा गर्ने मनोभाव भएको मानिसको समाज हो। यस्तो मानिस निर्माण गर्नको निम्ति प्राविधिक क्रान्तिको मात्र भएर पुग्दैन, विचारधारात्मक र सांस्कृतिक क्रान्तिको पनि आवश्यकता हुन्छ। त्यसैले हामीले विचारधारात्मक क्रान्ति र सांस्कृतिक क्रान्तिलाई सबभन्दा बढी जोड दिएका छौं। साम्यवाद निर्माण गर्नको निम्ति वौद्धिक किल्ला कब्जा हुनु जरूरी छ, संपूर्ण समाजलाई बुद्धिजीविकरण गर्नु जरूरी छ भन्ने हामी ठान्दछौं।

## गाँस, वास, कपासको समस्याबारे

हाम्रो मुलुकमा सरकारले गाँस वास कपासको समाधान गरिसकेको छ। वस्ने घरको निम्ति ठूला ठूला भवनहरू बनाइएका छन्। त्यसमा मन्त्रीहरू मात्र बस्ने होइन, सर्व साधारण किसान, मजदूरहरू, कर्मचारी पनि बस्छन्। राज्यले निशुल्क रूपले यस्तो आवास प्रदान गरेको छ। हाम्रो देशमा घर बहाल भन्ने कुनै कुरै छैन। हाम्रो देशमा जन्मने वित्तिकै जो कोहीले पनि खाने अधिकार पाउँछ। खाना पनि निकै सस्तोमा आपूर्ति गरिन्छ। त्यसका लागि मामुली पैसा मात्र तिर्नु पर्दछ। उदाहरणार्थ १ केजी चामलको ८ पैसा पर्दछ। हाम्रो मुलुकमा भोकै मर्नेहरू, बेकारी भएर मर्नेहरू एकजना पनि छैनन्। कपडा पनि निकै सस्तोमा आपूर्ति गरिन्छ। १९९० मा प्रति व्यक्तिको भागमा वार्षिक १७ मीटर कपडा आपूर्ति गर्ने स्थिति थियो।

## शिक्षाको समस्या बारे

हाम्रो देशमा वालकले कुनै श्रम नै गर्नु पर्दैन। त्यहाँ वाल-श्रम भन्ने कुनै कुरा नै हुँदैन। जो पढ्ने उमेरमा पुग्छ, उसलाई स्कूल पढाईको पुरै ११ वर्ष सम्म अनिवार्य रूपले निशुल्क शिक्षा दिइन्छ। त्यसपछि उनीहरू कलेज, विश्व विद्यालयमा जान्छन्। त्यहाँ पनि फी लिएर होइन, राज्यले छात्रवृत्ति दिएर पढ्न अवसर दिने व्यवस्था गर्दछ। अहिले हरेकले कलेज विश्व विद्यालयमा महीनामा ३० वन छात्रवृत्ति पाउँछ, यसपटक राष्ट्रपति किम इल सुंगको जन्म दिवसमा त्यो छात्रवृत्तिको रकम बढाइएको छ। यसरी हामीले सवै तहमा अनिवार्य निशुल्क शिक्षाको व्यवस्था गरिरहेका छौं।

## स्वास्थ्यको समस्या बारे

हाम्रो मुलुकमा विरामी हुन भन्दा अगाडि नै उपचार गर्ने - रोग निवारण नीति - लागू हुन्छ। हरेक ५-५ परिवारमा एक एक जना डाक्टरको जिम्मा छ। रोग लागे पछि उपचारमा जनताले एक पैसा पनि तिर्नु पर्दैन। भर्ना हुनको लागि, ओखतीको लागि, अप्रेसनका लागि, विरामीको बेड र खानाको लागि कुनै पनि पैसा विरामीले तिर्नु पर्दैन। सबै निःशुल्क छ। यसरी हामीले जन स्वास्थ्यको समस्या हल गरिरहेको छौं।

## संसारमा एउटै मात्र करमुक्त मुलुक-उत्तर कोरिया

सन् १९७५ देखि हाम्रो मुलुकमा सवै किसिमको कर हटाइएको छ। जनताले राज्यलाई कुनै पनि कर तिर्नु पर्दैन। संसारमा २०० जति राष्ट्रहरू छन् जसमध्ये कर मुक्त देश हाम्रो देश मात्र हो कि भन्ने मलाई लाग्दछ। संसारमा अन्यत्र पनि समाजवादी देशहरू छन्। तर हाम्रो देश जस्तो गाँस वास कपास, शिक्षा र स्वास्थ्य पूर्ण रूपले निशुल्क भएको मुलुक, कर मुक्त मुलुक अर्को छ जस्तो मलाई लाग्दैन।

## करमुक्त मुलुक भएपछि राज्यसित खर्च गर्ने स्रोत कहाँबाट आउँछ?

पूँजीवादी व्यवस्थामा जुन उत्पादन हुन्छ, त्यसलाई एकमुठ्ठी शासक वर्गले मुठ्ठयाउँछ।

त्यसबाट आफ्नो खल्ती मात्र भर्छ र विदेशी बैंकमा पैसा थुपार्छ। त्यसैले खर्च गर्नको निम्ति उनीहरूलाई कर नलगाई सुखै छैन। तर हाम्रो मुलुकमा राष्ट्रपति, मन्त्री कसैको पनि विदेशी बैंकमा खाता छैन। जति उत्पादन हुन्छ, सरकारको ढुकुटीमा जान्छ। त्यसबाट प्राप्त पैसालाई कडा आर्थिक नियम अन्तर्गत आम जनताको जीवन स्तर बढाउन, कल कार्खाना निर्माण गर्न खर्च गरिन्छ।

पाए पछि खायो, मोज गर्‍यो, यस्तो गर्ने मानव होइन। मैले यति धेरै सुविधा देशबाट पाएको छु, मैले देशको निम्ति के गर्नु जरूरी छ त्यो सोच्न सक्ने व्यक्ति नै मानव हो। हाम्रो मुलुकमा ८ घण्टा काम गर्ने, ८ घण्टा आराम गर्ने ८ घण्टा पढ्ने नियम छ। मानिसहरू ८ घण्टा कडा परिश्रम गर्छन्, निकै इमान्दारिपूर्वक काम गर्छन्। ८ घण्टा विति सकेपछि त्यो दिनको ज्याला त पायो, तर मानिसहरू आवश्यकता भन्दा बेसी पनि आफूखुशी काम गर्छन्। देशले मलाई यति धेरै कुरा दिएको छ भने म पनि देशको निम्ति धेरै काम किन नगर्ने भन्ने मनोभाव राखेर काम गर्छन्। यो सचेत भावना भएको हुनाले हाम्रो देशमा उत्पादन निकै बढ्छ। अरू पूँजीवादी मुलुकमा ५-६ घण्टा लाग्ने वस्तु हाम्रो मुलुकमा २-३ घण्टामा नै बन्दछ। त्यसबाट राज्यको कोषमा थुप्रै पैसा जम्मा हुन्छ। ठूलो ढुकुटी बन्दछ। त्यही कोषबाट सबै खर्च व्यहोरिन्छ। शिक्षा, स्वास्थ्य, आवस मुफ्त गरिन्छ। राज्यको खर्च व्यहोरिन्छ। कार्खानाहरूमा ट्याक्टर बन्दछन्, जहाज बन्दछ। टिभी बन्दछ। अरू थुप्रै समान बन्दछन्। तिनीहरू बेचीन्छन्, त्यसबाट पैसा प्राप्त हुन्छ। त्यो राज्यको कोषको स्रोत बन्दछ।

## खेतीपाती कसरी गरिन्छ?

हाम्रो मुलुकमा निजी जमीन भन्ने कुरा छैन। सन् १९५३ देखि सन् १९५८ सम्म सबै जमीन सहकारीकरण गरिसकिएको छ। हरेक व्यक्ति सह-कारी खेतीमा सामेल हुन्छ। कोही पनि व्यक्तिगत खेती गर्दैन, आफ्नै घरवारको करेसावारी वाहेक अन्य व्यक्तिगत खेती भन्ने हुँदैन।

हाम्रो मुलुकमा भूमि सुधार गर्दा प्रत्येक किसानलाई ३००० प्योङ्ग जमीन दिइएको थियो। ३००० प्योङमा एक्लै खेती गर्नु संभव हुँदैन। त्यसैले एउटा जन समिति बनाएर १९५३ देखि १९५८ सम्ममा बिस्तारै बिस्तारै सहकारीकरण गरियो। सरकारले हामीलाई अहिले सित्तैमा ट्र्याक्टर दिन्छ, र रासायनिक मल दिन्छ र सिंचाइको व्यवस्था गरी दिन्छ। अहिले पनि जमिन र उत्पादन साधनलाई संपूर्ण जनताको संपत्तिकरण गर्न बाँकी नै छ। जनताले अहिले ट्याक्टरको प्रयोगमा लाग्ने पेट्रोलियम पदार्थको मात्र मूल्य तिर्छन्। कृषि उत्पादन जति हुन्छ, त्यो उत्पादन गर्नेहरूले प्रयोग गर्न पाउँछन्। आफ्नो आवश्यकता बमोजिम उपयोग गरेर बाँकी भएको अन्त राज्यले किन्छ। राज्यले अहिले प्रति केजीको ६० पैसामा चामल किन्छ। त्यही चामललाई राज्यले क्षतिपूर्ति गरेर ८ पैसा प्रति केजी दरमा मजदूर कर्मचारी र अन्य जनतालाई बेची दिन्छ। अहिले कोरियामा किसानहरूको जीवन स्तर निकै माथि छ।

## समाजवादी निर्माण संपन्न भए पछि पनि उत्तर कोरियालाई किन समाजवादी गणतन्त्र भनिएन?

त्यसो हुनको लागि उत्पादनको साधनमा संपूर्ण जनताको संपत्तिकरण हुनुपर्ने। त्यो भई सकेको छैन। चाँडै होला जस्तो भने छ। मजदूरहरू र किसानहरूका बीचमा अहिले पनि अन्तर बाँकी नै छ। संपत्ति संबन्धी दृष्टिकोण दुई थरिमा भिन्न भिन्न छ। किसानहरूको जीवनस्तर मजदूरहरूको भन्दा माथि छ। उनीहरूमा सर्वहारा पनि छन्, तर धेरैको संपत्ति छ। तर मजदूरहरूको यस्तो छैन। अहिले झण्डै मजदूरहरूको जीवन स्तर किसानको जस्तै हुन लागेको छ। आम जनताको जीवनस्तर मझौला किसान भन्दा माथि भएको छ। तर मजदूर र किसानहरूका बीचमा सोचमा अन्तर छ। मजदूर-हरूमा क्रान्तिकारी भावना बेसी छ। किसानहरूमा संपत्तिको माया बढी छ। किसानहरूको चेतना स्तर नउठाइकन् जबर्जस्ती उनीहरूको संपत्तिलाई सामूहिकीकरण गर्‍यो भने विद्रोह हुने संभावना हुन्छ। उनीहरूको सोच भन्दा अघि गइयो भने विद्रोहको भवाना, उजूरीको भावना विकसित हुन्छ। यो ठीक हुँदैन। र क्रान्तिबाट सत्तामा आएको हाम्रो सरकारले र पार्टीले किसानको यो मनोविज्ञानलाई



बुझेर उनीहरूको चेतना स्तर उठाएर बरोबरीमा पुर्‍याए पछि मात्र उनीहरूको संपत्तिलाई सरकारी-करण गर्नु पर्छ भन्ने सोचेको छ। अहिले त्यहीं दिशामा काम गर्दैछ।

अर्को महत्वपूर्ण कुरा के भने किसानको संपत्तिलाई सामूहिकीकरण गर्ने हो भने उनीहरूलाई पनि मजदूर सरह ८ घण्टा काम, ८ घण्टा आराम, ८ घण्टा पठनपाठनको नियम लागु गर्नु पर्ने हुन्छ। तर हाम्रो देशको स्थिति अनुसार किसानहरूले ८ घण्टा मात्र काम गरेर पुग्ने स्थिति भई सकेको छैन् यद्यपि त्यहाँ पनि मशीनीकरण, सिंचाइकरण, बिजुलीकरण भने भई सकेको छ। संभवतः किसानहरूले पनि मजदूरहरूले जति नै काम गरे पुग्ने भई सकेपछि संपत्तिलाई सरकारीकरण गर्न पक्कै सकिनेछ। अब झण्डै झण्डै त्यो स्थितिमा पुग्न लागिएको छ। त्यो स्थितिमा पुगे पछि हाम्रो मुलुक समाजवादी गणतन्त्र हुनेछ। ❑

नव वर्ष २०४९ सालको सुखद उपलक्ष्यमा
सुख-शान्ति
तथा
समृद्धिको लागि
हाम्रा ग्राहकहरू सहित समस्त देशवासीहरू प्रति
हार्दिक मंगलमय शुभ-कामना !
बसन्त आयल डिपो
बिष्णुपुर-७, सिरहा

नव वर्ष २०४९ सालको सुखद उपलक्ष्यमा
सुख-शान्ति
तथा
समृद्धिको लागि
हाम्रा ग्राहकहरु सहित समस्त देशवासीहरु प्रति
हार्दिक मंगलमय शुभ-कामना !
लिला बिडी फ्याक्ट्री
चन्द्रलालपुर, चौहर्बा (सिरहा)

# नेपाली ट्रेड यूनियन आन्दोलनको इतिहास : एक दृष्टि

- विष्णु रिमाल

वि.सं. १९९३ (1936 A.D.) मा नेपालमा केही उद्योगहरू स्थापना भएपछि उदय भएको नेपाली औद्योगिक मजदूरहरूको संगठित स्वरूप २००१–२००३ सालको बीचमा मात्र अस्तित्वमा आयो। नेपालको राजनीतिक सत्ता परिवर्तनको कालखण्ड अनुरूप ट्रेड यूनियनको इतिहास निम्न अनुसार उल्लेख गर्न सकिन्छ।

## १. ट्रेड यूनियन आन्दोलन

राणाकाल (२००७ साल अघि) मा राणाहरूको शासनकालको उत्तरार्द्ध अर्ध-सामन्ती कालको शुरूवात थियो। १९९२ सालमा सर्वप्रथम "उद्योग परिषद" स्थापना हुनु र पहिलो कम्पनी ऐन १९९३ सालमा घोषणा भएपछि ००७ साल सम्ममा जम्मा ५५ वटा उद्योगहरू स्थापना भएका थिए। तर त्यो तानाशाही कालमा सभा-सम्मेलन गर्ने, संघ संस्था निर्माण गर्ने र अन्याय विरूद्ध आवाज उठाउने कुरा खतरायुक्त थियो। यति हुँदा हुँदै पनि मर्खरै उदाएको औद्योगिक मजदूरहरूको शक्तिले आफ्नो यूनियन निर्माण गरी छाड्यो। हालसम्म प्राप्त ऐतिहासिक दस्तावेजको आधारमा निम्न तिथिमा निम्न अनुसार ट्रेड यूनियनहरू स्थापना भएको पाइन्छ:

| नाम | स्थापना मिति |
|---|---|
| विराटनगर मजदूर यूनियन (BWU) | २००१–२००३ साल |
| स्वतन्त्र मजदूर यूनियन, विराटनगर (IWU) | २००१–२००३ साल |
| कटनमिल मजदूर यूनियन (CMWU) | २००१–२००३ साल |

भूमिगत रूपमा विराटनगरको चिनी, जूट, सलाई, कटन र प्लाइउड कारखानामा यी यूनियनहरू संगठित गरिएका थिए। इतिहासको कसिमा यी यूनियनहरू नेपालको पहिलो ट्रेड यूनियन मात्र नभई नेपालमा हाल कार्यरत सबै राजनीतिक पार्टीहरू भन्दा जेठा हुन्। श्रमजीवी वर्ग माथिको अत्याचारको विरोध गर्ने छाहारी र उक्त छाता मार्फत राहतको लागि संघर्ष गर्नु तत्कालीन समयको माग थियो। त्यसैले २००४ साल फाल्गुण २१ गते (४ मार्च १९४७) का दिन विराटनगर जूट मिल्स र मोरङ कटन मिल्सका मजदूरहरूले सर्वप्रथम "यूनियन दर्ता र तलब वृद्धिको माग" राखी हडताल गरे। यो हडताल नेपालको पहिलो मजदूर हडताल थियो। यो हडतालले पूर्ण गति लिईसकेपछि तत्कालीन राजनीतिक वातावरणलाई तताउन पनि काफी मद्दत पुऱ्यायो। यसले गर्दा राणा शासकहरू बहुतै आतंकित बन्न पुगे। अतः मजदूरहरूका न्यायोचित मागप्रति सहानुभूतिशील बन्नुको बदला संघर्ष शुरू भएको वीसौं दिनपछि आन्दोलनकारीमाथि अन्धाधुन्ध गोली चलाइयो र कैयौं नेताहरूलाई गिरफ्तार गरियो। यसरी यस अवधिको यो नै प्रतिनिधि आन्दोलन हो।



*विष्णु रिमाल*

## २.ट्रेड यूनियन आन्दोलन –पहिलो बहुदलीय व्यवस्थाको कालमा (२००७–२०१७)

राणाशासनको अन्त्यपछि भएको खुकुलो वातावरणले नेपालमा ट्रेड यूनियन आन्दोलनको पक्षमा पनि केही सुगमता प्रदान गऱ्यो। २००७ सालको राणा विरोधी आन्दोलनमा विराटनगरका मजदूरहरूले बनाएको हाते वम र फलामे पाताले छेकेर ट्र्याक्टरलाई ट्यांक बनाएको प्रसंग, आन्दोलनमा महत्वपूर्ण भूमिकाको उदाहरणको रूपमा इतिहासमा दर्ता भएको छ।

| नाम | स्थापित साल |
|---|---|
| अखिल नेपाल ट्रेड यूनियन कांग्रेस (ANTUC) | २००८ साल (१९५१) |
| अखिल नेपाल संयुक्त मजदूर यूनियन (ANULU) | २००८ साल (१९५१) |
| अखिल नेपाल ट्रेड यूनियन कांग्रेस (ANTUC) | २००९ साल (१९५२) |
| विराटनगर मील मजदूर संघ (BMWA) | २०१५ साल (१९५८) |
| नेपाल मजदूर यूनियन (NLU) | २०१५ साल (१९५८) |

यस अवधिमा बनेको अन्तरीम संविधानले संघ संस्था खोल्न दिएको अधिकारले पनि विभिन्न प्रकारका यूनियन निर्माणमा सघाउ पुऱ्याएको थियो। तलका यूनियनहरूले यस अवधिका प्रमुख यूनियनहरूको प्रतिनिधित्व गर्दछन्।

नेपालमा २००६ सालमा कम्युनिष्ट पार्टी स्थापना भयो। त्यसपछि ने.क.पा. ले नै नेपालको ट्रेड यूनियन आन्दोलनको वैचारिक नेतृत्व गर्न शुरू गऱ्यो। २००० देखि २००६ का अवधिमा बनेका सबै यूनियनहरूलाई छोडेर त्यसपछिका मजदूर आन्दोलनमा कम्यूनिष्टहरूको प्रभावकारी भूमिकाले पनि यसको पुष्टि गर्दछ। यसै पृष्ठभूमिमा २००८ सालमा समाजवादका पक्षधर प्रगतिशील मजदूरहरूले माथि उल्लेखित अखिल नेपाल ट्रेड यूनियन कंग्रेसको स्थापना गरे। हालसम्म जीवित त्यस आन्दोलनका संगठकहरू भन्नु हुन्छ – नैन लाल बोहरा यसको संस्थापक अध्यक्ष हुनु हुन्थ्यो। इतिहासमा उल्लेख छ, कम्यूनिष्ट पाटी माथि प्रतिवन्ध लगाएपछि २००८ साल असार २३ गते बनेको राजनीतिक शक्तिहरू र जनवर्गीय संगठनहरूको संयुक्त मोर्चा "जातीय जनतान्त्रिक मोर्चा" को सबैभन्दा क्रियाशील घटक अखिल नेपाल ट्रेड यूनियन कंग्रेस नै थियो र अरू सबै संगठनहरू भन्दा यहीनै विचारमा पनि प्रष्ट थियो। यसको झण्डामूनि त्यसबेला करीब ६००० मजदूर हरू संगठित भएको इतिहासमा उल्लेख छ। ००८ सालमा नै यसको प्रान्तीय कमिटी काठमाण्डौ उपत्यकामा समेत गठन भैसकेको तथ्यले अरूको भन्दा यसको विस्तारलाई प्रमाणित गर्दछ।

यही नै समयावधिमा यस्तै वैचारिक पृष्ठभूमि भएको अखिल नेपाल संयुक्त मजदूर यूनियन पनि अस्तित्वमा आयो। किन र कसद्वारा उक्त यूनियन स्थापित भएको? भन्ने प्रश्नमा इतिहास मौन रहे पनि नं. १ र नं. २ मा उल्लिखित यूनियनहरूको लक्ष्य, उद्देश्य र वैचारिक दृष्टिकोण संभवत उस्तै नै र हेकाले २००९ साल असार महिना (२ जुलाई १९५२) मा यी दुई यूनियनहरू बीच सांगठनिक एकता भई अखिल नेपाल ट्रेड यूनियन कंग्रेस (All Nepal Trade Union Congress) कै नाममा पुनर्गठन गरियो। यो नै नेपालका ट्रेड युनियनहरूको पहिलो महासंघ (Federation) बन्न पुग्यो। अन्तर्राष्ट्रिय सम्पर्कको सवालमा २०१० सालमा यो यूनियन विश्व मजदूर महासंघ (WFTU) को सदस्य बनिसकेको थियो।

आन्दोलनको सवालमा अखिल नेपाल ट्रेड यूनियन कंग्रेसको स्थापना पछि २००७ सालको दिल्ली संझौताको विरोधी आन्दोलनको सिलसिलामा २००८ साल वैशाख ५ गतेको हिंसात्मक दमन तथा त्यस काण्डमा ९ जना मजदूर मारिएको र ५१ जना घाइते भएको घटनाले देखाउँछ – यो अवधिको राजनैतिक मागको आधार मा संगठित गरिएको आन्दोलन हो। उचित ज्यालाको माग सहित (००८ साल जेठ १२ गते) वीरगंजका मजदूरहरूले संचालन गरेको आन्दोलन र ट्रेड यूनियन दर्ता, पेशागत सुरक्षा, ज्याला वृद्धि आदि माग सहित २०१० सालमा संचालित विराटनगर जूट मील्सको आन्दोलन यस अवधिको प्रतिनिधि आन्दोलन हुन्। पहिलो आन्दोलनमा ५ जना मजदूर मारिएका र १५ जना घाइते भएका थिए भने दोस्रो आन्दोलन २३ हप्तासम्म हडताल भएर चर्चित भएको थियो।



अखिल नेपाल ट्रेड यूनियन कंग्रेसको छाता बाहिर रहेका अरू यूनियनहरूको क्रियाशीलता र मजदूर पक्षीय गतिविधिका बारेमा इतिहास मौन छ। ती यूनियनहरू या त कागजी यूनियन बने या सत्ता पक्षीय मजदूर शाखा। त्यस बाहेक राणाकालमा गठित तीन यूनियनहरू– विराटनगर मजदूर यूनियन, स्वतन्त्र मजदूर यूनियन र कटन मील मजदूर यूनियनलाई मिलाएर नं. ४ मा उल्लेखित विराटनगर मील मजदूर संघ २०१५ साल श्रावण (जुलाई १९५८) मा पुनर्गठित गरियो। ठीक त्यही समयावधिमा २०१५ सालमा अस्तित्वमा देखिएको नेपाल मजदूर यूनियन (NLU) को भने पूर्व इतिहास तथा २०१६ साल पछि पनि कुनै इतिहास भेटिदैन। र त्यस्तै विराटनगर मिल मजदूर संघबाट पनि नेपाली ट्रेड यूनियन आन्दोलनमा पुऱ्याएको योगदानको इतिहास पाइन्न।

## ३. ट्रेड यूनियन आन्दोलन ०१७ सालको फौजीकाण्ड देखि ०३६ सालको जन आन्दोलन सम्म।

२०१७ साल पुस १ गते (डिसेम्बर १५, १९६०) मा राजा महेन्द्रले नेपालको तत्कालीन संविधान खारेज गरी सम्पूर्ण अधिकार हातमा लिए। सेनाको प्रयोग गरेर विभिन्न राजनीतिक नेताहरूलाई गिरफ्तार गरी पार्टी र सम्पूर्ण जनसंगठनहरू माथि प्रतिवन्ध लगाए। यस पछिका दुई दशक नेपालको इतिहासमा निरंकुश राजतन्त्रद्वारा पंचायती व्यवस्थाको नाममा चलाइएको दमनकारी काल बन्न पुग्यो। यस अवधिमा अखिल नेपाल ट्रेड यूनियन कांग्रेस लगायत माथि उल्लेखित सबै नै ट्रेड यूनियनहरूले आफ्नो अस्तित्व समाप्त पारे। नेपालको कम्युनिष्ट आन्दोलनमा आएको विभाजन धेरै हदसम्म यसको लागि जिम्मेदवर छ। पंचायती वर्गीय संगठनको रूपमा खडा गरी सरकारी गुप्तचर र दलालहरू भर्ती गरी बनाइएको नेपाल मजदूर संगठन मजदूरको हक-हित गर्ने नाममा मजदूरमाथि लाठी बर्षाउने प्रहरी प्रशासनको ताबेदार बनी निरंकुश सत्ता तथा पूँजीपतिको सेवामा संलग्न रह्यो। तर एकीकृत र राष्ट्रिय संगठनको अभावमा पनि यो अवधिमा मजदूर आन्दोलन भने समाप्त भएन। मजदूरहरू यस अवधिमा राष्ट्रिय रूपमा भन्दा पनि स्थानीय र प्रतिष्ठान व्यापी ढङ्गले आन्दोलित भईरहे। यति बेला संचालित ठूला साना मजदूर आन्दोलन यो प्रसंगमा साक्षी बनेका छन्। यही आन्दोलनले नै "नेपाल मजदूर संगठन" जस्तो सरकारी संगठनको विकल्पमा प्रगतिशील ट्रेड यूनियन आन्दोलनको पुनर्गठनका लागि मलिलो आधार तयार पारीदियो।

यस अवधिमा प्राय सबै आन्दोलनका मागहरूमा यूनियन दर्ता र तलब सुविधा बृद्धिको नै भएको पाइन्छ। र अधिकांश संघर्ष दमन र मजदूर नेताहरूको निष्काशन सँगै शिथिल भएको पाइन्छ। उदाहरणको लागि २०२९ सालको रघुपति जूट मिल्सको संघर्ष र ७ जनाको निष्काशन, २०३२ सालको विराटनगर जूट मिल्सको ठूलो कार्यसुस्ती (Great slowdown) आन्दोलन, त्यसपछि ३७ हडताल र खगेन्द्र राईको मृत्यु सहित ५१ जनाको निष्काशन यस अवधिको प्रतिनिधि आन्दोलन मान्नु पर्दछ।

यसरी नेपाली ट्रेड यूनियन आन्दोलनको इतिहासमा यो अवधि "राष्ट्रिय ट्रेड यूनियन विनाको, ट्रेड यूनियन आन्दोलनको काल" बन्न पुग्यो।

## ४. ट्रेड यूनियन आन्दोलन ०३६ देखि ०४६ सम्म

०३५ सालसम्म आइपुग्दा पंचायती निरंकुशता चरम विन्दुमा पुगीसकेको थियो। मजदूरहरू स्वःस्फूर्त रूपमा नै आन्दोलित हुन थालिसकेका थिए। यसै बीच २०३५ साल कार्तिकमा बालाजुका मजदूरहरूले कारखाना हडताल गरी भावी आन्दोलनको पूर्व संकेत गरे। देशका विभिन्न भागका विभिन्न वर्ग, पेशा र तहका जनताहरू क्रमशः आन्देलित हुँदै गए र यसको विस्फोट ०३५ साल चैत्रदेखि विद्यार्थी क्षेत्रबाट भयो।

यो आन्दोलनले पंचायतलाई जनताको कठघरमा उभ्याई दियो। अन्तमा धाँधलीद्वारा पंचायतको विजय घोषणा गरिए पनि यसले नेपाली समाजमा दीर्घकालीन उपलब्धीपूर्ण असर छोड्यो। आन्दोलनको पूर्व संन्ध्यामा हड्ताल गर्ने र ०३६ सालको जेठ ५ गते बालाजु, हटौडा र देशका अन्य भाग सहितको हड्ताल (पछि ३४ सूत्रीय) मा परिवर्तित गर्ने मजदूर हरूले राष्ट्रिय ट्रेड यूनियनको तीब्र आवश्यकता महशूस गरे। परिणाम स्वरूप ०३६ साल माघ १५ गते देखि १८ गतेसम्म बालाजुमा भएको मजदूरको मेलाले "नेपाल स्वतन्त्र मजदूर यूनियन" को केन्द्रिय तयारी समिति गठन गऱ्यो। यो यूनियन नै मजदूर यूनियनमाथि प्रतिबन्ध लगाइए पछि स्थापित पहिलो ट्रेड यूनियन बन्न पुग्यो।

०३६ साल देखि ०४६ सालसम्मको अवधिमा औद्योगिक क्षेत्र बाहेक अन्य व्यवसायमा क्रियाशील मजदूरहरूलाई गोलबन्द गर्ने, उनीहरूको आफ्नै यूनियन खोल्न मद्दत गर्ने र मजदूरहरूका हित प्राप्तिको निम्ति संघर्ष संचालन गर्ने एउटा प्रमुख संगठनको रूपमा नेपाल स्वतन्त्र मजदूर यूनियन नै चिनियो। अर्को यस्तै प्रमुख संगठन अ.ने.म.सं (ट्रेड यूनियन) थियो। नेस्वमयू र यसको वैचारिक नेतृत्वसंग सहमत होटल, ट्रेकिङ्ग, यातायात र प्रेस क्षेत्रका बन्धु यूनियनका अलावा यो १० वर्षको अवधि विभिन्न प्रतिवन्धित राजनीतिक पार्टीसंग सहमत स-साना यूनियनहरू पनि अस्तित्वमा आए। पंचायती दलाल यूनियनलाई छोडेर यस अवधिका ठूला देखि साना सम्मका सबै यूनियनहरूको नाम र स्थापना मिति तल उल्लेख गरिन्छ।


| | नाम | मिति |
|---|---|---|
| १. | नेपाल यातायात स्वतन्त्र मजदूर संगठन | श्रावण, २०३६ |
| २. | नेपाल स्वतन्त्र मजदूर यूनियन | १५-१८ माघ, २०३६ |
| ३. | नेपाल स्वतन्त्र होटल मजदूर यूनियन | फागुन, २०३७ |
| ४. | नेपाल ट्रेकिङ्ग मजदूर संघ | बैशाख, २०४० |
| ५. | नेपाल स्वतन्त्र प्रेस मजदूर यूनियन (उपत्यका तदर्थ समिति) | २०३६ |
| ६. | अखिल नेपाल ट्रेड यूनियन | २०३७ |
| ७. | नेपाल क्रान्तिकारी मजदूर संघ | २०३७ |
| ८. | नेपाल क्रान्तिकारी मजदूर संगठन (राष्ट्रिय मजदूर संगठन नेपाल) | २०४० |
| ९. | अखिल नेपाल ट्रेड यूनियन (मजदूर संघ) | २०४२ |
| १०. | अखिल नेपाल मजदूर संघ (ट्रेड यूनियन), उपत्यका समिति | २०४३ |
| ११. | नेपाल मजदूर संघ | २०४३ |
| १२. | प्रगतिशील नेपाल मजदूर यूनियन | २०४३ |
| १३. | नेपाल ट्रेड यूनियन सेन्टर | २०४३ |
| १४. | नेपाल स्वतन्त्र गार्मेन्ट मजदूर यूनियन | ९ पुस, २०४३ |
| १५. | नेपाल थांका मजदूर संघ | २०४४ |
| १६. | अखिल नेपाल ट्रेड यूनियन महासंघ [पहिलेको अ.ने.म.सं.(ट्रे.यू.)] | २९ वैशाख, २०४७ |
| १७. | अखिल नेपाल गलैंचा मजदूर संघ | २०४७ |

उपरोक्त यूनियनहरूमध्ये नं. ८ मा उल्लेखित यूनियनले २०४५ को भेलाद्वारा नामलाई राष्ट्रिय मजदूर संगठन, नेपाल भनी परिवर्तन गर्‍यो भने ९ र १० नं. मा उल्लेखित यूनियनहरू २०४० सालमा अखिल नेपाल ट्रेड यूनियनबाट फुटेर निर्माण भएका हुन। स्मरणीय छ, तत्कालीन व्यवस्थामा १-४ नं. सम्मका यूनियन बाहेक सबै यूनियनहरूको केहीको उपत्यका स्तरीय र केहीको त केन्द्रीय संगठन कमिटी मात्र थियो- जनाधार थिएन।

०३८ मंसीर ४ गतेबाट शुरू भएको हेटौंडाका मजदूरहरूको ७ सूत्रीय माग (२७ दिन सम्म चलेको) सहितको आन्दोलन, ०३९ साल पुसको बालाजुका मजदूरको ४ सूत्रीय माग सहितको हड्ताल र ३१६ जना निष्काशन, २०४० सालको हेटौंडा सिमेण्ट उद्योगको हड्ताल र ३५० जनाको निष्काशन र २०४३ र २०४४ सालमा नेपाल ब्याट्री बालाजुमा भएका सफल हडतालहरू, २०४५ साल भाद्र १६ गते बाट ४५ दिन सम्म चलेको काठमाडौं उपत्याकाको ५ वटा टेक्सटाइल कारखानाको हड्ताल र आंशिक सफलता यस अवधिका प्रतिनिधि आन्दोलन हुन्। यस अवधिका अधिकांश मागमा यूनियनको दर्ता, मान्यता र तलब-सुविधा नै प्रमुख रूपमा थिए। यसका अतिरिक्त ०४६ सालको ऐतिहासिक जन आन्दोलनको समर्थनमा भएको संघर्ष र वीरगंजको मजदूर आन्दोलनलाई यस अवधिको ट्रेड यूनियन आन्दोलनको अविभाज्य भाग मान्नु पर्दछ।

## ५. नेपाल ट्रेड यूनियन महासंघ र अन्य यूनियनहरू

०१७ सालमा विभिन्न राजनीतिक पार्टीसँगै ट्रेड यूनियनहरू माथि पनि प्रतिबन्ध लाग्नाले सिंगो ट्रेड यूनियन आन्दोलन छिन्न भिन्न हुन पुगेको कुरा माथि उल्लेख गरिसकिएको छ। १९ वर्षसम्म एक्ला-एक्लै आन्दोलित हुन विवश भएका हाम्रा मजदूर आन्दोलनकारीले २०१६ साल पछिका कालमा पनि संगठित भएका ट्रेड यूनियनहरू बीच उचित समन्वय कायम गराउन सकेनन्। ती यूनियनहरूका बीचमा समन्वय र समझदारीको कमि रहन जानाले एक क्षेत्रको मजदूरको संघर्षमा अर्को पक्षको सहयोग प्राप्त नहुने र यसबाट मजदूर शक्ति विभाजित हुन पुगी व्यवस्थापन पक्षले मज-दूरका जायज मागलाई कुल्चन सक्ने भयो। यही कमीलाई अन्त्य गर्ने उद्देश्यले २० जुलाई १९८९ मा नेपाल ट्रेड यूनियन महासंघ (General Federation of Nepalese Trade Unions) गठन भयो। महासंघका संस्थापकहरूले देशको तत्कालीन ऐतिहासिक आवश्यकता पूर्ति गर्ने उद्देश्यले विचार र नीतिसंग सहमत रहेको आधारमा त्यस समयका ४ वटा प्रमुख यूनियनहरू (नेपाल स्वतन्त्र मजदूर यूनियन, नेपाल यातायात स्वतन्त्र मजदूर संगठन, नेपाल स्वतन्त्र होटल मजदूर यूनियन र नेपाल ट्रेकिङ्ग मजदूर संघलाई मात्र यस ट्रेड यूनियन केन्द्रमा समावेश गर्न सके। यस्तै गरी २०४७ साल वैशाख २९ गते पहिलेको अ.ने.म.सं. (ट्रे.यू.) का ठाउँमा राष्ट्रिय भेला गरी अखिल नेपाल ट्रेड यूनियन महासंघ गठन गरियो। यो महासंघ अन्तर्गत नेपाल



थांका मजदूर संघ, अखिल नेपाल होटल मजदूर यूनियन, अखिल नेपाल गलैंचा मजदूर संघ समाविष्ट थिए।

## ६. इतिहासको कसीमा नेपाल ट्रेड यूनियन कांग्रेस :

नेपालमा पहिलो ट्रेड यूनियन गिरिजाप्रसाद कोइरालाको अध्यक्षतामा २००४ सालमा गठित नेपाल मजदूर संघ हो र त्यो यूनियनको वर्तमान जारी रूप नै नेपाल ट्रेड यूनियन कांग्रेस हो भन्ने दावी यस यूनियनको छ। तर माथि चर्चा गरिएको छ - २००४ साल देखि २०१४ सालसम्मको अवधिमा न नेपाल मजदूर संघ नामको यूनियनको कुनै अस्तित्व भेटिन्छ, न त गिरिजा कोइराला अध्यक्ष भएको कुनै यूनियनको नाम नै इतिहासमा दर्ता भएको पाइन्छ। जीवित ट्रेड यूनियन संगठकहरूलाई साक्षी राखी दावी गर्न सकिन्छ- त्यति खेरका थुप्रै व्यक्तिझैं गिरिजा कोइराला पनि विराटनगरको केमिकल इण्डष्ट्रिजका एक जना जागिरे थिए- मजदूर आन्दोलनको नेता होइन। त्यसैले नेपाल ट्रेड यूनियन कांग्रेस मजदूरहरूमा भ्रम दिन र आफ्ना नेता महान् ट्रेड यूनियन नेता देखाउन इतिहासप्रति समेत बेइमानी गर्दैछ। कांग्रेसले मनपरी ढङ्गले जे पायो त्यही लेखेर कुनै कुरा इतिहास बन्दैन। त्यसैले ट्रेड यूनियन कांग्रेसको कुनै निरन्तर इतिहास छैन।

कांग्रेस र यससंग सम्बद्ध व्यक्तिहरू जहिले पनि सत्तासँगै उदाएका छन् र सत्तासँगै अस्ताएका पनि छन्। माथि लेखिएको छ- ०१५ सालमा विराटनगर मील मजदूर संघ र नेपाल मजदूर यूनियन (संघ) नामक दुई यूनियनको गठन भएको थियो। तिनीहरू समाजवादका पक्षधर थिएनन्। ०१७ सालको फैजीकाण्ड पछि भएका कुनै पनि मजदूर आन्दोलन र भूमिगत गतिविधिमा पनि तिनीहरूको कतै संलग्न्ता नदेखिएकोले शायद तिनीहरू नेपाली कांग्रेसका समर्थक थिए कि भन्ने अन्दाज गर्न सकिन्छ। यदि यसै हो भने ट्रेड यूनियन कांग्रेसले आफ्नो इतिहास सच्याउने हिम्मत गर्नु पर्दछ। ❐

*लेखक : महासचिव, नेपाल ट्रेड यूनियन महासंघ*

**नेपालमा मजदूरहरूको संख्या ऐतिहासिक बिकास क्रममा**

| साल | संख्या |
|---|---|
| ❐ २०२२/२३ सालमा | १२,१९५ |
| ❐ २०२९/३० सालमा | ४७,६३८ |
| ❐ २०३३/३४ सालमा | ५०,१२० |
| ❐ २०३८/३९ सालमा | ८१,०५० |
| ❐ २०४३/४४ सालमा | १,३७,१३० |

बिगत २१ वर्षमा मजदूर संख्याको वार्षिक वृद्धि प्रतिशत ४८.७८%

स्रोतः केन्द्रिय तथ्यांक विभाग

* यो तथ्यांकमा गार्मेण्ट, यातायात, गलैंचा, ट्रेकिङ्ग, चिया बगान, होटल, प्रेस क्षेत्र र धान चामल मैदा मीलका मजदूरहरूको संख्या समाविष्ट छैन।

### सन्दर्भ सामग्रीहरू :


१. नेपाल ट्रेड यूनियन महासंघको पहिलो घोषणा पत्र : महासंघ किन?
२. नेपाल स्वतन्त्र मजदूर यूनियन : प्रथम राष्ट्रिय सम्मेलन (२०४५) द्वारा पारित प्रतिवेदन।
३. महासंघद्वारा प्रस्तुत कार्यपत्रहरू : नेपाल ट्रेड यूनियन महासंघ र नेपाली मजदूरहरू, नोभेम्बर १९८९। नेपाली ट्रेड यूनियन आन्दोलन र उद्योग व्यवसायका प्रवृत्ति : ३० जुलाई १९९१
४. प्रेमराज पन्त : Industrial Relations in Nepal
५. विश्वेश्वर मान श्रेष्ठ : Industrial Relation
६. महासंघको प्रथम राष्ट्रिय महाधिवेशन (१५-१८ चैत्र ०४८) द्वारा पारित राजनीतिक प्रतिवेदन।
७. साप्ताहिक अखबारमा छापिएको गिरिजा प्र. कोइरालाको भाषण।
८. अखिल नेपाल ट्रेड यूनियन महासंघ र नेपाल ट्रेड यूनियन कांग्रेसका प्रकाशनहरू।
९. अखिल नेपाल ट्रेड यूनियन कांग्रेसका संस्थापक सदस्य तथा २०१० सालका सचिव महेश उपाध्यायको भनाइ।
१०. नेपाली ट्रेड यूनियन आन्दोलनका प्रथम संगठक मनमोहन अधिकारीका भनाइहरू। ❐



# श्रम ऐन-२०४८ : मजदूर भन्दा उद्योगपतिमुखी

## के मजदूरको हडताल गर्ने अधिकार "खराब आचरण" भित्र पर्दछ?

- राजेन्द्रप्रसाद अधिकारी

पंचायतकालमा रहेको नेपाल कारखाना र कारखानामा काम गर्ने मजदूर सम्बन्धी ऐन २०१६ को ठाउँमा नेपाली कांग्रेसको बहुमत प्राप्त संसदको दोस्रो अधिवेशनले बल्ल श्रम ऐन, २०४८ लाई पारित गरेको छ। यस लेखमा यस श्रम ऐन, २०४८ मा रहेका केही प्रावधानहरूको विश्लेषण गर्ने प्रयास गरिएको छ।

**कारखाना र कारखानामा काम गर्ने मजदूर सम्बन्धी** मात्र ऐन रहेको अवस्थामा यो **श्रम ऐन** २०४८ भएर आएको छ र यस ऐनले उद्योग लगायत चिया वगान, निर्माण व्यवसाय, यातायात व्यवसाय, होटेल, ट्राभल, ट्रेकिङ्ग, र्‍याफ्टिङ्ग, जंगल सफारी आदि, क्षेत्रलाई पनि समेट्ने प्रयास गरेको छ।

ऐनको मूख्य विशेषताको रूपमा असक्षम वा कमजोर पक्षलाई पनि असक्षम वा कमजोर भएकै कारणले सक्षम वा वालियोबाट हुने मिचाई/शोषणबाट मुक्त गराउन आवश्यक पर्ने संरक्षण राज्यले कानून मार्फत प्रदान गर्नु हो। अतः कुनै पनि ऐनले कसको हितमा बढी काम गर्दछ वा कसको हितलाई बढी संरक्षण प्रदान गर्न खोजेको छ भन्ने कुरा ऐनमा रहेको मुख्य मुख्य प्रावधानहरूको विश्लेषण गरेको खण्डमा थाहा पाउन सकिन्छ। जहाँसम्म श्रम ऐनको प्रश्न छ, यो मूलतः मजदूरहरूको हितको संरक्षणको निमित्त बढी प्रेरित हुनु जरूरी हुन्छ किनकि मजदूरसंग आफ्नो हातमा केही पनि हुँदैन भने उद्योगपतिहरू पूरै उद्योगमाथि आफ्नो स्वामित्व कायम गरेर वसेका हुन्छन् र मजदूरहरूका, श्रम, सीप र अनुभवलाई उपयोग (शोषण) गरेर नाफा कमाउँदछन्।


### काम गर्ने समय कति हो?

अन्तराष्ट्रिय श्रम संगठन (I. L. O.) द्वारा गठित आयोगको सिद्धान्त अनुसार काम गर्ने समय दिनको ८ घण्टा वा हप्ताको ४८ घंटा हुनुपर्दछ र हप्तामा कम्तिमा पनि २४ घंटा (१ दिन) को छुट्टी हुनु पर्दछ। यही सिद्धान्तलाई ऐनको दफा १६ ले अंगिकार गरेको देखिएता पनि ऐनकै दफा १९ ले बढी समय काम गराउंदा बढी ज्याला दिनु पर्ने भनी गरेको व्यवस्थाले त्यसलाई काटेको छ र बढी समय काममा लगाउन सकिने छुट दिएको छ। यहां बुझ्नु पर्ने कुरा के हो भने मानिस मेशीन नभएकोले उसलाई बढी इन्धन (ज्याला) दिंदैमा चौबीसै घंटा काममा जोत्न सकिंदैन। मजदूर मानिस नै भएकोले उसको मानसिक एवं शारीरिक अवस्थामा कुनै पनि प्रकारको असर नपर्ने गरी काममा लगाउन सकिने समयको रूपमा दिनको आठ घंटा वा सप्ताहको ४८ घंटाभन्दा बढी काममा लगाउन नहुने शिफारिस गरिएको हो। अतः बढी ज्याला दिएर काममा लगाउँदैमा मजदूरको मानसिक एवं शारीरिक अवस्थामा असर पर्नबाट बचाउन सकिदैन। ऐनमा रहेको बढी समय काममा लगाउँदा बढी ज्याला दिनु पर्ने व्यवस्थाले अर्को के कुरा देखाउंदछ भने व्यवस्थापन पक्षलाई बढी कामको आवश्यकता हुँदा बढी ज्याला (साधारण ज्यालाको डेढी) दिंदा पनि व्यवस्थापन पक्षलाई नाफा नै हुने रहेछ अर्थात् मजदूरहरूलाई काममा लगाए वापत दिइने साधारण ज्यालाको डेढी सम्म पनि सजिलै दिन सकिने रहेछ। र यसो हो भने, मजदूरहरूलाई दिइने ज्याला (पारिश्रमिक) कम दिइने गरेको छ, र श्रमको शोषण भइरहेको छ भन्ने स्पष्ट हुन्छ।

हुनुपर्ने चाहिं के हो भने कुनै पनि कामदारले दिनको ८ घंटा काम गरेर पाउने ज्याला उसको जीवन धान्नको निमित्त पर्याप्त हुनु पर्दछ,, जसले गर्दा कुनै पनि कामदारलाई आफ्नो जीविकाको निमित्त बढी समय (ओभर टायम) काम गर्नु पर्ने स्थितिको सृजना नै नहोस्।

### रोजगारीको सुरक्षा छ?

ऐनले एक वर्षको अविच्छिन्न सेवा पूरा गरेपछि स्थायी नियुक्ति गर्नु पर्ने व्यवस्था गरेको भएता पनि सोही दफामै कार्यदक्षता, इमान्दारी, अनुशासन, कामप्रति लगन-शीलता, रूजु हाजिरी, आदि कुरामा निर्भर गराइएको छ। यो प्रावधानले के स्पष्ट पार्दछ भने कुनै पनि कामदारले एक वर्षको अविच्छिन्न सेवा पूरा गरिसकेपछि पनि स्थायी हुन व्यवस्थपकको कृपामा निर्भर हुनु पर्दछ। किनभने, कुनै पनि कामदारलाई व्यवस्थापकले तोकिएको वा लगाएको काम सन्तोषजनक रूपमा पूरा नगरेको, काम गर्न असक्षम भएको अनुशासित नभएको, बेइमानी गरेको आदि आरोप लागाएको खण्डमा त्यस्तो कामदारले एक वर्षको अविच्छिन्न सेवा कसरी पूरा गर्न सक्दछ? यस अविधभित्रै कि त ऊ स्पष्टीकरण लगायतका अन्य कारवाहीमा परि सकेको हुन्छ कि त उसले जागीरबाटै अवकाश पाइसकेको हुन्छ। अतः यस ऐनले एक वर्षको अविच्छिन्न सेवा पूरा गरिसकेको कुनै पनि कामदारलाई स्थायी गर्नु पर्ने वाध्यता व्यवस्थापक समक्ष राखेको छैन, जुन आवश्यकीय रूपमा हुनुपर्ने हो।



राजेन्द्रप्रसाद अधिकारी

ऐनको दफा ११ ले व्यवस्थापकलाई सजिलैसंग उत्पादन वा सेवामा कटौती गर्न वा कुनै भाग बन्द गर्न सक्ने अधिकार दिएको छ। यो व्यवस्थाले गर्दा व्यवस्थापन पक्षको स्वार्थमा अलिकति मात्र असर पार्ने स्थितिको सृजना हुनासाथ व्यवस्थापकले उत्पादनमा कटौति गर्न वा आंशिक रूपमा उद्योग नै बन्द गर्न सक्ने भएको छ। साथै कुनै निश्चित काम गर्ने मजदूर वा कामदारहरूलाई सेवाबाट हटाउन पर्‍यो भने व्यवस्थापकले ऐनको यो दफालाई सजिलै प्रयोग गर्न सक्दछ। यद्यपि एक वर्षको अविच्छिन्न सेवा पूरा गरेकालाई आधा तलब दिने गरी जगेडामा राख्नु पर्ने भनिएको छ। तर ऐनको दफा ११(४) ले व्यवस्थापकलाई थप बल प्रदान गरेको छ। यसअनुसार व्यवस्थापकले अन्य कुनै उद्योगमा काम गर्न लगाउंदा अस्वीकार गरेमा तलब सुविधा नदिन सक्नेछ। यो व्यवस्थाले पंचायतकालीन ऐनले मजदूरको हितमा व्यवस्थापक पक्षलाई जति अंकुश लागएको थियो त्यसलाई झन् खुकुलो पारिदिएको छ। नेपाल कारखाना र कारखानमा काम गर्ने मजदूर सम्बन्धी ऐन २०१६ मा ५ किलोमिटर सम्म मात्रको दूरीलाई तोकिएको थियो भने यस ऐनले त्यस अंकुशलाई पनि हटाइदिएको छ। मानौं, काठमाण्डौको बालाजुमा कार्यरत थानकोट घर भएको एक मजदूरलाई त्यस ठाउँबाट नेपालगंज वा विराटनगर स्थित कुनै उद्योगमा काम गर्न तोकिदिएमा व्यवहारिक रूपमा त्यो मजदूरले काम छाड्नु भन्दा अर्को विकल्प हुनै सक्दैन।

यस्तै ऐनको दफा १२ (२) ले कामदारलाई कटौती गर्दा सबैभन्दा पछि नियुक्त भएकालाई पहिले कटौति गर्नु पर्नेछ भनी पूराना कामदारहरूको हितको संरक्षण गर्न खोजेको देखिएता पनि ऐनको यस व्यवस्थालाई यसै दफामा रहेको तर सबैभन्दा पछि नियुक्त भएकालाई कटौति गर्नु पर्ने गरी तोकिएको क्रमानुसार कटौती नगरी अगाडी नियुक्त भएकालाई कटौती गर्नु परेमा त्यसको कारण खोली कटौती गर्नु हुन्छ- भन्ने व्यवस्थाले व्यवस्थापकलाई आफूलाई




मन परेकोलाई राखेर इमान्दार पूराना कामदारलाई कटौती गर्न सक्ने अधिकार दिएको छ।

रोजगारीको सुरक्षाको सम्वन्धमा ऐनले व्यवस्थापकलाई प्रशस्त सुविधाहरू प्रदान गरेको छ भने, स्पष्ट रूपमा कामदारहरूलाई कुनै पनि अधिकार प्रदान गरेको पाइदैन, बरू स्थायी हुनुदेखि लिएर जागीर जोगाइराख्न समेत व्यवस्थापकको "कृपादृष्टि" पाइराख्नु पर्ने बाध्यता नै गराएको छ।

## जीवन-बीमा र क्षतिपूर्ति यत्ति हो?

ऐनले मजदूरहरूको जीवन-बीमाको व्यवस्था कतै गरेको छैन। निर्माण व्यवसाय र यातायात व्यवसायमा काम गर्ने कामदारहरूको दुर्घटना बीमाको प्रावधान भने राखेको छ तर यो **तोकिए बमोजिम हुने छ** भनी अमूर्त नै छाडिएको छ। चोटपटक लागेमा, अंगभंग भएमा, वा मृत्यु भएमा त्यसको क्षतिपूर्तिको व्यवस्थाको सम्वन्धमा पनि पंचायतकालीन ऐन भन्दा बढी यस ऐनले कामदार हरूलाई केही दिन सेकेको देखिदैंन। कामदारहरू जुनसुकै अवस्थामा पनि जोखिमपूर्ण अवस्थामा हुन्छन, र कामदारले जोखिम उठाएर सम्पन्न गरेको कामबाट व्यवस्थापकले मुनाफा कमाउने हुँदा जीवन बीमा, दूर्घटना बीमा एंव क्षतिपूर्तिको सम्बन्धमा स्पष्ट कानूनी व्यवस्था हुनु जरूरी देखिन्छ। यसको अतिरिक्त निको नहुने रोग लागेमा, पुनः काममा फर्कन असमर्थ हुने गरी अपांग भएमा त्यस्तो कामदारको, भरणपोषणको अवस्थाको बारेमा उल्लेख भएको पाइँदैन।

## उपदान, संचयकोष र औषधिउपचार खै?

पंचायतकालीन ऐनले निवृत्तिभरण, उपदान र संचयकोष, र प्रसूति सहायताको प्रबन्ध कारखानको व्यवस्थापकले गर्नु पर्दछ (दफा ३०) भनी स्पष्ट तोकेको थियो भने श्रम ऐन, २०४८ ले यो व्यवस्थालाई **तोकिए बमोजिम हुनेछ** भनी झन् अन्यौलपूर्ण र खुकुलो पारीदिएको छ। साथै नेपाल कारखाना र कारखानामा काम गर्ने मजदूर सम्बन्धि ऐन, २०१६ (पंचायतकालीन ऐन) ले कमसेकम १०० मजदूर को निमित्त एउटा प्राथमिक चिकित्सा बाकस र तालिम एवं राम्रो अनुभव पाएको व्यक्ति राख्नु पर्ने, त्यस्तै ५०० वा सो भन्दा बढी मजदूरहरू काम गर्ने ठाउँमा व्यवस्थापकले कमसेकम एक डाक्टरको जिम्मामा एक औषधालय रहने व्यवस्था गर्नु पर्छ भनी तोकिदिएको थियो भने यो व्यवस्थालाई पनि **तोकिए बमोजिम हुनेछ** भनी श्रम ऐन, २०४८ पछिन सफल भएको छ। यस ऐनले मजदूरहरूको उपदान, संचयकोष, औषधोपचारको सम्बन्धमा झन् स्पष्ट र कामदारको पक्षमा अझ अनुकूल व्यवस्था गर्नु पर्नेमा त्यसो हुन सकेको छैन। यद्यपि चिया बगानभित्र कार्यरत कामदारहरू वा निजका परिवारका सदस्यहरूलाई सानातिना चोट पटक लागेका बखत निःशुल्क उपचार गराउन स्वास्थ्योपचार केन्द्र राख्नु पर्ने भनेको छ। तर ठूलो र कडा रोग लागेको खण्डमा के गर्ने?- ऐन मौन छ। यस्तै सामान्य व्यवस्था यातायत व्यवसाय, ट्रेकिङ्ग-र्‍याफ्टिङ्ग वा अन्य एडभेन्चर व्यवसायको निमित्त पनि गर्नु पर्ने गरी ऐनले तोकेको छ।

## हडताल गर्न पाउने कि नपाउने?

आफ्नो काम छोडेर हडतालमा उत्रनु मजदूरहरूको रहर होइन बाध्यता हो। जब आफ्ना जाइज मागहरूप्रति व्यवस्थापन पक्षले वारम्बार वेवास्ता गर्दछ, जब आफ्ना जायज मागहरू पूरा गराउने कानूनी व्यवस्थाले मजदूरहरूलाई लामो प्रक्रियाबाट जानु पर्ने पार्छ वा अप्रत्यक्ष रूपबाट व्यवस्थापककै अनुकूल पारेको हुन्छ, त्यस्तो अवस्थामा आफ्ना मागहरू पूरा गराउने विकल्पको रूपमा हडताल मात्र अन्तिम हतियार बन्न पुग्दछ। यसैले त मानव अधिकारको आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारहरूको अन्तराष्ट्रिय अनुबंध (International Covenant on Economic, Social and Cultural Rights) मा समेत ट्रेड यूनियन स्थापना गर्न पाउने, त्यसमा सामेल हुन पाउने र हडताल गर्न पाउने अधिकारको व्यवस्था गरिएको छ। तर पंचायतकालीन ऐनमा झै यस नयाँ श्रम ऐनमा पनि हडताल गर्न ३० दिन अघि सूचना दिनु पर्ने मात्र नगरी अझ सम्पूर्ण कामदार मध्ये ६० प्रतिशतले गोप्य मतदानबाट पारित गरेको प्रस्ताव सहित सूचना दिनु पर्ने भनी थप अंकुश लगाइएको छ। कामदाहरूको हडताल गर्न पाउने अधिकारलाई ऐनको दफा ७८(१), ७८(२), र ८० ले सोही ऐनले ३० दिनको सूचना दिएर हडताल गर्न पाउने भनी दिएको अधिकारलाई समेत नियन्त्रित गरेको छ। यी प्रक्रियाहरू र व्यवधानहरूले कामदारलाई हडताल गर्न सक्ने अवस्थाबाट बन्चित गराएको छ। कामदारहरूको अन्तिम हतियारलाई पनि चराको पखेटा काटेर उड्ने अधिकार चाहिं दिएजस्तो पारिदिएको छ। तर अर्कोतिर औचित्य सहितको पुस्ट्याइँ दिई श्री ५ को सरकारको स्वकृति लिई तालाबन्दी गर्न सक्ने (दफा ७७) अधिकार चाहिं व्यवस्थापन पक्षलाई दिएको छ। यस अधिकारले जहिले पनि व्यवस्थापन पक्षलाई मजदूरहरू भन्दा माथि राख्दछ।

**नेपालका औद्योगिक क्षेत्रहरु र मजदूरहरुको संख्या**

| मजदूर संख्या मुताविक क्र. सं | औद्योगिक क्षेत्र | स्थापित साल | उद्योग संख्या | मजदूर संख्या |
|---|---|---|---|---|
| १. | बालाजू औद्योगिक क्षेत्र | २०१६ | ६१ | २९४९ |
| २. | हेटौंडा औद्योगिक क्षेत्र | २०२० | २१ | २८१९ |
| ३. | पाटन औद्योगिक क्षेत्र | २०२० | ८८ | २५५० |
| ४. | पोखरा औद्योगिक क्षेत्र | २०३१ | २८ | ११०० |
| ५. | धरान औद्योगिक क्षेत्र | ०२९ | १८ | ३९८ |
| ६. | बुटवल औद्योगिक क्षेत्र | २०३२ | १६ | ३८२ |
| ७. | साना उद्योगको क्षेत्र, भक्तपुर | २०३५ | १९ | ३४० |
| ८. | नेपालगंज औद्योगिक क्षेत्र | २०३० | १४ | २३३ |
| ९. | प्राइमुभर औद्योगिक आयोजना, सुर्खेत | २०३८ | २ | १० |
| १०. | प्रस्तावित धनकुटा औद्योगिक क्षेत्र | २०४१ | - | - |
| ११. | प्रस्तावित राजविराज औद्योगिक क्षेत्र | २०४४ | - | - |
| | कूल जम्मा | | २६७ | १०,७८१ |

स्रोतः औद्योगिक क्षेत्र व्यवस्थापन लि.

## खराब आचरणभित्र के के पारिएको छ?

श्रम ऐन २०४८ ले व्यवस्थापक वा प्रबन्धकको पनि खराब आचरणलाई परिभाषित गरी व्यवस्थापक वा प्रबन्धकलाई पनि कानूनले बाँध्ने कोशीस गरेको छ र यो ऐनको राम्रो पक्ष पनि हो। तर अझै पनि ऐन व्यवस्थापकको निमित्त मजदूरहरूको निमित्त भए जस्तै कठोर भने हुन सकेको छैन। किनकि खराब आचारण गर्ने व्यवस्थापक वा प्रबन्धकलाई पांच हजार रुपैयांसम्म जरीवाना हुन सक्ने व्यवस्था छ। व्यवस्थापकको निमित्त पाँच हजार रुपैयाँ कुनै ठूलो कुरा होइन। तर खराब आचरण गर्ने कामदारको निमित्त भने सेवाबाट हटाउन सक्ने सम्मको सजाय गर्न सकिने व्यवस्था पनि यसै ऐनले गरेको छ। व्यवस्थापक खराब आचरण गरेर पनि पाँच हजार रूपैयाँ जरीवाना तिरेर मुक्त हुन सक्दछ तर कामदारलाई भने खराब आचरण गरेकै कारणबाट सेवाबाटै हटाउन सकिने हुनुले ऐन मजदूरभन्दा व्यवस्थापक (उद्योगपति) मुख्य भएको हुन पुगेको छ। यसको अतिरिक्त कामदारको खराब आचरणभित्र थुनछेक गर्ने कार्य, उत्पादन वा सेवा प्रक्रियामा असर पर्ने काम, आवतजावत गर्न नदिने कार्य, "कार्य सुस्ती गरेमा" आदिलाई पनि पारिएको छ। खास कुरा के हो भने "जब व्यवस्थापक मजदूरहरूद्वारा राखिएका मागहरूलाई बारम्बार वेवास्ता गर्दछ र राखिएका मागहरू पूरा गराउन कानूनले निर्धारण गरेका प्रक्रियाहरू बढी जटील एवं बढी समय लाग्ने हुन्छ भने त्यस्तो अवस्थामा कामदारहरूको निमित्त आफ्ना जायज मागहरू पूरा गराउन निमित्त दवाब दिने औजारको रूपमा धर्ना दिनु, घेराउ गर्नु, कार्य सुस्ती गर्नु र अन्ततः हडताल-मा उत्रनु मात्र विकल्पको रूपमा रहन्छ। तर ऐनले कामदारहरूको अन्तिम हतियारलाई नै खराब आचरणभित्र पारेको छ। यसरी हरेक अन्यायका विरूद्ध हडताल नै गर्नु पर्ने वाध्यता सिर्जना गरेको छ।

## गैर नेपाली नागरिकलाई काममा लगाउने?

श्रम ऐन २०४८ को दफा ४ (१) को अन्तमा नियुक्ति दिंदा नेपाली नागरिकहरूलाई प्राथमिकता दिनु पर्नेछ भनिएको छ, यसबाट पंचायतकालीन ऐनले तोकिएको अवस्थामा बाहेक गैर नेपाली नागरिकलाई कारखानामा काममा लगाउनु हुँदैन भनी राखेको प्रतिबन्धात्मक प्रावधानलाई झन् खुकुलो पारी गैर नेपाली नागरिकलाई काममा लगाउन छुट दिन सकिने भाषाको प्रयोग गरेको देखिनछ। यसबाट नेपालभित्रका उद्योगहरूमा नेपालीहरूको सट्टा गैर नेपाली मजदूरहरूको रोजगारी पाउने संभावनालाई बढाउंछ।

## बालक र महिलालाई के व्यवस्था गरेको छ?

यस ऐनको दफा ५ (१) ले केटाकेटीलाई कहीं पनि काममा लगाउन नपाइने व्यवस्था गरेको भएता पनि नेपालमा बाल मजदूरहरूको संख्या पर्याप्त रहेको छ। नेपालको कूल बाल जनसंख्याको करीब ६० प्रतिशत बालबालिकाहरू कृषि, कलकारखानामा, गलैंचा, चिया बगान, निर्माण, होटल आदि जस्ता विभिन्न क्षेत्रहरूमा कार्यरत रहेको अनुमान गरिएको छ। बाल मजदूरको सम्बन्धमा सन् १९८९ नोभेम्बर २० मा संयुक्त राष्ट्र संघद्वारा पारित बाल अधिकार सम्बन्धी महासन्धिमा स्वास्थ्य, शिक्षा वा विकासमा हानी पुग्ने प्रकारको काममा बालबालिकालाई लगाउनबाट संरक्षण गर्न तथा रोजगारीका शर्तहरू लागू गराउने राज्यको दायित्व भनिएका छ। तर हालसम्म पनि जन-निर्वाचित "प्रजातान्त्रिक" सरकारले बालबालिकाको स्वास्थ्य, शिक्षा वा विकासको निमित्र कुनै प्रकारको उत्तरदायित्व बहन गर्ने तर्फ अग्रसरता देखाएको पाइएको छैन। तसर्थ खाली ऐनमा मात्र व्यवस्था नगरेर ठोस व्यवहारिक कदम चाल्ने साहस सरकारले देखाउनु जरूरी छ।

ऐनको दफा ७ (२) ले नाबालिकलाई काममा लगाउन सकिने गरेको मात्र नभई "तोकिएको अवस्थामा बाहेक" र "सामान्यतः" भन्ने शब्दको प्रयोगले यसै दफामा रहेको विहान ६ बजेदेखि सांझ ६ बजेसम्म" काममा लगाउन सकिने भन्ने व्यवस्थालाई अर्थहीन बनाउन खोजेको छ र यसै दफामा रहेको यही व्यवस्थाले महिलाहरूको निमित्त पनि यही स्थितिको सृजना गरेको छ।

ऐनको दफा ५ (३) ले के भन्न खोजेका हो स्पष्ट हुँदैन। व्यवस्थापन र कामदार वा कर्मचारी वीच आपसी मंजुरीबाट उपयुक्त व्यवस्था मिलाई महिलालाई पनि पुरूष सरह काममा लगाउन सकिन्छ भनिएको छ। ऐनको काम यसो गर्न हुन्छ अथवा हुँदैन, पाइन्छ वा पाईंदैन भन्ने कुरा स्पष्ट किटान गरिदिनु हो। तर यहाँ ऐनले महिलालाई पनि पुरूष सरह जुनसुकै समय, जस्तोसुकै काममा कुनै विशेष सुविधा लगाउन सकिने भन्ने खोजेको हो वा महिलाहरूको निमित्र काम गर्ने ठाउँमा विशेष सुविधाहरू दिइनु पर्दछ भन्न खोजेको हो स्पष्ट हुँदैन। मिलोमतो वा आपसी कुराकानीबाट हाम्रो जस्तो पुरूष प्रधान समाजमा र महिलाहरूको बच्चा जन्माउने तथा हुर्काउने विशेष सामाजिक दायित्वले गर्दा महिलाहरूलाई पुरूष सरह काममा लगाउने स्थिति कसरी सृजना हुन्छ र? यदी हुन्छ भने ऐनको आवश्यकता किन पर्छ त?

ऐनको दफा ४८ (क) ले होटल वा ट्रामल्स. एजेन्सीका हकमा महिलालाई जुनसुकै समयमा पनि काममा लगाउन सकिने व्यवस्था गरेको छ तर यसरी जुनसुकै समय काममा लगाउँदा के कस्तो काममा के कस्तो विशेष सुरक्षाको प्रबन्ध गर्नु पर्ने हो भन्ने बारेमा ऐन मौन छ।

सारांशमा भन्ने हो भने महिलाहरूको निमित्त सर्वप्रथमतः रोजगारीको अवसर पुरूष सरह प्रदान गर्नको निमित्त कानूनी स्पष्ट किटानी सहितको व्यवस्था हुनुपर्दछ र महिलाहरूको निमित्त काम गर्ने ठाउँमा विशेष सुविधाहरूको प्रबन्ध हुनुपर्दछ। अन्यथा महिलाहरूको निम्ति पुरूष सरहको अधिकार व्यवहारिक रूपमा प्राप्त हुन सक्दैन। ❑

## नेपालमा कुन कुन फाँटमा कति मजदूर छन,?

| | | |
|---|---|---|
| १. | औद्योगिक मजदूरहरू<br>[केन्द्रीय तथ्यांक विभागको २०४५/४६ को तथ्यांक अनुसार] | १,४०,६३१ |
| २. | गलैचा मजदूरहरू<br>[गलैचा उद्योग संघको २०४६/४७ को तथ्यांक अनुसार अनुमानित] | २,५०,००० |
| ३. | यातायात मजदूरहरू<br>[ने स्व या म. सं को तथ्यांक अनुसार, ठूला वस कम्पनी, ट्रक, ट्याक्सी टेम्पोका मजदूरहरू, अनुमानित] | १,००,००० |
| ४. | गार्मेण्ट मजदूरहरू<br>[ने. स्व. गा. म. यू. को काठमाण्डू उपत्यकाको २०४८/५/२४ मा लिइएको तथ्यांक अनुसार] | १५,१२५ |
| ५. | ट्रेकिङ्ग मजदूरहरू<br>[ने. स्व. ट्रे. म. सं. को तथ्यांक संकलन अनुसार, काठमाण्डौंक १२५ ट्रेकिङ्ग ऐजेन्सिका ट्रेकिङ्ग मजदूरहरूको अनुमानित संख्या] | २५,००० |
| ६. | चिया बगान मजदूरहरू<br>[ने. स्व. चि म यू को तथ्यांक, मेचीको मात्र अनुमानित] | ५,००० |
| ७. | होटल मजदूरहरू<br>[ने स्व हो म यू को तथ्यांक, स्टार होटेलहरूका मजदूरको, अनुमानित] | ३५,००० |
| ८. | प्रेस मजदूरहरू<br>[Gefont को तथ्यांक अनुसार अनुमानित] | ५,००० |
| | कूल जम्मा- | ५,७५,७५६ |

# निर्धारित वेतन जीवन धान्न पर्याप्त छ त?



देशका वहुसंख्यक निमुखा र वाणी थिचिएका किसान र श्रमिकहरू जो सधैं सबैभन्दा बढी मेहनत गर्छन तर पनि गरीब छन् जस्को पेट भोको र आङ्ग नाङ्गो छ ती जनताको उत्थान गर्ने राजनीति र आर्थिक विकासको परिपाटी देशमा स्थापित गर्न चाहने ( नेपाली कांग्रेसको चुनावी घोषणा पत्र, मूल्य अंश २०४८) नेपाली कांग्रेसकै सरकार बनेको यतिका समय भैसकेको छ। तर, एकातिर दिन प्रतिदिन महँगी बढी-रहेको छ भने आर्कोतिर मजदूरको वेतन दर जस्ताको तस्तै रहेको छ। श्री ५ को सरकारले तोकेको मजदूरको वेतन दर निम्न अनुसार छः

| मजदूर वर्गीकरण | मासिक न्यूनता वेतन |
|---|---|
| अदक्ष | रू. ८०० I- |
| अर्धदक्ष | रू. ८५० I- |
| दक्ष | रू. ९५८ I- |
| उच्च दक्ष | रू. ११४१ I- |

उल्लिपखत वेतनले क. मजदूरको नाङ्गो आङ्ग र भोको पेटको मागलाई पूर्ति गर्दछ, त? यसको लागि एक महिनाको लागि एकजनालाई कम्तिमा कति खर्च चाहिंदो रहेछ, त्यो हेरौं। मजदूरको मासिक खर्च निकाल्दा एकजना मजदूर र उसको श्रीमती या श्रीमान मात्र भएको दुई जनाको परिवारलाई आधार बनाइएको छ। साथै मासिक खर्च निकाल्दा मज-दूरको कहिल्यै पनि बालबच्चा नहुने, घरमा बुढा बा आमा कोही पनि नहुने वा कोहीलाई पनि हेर्न नपर्ने, मजदुर कहिल्यै विरामी नपर्ने, डेरामा पाहुनाहरू नआउने, लुगाफाटोको जरूरत नपर्ने, सिनेमा वा मनोरंजन नचाहिने, चाडपर्व मनाउन नपर्ने, धार्मिक संस्कार वा विधि गर्नु नपर्ने, दूध वा फलफूल खान नपर्ने, यातायात खर्च नचाहिने आदि अर्थात एक मजदूरको जीवनमा तलको सूचीमा परेका खर्च बाहेक अरू केही खर्च आवश्यक नपर्ने अनुमान गरिएको छ।

चाहे मजदूर होस वा देशको प्रधानमन्त्री, परिवार भन्नाले हामीले कमसेकम श्रीमान, श्रीमती र दुई बच्चा भएको सझनु पर्दछ। त्यसमाथि झन् हाम्रो जस्तो विस्तृत परिवारमा परिवारको दायरा स्वतः फराकिलो छ। यस्तो अवस्थामा जम्मा दुई जनालाई महिनाभर बाँच्नको निम्त्ति मात्र खान पनि कम्तिमा रू. १९६६ I- (महंगी यो हिसाव निकाल्दा निकाल्दै पनि बढीरहेको छ) लाग्ने देखिन्छ। तर सरकारले तोकेको वेतन दर यति कम छ कि प्रत्येका महिना निम्न अनुसारको रकम अपूग रहन्छ :

## मासिक खर्च विवरण

| क्र.सं. | विवरण | आवश्यक परिमाण | दर | जम्मा रू. |
|---|---|---|---|---|
| १. | चामाल (मनसुली) | २५ के.जी. | १४ I- | ३५० I- |
| २. | दाल (मसुरो) | ३ के.जी. | २२ I- | ६६ I- |
| ३. | तरकारी (दैनिक रू. १० I- मो मात्र) | | ३०० I- | |
| ४. | मट्टितेल (दैनिक आधा लिटर मात्र) | १५ लिटर | ८ I- | १२० I- |
| ५. | खाने तेल (तोरी) | १.५ लिटर | ५८ I- | ८७ I- |
| ६. | नून, जिरा, वेसार आदि | अंदाजी | | ७५ I- |
| ७. | नुहाउने सावुन | २ गोटा | १० I- | २० I- |
| ८. | लुगाधुने साबुन | ३ गोटा | ६ I- | १८ I- |
| ९. | मंजन | ५० ग्राम | | १० I- |
| १०. | चिया (विहान १/१ कप मात्र होटलबाट मगाएर खाने | ६० कप | २ I- | १२० I- |
| ११. | खाजा (प्रति व्यक्ति रू. ५ I- को मात्र) | | ३०० I- | |
| १२. | घर भाडा (सानो एउटा कोठा मात्र) | | ५०० I- | |
| | जम्मा रू. | | | १९६६ I- |

दुईजनाको निमित्त प्रति महिना अपुग हुने रकम (प्रति महिना)

| मजदूरको वर्गीकरण | न्यूनता वेतन | मासिक खच | नपूग रकम |
|---|---|---|---|
| अदक्ष | ८०० I- | १९६६ I- | ११६६ I- |
| अर्धदक्ष | ८५० I- | १९६६ I- | १११६ I- |
| दक्ष | ९८५ I- | १९६६ I- | १००८ I- |
| उच्च दक्ष | ११४१ I- | १९६६ I- | ८२५ I- |

## कतिदेखि कति जना सम्म मजदूर भएका कति उद्योग छन,?

| मजदूर संख्या | उद्योग संख्या |
|---|---|
| १ - ४ जना सम्म | ६९७ |
| ५ - ९ जना सम्म | ८८२ |
| १० - १९ जना सम्म | ९५२ |
| २० - ४९ जना सम्म | ४३५ |
| ५० - ९९ जना सम्म | ३०१ |
| १०० - १९९ जना सम्म | २४० |
| २०० - ४९९ जना सम्म | १०५ |
| ५०० - ९९९ जना सम्म | १५ |
| ९९९- देखि माथि | ७ |

स्रोतः केन्द्रीय तथ्यांक विभाग

## महंगी कसरी बढिरहेको छ?

| | २०१७ सालमा | २०४९ सालमा (वैशाख २१ गते) | वृद्धि प्रतिशत |
|---|---|---|---|
| चामल १ किलोको मूल्य रु. | ०/८५ | १२.५० | १३७०.६ |
| चिनी १ किलोको मूल्य रु. | १/९० | १६. | ७४२.१ |
| मट्टीतेल १ लिटरको मूल्य रु. | /८३ | ८.५० | ९२४.१ |
| गोरखापत्र १ प्रतिको मूल्य रु. | /०४ | १.५० | ३६५०.० |
| चिया १ कपको | /१० | २.५० | २४००.० |
| सुन १ तोलाको | १८०/ | ८०००.० | ४३४४.४ |
| चाँदी १ तोलाको | ५/ | १५३.० | २९६०.० |
| सरदर महंगी वृद्धि प्रतिशत | | | २३४१.६% |
| बिगत ३२ वर्षको सरदर वार्षिक मूल्य वृद्धि प्रतिशत | | | ७३.२% |

स्रोतः २०१७ सालको वस्तुभाउ पखेरु साप्ताहिक, मंसिर २४, २०४३
२०४९ सालको वस्तुभाउ मूल्य संकलन मूल्याङ्कन

आई. एल.ओ. को श्रम सम्बन्धी घोषणापत्रमा उल्लेख भएको मार्गदर्शक सिद्धान्तले उचित जीवन स्तर निर्वाह गर्न प्रर्याप्त हुने गरी ज्याला दिइनु पर्दछ भनेको छ। तर सरकारले तोकेको न्यूनतम वेतनले यो सिद्धान्तलाई अर्थहीन बनाएको छ। सरकारले वेतन निर्धारण गर्नु भनेको कुनै पनि वेतनभोगीले निर्धारित वेतन भित्र आफ्नो आवश्यकता पूरा गर्न सक्ने हुनुपर्दछ, वा सरकारले राशन, आवास, औषधोपचार आदिको व्यवस्था गरी तोकीएको वेतनमित्र कर्मचारीहरूको आधारभूत आवश्यकता पूरा गराउने जिम्मा लिनु सक्नु पर्दछ। अन्यथा सरकारले वास्तविकता नबुझेको कि त सरकार देशका शासन चलाउन असक्षम भएको प्रमाणित हुन्छ।

माथिका विश्लेषणहरूको आधारमा वर्तमान नेपाली कांग्रेसको सरकारको देशको वहुसंख्यक गरीब, ग्रामीण, किसान, मजदूर, सुकुम्वासी, स-साना उद्यमी र व्यवसायीहरू, सीमित वेतनभोगी, शिक्षक र कर्मचारीहरू एवं भू.पू. सैनिकहरू, महिला समुदाय, बृद्ध बृद्धाहरू तथा शोषित पीडित पिछडिएका विभिन्न जात जातिका मानिसहरूलाई आफ्नो घर, शिक्षा दीक्षा, खान लाउने सुविधा, औषधीमूलो तथा यथोचित मनोरन्जन प्राप्त गर्न सक्ने कमाइको स्थितिमा पुऱ्याउने संकल्प मात्र चुनाव जित्नको निमित्त जनता झुक्याउने हतियारको रूपमा प्रयोग गरिएको संकल्प मात्र हो र यो संकल्प व्यवहारमा उतार्न चाहिं नेपाली कांग्रेस सरकार चाहँदैन र सक्दैन पनि भन्ने कुरामाथि विश्वास नगर्न सकिने देखींदैन। अतः आफ्नो स्थितिको सुधारको निमित्त मजदूरको हक, हित र अधिकारको प्राप्तिको निमित्त संसारका मजदूर एक होउ भने झैं एक भई निरन्तर अगाडि बढनु पर्ने देखिन्छ। ❑

– राजेन्द्रप्रसाद अधिकारी

### मजदूरहरूको न्यूनतम बेतन बृद्धि ऐतिहासिक बिकास क्रममा

| स्तरः | २०२२ | २०३० | २०३१ | २०३५ | २०३७ | २०४१ | २०४५ | २०४७ |
|---|---|---|---|---|---|---|---|---|
| अदक्ष | ११० \|= | १५० \|= | १६५ \|= | २०० \|= | २६० \|= | ३२५ \|= | ५३२ \|= | ८५० \|= |
| अर्द्धदक्ष | १३७ \|५० | १७३ \|= | १९२ \|५० | २३० \|= | २९९ \|= | ३६५ \|= | ५८२ \|= | ९०० \|= |
| दक्ष | २०२ \|२५ | २२८ \|= | २५३ \|९८ | २९० \|= | ३७७ \|= | ४५२ \|= | ६९० \|= | १००८ \|= |
| उच्चदक्ष | ३०९ \|३७ | ३२० \|= | ३५५ \|६८ | ३९० \|= | ५०७ \|= | ५९८ \|= | ८७३ \|= | ११९१ \|= |

स्रोतः नेपाल राजपत्रहरू

### मजदूरहरूको न्यूनतम वेतन कुन अनुपातमा बढीरहेको छ ?

| स्तर | २०२२ सालमा | २०४७ सालमा | बृद्धि प्रतिशत |
|---|---|---|---|
| अदक्ष मजदूरको | ११० \|= | ८५०= | ६७२.७ |
| अर्द्धदक्ष | १३७ \|५० | ९०० \|= | ५५४.५ |
| दक्ष | २०३ \|२५ | १००८ \|= | ३९५.९ |
| उच्चदक्ष | ३०९ \|३७ | ११९१ \|= | २८४.९ |
| सरदर बृद्धि प्रतिशत | | | ४७७.०२% |
| सरदर बार्षिक वृद्धि प्रतिशत विगत २५ वर्षमा | | | १९.०८% |

स्रोतः नेपाल राजपत्रहरू
तथ्यांक विश्लेषणः मूल्यांकन

### ILO को श्रम अधिकारपत्रमा के छ?

ILO अर्थात् अन्तराष्ट्रिय श्रम संगठनले आफ्नो (Lobour Charter) श्रम अधिकार पत्रमा मजदूरहरूको निम्न ९ वटा अधिकार हुनुपर्छ भनि घोषणा गरेको छ:

१. श्रमलाई फगत उपभोग्य बस्तु वा व्यापारिक वस्तुका रूपमा लिइनु हुँदैन;
२. सघमा संगठित हुने अधिकार
३. न्यायपूर्ण जीवनस्तर निर्वाह गर्नको लागि पर्याप्त ज्यालाको भुक्तानी
४. आठ घण्टाको श्रम दिन वा हप्तामा ४८ घण्टाको श्रम
५. हप्तामा कम्तीमा २४ घण्टाको आराम
६. बालश्रमको उन्मूलन
७. समान कामको निम्ति समान ज्याला
८. देशभित्रका संपूर्ण मज्दूरहरूको निम्ति समान आर्थिक व्यवहार (जस्तो प्रवाशी र देशवासि मजदूरहरूको निम्ति समान दर)
९. मजदूरहरूको रक्षाको लागि कानूनहरूको कार्यान्वियन सुनिश्चत गर्न निरीक्षण व्यवस्था।



बाँकी ..३६......पृष्ठको

प्रस्तुत गरिएको र जनगणना कार्य सम्वन्धी कतिपय कार्यहरू अझ सम्पन्न भै नसकेको हुनाले जनसंख्या वृद्धि तथा यससँग सम्बन्धित कुराहरूको विश्लेषण गर्न अहिले नै उपयुक्त हुँदैन, तथापि यस प्रारम्भिक नतीजा अनुसार निम्नलिखित निस्कर्ष भने निकाल्न सकिन्छ।

(क) २०३८-०४८ को दशकमा नेपालको जनसंख्याको वार्षिक वृद्धिदर करीव २.१ प्रतिशतले भइरहेछ।

(ख) पहिले झैं जनसंख्याको चाप हिमाली र पहाडी क्षेत्रबाट तराई क्षेत्रमा पर्ने क्रम जारी रहेको छ र यसको गति बढ्दैछ।

(ग) ग्रामीण जनसंख्या रोजगारीको लागि निरन्तर रूपले शहरीक्षेत्रतर्फ बसाइ सर्ने प्रवृत्ति बढ्दो छ।

(घ) नेपालको लिङ्ग अनुपात १०० स्त्रीहरूमा ९९.८७ रहेको भएता पनि नगरपालिकाहरूको लिङ्ग अनुपात १०० स्त्रीहरूमा १०९.३७ पुरूषहरू रहेकोबाट ग्रामीण क्षेत्रबाट कामको लागि शहरमा बसाइ सर्न आउनेहरूमा पुरूषको संख्या बढ्दो छ भन्ने कुरा अनुमान गर्नु पर्ने देखिन्छ।

(ङ) जनसंख्या वृद्धिको उपर्युक्त तथ्याङ्कलाई हेर्दा आर्थिक-सामाजिक संरचनामा परिवर्तन नगरीकन जनसंख्या वृद्धिको समस्यालाई समाधान गर्न सकिंदैन भन्ने देखिन्छ। ❑

(पुस, २०४८ कोटेश्वर)

द.नं. १२१८६ (12186) फोन नं. २-१३८६४

Have a whale of a time with English and Japanese भाषा सिक्न ईच्छुकहरूलागि A B C LANGUAGE INSTITUTE

वैज्ञानिक प्रविधिका साथ कक्षाहरू संचालन गर्दछ।

चाँडो गरौं, छिटो र छोटो समयमा स्तरीय बोलचाल तथा लेख्य भाषाको ज्ञान ग्यारेण्टीका साथ हाँसिल गरौं।

हाम्रा विशेषताहरू :-

१) ६ महिने विशेष कोर्षका साथै १२ महिने र २० महिने कोर्षहरू।
२) जान्दै नजान्नेदेखि लिएर माथिल्लो तहसम्मको लागि भर्ना।
३) Academic Qualification, Oral तथा Written Test को आधारमा भर्ना।
४) १० लेभलसम्म पूरा गर्नेलाई TOEFL को तयारी कक्षा।
५) प्रशिक्षणबाट असन्तुष्ट भएमा २५% कटाई ५ दिनसम्मका शुल्क फिर्ता।
६) पाठ्यपुस्तक उपलब्ध गराइने।
७) अडियो तथा अडियोभिज्युअल प्रविधिको प्रयोगबाट पनि प्रशिक्षण।

संपर्क स्थानः

**ABC LANGUAGE INSTITUTE**

**NAYAN BAZAR, KIRTIPUR**
**KATHMANDU,NEPAL**
**TEL : 213864**

नव वर्ष २०४९ सालको सुखद उपलक्ष्यमा सुख-शान्ति तथा समृद्धिका लागि हाम्रा ग्राहकहरू सहित समस्त देशवासीहरूप्रति हार्दिक मंलगमय शुभ-कामना!

**दुर्गा बिंडी फ्याक्ट्री**
चन्द्रलालपुर
चोहर्वा (सिराहा)

नव वर्षले सर्वत्र
सुख-शान्ति
ल्याओस्।

**नेपाल बैंक लिमिटेड**

नव वर्ष २०४९ को आगमनको सुखद उपलक्ष्यमा हाम्रा ग्राहक वर्ग सहित संपूर्ण देशवासीमा हार्दिक शुभ-कामना!

**सिराहा मेडिकल हल**
(थोक विक्रेता)
माडर, सिराहा

नव वर्ष २०४९ को सुखद उपलक्ष्यामा हाम्रा ग्राहक वर्ग सहित समस्त देशवासीहरूप्रति हार्दिक शुभ-कामना!

**शिव मेडिको** तथा **गोयल मेडिकल हल**
(थोक विक्रेता)
प्रो. - भागिरथ अग्रवाल
माडर, सिराहा

नव वर्ष २०४९ सालको सुखद उपलक्ष्यमा सुख-शान्ति तथा समृद्धिका लागि हाम्रा ग्राहकहरू सहित समस्त देशवासीहरूप्रति हार्दिक मंलगमय शुभ-कामना!

**विमल वस्त्रालय**
सिराहा, नेपाल

# नेपालमा जनसंख्या वृद्धि :

## राष्ट्रिय जनगणना २०४८ बाट प्राप्त केही तथ्याङ्क

❑ महेश्वरमान श्रेष्ठ

**अर्षिक वृद्धिदर**
**हिमालमा १.०४ %**
**पहाडमा १.६२ %**
**तराइमा २.७६ %**



जनसंख्याको आकार, बनौट र वितरणको स्वरूपमा प्रायः परिवर्तन भइरहन्छ। जनसंख्याको परिमाणलाई जनसंख्याको आकार भनिन्छ। जनसंख्याको आकार समय समयमा गरिने जनगणनाबाट थाहा पाउन सकिन्छ र यसबाट जनसंख्या वृद्धिदर र जनसंख्यासँग सम्बन्धित अन्य कुराहरू पनि थाहा पाउन सकिन्छ। नेपालको प्रथम जनगणना वि.सं. १९६८ मा लिइएको थियो। त्यसपछि दशदश वर्षमा जनगणना लिन थालिएको भएतापनि आधुनिक ढंगले अन्तर्राष्ट्रिय ढाँचा अनुसार वैज्ञानिक तरीकाद्वारा जनगणना लिने काम वि.सं. २००९/२०११ देखि मात्र शुरू गरिएको थियो। पहिलो जनगणनाको ६० वर्ष पछि वि.सं. २०२८ मा नेपालको जनसंख्या करीव दोब्बर भई १ करोड १५ लाख ५५ हजार पुग्न गएको थियो। यस वर्षको राष्ट्रिय जनगणना २०४८ को क्षेत्रीय गणना-कार्य जेष्ठ २२ गतेदेखि शुरू गरी आषाढ ७ गतेसम्ममा सम्पन्न गरिएको थियो। २०४८ साल आषाढ ८ गते तदनुसार सन् १९९१ जुन २२ को सूर्योदयको समयलाई रिफरेन्स समय मानी जन गणना कार्यबाट प्राप्त तथ्याङ्कको विश्लेषण गर्न थालिएकोमा हालसम्म केही प्रारम्भिक तथ्याङ्क जनसमक्ष आएको छ। त्यसैलाई आधार मानेर नेपालको जनसंख्या सम्वन्धी केही चर्चा यहाँ प्रस्तुत गरिएको छ।

### जनसंख्याको आकार तथा जनसंख्या वृद्धि

वि.सं. १९६८ मा नेपालको जनसंख्या ५६ लाख ३८ हजार ७ सय ४८ थियो भने२००९/११ मा ८२ लाख, ५६ हजार ६ सय २५ र २०४८ मा सम्पन्न जनगणना अनुसार नेपालको जनसंख्या १ करोड ८४ लाख ६२ हजार ८१ पुग्न गएको छ। यसले नेपालको जनसंख्या तीव्र रूपले वढीरहेको छ भन्ने कुरालाई स्पष्ट संकेत गर्दछ। तालिका नं. १ मा नेपालका जनसंख्या वृद्धिलाई प्रस्तुत गरिएको छ।

तालिका नं. १
**विभिन्न जनगणना कालमा नेपालको जनसंख्या र वृद्धिदर २००९/११-२०४८**

| जनगणना वर्ष | जनसंख्या | ज्यामितिक वृद्धि दर % |
|---|---|---|
| २००९/११ साल | ८२,५६,६२५ | - |
| २०१८ साल | ९४,१२,९९६ | १.६५ |
| २०२८ साल | १,१५,५५,९८३ | २.०७ |
| २०३८ साल | १,५०,२२,८३९ | २.६६ |
| २०४८ साल | १,८४,६२,०८१ | २.०८ |

श्रोत :
1. पपुलेशन मोनोग्राफ अफ नेपाल, के.त.वि.
2. स्टाटिस्टिकल एयरबुक अफ नेपाल १९९१ – के.त.वि.
3. तथ्याङ्क गतिविधि पूर्णाङ्क ४२ – के.त.वि.

उपर्युक्त तालिका नं. १ अनुसार २००९/११ र २०१८ को अवधिमा नेपालको जनसंख्याको वार्षिक वृद्धिदर १.६५ प्रतिशत रहन गएकोमा २०१८-२०२८ को अवधिमा बढेर वार्षिकदर २.०० प्रतिशत पुग्न गएको देखिन्छ। त्यसै गरी २०२८-२०३८ को अवधिमा अझ बढेर २.६६ प्रतिशत र २०३८-२०४८ को अवधिमा वार्षिक वृद्धिदर २.०८ रहन गएको छ। यसबाट जनसंख्या वृद्धिदरलाई रोक्न गरिएका विभिन्न प्रयत्नहरूका वावजूद पनि जनसंख्याको आकार र चाप खास रूपमा घट्न नसकेको कुरा प्रष्ट देखिन्छ।

### जनसंख्याको भौगोलिक तथा विकास क्षेत्र अनुसारको वितरण

जनसंख्याको वितरण सबै ठाउँमा समान रूपले भएको हुँदैन। कुनै ठाउँमा बस्ती बाक्लो हुन्छ भने कुनै ठाउँमा बस्ती पातलो हुन्छ। देशको हावापानी, माटो, धरातलीय स्वरूप, प्राकृतिक तथा भौगोलिक स्थिति, यातायात तथा संचार, उद्योग तथा व्यापार, कृषिको आधुनिकीकरण, रोजगारीको अवसर तथा आर्थिक स्थिति, समाजको रीतिरिवाज, चालचलन, लेनदेन, व्यवहार, शिक्षाको स्तर, स्वास्थ्य तथा उपचारको अवसर र सुरक्षात्मक स्थिति आदिले जनसंख्याको भौगोलिक वितरणलाई प्रभाव पार्दछ।

नेपालको भौगोलिक क्षेत्र तथा विकास क्षेत्र अनुसार जनसंख्याको वितरण समान नभएको र त्यसमा पनि केही परिवर्तन हुन थालेको कुरा तालिका नं. २ र ३ ले देखाउँदछन्।

उपर्युक्त तालिका नं. २ अनुसार २०३८ सालको जनगणनामा हिमाली क्षेत्रमा कूल जनसंख्याको ८.६७ प्रतिशत जनसंख्या रहेकोमा २०४८ सालमा घटेर ७.८२ प्रतिशत मात्र रहन गएको छ। त्यसैगरी पहाडी क्षेत्रमा २०३८ सालमा ४७.६८ प्रतिशत जनसंख्या रहेकोमा २०४८ सालमा ४५.५६ प्रतिशत मात्र रहेको छ। २०४८ सालको जनगणना

**तालिका नं. २**
**भौगोलिक क्षेत्र अनुसार जनसंख्याको वितरण (२०३८-२०४८)**

| क्षेत्र | जनसंख्या | | | | ०३८/०४८ |
|---|---|---|---|---|---|
| | २०३८ | प्रतिशत | २०४८ | प्रतिशत | को % वृद्धिदर |
| हिमाली | १३,०२,८९६ | ८.६७ | १४,४४,४८१ | ७.८२ | १.०४ |
| पहाडी | ७१,६३,११५ | ४७.६८ | ८४,११,३०९ | ४५.५६ | १.६२ |
| तराई | ६५,५६,८२८ | ४३.६५ | ८६,०६,२९१ | ४६.६२ | २.७६ |
| नेपाल | १,५०,२२,८३९ | १००.०० | १,८४,६२,०८१ | १००.०० | २.०८ |

स्रोत : पूर्ववत्

अनुसार जनसंख्याको ४६.६२ प्रतिशत तराई क्षेत्रमा रहन गएबाट जनसंख्याको मुख्य चाप तराई क्षेत्रमा पर्न गएको कुरा प्रष्ट देखिन्छ। यसरी कूल जनसंख्याको वितरण २०३८ को तुलनामा हिमाली प्रदेशमा ०.९ प्रतिशतले घट्न गएको देखिन्छ भने पहाडी क्षेत्रमा २.१ प्रतिशतले घट्न गएको छ। तराई क्षेत्रमा भने ३ प्रतिशतले वृद्धि हुन गएको देखिन्छ। २०३८-०४८ को दशकमा औसत वार्षिक वृद्धिदर हिंमाली, पहाडी र तराई क्षेत्रमा क्रमशः १.०४, १.६२ र २.७६ रहन गएको देखिन्छ।

तालिका नं. ३.१ अनुसार मध्यमाञ्चल विकास क्षेत्रमा सवभन्दा बढी जनसंख्या ३३.४४

**तालिका नं. ३.१**
**विकास क्षेत्र अनुसार जनसंख्याको वितरण (२०३८-२०४८)**

| विकास क्षेत्र | २०३८ | | २०४८ | | |
|---|---|---|---|---|---|
| | जनसंख्या | प्रतिशत | जनसंख्या | प्रतिशत | वृद्धि दर |
| पूर्वाञ्चल | ३७,०८,९२३ | २४.६९ | ४४,४८,३७४ | २४.१० | १.८३ |
| मध्यमाञ्चल | ४९,०९,३५७ | ३२.६८ | ६१,७४,२३७ | ३३.४४ | २.३२ |
| पश्चिमाञ्चल | ३१,२४,८५९ | २०.८३ | ३७,५१,९२२ | २०.३२ | १.८३ |
| मध्यपश्चिमाञ्चल | १९,५५,६११ | १३.०२ | २४,०६,०९५ | १३.०३ | २.०९ |
| सुदूरपश्चिमाञ्चल | १३,२०,०८९ | ८.७८ | १६,८१,४५३ | ९.११ | २.४५ |
| नेपाल | १,५०,२२,८३९ | १००.०० | १,८४,६२,०८१ | १००.०० | २.०० |

स्रोतः पूर्ववत्

प्रतिशत भएको देखिन्छ भने दुईवटा अञ्चल मात्र भएको सुदुरपश्चिमाञ्चल विकास क्षेत्रमा सवभन्दा कम जनसंख्या ९.११ प्रतिशत भएको देखिन्छ। तर वृद्धिदरको दृष्टिले सवभंन्दा बढी वार्षिक वृद्धिदर सुदूरपश्चिमाञ्चल क्षेत्रमा २.४५ प्रतिशत देखिन्छ।

जिल्ला अनुसार जनसंख्याको आकारलाई हेर्दा सवभन्दा बढी जनसंख्या भएका तीन जिल्लाहरूमा क्रमशः मोरङ्ग, काठमाण्डौ र झापा पर्दछन्। सवभन्दा कम जनसंख्या भएका जिल्लाहरूमा मनाङ्ग, मुस्ताङ्ग र डोल्पा जिल्ला पर्दछन्।

**तालिका नं. ३.२**
**सवभन्दा बढी र सवभन्दा कम जनसंख्या भएका ३/३ जिल्लाहरू**

| सवभन्दा बढी | | सवभन्दा कम | |
|---|---|---|---|
| जिल्ला | जनसंख्या | जिल्ला | जनसंख्या |
| मोरङ्ग | ६,७६,४१७ | मनाङ्ग | ५,३६९ |
| काठमाण्डौ | ६,६८,६०५ | मुस्ताङ्ग | १४.३१९. |
| झापा | ५,९४,१०० | डोल्पा | २५,०७५ |

स्रोत : तथ्याङ्क गतिविधि पूर्णाङ्क ४२

सवैभन्दा बढी प्रतिवर्ष वास्तविक जनसंख्या वृद्धिदर भएका जिल्लाहरूमा काठमाण्डौ ४.५८ प्रतिशत, कञ्चनपुर ४.३४ प्रतिशत र बर्दिया ३.८३ प्रतिशत पर्दछन्।

## ग्रामीण तथा शहरीक्षेत्रमा जनसंख्याको वितरण

नेपालको जनसंख्याको ठूलो भाग ग्रामीण क्षेत्रमा नै बसोवास गर्दछन् भन्ने कुरा ग्रामीण तथा शहरी क्षेत्रको जनसंख्याको वितरणले देखाउँछ। ग्रामीण तथा शहरी क्षेत्रको जनसंख्या वितरणलाई तालिका नं. ४ मा प्रस्तुत गरिएको छ।

प्रस्तुत तालिका नं. ४ अनुसार शहरी क्षेत्रको जनसंख्याको प्रतिशतमा केही वृद्धि भएको देखिएता पनि अझ पनि देशको जनसंख्याको करीब ९१ प्रतिशत जनता ग्रामीण क्षेत्रमा नै बसोवास गर्दछन्। यसबाट नेपालको जनताको समस्या भनेको ग्रामीण जनताको समस्या हो भन्ने कुरालाई स्पष्ट गर्दछ।

शहरी क्षेत्रमा सवभन्दा बढी जनसंख्या भएको नगरपालिकामा काठमाण्डौ, ४,१४,२६४

**तालिका नं. ४**
**ग्रामीण तथा शहरी क्षेत्रमा जनसंख्याको वितरण**
**२०३८-२०४८**

| जनगणना २०३८ | | जनगणना २०४८ | |
|---|---|---|---|
| शहरी | ग्रामिण | शहरी | ग्रामिण |
| ९,५६,७२१ (३.५७) | १,४०,६६,११८ (९६.४३) | १६,८२,२७४ (९.११) | १,६७,७९,८०७ (९०.८९) |

*कोष्ठ भित्रको अङ्कले प्रतिशतलाई जनाउँछ। स्रोत : पूर्ववत्।*

विराटनगर, १,३०,१२९ र ललितपुर, १,१७,२०३ छन्। सवभन्दा कम जनसंख्या भएका नगर पालिकाहरूमा धुलिखेल ९,६६४, दिपायल १२,२५९ र बनेपा १२,६२२ छन्।

नगरपालिकाहरूको वार्षिक जनसंख्या वृद्धिदर भने पोखराको ७.४१ प्रतिशत, भरतपुरको ७.०८ प्रतिशत र काठमाण्डौको ५.८३ प्रतिशत रहेको देखिन्छ। नगर पालिकाहरूको सरदर जनसंख्या वृद्धिदर ४.४० प्रतिशत रहेको छ।


*महेश्वरमान श्रेष्ठ*

## जनघनत्व र लिङ्ग अनुपात

जनघनत्वले भूमिमाथि जनसंख्याको चापलाई अभिव्यक्त गर्दछ। सामान्यतया कूलक्षेत्रको प्रति वर्गकिलोमिटरमा (वा कूल खेतीयोग्य भूमिको प्रति वर्ग किलोमिटरमा) कति जनसंख्या बसोवास गर्दछन् भनेर नाप्ने चलन छ र यसैलाई जनघनत्व भनिन्छ। देशको जनसंख्यामा १०० स्त्रीमा कति पुरुष पर्दछन् वा १०० पुरुषमा कति स्त्री पर्दछन भन्नेलाई लिंग अनुपात भनिन्छ। तालिका नं. ५ मा नेपालको जनसंख्याको जनघनत्व र लिङ्ग अनुपात प्रस्तुत गरिएको छ।

उपर्युक्त तालिका नं. ५ अनुसार नेपालमा जनघनत्व निरन्तर रूपले बढ्दै गएको देखिन्छ। जनसंख्या वृद्धि हुँदै जाँदा यसो हुनु स्वभाविक नै हो। यस अनुसार प्रति १०० स्त्रीहरूमा २०३८ सालमा १०५.०२ पुरुषहरू भएकोमा २०४८ सालको जनगणना अनुसार १०० स्त्रीहरूमा ९९.७८ मात्र पुरुष भएको देखिएको छ। यसले कामको खोजीमा पुरुषहरू देश बाहिर गतिशील हुन थालेको कुरा- तर्फ संकेत गर्दछ।

## निस्कर्ष

यस लेखमा उल्लेख गरिएका तथ्याङ्क राष्ट्रिय जनगणना २०४८ को प्रारम्भिक नतीजा अनुसार

**तालिका नं. ५**
**नेपालको जनघनत्व र लिङ्ग अनुपात (२००९/११-२०४८)**

| जनगणना वर्ष | जनसंख्या | | | जनघनत्व | लिङ्ग अनुपात |
|---|---|---|---|---|---|
| | पुरुष | स्त्री | कूल | | |
| २००९/११ | ४०,५०,६०७ | ४१,८४,४७२ | ८२,३५,०७९ | ५६.६ | ९६.८० |
| २०१८ | ४६,३६,०३३ | ४७,७६,९६३ | ९४,१२,९९६ | ६४.० | ९७.०५ |
| २०२८ | ५८,१७,२०३ | ५७,३८,७८० | १,१५,५५,९८३ | ७८.५ | १०१.३७ |
| २०३८ | ७६,९५,३३६ | ७३,२७,५०३ | १,५०,२२,८३९ | १०२.१ | १०५.०२ |
| २०४८ | ९२,२२,९१४ | ९२,४१,१६७ | १,८४,६२,०८१ | १२५.४ | ९९.७८ |

स्रोत : पूर्ववत्

(बाँकी पृष्ठ.३३मा)




# राज्यले नागरिकको स्वस्थ रहने मौलिक अधिकार को सुरक्षा गर्नु पर्ने दायित्व पुरा गऱ्यो त?

"सबैको लागि स्वास्थ्य" को अर्थ यो कदापि होइन कि कतै बिरामी नै हुने छैनन् र जो बिरामी पर्नेछ उसको लागि घर दैलोमै विशेषज्ञको सेवा उपलब्ध हुनेछ। स्वास्थ्यलाई परिभाषित गर्न सजिलो त निश्चय नै छैन, तापनि विश्व-समुदायले स्वीकारेको कुरा चाहिं के हो भने, स्वास्थ्य भन्नु मानिसले स्वतन्त्रतापूर्वक निर्बाध रूपमा सामाजिक तथा आर्थिक उत्पादनशील जीवनयापन गर्न सक्ने अवस्था हो। त्यसैले यस्तो स्थितिमा बाँच्न पाउन सबै पृथ्वीवासीले समान अवसर पाउनु पर्छ अथवा राज्यले त्यो अवसर आफ्ना प्रत्येक नागरिकलाई समान रूपले उपलब्ध गराउन सक्नु पर्छ- यही नै "सबैको लागि स्वास्थ्य" विश्व - अभियानको मूल उद्देश्य हो।

## संपन्नता र विपन्नता बीचको खाडल

विकासोन्मुख देशहरूमा आज पनि असंख्य मानिसहरू त्यस्ता कारणहरूले अकालमै मरिरहेछन, जसको रोकथाम र उपचार असंभव छैन। गरीबी र अभावकै कारणले ती मुलुकहरूमा यसरी मानव जीवनहरू गुमिरहेछन्। यथार्थमा आजको विश्वमा प्रत्येक मानिसले स्वस्थ जीवनयापन गर्नको निम्ति आवश्यक श्रोत, साधन र शीप पर्याप्त छ। प्रश्न केवल समानता र सामाजिक न्यायको मात्र हो। तेश्रो विश्वमा बसोवास गर्ने विश्वका तीन चौथाई जनताले हाम्रो पृथ्वीको १० भागको एक भाग श्रोतलाई मात्र उपभोग गर्न पाउँछन्। विश्वभरिको उत्पादनको दुई तिहाई भाग विश्व-जनसंख्याको केवल एक चौथाई विकसित मुलुकका वासिन्दाले खपत गर्ने गर्दछन्। आर्थिक चापले थिचिएका यी गरीब राष्ट्रहरूमा स्वास्थ्यको निम्ति प्रति व्यक्ति प्रति वर्ष सालाखाला ५ अमेरिकी डलर खर्च हुने गर्दछ भने विकसित राष्ट्रहरूमा धेरै जसो यो खर्च २००० अमेरिकी डलरसम्म पुग्ने गर्दछ। (प्रेस-विज्ञप्ति, WHO/44, 31 August 1990)।

संपन्न र विपन्न राष्ट्रहरूको बीचको यो दूरी त्यहाँका जनताको स्वास्थ्यमा स्पष्ट प्रतिबिम्बित भएको छ। विकसित मुलुकहरूमा सरदर आयु ७२ वर्ष छ भने विकासोन्मुख राष्ट्रहरूमा केवल ५५ वर्ष। धनी देशहरूमा प्रति १००० जन्ममा १० देखि २० शिशुहरूको एक वर्षको उमेरभित्र मृत्यु हुन्छ भने अति गरीब मुलुकहरूमा प्रत्येक १००० जन्मिएका बच्चाहरूमा एक वर्ष नपुग्दै २०० शिशुहरू मर्ने गर्दछन् भने थप १०० बच्चाहरूको पाँच वर्ष पुग्दा नपुग्दै मृत्यु हुन्छ र ४० वर्षको उमेरसम्म केवल ५०० मात्र जीवित रहन्छन्। (Global Strategy for Health for All by 2000 AD, WHO, 1990)

एकातिर विकासोन्मुख मुलुकहरूमा पिउने सफा पानीको अभावको कारणले प्रत्येक वर्ष करोडौं मानिसको ज्यान जाने गर्दछ भने संसारभरिकै मानिसहरूलाई सुरक्षित पानी उपलब्ध गराउन चाहिने छ अर्ब अमेरिकी डलर विकसित मुलुकहरूको सैनिक गतिविधिमा २ हप्तामा खर्च हुने गर्दछ। (Dr. Sarad Raj Onta, International Drinking Water Supply & Sanitation Decade 1981-1990 & Nepal, MPH Thesis 1990.)


असमानता संपन्न र विपन्न राष्ट्रहरूको बीच मात्रै होइन एउटा गरीब राष्ट्र भित्रै पनि प्रचुर छ। रोग र भोकको भूमरीमा फसेका विकासोन्मुख देशहरूका एक अर्ब जनताको मुख्य भाग दुर्गम ग्रामीण इलाका र शहरी झुपट्टी (Slum) मा थुप्रै सामाजिक वञ्चितताका साथ रहने गर्दछन्। (Global Srategy for WHO, 1990) तिनीहरूको स्वास्थ्यको सुधार नभैकन "सबैको लागि स्वास्थ्य" को नारा वास्तवमा अनुवाद हुन सक्तैन र यो त्यति बेला मात्रै संभव हुन्छ, जब तिनीहरूले अरू सरह स्वस्थ रहन पाउने समान अवसर पाउँछन्। यसैले सबैको लागि स्वास्थ्य उपलब्ध गराउने विश्व समुदाय र प्रत्येक राष्ट्रको संकल्पले निश्चय नै समानता र सामाजिक न्यायको माग गर्दछ।

## स्वास्थ्यमा समानता र समाजिक न्याय

स्वस्थ जीवन बाँच्न पाउनु आधारभूत मानव अधिकार हो (Global Strategy .......... WHO, 1990)। धनी होस् या गरीब, शहरवासी होस् या दुर्गम क्षेत्रको ग्रामीण, प्रत्येक नागरिकको यो अधिकार राज्यले सुनिश्चित गर्नु पर्दछ र यसको सुरक्षा गर्नु पर्दछ। अर्को शब्दमा, देशका संपूर्ण नागरिकहरूले सबै तहका स्वास्थ्य सुविधाहरू समान रूपले उपभोग गर्न पाउनु पर्दछ। यसको अर्थ संपूर्ण स्वास्थ्य सेवा राज्यले तत्कालै निःशुल्क उपलब्ध गराउनु होइन (कुनै समय राज्य सक्षम भएमा निःशुल्क पनि हुन सक्छ), तर सबैले वहन गर्न सक्ने मूल्यमा स्वास्थ्य सेवाको तर्जुमा गर्नु पर्ने भने राज्यको उत्तरदायित्व हो। स्वास्थ्य सेवाको मूल्य चुकाउन असमर्थ भएकै कारणले यदि उचित स्वास्थ्य सेवाको अवसर नपाएर कसैले अकालमै मर्नु पर्ने अथवा स्वस्थ भै बाँच्न नपाउने स्थिति देशमा रहिरहयो भने राज्यले नागरिकको स्वास्थ रहन पाउने अधिकारको सुरक्षा गरेको कदापि ठहरिन्न र जवसम्म स्वास्थ्य सेवा समानता र सामाजिक न्यायमा आधारित हुँदैन, तबसम्म सबैको लागि स्वास्थ्यको कल्पना पनि गर्न सकिन्न।

## हाम्रो आफ्नो सन्दर्भ

सबै नेपालीलाई स्वास्थ्य उपलब्ध गराउने प्रतिबद्धता देखाउँदै अल्मा-आटा घोषणा-पत्रमा हस्ताक्षर गर्ने पहिलो पंक्तिको १३४ देशहरूमा नेपाल पनि एउटा हो। यो घोषणाको आज १२ वर्ष बितिसक्दा पनि नेपाली जनताको स्वास्थ्यको स्तरमा आशातीत प्रगति देखा पर्न सकेको छैन। विश्वका अति गरीब भनी वर्गीकरण गरिएका देशहरू मध्ये पनि नेपालको स्थिति स्वास्थ्यको सन्दर्भमा निकै तल्लो स्तरको मानिन्छ। नेपालीको भन्दा औसत आयु कम भएका मुलुकहरू विश्वमा १८ वटा मात्रै छन् र नेपालमा भन्दा बढी शिशु-मृत्यु दर हुने देशहरू १५ वटा मात्रै छन्। (Dr. Almas Ali, Status of Health in Nepal, Resource Centre for Primary Health Care, Kathmandu 1991) त्यस्तै कतिपय रोगहरूको विद्यमानतामा नेपालले विश्वमा नै पहिलो, दोश्रो स्थान ओगटेको छ। भोक र रोगले ग्रस्त नेपाली जनताको अति ठूलो भाग स्वास्थ्य सुविधाको अवसरबाट वञ्चित भएर ग्रामीण इलाकामा बस्ने गर्दछन्। त्यसैले हाम्रो सन्दर्भमा समानता र सामाजिक न्यायको सवाल भन्नु नै तिनै जनताको स्वस्थ रहन पाउने अधिकारको राज्यले निर्वाह गर्नु पर्ने सुरक्षाको सवाल हो। त्यसैले स्वास्थ्य-को विकास भन्नु समाज विकासको समग्र उन्नति संगसंगै हुने द्वन्दात्मक प्रकृया हो, तापनि यहाँ उठाउन खोजिएको प्रसंग हो - समानता र सामाजिक न्यायको प्रश्न, जसले स्वास्थ्यको विकासमा अहम् महत्व राख्दछ।



डा. शरद वन्त

विगतमा राज्यले यो

दायित्व निर्वाह गर्न नसक्नु नै नेपालीले भोग्नु परेको यो स्थितिको पछाडि रहेका थुप्रै कारणहरू मध्ये एउटा अत्यन्तै जिम्मेवार कारण हो।

# नयाँ राष्ट्रिय स्वास्थ्य-नीति समानता र सामाजिक न्यायको कसीमा

विगतका थुप्रै कमजोरीहरूलाई औंल्याउँदै राष्ट्रिय स्वास्थ्य-नीति प्रकाशमा आएको छ। प्रतिरोधात्मक, उपचारात्मक र संबर्द्धनात्मक सेवाको विकास, विकेन्द्रिकरण र जन सहभागिता जस्ता अनगिन्ती बुँदाहरू यस नीतिले वंशानुगत झैं बोकेको छ, यो अत्यन्तै महत्वपूर्ण पक्ष हो- स्वास्थ्य नीतिको: यो हिजो पनि थियो र आज पनि छ। यसमा नयाँपन केही छैन। यसबाहेक नयाँ राष्ट्रिय स्वास्थ्य-नीतिले प्रस्तुत गरेका केही नयाँ कुराहरू पनि छन् भने ती हुन्- स्वास्थ्य सेवाको संगठनात्मक परिवर्तन र स्वास्थ्य सेवाको संगठनात्मक वृद्धि।

स्वस्थ्य सेवाको संगठनात्मक बनावटले निश्चित रूपमा सेवाको प्रभावकारितामा ठूलो भूमिका खेल्दछ, तर संगठनात्मक रचना आफैंमा ठोस नीति होइन, यो त केवल स्वास्थ्य नीतिको पछाडि रहेको दृष्टिकोण र दर्शनलाई कार्यान्वयन गर्ने व्यवस्थापनात्मक औजार (managerial instrument) मात्रै हो। त्यसैले जनताको स्वास्थ्य प्रतिको दृष्टिकोण र दर्शन आवश्यकता अनुरूप हुन नसके संगठनात्मक रचनाले मात्रै स्वास्थ्यको विकासमा कुनै योगदान दिन सक्तैन। नयाँ नीतिले प्रस्तुत गरेको संगठनात्मक परिवर्तनले यस्तो दृष्टिकोण र दर्शनको अभावमा ठूलो अर्थ राख्दैन।

नयाँ नीतिको अर्को पक्ष- स्वास्थ्य सेवाको संगठनात्मक वृद्धि अन्तर्गत हालको स्वास्थ्य सेवा इकाइहरूमा थप गरी ग्रामीण क्षेत्रमा स्वास्थ्य सेवालाई विस्तार गरिने नीति छ भने केन्द्रीय अस्पतालहरूलाई आधुनिकीकरण गरी सेवाको स्तरमा वृद्धि गरिने योजना छ। फेरि पनि, यी सुविधाहरूको विस्तारले मात्र "सबैको लागि स्वास्थ्य" अभियानलाई कदापि चरितार्थ गर्न सकिन्न। यो राष्ट्रिय स्वास्थ्य-नीति स्वास्थ्यको मूल प्रश्नमा मौन छ र त्यो मूल प्रश्न हो- नागरिकले ती सेवाहरू कसरी उपभोग गर्दछ? जबसम्म यो प्रश्नको ठोस उत्तर प्राप्त हुँदैन तबसम्म संगठनात्मक परिवर्तन, सेवा विस्तार आदिको कुनै अर्थ रहँदैन।

जनताको घर दैलोमै स्वास्थ्य सुविधाहरूको थुप्रो लगाइ दिंदैमा के हुन्छ? - यदि तिनीहरू ती सुविधाहरू उपभोग गर्न सक्षम हुँदैनन् भने। एउटा सजिलो उदाहरण यहाँ प्रस्तुत गरौं: जिल्ला अस्पतालमा न्यूनतम प्रयोगशाला-सहुलियतको विकास गरिने लक्ष छ। तर त्यो "सहुलियत" को मूल्यलाई नागरिकले कसरी वहन गर्छ, यसको कुनै व्याख्या छैन। एउटा एक्स-रे को जति मूल्य पर्दछ, त्यो मूल्य एउटा धनी परिवारलाई नगण्य होला तर त्यही मूल्य अर्को गरीब परिवारको लागि असंभव बन्न सक्छ, यो स्थितिमा त्यो गरीब परिवारले आवश्यकता अनुसार एक्स-रे सुविधाको उपभोग कसरी गर्छ? त, यो एक्स-रे को सुविधा नागरिकको अधिकार हो या पैसाले किन्ने सहुलियत? यदि मूल्य वहन गर्न नसकेको कारणले त्यो गरीब परिवार एक्स-रे को सुविधाबाट वञ्चित हुनु पर्‍यो भने यहाँ समानता र सामाजिक न्यायको निर्वाह कसरी भयो? यसको कुनै जवाफ वर्तमान राष्ट्रिय स्वास्थ्य-नीतिसंग छैन।

केन्द्रीय अस्पतालहरूलाई आधुनिकीकरण गरिने नीति आफैमा निःशन्देह नराम्रो होइन। तर गंभीरतासाथ उठाउनु पर्ने प्रश्न के हो भने यो थप आर्थिक भार उठाएर गरिने आधुनिकीकरण कसको लागि? के मेचीदेखि महाकालीसम्म प्रत्येक कुनामा बस्ने नेपालीले आफ्नो गच्छे अनुसारको मूल्य चुकाएर आवश्यकता अनुसार आधुनिक स्वास्थ्य सेवा उपभोग गर्न सक्छन्? यो सत्य हो कि यतिखेर धेरै नेपालीहरू स्वास्थ्य सेवा प्राप्य नभएर मात्रै होइन त्यसलाई उपभोग गर्न (खरिद गर्न) सक्षम नभएर मरिरहेछन् र यस मूल प्रश्नको उत्तर राज्यले दिन नसके यो स्थिति भविष्यमा पनि यथावत् रहने निश्चित छ। यसको जवाफ पनि राष्ट्रिय स्वास्थ्य-नीतिसंग छैन। त्यसैले स्पष्ट छ- स्वास्थ्य सेवाको आधुनिकीकरण सीमित शहरी शालीनहरूको लागि हुनेछ जो यसको मूल्य चुकाउने क्षमता राख्दछन्। यसरी, नेपाली कांग्रेस सरकारको राजनैतिक प्रतिबद्धता सहित प्रकाशित नयाँ राष्ट्रिय स्वास्थ्य-नीति समानता र सामाजिक न्यायमा आधारित भएको देखिदैन र यसले स्वास्थ्यलाई सबै नागरिकको मौलिक अधिकार होइन, सक्षम वर्गको सहुलियतको रूपमा वकालत गरेको छ।

## स्वास्थ्यमा समानता र सामाजिक न्यायको प्रमुख सवाल

सवाल निश्चय नै निरपेक्ष समानताको होइन। समान अवसरको यो अर्थ होइन कि प्रत्येक सुविधा सबैलाई बराबर बाँडिनु पर्छ, अथवा जुन सुविधा राजधानीमा छ त्यही सुविधा प्रत्येक जिल्ला वा गाउँमा पनि हुनुपर्छ- यो माग कदापि सामयिक हुँदैन। सवाल यो हो कि- स्वास्थ्यको क्षेत्रमा राज्यले जुन लगानी गर्छ, त्यसको उपभोग गर्ने अवसर सबै नागरिकलाई समान रूपले कसरी प्रदान गर्ने? हाल सि.टी. स्क्यानिङ्गको सुविधा राजधानीको एउटा अस्पतालमा मात्रै उपलव्ध छ, यसको यो निष्कर्ष होइन कि- सि.टी. स्क्यानिङ्गको आवश्यकता काठमाडौं र वरपरका नागरिकहरूलाई मात्र पर्दछ। अत्यधिक जरूरत परेमा दुर्गम ग्रामीण क्षेत्रमा बस्ने नेपालीले त्यस सुविधालाई कसरी उपभोग गर्दछ? प्रश्न केवल भौगोलिक दूरीको मात्र होइन। राजधानीमै बसोवास गर्ने कति नेपालीले त्यस सुविधाको मूल्य चुकाउन सक्छ? त्यसैले राज्यले उपलव्ध गराए अनुसार वहन गर्न सक्नेले उक्त सुविधाको मूल्य रू. २००० |- तिर्नु पर्ने हो भने रू. १०० |- मात्रै तिर्न सक्नेले रू. १०० |- मै उक्त सुविधा उपभोग गर्न पाउने या नपाउने? यसैले नागरिकको ऋय-शक्तिको आधारमा स्वास्थ्य सेवाको मूल्य निर्धारित गरिनु पर्नेतर्फ राज्यको कस्तो दृष्टिकोण रहन्छ?

यदि राज्यले स्वास्थ्यमा लगानी गरेको भारलाई सबै नागरिकले भोग्नु पर्ने तर लगानीको उपलव्धीलाई भने ऋय-शक्ति कम भएकै या भौगोलिक दूरीले टाढा भएकै कारणले कुनै नागरिकले उपभोग गर्न नपाउने हो भने त्यस्तो राष्ट्रिय लगानीको त्यो नागरिकालाई के अर्थ रह्यो र? अनि यो स्थितिमा समानता र सामाजिक न्यायको निर्वाह कसरी भयो त? र राज्यले प्रत्येक नागरिकले स्वस्थ रहन पाउने उसको मौलिक अधिकारको सुरक्षा गर्नु पर्ने दायित्व कसरी पूरा गर्‍यो त? यही नै स्वास्थ्यमा समानताको प्रमुख सवाल हो। यदि स्वास्थ्य नागरिकको अधिकार हो र यसको सुरक्षाको दायित्व राज्यको हो भने राज्यले यो सवालको ठोस जवाफ पहिल्याउनु पर्दछ तब मात्रै राज्य यो दायित्व वहन गर्न सक्षम हुन्छ। ❑

## यो कस्तो समानता र सामाजिक न्याय हो?

*यो कथा होइन।*

*घटना राजधानी बाहिर एउटा जिल्लाको हो। एउटा अधवैंसे पुरूष प्रसव वेदनाले छटपटिएकी आफ्नी श्रीमतीको र गर्भको बच्चाको जीवनदानको भीख माग्दै थियो- एउटा निजी क्लिनिकको बाहिर। शल्य-क्रिया जरूरी थियो। उपचारको निम्ति मोल तोल भयो। सेवाको मूल्य ज्यादै चर्को थियो - उसको लागि, तर दुईवटा जीवनको मूल्य निश्चय नै त्यो भन्दा बढी थियो।*

*ऊ पैसा खोज्न गाउँ पस्यो - छटपटिदै गरेकी श्रीमतीलाई क्लिनिक बाहिरै सुताएर। एक घण्टा, दुई घण्टा, तीन घण्टा बित्यो, ऊ फर्किएन। प्रत्येक क्षण प्रसव वेदनाको पीडा असह्य बन्दै गयो। जब ऊ पैसा बोकेर फर्कियो (निश्चय नै कुनै संपत्ति धितो राखेर), उसकी श्रीमती उसलाई छाडेर आफ्नो गर्भको बच्चा सहित अर्कै संसारमा पुगिसकेकी थिई। त्यतिखेर सायद भित्र त्यो "स्वास्थ्य - सेवक" बिक्रेता अजीर्णले ग्रस्त कुनै मोटो ग्राहकलाई स्वास्थ्य सेवा बिक्री गर्दै थियो।* ❑

वातावरण तथा विकास सम्बन्धी
पृथ्वी सम्मेलनको सन्दर्भमा

# बन र बन संरक्षण

- डा. कमल कृष्ण जोशी




**वन जङ्गल तथा पर्यावरण संरक्षणका नाराहरू लगाउँदै तिनीहरूको विनाश गर्ने विगतका क्रियाकलापहरू अझै कायम रहेका छन्।**

उत्तरमा हिमाल, हिमालको दक्षिणमा क्रमशः महाभारत र सिवालिक पहाडहरू र अन्तमा समतल तराईमा वर्गिकृत पूर्व-पश्चिम ८८० किलोमिटर लामो नेपालको कूल क्षेत्रफल १,४७,१८१ वर्ग किलोमिटर छ। उत्तर-दक्षिणमा फैलिएको यसको चौडाइ १४० देखि २४० किलोमिटरसम्मको छ। चौरानब्बे प्रतिशत जनता ग्रामिण क्षेत्रमा रहने यो देशको अर्थव्यवस्था कृषिमा आधारित छ। यहाँका जनताको वन जङ्गलसँग अत्यन्त घनिष्ट सम्बन्ध छ– आफ्नो दैनिक जीवनमा वन सम्पदाको अधिकतम उपभोग गर्ने बाध्यताले गर्दा। इन्धनको विविधताको अभाव र गरीबीको कारण ग्रामीण जनता खाना पकाउन, जाडोमा न्यानो पार्न तथा गाई, भैंसीलाई खुवाउन पूर्णतया वन जङ्गलमा निर्भर रहन्छन्। एक दशक अगाडिसम्म पनि नेपालको शहरी र ग्रामीण क्षेत्रमा गरी जम्मा खर्च हुने इन्धनको ९४ प्रतिशत परम्परागत इन्धन हुन्थ्यो, त्यसमा दाउराको प्रमुख स्थान (८७%) रहन्थ्यो। केही मात्रामा गोबर र खेतका उत्पादन पनि हुन्थे। कोइला, मट्टितेल, बिजुली र ग्यास गरी जम्मा ६ प्रतिशत मात्र अन्य इन्धन हुन्थे। क्याम्पबेल (२०४०) का अनुसार जनताको आवश्यकताको ५३ प्रतिशत दाउरा सार्वजनिक जङ्गलबाट प्राप्त हुन्थ्यो। निजी जङ्गलबाट ६%, खेत, बारी आदि ठाउँका निजी रूखबाट १४% र स्याउला, झारपातबाट २७% इन्धनको आवश्यकता पूर्ति हुन्थ्यो।

राणा प्रधानमन्त्री चन्द्र शम्सेरको पालामा कोलियर नामक अंग्रेजी सल्लाहकारको सल्लाह अनुसार नेपालमा पहिलोपल्ट वि.सं. १९८० मा मोरङ्ग र कैलाली कञ्चनपुरका जङ्गलहरूबाट सालका रूखहरू काटी विदेशी ठेकेदारहरूलाई बेचियो। यसले राणा शासकहरूलाई ठूलो धनराशि त प्राप्त भयो परन्तु त्यसपछि नेपालमा वन विनाशको क्रम शुरू भयो। राणा शासनको समयमा राजस्वको मुख्य स्रोतमध्ये दोस्रो स्थानमा वन नै रहेको थियो र २००७ सालको क्रान्तिपछि पनि केही समयसम्म यो यथावत नै रह्यो। राणा कालमै विर्ताको रूपमा वन कमाएका केही भारदार एवं सामन्तहरूले वनलाई राष्ट्रियकरण गरिने डरले रूखहरू धमाधम काट्न लागे र दक्षिणका साल वनहरू सखाप हुँदै गए। वन जङ्गलको राष्ट्रियकरण ऐन २०१४ सालमा लागू गरियो र उक्त ऐनले अनाधिकार रूपमा रूख काट्नेलाई दण्डको व्यवस्था गऱ्यो।

वि.सं. १९९८ सालमा ई.ए. स्मिथीज् नामक एकजना विदेशीको सल्लाह अनुसार पहिलो वन योजनाको तर्जुमा भयो। सो योजना अनुसार रूखको मूल डाँठ कुनै निश्चित मोटाइसम्म पुगेपछि मात्र त्यस रूखलाई काटन पाइने व्यवस्था गरियो। त्यही व्यवस्था अनुसार भारतीय ठेकेदारहरूले त्यस बेला सबभन्दा राम्रा रूखहरू छानी छानी काट्न थाले। तराईबाट औलो उन्मूलन भइसकेपछि वि.सं. २०१५ सालमा राप्ती उपत्यका विकास आयोजनाको कार्यान्वयन गरियो। सो आयोजनाको कार्यान्वयनपछि त्यसतर्फ धेरै संख्यामा मानिसहरूको आकर्षण बढ्यो र पहाडतिरबाट मानिसहरू बसाइ-सराइ गरी जान थाले। मानिसहरूको बसाइ-सराइले अरू जङ्गल नष्ट हुन थाल्यो। यसका अतिरिक्त, सरकारले बाढी-पीडित सुकुम्बासीहरूलाई त्यहींको जग्गा बाँड्दा अरू बढी जङ्गलको विनाश हुन पुग्यो। औलो उन्मूलन पश्चात भएको बसाइ-सराइले मुख्यतया भाबर र तराईका जङ्गलहरूको ठूलो ह्रास भयो।



डा.कमलकृष्ण जोशी

उत्पादनको दृष्टिले तथा यातायात, स्वास्थ्य, बिजुली र दैनिक जीवनका लागि आवश्यक न्यूनतम साधनको अभावका समस्याहरूले गर्दा पहाडी जीवन अति कठीन रहेको छ। बीसौं शताब्दीको उत्तरार्धमा आएर पनि पहाडमा बसोवास गर्ने जनताले न्यूनतम सुविधाबाट वञ्चित रहनु परेको र तात्कालीन सरकारका जिम्मेवार मन्त्रीहरू र अधिकार प्राप्त व्यक्तिहरूले आफ्नो पारिवारिक र व्यक्तिगत स्वार्थमा मात्र आफ्नो क्रियाकलापलाई सीमित गरेको कारण पहाडको विकास हुन सकेन। अन्तमा आफू जन्मेको ठाउँ र आफूसंग भएको अत्यन्त सीमित सम्पत्ति आदिको माया मारेर राहतको खोजीमा तथा भविष्यको आशा लिएर पहाडबाट मानिसहरू ओर्लिन थाले। पहाडमै जीवन सरल र साधनयुक्त हुनसके बसाइ-सराइको समस्या त्यत्ति चर्को रूपमा आउने थिएन र वन जङ्गलको विनाश यति गम्भीर रूपमा हुने थिएन।

नेपालको वन जङ्गलको वर्तमान तथ्याङ्कबारे यकिनका साथ भन्न सकिन्न। आजभन्दा २८ वर्षअघि २०२०/२०२१ सालमा वन विभागले पहिलो पल्ट हवाइ फोटोको माध्यमद्वारा गरिएको सर्वेक्षण अनुसार उच्च हिमालयलाई छोडेर त्यसताका नेपालमा वन जङ्गलले ढाकेको जमीन ६,४६६.९ हजार हेक्टर अर्थात देशको सम्पूर्ण भूमिको ५६.७ प्रतिशत भएको अनुमान गरिएको थियो। त्यसको १५ वर्षपछि २०३५ सालमा गरिएको अर्को अध्ययन अनुसार उच्च हिमालयलाई छोडेर कूल ६,०८४.९ हजार हेक्टर जमीन वन जङ्गलले ढाकेको अनुमान गरियो। यो देशको सम्पूर्ण भूमिको ५३.४ प्रतिशत हुन आउँछ। पन्ध्र वर्षको त्यस अवधिमा ३८२ हजार हेक्टर (अर्थात् ३.३ प्रतिशत) वन जङ्गलको विनाश भएको पाइयो।

बाह्र वर्ष यता देशको वन जङ्गलको विनाश कति भएको छ त्यसको लेखाजोखा भएको छैन। तर के विश्वास गरिन्छ भने, प्रत्येक वर्ष २.१ प्रतिशतले वन जङ्गलको विनाश हुँदै गएर झारपातहरू मात्रको श्रबल्याण्डमा परिणत हुन्छ। विगत १२ वर्षमा २५.२ प्रतिशतले जङ्गल घटी अहिले २८.२ प्रतिशत मात्र बाँकी रहन गएको अनुमान गरिन्छ। यही गति कायम रह्योभने अर्को डेढ दशकपछि नै देशको वन जङ्गल प्रायः पूर्ण रूपमा श्रबल्याण्डमा परिणत हुने अनुमान गर्न सकिन्छ।

वन जङ्गलको यो सङ्कट-सूचक विनाशका मुख्य कारणहरूमा पहाडबाट भएको बसाइ-सराइ मात्र होइन, अथवा बाल्नाका लागि गरिने रूखको कटानी मात्र पनि होइन। अपितु, काठको चोरी-निकासी, जडीबूटी तथा अन्य वन पैदावारको अनियन्त्रित सङ्कलन, वन फाँडी खेती गर्ने प्रवृत्तिको विकास र सत्तासीनहरूले राजनैतिक उद्देश्य पूर्ति गर्ने अभिप्रायले वन फाँडने कार्यलाई सरकारी स्वीकृति प्रदान गर्नु पनि रहेका छन्। एकातिर काठको चोरी-निकासीप्रति सम्बन्धित सरकारी निकाय उदासिन र ही त्यस कार्यलाई प्रोत्साहन प्रदान गरिन्थ्यो, राजनैतिक एवं आर्थिक भ्रष्टाचार गरी सरकारी पक्षले



### तालिका-१ : वन बिनाश

| सर्वेक्षण गरेको समय | विभिन्न अवस्थाका जङ्गलहरू (०००, हेक्टरमा) | | | | |
|---|---|---|---|---|---|
| | १०-४० प्रतिशत अल्प सञ्चित तथा अधिकतम विशेषित | ४०-७० प्रतिशत मध्यम परिमाणमा सञ्चित जङ्गल | ७०-१०० प्रतिशत सन्तोषजनक रूपमा सञ्चित | श्रब ल्या०ड | कूल |
| २०२०/२१ | १०२१.८ | २५५४.४ | २५०२.७ | ३८८.० | ६४६६.९ |
| २०३५/३६ | १४१८.७ | ३२१७.८ | ८२५.१ | ६२३.३ | ६०८४.९ |
| एउटा अवस्थाबाट अर्को अवस्थामा परिवर्तित जङ्गल | +३९६.९ | +६६२.४ | -१६७७.६ | +२३५.३ | -३८२.० |

* सौजन्य : नील्ड (२०४२)

नै वन फाँड्न लगाइन्थ्यो भने अर्कोतिर कैयौं वर्षदेखि वसोवास गरिरहेका सुकुम्बासीहरूको घर हात्तीद्वारा भत्काइन्थ्यो, जलाइन्थ्यो र त्यसको विरोध गर्नेहरूलाई गोलीको निशाना बनाइन्थ्यो। यसरी वन जङ्गलको द्रुतगतिले भएको विनाशमा पञ्चायती शासकहरूको ३० वर्षसम्मको गलत एवं भ्रष्ट व्यवहार कम जिम्मेवार रहेन। यसका अतिक्ति, संरक्षणका सम्बन्धमा जन चेतनाको अभाव पनि धेरै हदसम्म जिम्मेवार रहेको छ। हाम्रा जङ्गलहरू आनुवंशिक विविधतामा धनी रहेता पनि वन सम्पदाका हाम्रा आवश्यकताहरू अविछिन्न रूपमा पूर्ति हुने सम्भावनातर्फ भने अब नैराश्यको अनुभव हुन थालेको छ। वन जङ्गलले ढाकेका हाम्रा जमीनहरूलाई मरूभूमिमा परिणत हुनुबाट बचाउने हो भने ती जङ्गलहरूको संरक्षण अनिवार्य छ। संरक्षण कार्यलाई प्रभावकारी बनाउन विश्व संरक्षण रणनीति (वर्ल्ड कञ्जर्वेशन स्ट्रायूटेजी) लाई अनुमोदन गर्नाका साथै राष्ट्रिय संरक्षण रणनीतिको पनि तर्जुमा हुनु आवश्यक छ। नेपालको निम्ति पहिल्याइएको राष्ट्रिय संरक्षण रणनीतिका मुख्य उद्देश्यहरू निम्नानुसार छन्:

(१) नेपालको वर्तमान र भावी पीढीका आधारभूत आवश्यकताहरूका साथै मानसिक, वौद्धिक एवं साँस्कृतिक आवश्यकताहरू पूर्ति गर्ने,

(२) नेपालको भूमि र पुनरूज्जीवित हुन योग्य सम्पदाको अविछिन्न उपभोगलाई सुरक्षित गर्ने,

(३) उन्नत बिरूवा र जीव-जन्तुको विकासका लागि आवश्यक आनुवंशिक विधिवधताको सुरक्षा र सञ्चय गर्ने, र

(४) माटोको सम्पोषण र सुरक्षा, पोषक तत्वको पुनरावृत्ति र सुरक्षा तथा पानीको शुद्धता जस्ता वातावरणीय एवं जीवन रक्षा पद्धतिलाई स्थायित्व प्रदान गर्ने।

यी उद्देश्यहरू पूर्ति गर्न सरकारी स्तरमा उपयुक्त कार्यक्रम बनेका छैन। जुन कार्यक्रमहरू प्रतिपादन गरिएका छन् तिनबाट माथिका उद्देश्यहरू पूर्ति हुन कुनै ठोस मद्दत मिल्ने सम्भावना छैन।

विदेशी सहयोग तथा विशेषज्ञहरूद्वारा तयार पारिएका विभिन्न योजना, कार्यक्रमहरू र नीतिहरूबाट पनि वन विनाशलाई जोगाउन सकिएको छैन। विदेशी सहयोगको अत्यधिक दुरूपयोग भएको र राष्ट्रिय कार्यक्रम तथा योजनाहरू कार्यान्वियन गर्दा इमान्दारी एवं लगनशीलताको सर्वथा अभावका कारण कार्यान्वियन पक्ष प्रभावकारी हुन नसकेको आम गुनासो छ। विषेश गरी वन जङ्गलको संरक्षणतर्फ चालिएका पाइलाहरू केही राष्ट्रिय निकुञ्जहरूमा बाहेक अन्य ठाउँहरूमा प्रायः विफल रहेको पाइएका छन्। यसले गर्दा पर्यावरणमा समेत ठूलो असन्तुलन ल्याएको कुरा सर्वविदित छ।

वन विनाशले गर्दा हाम्रा धेरै यस्ता विरूवाहरू र जन्तुहरूको पनि लोप हुँदै गएको छ, जसको उत्पत्ति नेपालमा भएको थियो र प्रकृतिमा तिनीहरूको विस्तार र वितरण अत्यन्त सङकुचित रहेको छ। यस्ता स्थानिय जीवहरूका साथै अन्य धेरै बिरूवा, कीरा-फटयाङ्ग्रा र वन्य जन्तुहरू पनि वन जङ्गलसँगै अदृष्य हुँदै गएको हामीले आफ्नै समयमा अनुभव गर्न वाध्य भएका छौं। अहिले कतिपय जीवहरू सङ्कटापन्न अवस्थामा छन्। **एउटा रूख ढल्यो भने रूख ढलेको त्यस ठाउँमा एउटा रूखको कमी हुने मात्र होइन त्यस रूखमा निवास गरेर बसेका अरू लगभग २५ वटा विरूवाहरू पनि सँगै मर्छन्।**

साधारणतया हाम्रो दैनिक जीवनमा प्रत्यक्ष रूपमा प्रयोगमा नआउने घाँस-पातहरूलाई हामी केही काम नलाग्ने सम्झी त्यसको विलयप्रति उदासिन रहन्छौं। वास्तवमा, ती घाँस-पातहरूको पनि प्रकृतिमा कम महत्व रहँदैन भन्ने कुरा हामी बुझी राखेका हुँदैनौं। तिनीहरूको अर्को जीवसँगको सम्बन्ध तथा जलाधारको निम्ति अत्यन्त सहायक सिद्ध हुने तिनीहरूको योग्यताप्रति हामी अनभिज्ञ रहन्छौं। आज विश्वभरी प्रकृति संरक्षणसम्बन्धी यस विवादले ठूलो महत्व पाइरहेको छ कि संरक्षण आर्थिक दृष्टिकोणले महत्वपूर्ण वनस्पति वा जीव-जन्तुलाई मात्र दिने हो वा प्रत्यक्ष रूपमा काममा नआउने घाँस-पात, कीरा-फटयाङ्ग्रा आदिलाई पनि दिने हो। हालसालै प्रकृति संरक्षणको क्षेत्रमा अनुसन्धान र अध्ययन गर्ने वहुसंख्यक वैज्ञानिकहरूको यो दावा रहेको छ कि प्रकृतिको प्रभावकारी संरक्षण सवै किसिमका बिरूवाहरू र जीव-जन्तुहरूको संरक्षणबिना सम्भव छैन। कृषि, वन विज्ञान, बागवानी आदि कार्यक्रमहरू अन्तरगत उन्नत जातका बिरूवाहरूको विकासका निम्ति पनि प्रकृतिमा आनुवंशिक विविधता यथेष्ठ मात्रामा रहनु पर्दछ। हामीले हाम्रा भावी पीढीलाई यही विविधता छोडेर जानु पर्छ र हाम्रो अज्ञानता र लापरवाहीका कारण हाम्रै समयमा आनुवंशिक विविधताको विलय हुन दिनु हुन्न, विविधतामा कमि आउन दिन हुन्न।

वन जङ्गल तथा पर्यावरण संरक्षणका नाराहरू लगाउँदै तिनीहरूको विनाश गर्ने विगतका क्रियाकलापहरू अझै कायम रहेका छन्। "हरियो वन नेपालको धन" भन्ने उक्तिलाई अब "नेपालको वन भ्रष्ट तत्वहरूको धन" को रूपमा चरितार्थ गर्न खोजिएको छ। वन पैदावरको ठेक्का-पट्टा गर्ने केही ठेकेदारहरूसँग मिलेर ती भ्रष्ट पदाधिकारीहरू नाजायज तरीकाले मोटो रकम जम्मा गर्नेतर्फ लागि-रहेको कुरा बराबर प्रकाशमा आएको सबैलाई विदितै छ। ठेकेदारहरूले बुनेको जाल काट्ने प्रयास कतैबाट भएको छैन। अपितु, त्यसमा अरू धागो थप्न मद्दत पुऱ्याइएको भने निश्चय नै छ। त्यसमाथि हालसालै विद्युत महशूलमा अन्यायपूर्ण ढंगले अत्यधिक वृद्धि गरेर सरकारले वन जङ्गललाई अझ बढी विनाश गर्ने वातावरणको सिर्जना गरेको छ। दाउराको विकल्पको रूपमा केही हदसम्म भए पनि विद्युत इन्धन प्रयोग भइरहेकोमा अब गरीब जनतालाई फेरि दाउरा नै प्रयोग गर्न वाध्य गराइएको छ। यसले गर्दा तीव्रतर गतिमा वन विनाश भई निकट भविष्यमै नेपाली जनताले ठूलो सङ्कटको सामना गर्नु पर्ने स्थिति आउने छ भन्ने कुराबाट सबै सशंकित हुन थालेका छन्। वन जङ्गलको विनाशले गर्दा केही विरूवाहरू, जङ्गली जनावरहरू मात्र सङ्कटापन्न स्थितिमा पुग्न गएको छैन, स्वयं मानिस आफैं पनि संकटापन्न स्थितिबाट गुज्रनु पर्ने समय आउँदै छ। दुर्भाग्यपूर्ण यस स्थितिबाट बच्न सम्बन्धित निकायले आजै प्रभावकारी पाइला चाल्नु पर्दछ।

❒

नव वर्ष २०४९ सालको
सुखद उपलक्ष्यमा सुख-शान्ति
तथा
समृद्धिका लागि हाम्रा ग्राहकहरू
सहित समस्त देशवासीहरूप्रति हार्दिक
मंलगमय शुभ-कामना!

जय दीपक चलचित्र मन्दिर

प्रो. श्री रामप्रसाद शाह
सिराहा

नव वर्ष २०४९ को
आगमनको सुखद उपलक्ष्यमा
हाम्रा ग्राहक वर्ग सहित संपूर्ण
देशवासीमा हार्दिक
शुभ-कामना!

जनकपुर खाडसारी चीनी कारखाना
(प्रा०) लि०
मिर्चैया (सिराहा)

नव वर्ष २०४९ सालको
सुखद उपलक्ष्यमा सुख-शान्ति
तथा
समृद्धिका लागि हाम्रा ग्राहकहरू
सहित समस्त देशवासीहरूप्रति हार्दिक
मंलगमय शुभ-कामना!

श्री मारूती सिमेण्ट्स् (प्रा०) लि०
चन्द्रोदयपुर
चोहर्वा (सिराहा)


२०४८ साल चैत्र २४ गते
जन-आन्दोलनमा मारिनुभएका
संयुक्त जनमोर्चा धुलिखेलका
सदस्य
शहीद श्री कृष्णकुमार श्रेष्ठप्रति
हाम्रो हार्दिक श्रद्धाञ्जली!

-संयुक्त जनमोर्चा, धुलिखेल



# स्वतन्त्रता र प्रतिवद्धता

-डि. आर. पोखरेल



**अज्ञानतामा, अन्धतामा स्वतन्त्रता हुँदैन, परतन्त्रता हुन्छ।**

हामी कहाँ स्वतन्त्रता सम्बन्धी निकै चर्चाहरू चल्ने गरेका छन्। कसैले कतै प्रतिवद्ध हुनुलाई र कसैले कतै पनि प्रतिवद्ध नहुनुलाई स्वतन्त्रताको संज्ञा दिएर चर्चाहरू गरेका छन्, तर मुख्य कुरो–के बाट स्वतन्त्रता भन्ने स्पष्ट भएको छैन। कुनै पार्टी विशेषबाट स्वतन्त्रता भनिएको हो कि? कुनै कर्तव्यबाट स्वतन्त्रता भनिएको हो कि? अथवा भयबाट, इच्छा र चाहनाबाट, वासनाबाट, कि के बाट? धनलाई छोड्नु वा मान प्रतिष्ठालाई छोडनु स्वतन्त्रता हो कि? अथवा धर्मबाट, कर्मबाट, विज्ञानबाट अलग हुनु भनिएको हो कि? वा सत्य–बाट नै स्वतन्त्र हुनु भनिएको हो, त्यो कतै स्पष्ट छैन।

प्रतिवद्ध हुनुलाई स्वतन्त्रता भनिएको छ एकातिर भने अर्कातिर प्रतिवद्ध नहुनुलाई स्वतन्त्रता भन्ने गरिएको छ। तर यी दुवै धारणा अन्धताबाट भने मुक्त छैनन्। एकथरीले–लकिरको फकिर–जडसूत्रको मार्गमा टाँसिइनुलाई स्वतन्त्रता बताएका छन्, भने अर्को थरीले केही उदार र स्वच्छन्द गतिविधिलाई स्वतन्त्रता बताउँदै छन्। पहिलो थरीका, प्रतिवद्धताका कुरा गर्नेहरू पनि सिद्धान्त प्रति, वास्तविकताप्रति, सत्यप्रति प्रतिवद्ध देखिँदैनन्। किनकि उनीहरूको जीवन मूल्य नै यति निम्न कोटीको छ कि उनीहरू नीजि स्वार्थबाट मुक्त छैनन्। उनीहरूले तर्कलाई, वाहिरी औपचारिक कुराहरूलाई प्रतिवद्धताको कडी बनाएमा छन् र त्यसकै आधारमा संसार चलोस् भन्ने आकांक्षा राख्दछन्, भने स्वतन्त्रताका कुरा गर्नेहरू बनावटी रूपमा आफू स्वतन्त्र भएको घोषणा त गर्दछन्, तर उनीहरू पनि अन्ध–प्रतिवद्धताबाट मुक्त छैनन्। यी पहिलो र दोस्रो विचारका वाहक भनेका हाम्रो समाजको सन्दर्भमा वाम घेराभित्रका ठूला पार्टीहरू हुन्। सबैभन्दा प्रगतिशील, सबैभन्दा उन्नत र परिष्कृत विचारका वाहक यी पार्टीहरूको त यो विजोग छ भने यहाँ अरू पार्टीहरू लगायत सर्व–साधरण जनताको मनस्थितिलाई यस्तो उस्तो भनि–रहनु मलाई त्यति जरूरी लागेन।

हुन त हाम्रो समाजमा विद्यार्थीलाई राजनीतिमा लाग्नु हुन्न, स्वतन्त्र रूपमा पढ्नु पर्छ भनेर विज्ञान विरोधी धर्ममा आधारित नीतिशिक्षा को वखान गर्ने पंचायती परंपराका मानिस पनि नभएका होइनन्। त्यस्तै गरी "व्यक्ति स्वतन्त्र हुनुपर्छ", भनी स्वतन्त्रतालाई सशाश्वत स्वतन्त्रताको अर्थमा अर्थ्याउने लगायत "वैचारिक स्वतन्त्रता," "स्वतन्त्र विचारक" वा "लेखकीय स्वतन्त्रता" को आवाजमा भुठको खेती गर्नेहरूको पनि खास कमी छैन। एउटा जत्थाले "प्रतिवद्धता" को कुरा उठायो भने त्यसको प्रतिपक्षमा "अप्रतिवद्धता" को कुरो उठाएर अर्को जत्थाले आफ्नो अस्तित्व मुखरित गराइ राख्ने र "त्यसले त्यसो भनेकाले मैले यसो भनिदिएँ भन्ने स्तरका व्यक्ति र जत्था भएको हाम्रो समाजमा कुन जत्था र व्यक्तिका विचारहरू केबाट किन स्वतन्त्र हुन? त्यो खुट्ट्याउन नै हम्मे परेको छ।

स्वतन्त्रताको कुरो केवल फेशन भएको छ। जनतालाई ढाट्न काम लाग्ने हतियार भएको छ। आफू नाना भाँतिका आग्रह र अवैज्ञानिक रूढी संस्कारबाट ग्रस्त भएको व्यक्ति पनि २।४ वटा सिद्धान्तका, वादका कुरा छाँटेर, किताबका उधारा कुराहरू कण्ठ गरेर आफू स्वतन्त्र भएको देखाउने नखरा गर्दछ। आफू धेरै जान्ने र सभ्य भएको देखाउने प्रयास गर्दछ। मूख्य कुरो सत्य प्राप्ती हो। सत्य ज्ञानको प्राप्ती हो भन्ने कुरासित भने यति सरोकार देखिँदैन।

माथि "प्रतिवद्धता" र "अप्रतिवद्धता" को जुन चर्चा गर्‍यौं, यहाँ त्यसो भन्नेहरूले के प्रति "प्रतिवद्धता" वा के प्रति "अप्रतिवद्धता" भन्ने कुरो चाहिं प्रकट गरेका छैनन्। प्रकट गरेका छैनन् भनेर केही पनि भनेका छैनन् भन्ने होइन तर जे भनेका छन्, व्यवहारमा त्यसको उल्टो देखिएको छ। यसबाट नै के कुरो प्रष्ट हुन्छ भने उनीहरूले भन्ने गरेको कुरो प्रति स्वयं उनीहरू नै "प्रतिवद्ध" वा "अप्रतिवद्ध" छैनन्।

त्यसकारण कुरो "प्रतिवद्धता" को वा "अप्रतिवद्धता" को, अथवा कुनै काममा लाग्नु र नलाग्नु, कुनै काम गर्नु र नगर्नुमा स्वतन्त्रता निहित भएको हुँदैन। कुनै काम किन गरिदैछ? त्यसबारे ज्ञान प्राप्त गर्नु र थाहा पाएर गर्नुमा नै स्वतन्त्रता निहित भएको हुन्छ। मलाई कुनै काम गर्न मन लाग्यो वा कुनै जत्थालाई कुनै कुरा खाँटी लाग्यो भन्ने वितिक्कै त्यो साँचो हुन्छ भन्ने हुँदैन। कसैको आग्रह वा कुनै लत, कुनै विचार कुनै संस्कार वैज्ञानिक भै हाल्छन् भन्ने हुँदैन, सत्य हुन्छन् भन्ने हुँदैन। त्यो सत्य हुनको लागि सही प्रकृया र विज्ञान सम्मत चिन्तनधाराबाट अभिप्रेरित भएको हुनु जरूरी हुन्छ। मनाइको निचोड के हो भने, स्वतन्त्रता को सम्वन्ध ज्ञानसित छ। जतिजति ज्ञानको स्तर वृद्धि हुँदै जान्छ, त्यति त्यति नै स्वतन्त्रताको स्तर पनि बढ्दै जान्छ। अज्ञानतामा, अन्धतामा, स्वतन्त्रता हुँदैन, परतन्त्रता हुन्छ। यदि परतन्त्रताको स्थिति रहेन भने पनि त्यो स्वतन्त्रता नै हुन्छ भन्ने छैन। त्यो स्वच्छन्दता हुन्छ। परन्त्रता र स्वच्छता केवल रूप भेद मात्र हुन्। दुवैको वास्तविक धरातल एउटै हुन्छ–त्यो हो–अस्वतन्त्रता।

स्वतन्त्रताको गरीमा अर्कै छ। स्वतन्त्रताको परिभाषा र अर्थवोध अर्कै छ। माथि उल्लेख गरी नै सकिएको छ कि–स्वतन्त्रता भनेको ज्ञानसित सम्वन्धित छ। ज्ञान समाज मै संभव हुन्छ। भन्नुको मतलव के हो भने–एउटा व्यक्ति (Individual) ले स्वतन्त्रताको महशूस समाज मै गर्दछ। समाज मै संघर्षको माध्यमद्वारा ज्ञान प्राप्त हुने हुन्छ। त्यस–कारण स्वतन्त्रताको सम्वन्ध ज्ञानसित छ र यो सामाजिक चरित्रको छ। समाजबाट बाहिर; प्राकृतिक अवस्थामा स्वतन्त्रताको अस्तित्व हुन्न। र त्यस्तै गरी अज्ञानतामा स्वतन्त्रता परिभाषित हुन सक्तैन। जब हामी ज्ञान र समाजको चर्चा गर्दछौं, यो कुरो एकदम स्पष्ट अगाडि आउँछ कि मानव जातिको ज्ञानको स्तर क्रमिक रूपमा उन्नत हुँदै आएको छ। आगो बारे थाहा नपाएर काँचो खानु पर्ने र नाँगै जंगली अवस्थामा भौतारिनु पर्ने मानव जातिले क्रमशः ढुँगा र लौरोको औजार निर्माण गर्दै, गुफाबाट क्रमशः कटेरातिर र लौरोबाट क्रमशः धनुष बाँणको ज्ञान प्राप्त

**हामी कहाँ स्वतन्त्रता सम्वन्धी जुन विचारहरू छन्, ती मूल रूपमा आदर्शवादी वा विकृत भौतिकवादी चिन्तनमा आधारित छन्।**

गर्दै आज ऊ अणु शक्ति को समेत मालिक भएको छ। वयल गाडाबाट हावाइजहाज र धनुष बाँणबाट आटवम, गुफाबाट गगन चुम्वी भवन सम्म आईपुग्नको लागि मानव जातिले अनगिन्ती घुमा–उरो, कठीन, बाटो हिंडनु पर्‍यो। ज्ञान नहुदा मानव जाति प्रकृतिको अधीनमा थियो। वाहिरी परिस्थितिमा निर्भर थियो। आफ्नो ज्ञान वृद्धिको प्रयोग द्वारा आफ्नो रक्षा गर्न असमर्थ थियो। तर ज्ञान हुँदै क्रमशः एक पछि अर्को स्तरमा उक्लदै भन भन ऊ स्वतन्त्र हुँदै आएको छ। मानव जातिको विकासको इतिहास हेर्ने हो भने मानव जाति विभिन्न युगहरू, विभिन्न खालका समाज व्यवस्था भएका युगहरू पार गर्दै एक पछि अर्को ज्ञान र अनुभवले परिस्कृत हुँदै आएको छ। त्यसकारण स्वतन्त्रतालाई समाज सापेक्ष वा देश काल सापेक्ष अर्थमा मात्र बुझ्न

## नीति-नैतिकता

सकिन्छ। देश काल सापेक्षताको धारणाबाट अलग हिजो आज भोलिको एउटै स्वतन्त्रताको धारणा हुन सक्तैन। शास्वत स्वतन्त्रता हुन सक्तैन।

यी माथिका कुराहरूबाट स्वतन्त्रता ज्ञानसित सम्वन्धित भएको र देशकाल सापेक्ष भएको सार खिच्न सकिन्छ।

हामी कहाँ स्वतन्त्रता सम्वन्धी जुन विचारहरू छन्, ती मूल रूपमा आदर्शवादी वा विकृत भौतिकवादी चिन्तनमा आधारित छन्। किनभने यहाँ स्वतन्त्रताको केवल चर्चा चलेको छ, तर त्यो दार्शनिक तहमा, सिद्धान्तको तहमा नउत्रिएकाले, त्यो नाना भाँतिका चिन्तनहरूको खिचडी भएको छ र व्यापक अन्यौल छाएको छ।

स्वतन्त्रता सम्वन्धी चर्चा हाल मात्रै हैन धेरै पहिले देखिनै चल्दै आएको पाइन्छ। शुरूमा भय र चाहनाबाट मुक्त हुनुलाई स्वतन्त्रता भनिन्थ्यो पछि, त्यसमा वाक स्वतन्त्रता, धार्मिक स्वतन्त्रता जस्ता कुराहरू थपिए। समाजशास्त्र वा राजनीति शास्त्रसित जोड्दै अफ पछि यसलाई अनाक्रमण सहआस्तित्व जस्ता पंचशीलका बुँदाहरूमा रास्वेर व्याख्या गर्ने काम भयो। त्यस्तै गरी मानवतावादीहरूले स्वतन्त्रतालाई मानिसको जन्मसिद्ध अधिकार भन्दै उनीहरूले आफूले कर्म गर्न पाउने र अरूबाट सुरक्षित हुने अधिकार गरी दुई स्वालका मानवीय अधिकारका कुराहरू गरे।

दार्शनिक स्तरमा भने अरस्तुले "वाहिरी समस्याहरूबाट घेरिएको मानिस स्वतन्त्र हुन सक्तैन" भन्ने प्रस्थापना अघि सार्नु भएको थियो भने जान ज्याक रूशोले-'Man is born free but every where he is in chain' (मान्छे जन्मिन त स्वतन्त्र जन्मिछ तर......) भन्ने धारणा अघि सार्नु भयो।

"जन्मिन त मानिस स्वतन्त्र जन्मिन्छ" भन्ने यस धारणाले व्यापकता ओगट्यो। हामी कहाँ पनि प्रायः जसो मानिसहरू यस्तै स्वालका धारणा राख्दछन्। अरूको त कुरै छाडौं। माथि उल्लेखित जत्था र व्यक्तिहरू समेत यस स्वालका धारणाबाट मुक्त छैनन्।

तर मूल कुरो के हो भने मान्छे जन्मिदा प्राकृतिक अवस्थामा पशु (Creature) सरह जन्मिछ। जन्मिने कुरो उसको इच्छा (Will) बाट स्वतन्त्र वाहिरी परिस्थितिमा निर्भर छ। उसलाई जन्मनुको कुनै ज्ञान हुन्न। ऊ नाना भाँतिका स्वतराहरूले जोलिएको हुन्छ। यस्तो प्राणी कसरी स्वतन्त्र हुन्छ? के बाट स्वतन्त्र हुन्छ? किन स्वतन्त्र हुन्छ? धुप्रै प्रश्नहरू उठ्दछन्। माथि नै भनियो कि मानिसले स्वयं आफ्नो वोध गर्न थाले पछि, वा आफ्नो इच्छाबाट स्वतन्त्र वाहिर अस्तित्वमा रहेका शर्तहरू, प्रकृति, समाज एवं मनका नियमहरूलाई बुझ्ने, तिनवारे ज्ञान प्राप्त गर्ने संघर्षको क्रममा मात्र स्वन्त्रता प्राप्त गर्दछ।

मानौं एउटा अवोध बच्चा छ। रूशोको धारणामा स्वतन्त्र व्यक्ति! र ऊ जताततै स्वतरै स्वतराले वेढिएको छ। उसले आगो समात्छ, किन भने समात्नु हुन्न भन्ने ज्ञान छैन त्यसकारण उसलाई पोल्छ। भऱ्याङ्गबाट लड्छ किनकि ऊ जान्दैन कसरी हिड्नु पर्छ। ऊ मोटरले किचिन सक्छ। जताततै ऊ वन्धनमा छ। ऊ मर्ने बाँच्ने दोसाधमा छ। र स्वतराको संभावना भण्डै शतप्रतिशत छ। जब उसले यी कुराहरू बारे ज्ञान प्राप्त गर्दै जान्छ, तब तब नै ऊ ती स्वतराहरूबाट मुक्त हुँदै क्रमशः अघि बढ्दछ, त्यसकारण "जन्मिन त स्वतन्त्र जमिन्छ" भन्ने धारणालाई हामीले गंभीरता पूर्वक जाँच गर्नु पर्ने हुन्छ।

स्वतन्त्रताको धारणालाई *शास्वत अर्थमा* ग्रहण गर्ने हो भने अर्कै कुरा, नत्र भने स्वतन्त्रता ज्ञानसित सम्वन्धित भएकाले र के गर्नु हुन्छ र के गर्नु हुँदैन भन्ने वोधबाट मात्र स्वतन्त्रताको उदय हुने भएकाले स्वतन्त्रता र नीति नियम (Morals) हरू एक आपसमा सम्वन्धित छन्। माथिको बच्चा र आगोको उदाहरणले के देखाएको छ भने जब आगो समात्दा पोल्छ भन्ने ज्ञान भयो, संगसँगै आगो समात्नु हुँदैन भन्ने संहिता (Code) पनि निर्माण भयो। त्यस कारण के भन्न सकिन्छ भने जति जति स्वतन्त्रता उच्च हुँदै जान्छ। त्यति त्यति नै morals को स्तर पनि उन्नत हुँदै जान्छ।

अर्को पक्षबाट पनि हेरौं, जब मानिसको morals को स्तर निम्न हुन्छ, उसको स्वतन्त्रताको स्तर पनि निम्न नै हुन्छ। समाजले त्यति स्वेर नै उच्च स्वतन्त्रता प्राप्त गर्दछ जब जब सामाजिक Morals हरू उन्नत हुन्छन्। अथवा जब जब Morals हरू उच्चतर हुँदै जान्छन मानव जातिले अरू उन्नत स्वतन्त्रता को महशूस पनि गर्दै जान्छ। यसलाई यसरी पनि बुझौं- सामान्ती वा बुर्जुवा स्तरको Morals बाट समाजवादी स्तरको स्वतन्त्रता प्राप्त हुन सक्तैन, त्यसै गरी सामन्तवादी वा वुर्जुवा स्वतन्त्रताले समाजवादी Morals हरू प्रकट गर्न सक्तैन।

स्वतन्त्रता र Morals को यही सम्वन्धलाई हामी अर्को शब्दमा स्वतन्त्रता र ज्ञानको सम्वन्ध पनि भन्न सक्छौं। ❑

## कला/साहित्य/संस्कृति

# टि.भि.को फ्रेमभित्र साम्दे शेर्पा


रंगमञ्चमा ठूलो टेलिभिजनको आकार, त्यसभित्र साम्दे शेर्पा।

मुखैले टेलिभिजनको "श्रीमान गम्भीर . . . . ." को धून सकेपछि साम्दे शेर्पा वियर, चुरोट, चाउचाउ र कुनै एक नेपाली फिल्मको विज्ञापन प्रस्तुत गर्छन। बाजा मुखैले बजाउँछन्, गीत गाउँछन्, विज्ञापन-अपील पढ्छन्। यसपछि टि.भि.-समाचार शुरू हुन्छ। कांग्रेसका नेताहरूको दुरूस्त भाषण र मदन भण्डारी, झलनाथ स्वनालको दुरूस्त भाषण उनी एक्लैले गर्छन। यसपछि "महाभारत" सृंखला शुरू हुन्छ। नेपाली कौरबहरू कम्युनिष्ट रूपी पाण्डवहरूलाई हराउन सल्लाह गर्न थाल्छन्। हिन्दी-नेपाली भाषामा "मामाश्री"। "भान्जे"। अथवा "स्वास्नीश्री" भनी गरिएका संवोधनहरूमा सम-सामयिक राजनीतिक विडंवना र विकृतिहरूप्रतिको व्यंग्य अभिव्यक्त हुन्छ।

यो कार्यक्रम - झलक गत वैशाखको दोस्रो हप्तामा काठमाडौंको राष्ट्रिय सभागृहमा **"कोरस परिवार"** द्वारा प्रस्तुत **कोरस हास्य-साँझको** एक अंश हो।

उक्त हास्य-साँझमा विविध गीत र नृत्यहरू पनि समाविष्ट थिए भने तीन चरण गरेर प्रस्तुत गरिएका साम्दे शेर्पाका हास्य-प्रस्तुतिहरू नै यसको मूल कार्यक्रम थियो। मूलतः यो "एक व्यक्ति प्रस्तुति" थियो - वीच वीचमा थकाइ मार्ने वा वेशभूषा तयार गर्ने समय झिक्न अरू कलाकारहरूलाई पनि मंचमा उभ्याइएको आभास मिल्दथ्यो।

साम्दे शेर्पाको पहिलो चरण "गीत र नक्कल"हरू हास्य-प्रधान थिए भने *"टनकपुरमा बग्छ स्वोला सल्बलाउँछ नयाँ दिल्ली"* जस्ता प्यारोडीहरू व्यंग्य-प्रधान थिए। दोस्रो चरणको "सरी रङ्ग नंबर" हास्य र व्यंग्यको मिसावट र घटना तालमेल दुवैको हिसावले कम प्रभावकारी रहेपनि वर्तमान कांग्रेसी दमनतन्त्रलाई नंग्याउन यो थोरै भएपनि सफल नै रहेको मान्नु पर्छ। वाम-एकताको पक्षमा उठेका आवाजहरू पनि सकारात्मक नै थिए।




बीच बीचमा गीत र नृत्यको प्रस्तुती स्वस्थ्य मनोरंजन प्रदान गर्ने स्वालका थिए। तर समग्रमा यिनीहरूले गायन, संगीत र रचनाको दृष्टिले अरू प्रयत्नको माग गरिरहेको अनुभव हुन्थ्यो। राजन राई र वेदना थुलुङ्गमा सांगीतिक क्षेत्रमा राम्रा संभावना प्रकट भएको अनुभव हुन्थ्यो भने प्रेमा महर्जनमा र चेत नारायण राईमा पनि यो संभावनाको झलक मिल्दथ्यो। नेपाली वाद्य-यन्त्रहरू र लोक-लयहरूको प्रयोगको कमीलाई "कोरस" ले हटाउनु जरूरी छ।

यस **"कोरस हास्य साँझ"** मा **"कोरस परिवार"**ले जनपक्षीय कलाकर्मको क्षेत्रमा एउटा थप प्रयत्न गरेको कुरालाई प्रशंसा गर्नु पर्दछ। तर साम्दे शेर्पाको एकल-प्रस्तुति सहित समग्र कार्यक्रममा एउटा पक्ष अत्यन्त कमजोर रहेको थियो, त्यो हो - वर्गीय चेतनाले संपन्न रचनाहरूको अभाव। स्थूल-राजनीतिक क्षेत्रका विसंगतिहरूको भण्डाफोर मात्र हैन, समाजमा विद्यमान वर्गीय-शोषण र सांस्कृतिक विकृतिहरूका विरूद्ध पनि सूक्ष्म दृष्टि पुऱ्याउनु जन-पक्षीय कलाकर्मीहरूको दायित्व हो। **"कोरस परिवार"** को ध्यान यसमा अरू आकृष्ट होस् भन्ने हाम्रो कामना छ। ❑

# द्वन्दात्मक वस्तुवाद नै किन?

*– शिवदास घोष*

संसारभरी ठाउँ ठाउँमा धेरै धेरै प्रशिद्ध दर्शनहरू छन्। तर हामी ती सबै दर्शनहरूलाई छोडेर किन द्वन्दात्मक वस्तुवाद माथि नै जोड दिन्छौं र यसकै मात्र चर्चा गर्न चाहन्छौं? किन हामी आमजनता, मजदूर, किसान र शोषित वर्गले यस दर्शनका मुख्य कुराहरू र यसको दृष्टिकोण अप्नाओस् र बुझोस् भन्ने चाहन्छौं? यसरी बुझोस् र महशूस गरोस् भन्ने चाहन्छौ कि उनीहरूले आफ्नो जीवनमा जे जति समस्याहरू सामना गर्छन् ती समस्यामा यसले उज्यालो दिन सकोस्? किन हामी यस्तो चाहन्छौ? किन हामी खास गरी द्वन्दात्मक बस्तुवादकै बारेमा विचार गर्न चाहन्छौ?

यो एउटा दिमागी ढंगको कुरा मात्र होइन – मन पर्नु नपर्नुको सवाल मात्र होइन। हामी त्यत्तिकै द्वन्दात्मक वस्तुवाद मन पराउँछौं भन्ने होइन। यो दर्शनलाई हामी यसकारण हासिल गर्न जोड दिन्छौ कि हामीले जति गहिराइमा विभिन्न दर्शनहरूबारे विचार विश्लेषण गरेर हेर्‍यौं, हामीले के पायौं भने, द्वन्दात्मक वस्तुवाद बाहेक संसारमा जे जति दर्शनहरू छन्, तिनीहरू सबै मानिसको मन र व्यक्तिगत उपलब्धीहरूको जगमा खडा भएका छन्। दोस्रो सवाल के हो भने, तिनीहरू सबैले संसारको मनोमानी व्याख्या गर्न चाहे वा व्याख्या गर्ने कोशीस गरे। द्वन्दात्मक वस्तुवाद मात्रै एउटा यस्तो दर्शन हो जसले शुरूमै के प्रश्न उठायो भने संसारको खालि व्याख्या मात्र गरेर के काम? यदि संसारलाई बदल्नु छैन भने ज्ञान हासिल गर्नुको मतलब नै के?...................

यो जुन वस्तुजगत छ, यो जुन विश्व प्रकृति छ, यसमा जुन परिवर्तन हुँदैछ यो आफ्नै नियममुताबिक हुँदैछ। यस परिवर्तनको धारामा यदि हामी कुनै प्रभाव पार्न सक्दैनौं भने, यदि दर्शनको सहायताबाट यस संसारमा हामी परिवर्तन ल्याउन सक्दैनौ भने त्यो परिवर्तन ल्याउनुमा दर्शनले हामीलाई बाटो देखाउन सक्दैन भने, त्यो दर्शनको के प्रयोजन? क्रिया गर्ने ताकतमा हाम्रो काबु हुने ज्ञान भएन भने, ज्ञानद्वारा हामी शक्तिशाली भएनौं भने, हामी क्रिया गर्न योग्य बनेनौं भने, त्यस्तो ज्ञानबाट हामीलाई फाइदा नै के?

मार्क्सले आफ्नै शब्दमा के बताउनु भयो भने, द्वन्दात्मक वस्तुवादभन्दा पहिले जति दर्शन आए, चाहे तिनको नाम जे सुकै होस्, त्यसको व्याख्या जे सुकै होस्, ती सबैले फगत संसारको व्याख्या (Interprete) गर्ने प्रयत्न गरे। तिनले संसारलाई बदल्ने बाटो देखाउन सकेनन्, संसारलाई बदल्न सकेनन्। द्वन्दात्मक वस्तुवादले यस संसारलाई बदल्नेछ। संसारलाई बदल्नका लागि प्रकृतिमा जुन परिवर्तन भईरहने गर्छ, समाजमा जुन परिवर्तन भईरहने गर्छ र जहाँसुकै जुन परिवर्तन भईरहने गर्छ, त्यस्को नियम थाहा पाएर परिवर्तनको धारामा प्रभाव पार्ने क्षमता मनुष्यलाई हासिल गराउनका निम्ति द्वन्दात्मक वस्तुवादको चर्चा नितान्त जरूरी छ।

........ ज्ञान हासिल गर्नुको तात्पर्यको संबन्धमा मार्क्सवादले के तर्क अघि सारेको छ भने क्रियाबाट ज्ञान अलग्ग छैन– हुनै सक्दैछ। ज्ञान यदि कृयाबाट अलग्ग हुन जान्छ भने त्यस्तो ज्ञान बेकार छ। त्यस्तो ज्ञानलाई बाँझो (Sterile) भनिने छ। त्यस्तो ज्ञान काम लाग्दो हुँदैन, व्यर्थको हुन्छ। सुन्नमा त्यस्तो ज्ञानका कुराहरू जतिसुकै गंभीर लागोस् त्यसबारे थाहा पाउनु र नपाउनु बरोबर नै हुन्छ। हामीले यसकारणले ज्ञान आर्जित गर्नु पर्दछ कि हामीले संसारलाई बदल्नु छ। यो कुरा नै थाहा पाउनुको एउटा तात्पर्य हुन सक्छ, यही नै यसको



**द्वन्दात्मक वस्तुवाद बाहेक संसारमा जे जति दर्शनहरू छन्, तिनीहरू सबै मानिसको मन र व्यक्तिगत उपलब्धीहरूको जगमा खडा भएका छन्।**

एउटा माने हुनुपर्छ। प्रकृतिमा जुन हमेशा, निरन्तर परिवर्तन हुँदै जाँदैछ हामी त्यो जिन्दगीलाई बदल्न चाहन्छौं, त्यसमा हामी प्रभाव पार्न चाहन्छौं। हामी मनुष्यको जुन कार्यकारी भूमिका छ, त्यो भूमिका पूरा गर्न चाहन्छौं। यसै कारण हामीलाई ज्ञानको जरूरत छ। होइन भने हामी ज्ञानको आवश्यकता नै किन महशूस गर्छौं? अरू दर्शनहरूले तपाईलाई निकै कुरा बताउन सक्छन् तर जीवनको चारैतिर जुन स्थिति छ, त्यसलाई बदल्ने मूल विन्दुतिर तिनीहरूले दिशा निर्देशन गर्दैनन्।

द्वन्दात्मक वस्तुवाद अरू सबै दर्शनहरूसित एउटा गुणात्मक भिन्नता राख्दछ। यो एउटा विज्ञान हो। जस्तो कि रसायनशास्त्र (Chemestry) एउटा विज्ञान हो रसायनशास्त्र विज्ञान हो किनकि यसले रासायनिक पदार्थको क्रिया-प्रक्रियाको जुन नियम छ, द्वन्दमा चल्ने त्यसको जुन एउटा खास तरीका छ– जुन निहित नियमहरूले रासायनिक पदार्थहरूको क्रिया-प्रक्रियाहरू घटित हुन्छन्– तिनै नियमहरूलाई खोज्छ–अध्ययन गर्दछ। पदार्थ विद्या या भौतिक शास्त्र (Physics) विज्ञान हो, किनकि पदार्थ-विद्याको सहायताबाट हामी ती सारा विशेष नियमहरू पत्ता लगाउँछौं, जुन विशेष नियमहरूद्वारा विशेष विशेष पदार्थका क्रियाहरू र कार्यकलाप निर्धारित हुन्छ। ......... त्यस्तै गरी जीव-विद्याको क्षेत्रमा विशेष वस्तुहरूको संघर्ष र क्रियाकलाप अध्ययन गर्ने जुन विज्ञान छ, त्यसलाई जीव-शास्त्र (Biology) भनिन्छ। त्यस्तै गणितशास्त्र (Mathematics) छ। गणित अमूर्त विज्ञान (Abstract Science) हो। संसार जुन ढाँचाबाट चलिरहेछ, त्यही अनुरूप एक गणितीय ढाँचा बनाइयो ........ र त्यसैको आधारमा गणितलाई विज्ञानका रूपमा खडा गरियो। गणितमा तपाई देख्नु हुनेछ–तत्वहरू छन्, बस्तुहरू छन्। ०, १, २, ३, ४, ५, ६, ७, ८, ९, यी दश तत्व (Ten elements) गणितीय तत्वहरू (Mathematical Properties) हुन। सारा तत्वहरू एक अर्कासित विशेष तरहले संबन्धित भएर गणितशास्त्रको ढाँचा (Structure) बनाउँछन, र बनाउँदै जान्छन्। गणित त्यसैको अध्ययन गर्ने विज्ञानको रूपमा रहेको छ।

यसरी तपाई विभिन्न विज्ञानलाई देख्नुहुन्छ– त्यो के हो? यो विश्व ब्रम्हाण्ड, जसलाई हामीले देखिरहेछौं, यही एउटै विश्व ब्रम्हाण्डको अलग अलग क्रियाकलाप, विशेष विशेष क्रियाकलाप, जुन विभिन्न विशेष क्षेत्रमा विशेष विशेष नियमद्वारा घटित भईरहेछ, त्यसको अलग अलग तरीकाबाट, ढंगबाट अध्ययन गर्नका लागि यी सारा विज्ञान र विज्ञानका विभिन्न शाखा र तिनका प्रशाखाहरू विकसित भएका हुन्। यसरी बनेका विज्ञानका प्रत्येक शाखालाई विशेष-विज्ञान भनिन्छ।

तर यो जुन अलग अलग क्षेत्रको विशेष नियमद्वारा हुने विशेष कार्यको अध्ययन गर्नका लागि अलग अलग विज्ञानको जन्म भयो – ती सबै विशेष क्षेत्रहरूको विशेष क्रियाकलापलाई लिएर जुन बस्तु जगत छ, विश्व-ब्रम्हाण्ड छ, यो त परस्परमा संबन्धित र श्रृखलावद्ध छ, एक अर्कासित जोडिएको छ। यो एक अर्कोबाट अलग, विच्छिन्न छैन। अलग अलग पारी तपाई अध्ययन त गर्दै हुनुहुन्छ, अलग अलग क्षेत्रका विशेष नियमहरूबारे अध्ययन त गर्दै हुनुहुन्छ, तर यो वास्तवमा एक अर्कोबाट अलग छैन, परस्पर संबन्धित छ, जस्तो सिक्री वा हत्कडी। हत्कडीमा जसरी एउटा कडी अर्कोसित

## दर्शन/दिग्दर्शन

जोडिएको हुन्छ, त्यसरी नै यसमा पनि एउटा अर्कोसित जोडिएको छ। सबै परस्परमा संबन्धित छन् र सम्बन्धित भएर यो अनुशासनबद्ध एउटा बस्तु–ढाँचा (System of Discipline) तयार भएको छ।

यसरी यो जुन अलग अलग विशेष नियमबाट भईरहेका तमाम विशेष क्रियाकलाप एक अर्कासित संबन्धित छन् र सम्बन्धित भएर एक विश्व–ब्रम्हाण्डका रूपमा हाम्रो सामुन्ने विद्यमान छ, यसमा भिन्नाभिन्नै विशेषहरू परस्परमा कसरी सम्बन्धित भए? विशेष विशेष नियमद्वारा परिचालित क्रियाकलापहरू र विभिन्न विशेष बस्तुहरू, यी सबै मिलेर यो जुन विश्व–ब्रम्हाण्ड तयार भएको छ, यसमा एउटालाई अर्कासित – एउटा नियमलाई अर्को नियमसित मिलाउने, जोड्ने नियम र रीति के हो? र ती नियमहरूको खोजि गर्नका लागि हाम्रा विश्व विद्यालयहरूमा पढाइने कुनै विज्ञान छ? – छैन।

यतिञ्जेलसम्म मनुष्य समाज यो विज्ञानको खोजिमा थियो। ज्ञानी मान्छेहरू, दार्शनिकहरू यसैको खोजीमा थिए। त्यसैले दर्शनसित विज्ञानलाई जोड्ने कोशीस भईरह्यो।

विज्ञानका विभिन्न क्षेत्रमा प्राप्त सत्यलाई मिलाएर एउटा सामान्य–सत्य निर्माण गर्ने काम दर्शनको थियो। तर दार्शनिकहरू मनोमानीपूर्वक आ–आफ्नो दिमागी ढंगबाट र व्यक्तिगत उपलब्धीहरूको आधारमा काम गर्ने प्रयत्न गरिरहेका थिए। त्यसैले ती सबै दर्शन अधिभूतवाद (Metaphysics) भईरहे। उनीहरूको स्तर अधिभूतवादको मात्र रह्यो अर्थात् तिनीहरूले वस्तुहरू माथि निरीक्षण त गर्दै रहेका थिए, तर ती विज्ञान हुन



शिवदास घोष

सकेका थिएनन्। यो विज्ञानको रूपमा आउने चेष्टा मात्र थियो। विज्ञानका विशेष परिणामहरूलाई, सत्य धारणाहरूलाई संयोजित गरेर आम सच्चाइ, आम सिद्धान्त, सामान्य सिद्धान्तमा पुग्नको लागि दर्शन चेष्टारत थियो। यो काम त्यतिखेर हुन सक्थ्यो, जब कुनै दर्शनले यी सबै विशेष नियमहरूलाई पत्ता लगाउने विशेष विज्ञानहरूको कार्यक्रम र तिनीहरूले पत्ता लगाएका आम नियमहरूसित संयोजित विशेष नियमहरूको अध्ययन गर्थ्यो, तिनलाई पक्रन सक्दथ्यो। जवसम्म ती नियम वा नियमहरू पत्ता लाग्न सकेनन्, तवसम्म यस अनुशासनवद्ध ढाँचा (System of Discipline) वारे सही समझदारी हुन नै मुश्किल थियो। त्यसैले द्वन्दात्मक वस्तुवाद आउनुभन्दा पहिले जति दर्शन थिए, ती सबै दर्शनहरूले आंशिक सत्यलाई नै प्रतिविम्बित गरे। एकातिर तिनले केही सत्यलाई प्रतिविम्बित गरे भने अर्कोतिर केही गलत धारणालाई पनि प्रतिविम्बित गरे। तिनले जति सत्य धारणाहरू पैदा गरे त्यो भन्दा धेरै बढी असत्य धारणाहरू पैदा गरीरहे।

जसरी बस्तुजगतका अरू अरू कुराहरूको विकास भईरहेछ, मानिसको जीवनमा परिवर्तन हुन्छ, विकास हुन्छ, जसरी मानव समाज आदिम रूपबाट विकास हुँदै हुँदै आजको स्तरसम्म आयो, त्यसरी नै मानिसको विचारधारा–चिन्तन प्रक्रिया–दर्शन चिन्तन– यी सबै कुराको पनि विकास भयो। दर्शन–चिन्तनले विकास गर्दा गर्दा द्वन्दात्मक वस्तुवादको स्तरसम पुगेपछि मात्र यसले त्यो मर्यादा (Status) र विज्ञानको दर्जा प्राप्त गर्न सक्यो। किनभने, यसले ती सबै आम नियम, आम सत्य र नीतिहरूलाई पत्ता लगाउन सक्यो, जुन आम नियम र नीतिहरूबाट सबै विशेष कार्यावलीहरू संयोजित, संबन्धित छन् र एउटै अखण्ड वस्तु–सत्य, यस विश्व–ब्रम्हाण्डको अवधारणा दिन्छन्। त यसरी द्वन्दात्मक वस्तुवाद ती आम नियमहरूको र नीतिहरूको अध्ययनको विज्ञान हो, जो विभिन्न विशेष नियमहरूलाई परस्परमा सम्बन्धित र संयोजित गरेर यस अनुशासनबद्ध विश्व ब्रम्हाण्डको ढाँचा बनाउँछन्॥ ❑

**स्व. शिवदास घोष :** भारतको कम्युनिष्ट पार्टी **सोसलिष्ट युनिटी सेन्टर अफ इण्डिया (SUCI)** का संस्थापक नेता। "दृष्टिकोण क्यो हो?" बाट उद्धत तथा अनूदित"

(यस लेखमा लेखकले द्वन्दात्मक–भौतिकवादको पर्यायवाची शब्दको रूपमा शब्द "द्वन्दात्मक – बस्तुवाद" प्रयोग गर्नु भएकोले जस्ताको तस्तै यहाँ प्रस्तुत गरिएको छ। – सं.)

## कला/साहित्य/संस्कृति

# लोभी–पापी फिल्ममा "मह" जोडी

### "मह" जोडी को सोचमा रहेको दुर्वलताको परिणाम

हरिवंश चोर ठहरिएर घरबाट हाम्फालेर हँसाउने शैलीमा भागेको, बाघले लखेटेको अनि "मह" जोडी दौडेको, फिल्म हेर्न गएको बेला पात्रहरूले हेरेका फिल्मको टुक्राको रूपमा भुवन के.सी. र कृष्टि मैनालीले गीतमा अभिनय गरेको, भूत लखेट्न धामी–झाँक्री राखेको, अंग्रेज डाक्टर, नायिका, नाच, अंग–प्रदर्शन, मदनकृष्ण–हरिवंशबीच काल्पनिक घटनाकै रूपमा भएपनि शिशा–तोड मारमुग्री परेको, प्रेम, जाल, हेलिकोप्टर, पैसा र अन्तमा पुलिस।

यी सबै कुरालाई सिलसिला मिलाएर बनाइएको फिल्म हो – "लोभी–पापी"। मदनकृष्ण–हरिवंशले अभिनय गरेको फिल्म भनेर हेर्न मानिसहरूको घूईंचो लाग्यो, चर्चा भयो। आखिर रहेछ – खिचडी।

यस फिल्मका उल्लेखनीय पक्षहरू हुन् – भ्रष्ट कर्मचारी तन्त्रको चित्रण र "मह" जोडीको हास्य–अभिनय। हास्यमूलक अभिनयहरूले दर्शकलाई हल्का मनोरंजन त दिन्छ तर सारमा यो चलचित्रले कुनै सार्थक छाप र प्रभाव छोड्न सक्दैन। फिल्मलाई "नाफा" मुखी बनाइएको छ। सवैथरि "मसला" सहित मह जोडीलाई प्रस्तुत गरिनुका पछाडि "व्यावसायिक धेय" नै ज्यादा देखिन्छ।

काठमाण्डौबाट दुर्गम जिल्लामा लगिएको बैंकको १० करोड रूपियाँ सहितको हेलिकोप्टर दुर्घनामा परी मर्‍यो भन्ठानेको रामप्रसाद (हरिवंश) कुनै तरीकाले बाँचेको हुन्छ। "माइसाप" (मदनकृष्ण) ले यो कुरा थाह पाई बैंकलाई थाहै नदिई रामप्रसादलाई लुकाई ५।५ करोड भाग गरी खान खोज्दा घटेका घटनाहरू नै यस फिल्मको मूल विषय हो। आखिर नोट नंवरको आधारमा उनीहरू पक्राउ पर्छन र पुलिसको हात पर्छन। लोभी रामप्रसाद र पापी माइसापले यसरी दण्ड पाउँछन्। *लोभी–पापी* फिल्म सकिन्छ।

फिल्मका लगानीकर्ताहरूको बजार–स्वार्थको हिसावले नै यो फिल्म ढाकिएको छ। निर्देशक यादव खरेल यसै अनुरूप सफल छन् र पनि भागेर लुक्दै माधुरीसंग भेटिरहेको रामप्रसादको अनुहार र परिवेशमा छाएको कृत्रिमता र ... पना तिर निर्देशकको ध्यान नगएको कुरा खड्किरो रहेको छ।

मदन–कृष्ण हरिवंश एउटा क्षमता र प्रतिभाको नाम हो। उनीहरूलाई जो कोहीले पनि प्रयोग गर्न खोज्नु अस्वाभाविक हैन। उनीहरू आफैले सचेत हुनु जरूरी छ कि उनीहरू कुन धेयका लागि प्रयुक्त हुने? उनीहरूको क्षमताकै कारण उनीहरूको "बजार" गरम छ र पनि किन उनीहरू "मसला" वाला फिल्ममा समय खर्च गरिरहेछन्? यो "मह" जोडी को सोचमा रहेको दुर्वलताको परिणाम हो। प्रतिभाको सदुपयोग प्रतिभाभन्दा महत्वपूर्ण हुन्छ भन्ने कुरा हाम्रा कलाकारहरूको कहिले बुझ्ने ?

❑

नयाँ वर्ष २०४९ को शुभ
उपलक्ष्यमा संपूर्ण समाजसेवी तथा
देशवासीहरूको सुख समृद्धि तथा
प्रगतिको निम्ति मंगलमय

शुभकामना

**Save The Children**
**US**

गोलबजार, सिराहा

नयाँ वर्ष २०४९ को
शुभ उपलक्ष्यमा संपूर्ण ग्राहकहरू
तथा देशवासीहरूमा सुख तथा
समृद्धिको लागि मंगलमय

**शुभ-कामना!**

सिङ्घानुची इन्टरप्राइजेज

गोलबजार, सिराहा

**नव वर्ष २०४९ को**
**आगमनको सुखद उपलक्ष्यमा**
**हाम्रा ग्राहक वर्ग सहित संपूर्ण**
**देशवासीमा हार्दिक**

**शुभ-कामना!**

सगरमाथा डिस्टीलरी परिवार

सुखीपुर, (सिराहा)

**नव वर्ष २०४९ सालको**
**सुखद उपलक्ष्यमा सुख-शान्ति**
**तथा**
**समृद्धिका लागि समस्त**
**देशवासीहरूप्रति हार्दिक मंलगमय**

**शुभ-कामना!**

**प्रेम शरण शाह**

मिर्चैया (सिराहा)

Always Remember us for:
WATER TURBINE, STEEL STRUCTURES & WORKSHOP FACILITY
with up to date machines
Complete Hydropower Generating Equipment, Trusses, Suspension Bridges, Steel Furnitures & other machinical engineering works.
*Please contact us for your service at:*

BALAJU YANTRA SHALA (PVT.) LTD.

Balaju, Industrial District,
Balaju, Kathmandu. P.O. Box 209
Tel : 272147, 270894, Fax : 977-1-272379, Telex : 2429 BYS NP

# अब मधुमेह रोग पनि निको हुन सक्छ

चीनमा हालसालै विश्वभरी करौडौं मानिसहरूलाई निको नहुने रोगको रूपमा सताई रहेको मधुमेहको प्रवामकारी जडीबूटीजन्य औषधि पत्तो लागेको छ।

यो ओखतीको चिनियाँ नाम हो - जियाङ्ताङ् तोङमैनिङ् (Jiangtang Tongmaining)। यो ओखती १९८७ देखि नै चीनका क्लिनिकहरूमा प्रयोगमा आउन थालेको हो। चीनको जन स्वास्थ्य मन्त्रालयले यसलाई सार्वजनिक प्रयोगमा ल्याउन १९८९ मा स्वीकृति दियो। विगत केही वर्ष भित्र यो ओखती चीनभरी मुख्य ५ वटा अस्पतालमा ९६६ जना रोगीहरूमा प्रयोग भएको थियो। त्यो प्रयोगको परिणामले देखाएको छ - यो ओखतीको औसत प्रभावकारीता ७८.५ प्रतिशत छ। ओखतीको प्रभाव लामो समयसम्म सन्तुलित रूपमा रहने गरेको पाइएको छ।

जियाङताङ् तोङ्मैनिङ जस्तो प्राणदायक ओखती विकास गर्ने श्रेय पेकिङको ग्वाङ्आनन् अस्पताललाई छ, जसले परम्परागत चीनियाँ ओखती सम्बन्धी चीनियाँ एकेडेमी अन्तर्गत रहेर १९७१ देखि नै मधुमेहको प्रमावकारी ओखती पत्तो लाउन अनुसन्धान कार्य थालेको थियो। ग्याङ्आनमेन् अस्पतालमा यस निम्ति लिन लानको नेतृत्वमा एउटा अनुसन्धान समूह गठन गरिएको थियो।

यो अनुसन्धान समूहले परम्परागत चीनियाँ औषधीउपचार - सिद्धान्तबारे विस्तृत अध्ययन थाल्यो र मधुमेहका थुप्रै केसहरूको छानवीन गर्‍यो। अन्तमा यसका सदस्यहरू के निष्कर्षमा पुगे भने मधुमेहको प्रत्यक्ष कारण यिन (Yin) को अमाव हो। छि (QI) र यिन (Yin) का कमजोरीहरू रहनु रोगको आधारभूत लक्षण हो। रगतको Stasis यस रोगको मुख्य Side effect हो। त्यसैले पहिले उनीहरूले जियाङ्ताङ, जियापियान (Jiangtang Jiapian) भन्ने औषधि विकास गरे, जसले विरामीमा छि (Qi) लाई पुनर्जीवित पार्दछ र यीन (Yin) लाई हुर्काउँदछ। त्यस औषधीमाथि १५ वर्ष सम्म अनुसन्धान गरेपछि त्यसबाट प्राप्त सफलताको आधारमा अनुसन्धान टोलीले वर्तमान औषधी जियाङ्ताङ् ताङ्मेनिङ् (Jiangtang Tongmaining) विकास गरेको हो। यो औषधीले यिन (Yin) तत्वको अभावलाई पनि निको पार्दछ, छि (Qi) र यिन (Yin) संबन्धी कम-जोरीहरू पनि स्वत्तम पार्दछ र रक्त संचालनमा पनि प्रगति ल्याउँछ।

क्लिनिकमा गरिएका प्रयोगहरूबाट के पत्तो लागेको छ भने यो औषधीले Myocardial anoxia र मुटुको गडबढीलाई कम पार्न सक्छ। मस्तिष्कको Cerebral tissues मा रगतको प्रवाहलाई क्रियाशील पार्न सक्छ जसले गर्दा Light cerebral infraction को उपचारमा उल्लेखनीय सफलता हासिल हुन्छ। यसले मधुमेहका र किड्नीका विरामीहरूको जैविक-रासायनिक सूची (Bio-chemical index) लाई पनि सामान्य स्थितिमा ल्याउन सक्छ।

यो औषधी पेकिङ्को बेइजिङ ग्वाङ्आनमेन अस्पतालमा छू (Qu) नाम गरेकी एकजना ५७ वर्षीय वृद्धाले हालसालै खाइन्। उनलाई मधुमेहले निकै चापी सकेको थियो। उनी बारंबार मूर्च्छा पर्थिन्, हृदयको धड्कन असामान्य हुन्थ्यो, सास फेर्न गाह्रो पर्थ्यो, डरलाग्दो पाराले पानीको तिर्खा लाग्थ्यो र तुरून्तै तुरून्तै ठूलो परिमाणमा पिसाव हुन्थ्यो। उनी सारै कमजोर भएकी थिइन् र बेहोश अवस्थामा पुगेकी थिइन्। डाक्टरहरूले त्यस अस्पतालमा उनलाई यही औषधी प्रयोग गरे। ३८ दिनको उपचार पछि छू को हृदयको धड्कनको समस्या र बेहोशी पूर्ण रूपमा हल भयो। पानीको तिर्खा र तान्तार पिसाव फेर्नु पर्ने लक्षण कम भयो। उनको मुटुको धड्कन र रगतमा RBC को संख्या सामान्य स्थितिमा आयो। उनी निको भईन्।

छू ले व्यहोरेको समस्या नेपालमा पनि लाखौं मधुमेहका रोगीले व्योरिरहेछन्। तर अब चिन्ता लिनु पर्ने स्थिति रहेन। आवश्यकता पर्ने जो कोहीले पेकिङ स्थित Beijing Guanganmen Hospital मा पत्राचार गर्न सक्छन्। खर्च गर्न संभव हुनेहरू त पेकिङमै पनि जान सक्छन्।□

*श्रोत : Beijing Review, March 16-22, 1992*



कथांश

# रोग

-खलिल जिब्रान

*(विगतको एक अंकमा पनि हामीले विश्व-प्रशिद्ध साहित्यकार खलिल जिब्रानको एउटा छोटो कथा प्रस्तुत गरेका थियौं। पाठकहरूले यसलाई रूचाउनु भएको पाइयो। त्यसैले यसपल्ट पनि खलिल जिब्रानकै एक कथाको अंश यहाँ प्रस्तुत गरिएको छ। अंश भए पनि यसले पूर्ण कथाकै रूप लिएको छ।-सं०)*

मेरो एक बङ्गारामा किरा लागेको थियो जसले मलाई निक्कै दुःख दिईरहन्थ्यो। किरा दिनको चहल पहलमा आरामसाथ बास बस्थ्यो र रातको सन्नाटामा, जब दाँतका चिकित्सकहरू आरामले सुतेका हुन्थे र औषधी पसलहरू बन्द हुन्थे, तब त्यो किरा बेचैन भएर आफ्नो करामत शुरू गर्न थाल्थ्यो।

यसो हुँदाहुँदै एक दिन यस्तो भयो कि मेरो धैर्यले ठाउँ छोड्यो। त्यसकारण म एक दन्तचिकित्सककहाँ गएँ र उसलाई भने "कृपया मेरो यो बङ्गारा निकालिदिनुस्। यसले मेरो निन्द्रा आराम सम्पूर्ण कुरा हरण गर्‍यो, पीडाका चित्कारमै मेरा रातहरू बित्दैछन्।"

चिकित्सकले टाउको हल्लाउँदै भन्यो, "जब बङ्गाराको उपचार हुन सक्छ, तब त्यसलाई निकालेर फाल्नु ठाडै मूर्खता हो।"

उसले बङ्गारोलाई यताउतिबाट खोस्रन शुरू गर्‍यो र त्यसको जरो सफा गरिदियो। अजीव अजीव तरीकाले उपचार गरेपछि जब उसलाई बङ्गारामा एउटा किरा पनि बाँकी छैन भन्ने विश्वास भयो, तब उसले त्यसमा भएका छिद्रहरूलाई एक विशेष प्रकारको सुनले भरिदियो र घमण्डका साथ भन्यो, "अब तिम्रो यो बङ्गारो निरोगी बङ्गारोभन्दा पनि बढी मजबूत भएको छ।"

मैले उसको पुष्टी गरें र उसको खल्ती असर्फीहरूले भरिदिएर म खुसीसाथ त्यहाँबाट हिंडे। तर जम्माजम्मी एक हप्ता पनि बित्न पाएको थिएन, अभागी बङ्गारामा पुनः पीडा हुन शुरू भयो। मलाई यो दर्दले फेरि नारकीय यातनामा डुबाईदियो।

तब म अर्कै डाक्टरकहाँ गएँ र ज्यादै सावधानीपूर्वक उसलाई भनें- "यो खतरनाक सुनौलो बङ्गारालाई उखेलेर फालिदिनुस्। मलाई कस्तो कडा दर्द भैरहेछ भन्ने कुरा म कसरी तपाईलाई व्यक्त गरूँ? त्यसकारण हे डाक्टर, सङ्कोच नमानीकन यसलाई उखेलेर फालिदिनुस्।"



खलिल जिब्रान

*खलिल जिब्रान*

डाक्टरले बङ्गारो निकालिदियो। त्यो समय यातनाहरू र कष्टहरूका दृष्टिले ज्यादै भयङ्कर थियो तर पनि वास्तवमा त्यो ज्यादै नै शुभ-घडी थियो।

बङ्गारो निकाल्ने र त्यसको राम्रोसंग औषधी गर्ने काम गरेपछि डाक्टरले भन्यो, "तपाईले साह्रै राम्रो गर्नुभयो। किराले त्यो बङ्गारालाई निकै बलियोसंग जरो पक्रेको थियो, त्यो ठीक होला भन्ने कुनै आशा थिएन।"

त्यो रात म बहुत आरामले सुतें र अब पनि आरामपूर्वक नै छु। बङ्गारो निक्लेर गयो, यसको लागि भगवानलाई धन्यवाद दिन्छु।

मानव-समाजको मुखमा धेरै यस्ता बङ्गाराहरू छन्, जसमा किरा लागेको छ र यो रोग यति बढेको छ कि यो शरीरको हाडसम्मै पुगिसकेको छ। तर मानव-समाज बङ्गारा झिकेर फाल्ने बेलाको पीडाबाट बच्न यसलाई फुकाल्दैन र साधारण लिपपोतमै सन्तोष मान्छ। ऊ यी बङ्गाराहरूलाई बाहिरबाट सफा गरेर तिनीहरूका छिद्रहरूमा चमकदार सुन भरिदिन्छ। बस।

धेरै बैद्यहरू यस्ता छन्, जो मानवताको बङ्गाराको उपचार आँखालाई आकृष्ट गर्ने सुनको पानी र चमकदार बस्तुहरूले गर्छन् र धेरै रोगीहरू पनि यस्ता छन्, जो आफूलाई यी सुधारप्रिय चिकित्सकहरूकहाँ सुम्पन्छन् र रोगको कष्टलाई सहँदै आफूलाई धोका दिएर मर्छन्।

*अनु : हरिगोविन्द*

# नठाँ इन्टरप्राईजेज्को नौलो कार्यक्रम

## शिखर लक्की बम्पर

## SHIKHAR LUCKY BUMPER

मात्र ७५ रुपैयाँले

टाटा ट्रक २५ वटा, २५० तोला सुन, २५ वटा मोटर साईकल, २५ वटा कलर टि.भि.,२५ वटा फ्रिज साथै लाखौं नगद उपहार

तेस्रो



*RX मोटर साईकल*

टाटा ट्रक च्यासिस (SE MODLE) अथवा रु ७ लाख नगद




दोस्रो




*१० तोला सुन*

चौठौ



*कलर टी.भी.*

पाचौं



*फ्रिज*

**कार्यक्रम अवधि पछि आफ्नो लगानी परे पनि फिर्ता नपरे पनि फिर्ता**

कार्यक्रम संचालन मितिः २०४९ मंसिर १० गते देखि

साथै २०४९ साल श्रावण १० गते देखि एउटा १४" कलर टी.भी. र १ तोला सुनको सिक्री, त्यस समय भित्र विक्रि टिकटहरु मात्र समावेश गरि बोनस उपहार खोलिनेछ ।

**छिटो सदस्य बन्नुहोस् हुन सक्छ यस कार्यक्रमबाट तपाई नै लखपती बन्नुहुनेछ ।**

*सम्पूर्ण टिकट अगाडि नै विक्री भएमा तोकिएको समय भन्दा अगाडि नै कार्यक्रम सञ्चालन गरिने छ ।*

नठाँ इन्टरप्राईजेज्
किर्तिपुर नयाँ बजार, फोन नं. २१३४२६

# सि.आइ.ए. अब कहाँ आँखा लाउँदैछ?

सोभियत संघको विगठन पछि अमेरिकाको कुख्यात जासूसी संस्था सि.आइ.ए. अब अमेरिकाको निम्ति अहिले आर्थिक रूपमा ठूलो चुनौतिका रूपमा सामुन्ने आएका आफ्नै मित्र-देशहरू उपर कडा निगरानी राख्न सक्रिय हुन थालेको छ।

हिजो जुन जुन मुलुक सैनिक गठवन्धनका हिसावले अमेरिकाका मित्र थिए र लामो समयदेखि आर्थिक रूपले अमेरिकाको निम्ति प्रतिद्वन्दी रही आएका थिए, ती मध्ये जापान र जर्मनी अमेरिकाको निम्ति सबैभन्दा ठूलो खतरा सावित भएका छन्। स्मरणीय छ, जापानसित अमेरिकाको व्यापार घाटा ४२ अरब डलर पुगेको छ र यसले जर्मनीसित पनि गम्भीर घाटा भोग्नु परिरहेछ। अमेरिकाको सि.आइ.ए. ले अब ती र ती जस्ता मुलुकहरूको आर्थिक र व्यापारिक रहस्यउपर जासूसी गर्नमा आफ्नो रणनीति केन्द्रित गर्न थालेको छ। सि.आइ.ए. का वर्तमान निर्देशक रोबर्ट्स गेट्सले त सिनेटरहरूलाई प्रष्ट भाषामा के बताएका छन् भने -"शीत-युद्धको समयका हाम्रा साथीहरू अहिले बखत-बखतमा विश्व-बजारमा हाम्रा गंभीर शत्रु भएका छन्।" भू.पू. सि.आइ.ए. निर्देशक विलियम वेब्स्टरको विश्लेषण रहेको छ - आर्थिक सुरक्षा हाम्रो राष्ट्रिय सुरक्षाको एउटा भाग हो। यस परिप्रेक्ष्यमा अमेरिकाका लामो समयदेखिका सैनिक "मित्र" हरू एक आपसमा अहिले शंकालु आँखाले हेरीरहेछन्।



जनकार सूत्रहरू के बताउँछन् भने - अहिले सि.आइ.ए. ले एउटा अन्तर्राष्ट्रिय अर्थतन्त्र सम्बन्धी नयाँ कार्यदल गठन गरीसकेको छ, जसको काम अमेरिकाको सरकारी र निजी क्षेत्रलाई अन्य मुलुकका गोप्य आर्थिक रहस्यहरू र सूचनाहरू बारे नियमित रूपमा सूचित गर्नु र प्रतिद्वन्दी मुलुकमा अमेरिकाले विकास गरीरहेको प्रविधि स्थानान्तरण हुनबाट रोक्नु रहेको छ। सोभियत संघको विगठन र त्यहाँ आफ्नो स्वार्थ अनुकूलको सरकार गठन गर्न सफल भएपछि सि.आइ.ए. ले सोभियत संघको फाँटमा कार्यरत एक तिहाई गुप्तचरहरू विगत केही समय अघिदेखि अन्य क्षेत्रमा स्थानान्तरण गरेको छ। ती क्षेत्र मध्ये प्रमुख क्षेत्र अब अमेरिकाको आर्थिक प्रतिद्वन्दी मुलुकहरूको अर्थतन्त्रको जासूसी गर्नु रहेको छ।

सि.आइ.ए. ले अब विकासशील देशहरूको अर्थतन्त्रमा पनि जासूसी गर्न थाल्ने भएको छ, ता कि ती देशहरूमा जुन गंभीर आर्थिक संकट छ त्यसले कतै त्यहाँ विद्रोह नभड्कियोस् र ती मुलुकहरू अमेरिकी नियन्त्रणबाट बाहिर नहोऊन्।

स्रोत : दि राइजिङ्ग नेपाल

---

पेज..१८.. को बाँकी

*गर्नेबारे तपाईंको राय के छ? वर्षा लाग्न आटेको मौसम भएकोले यसबारे पनि ध्यान दिनु पर्छ कि?*

हाम्रोमा वामपन्थीहरूलाई केही व्यक्तिहरूले व्यंग्य पनि गर्छन -"तिमीहरूको आन्दोलन मौसमी हुन्छ" भनेर। जवकि जनताको समस्या चाहिं मौसमी मात्र हुँदैनन्, बाह्रै महिना जनता थिचिएको हुन्छ। त्यसकारण हामीले यो "मौसमी आन्दोलन" भन्दा माथि उठ्ने प्रयत्न गर्नु पर्दछ।

वामपन्थी पार्टीहरू कार्यकर्तामा आधारित पार्टी भैसकेको नहुनु नै यसको कारण हो। सामान्य विद्यार्थी वा किसान वा मजदूरको आधारमा उनीहरूको अनुकूलतामा मात्र संघर्ष चल्न सक्ने स्थितिभन्दा माथि उठेर समर्पित पार्टी कार्यकर्ताहरूको आधारमा बाह्रै महिना पनि जरूरी भए संघर्ष चालू हुने स्थिति तयार हुनुपर्दछ। नेपाली जनताको मुक्ति संग्रामको नेतृत्व गर्ने पार्टीहरू कमजोर हुनु भएन। भएका कमजोरीहरूलाई सकेसम्म चाँडो हटाउनु पर्‍यो। कार्यकर्तालाई प्रशिक्षित गर्ने, उनीहरूमा कम्युनिष्ट चरित्रको विकास गर्ने आदि कुरामा आजकाल पार्टीहरूको ध्यान गएको मैले देखिरहेको छैन। नेता र कार्यकर्तामा कम्युनिष्ट चरित्र हराउँदै गएको हो कि भन्नेमा चिन्ता गर्न पनि धेरैले छोडिसकेको देखेको छु। यसो हुनु भएन। यसो भएमा संघर्षहरू पनि नाममात्रका हुने डर हुन्छ। त्यसैले यसबारे नेतृत्वहरूले ध्यान दिएर सोचून् भन्ने म चाहन्छु।

तपाईंमा कुनै व्यवसाय गर्ने इच्छा छ, सीप छ, जाँगर छ तर पूँजी छैन भने ...

विभिन्न कृषि सामाग्री / सिंचाइका विभिन्न कार्य/ गोवर ग्याँस प्लाण्ट / मिल स्थापना र संचालन / माछापालन व्यवसाय / तरकारी खेती/ फलफूल खेती / भैंडा, मौरी, चौरीपालन/ वाटर, टर्वाइन परियोजना / गोदामघर, कोल्ड स्टोरेज आदि निर्माणका लागि / साझा सहकारी संस्था / साना किसानहरूलाई विभिन्न कार्य / विभिन्न किसिमका घरेलु उद्योग / बाख्रा, वंगुर, भैंसी, कुखुरापालन / मल, वीउ, किरा मार्ने औषधी/ ट्याक्टर, पम्पसेट र अन्य औजार / चिया, अलैंची, अदुवा खेती/ धान, गहुँ, मकै खेती/ मोहीलाई जग्गा खरीद गर्न/ यी मध्ये कुनै व्यवसाय रोज्नुहोस्, ऋण पदन हामी तत्पर छौं।

कृषि विकास बैंक
मुख्य कार्यालय, काठमाडौं

अन्तर्क्रिया प्रकाशनको
प्रथम पुस्तक प्रकाशन
**महेश मास्केका**
कविताहरूको संगालो
"भोकका कैदीहरूसंग"
बजारमा उपलब्ध छ।

**बानियाँ कान्छा** लिखित
एक अनौठो जंगल
*(वाल-कथा संग्रह)*
प्रकाशित भयो।
बजारमा उपलब्ध छ।

पेज.२०. को बाँकी

हाल कम्युनिष्ट विरोधी तत्वहरूले कम्युनिष्ट खतम भयो भनेर हौवा फैलाएका छन्, यस्ता तत्वहरूका लागि बलियो जवाफ दिई "मूल्यांकन" ले सरल ढंगमा चोटिलो प्रहार गरोस्।

-खिलबहादुर भण्डारी, गोरखा

---

## "मूल्यांकन" माथिका आरोप बारे

"मूल्यांकन" पत्रिकाको म सराहना गर्दछु। कम्तिमा पनि यसले समाजवादप्रति दृढ आस्था दर्शाएको छ र कम्युनिष्ट एकताको पक्षमा आवाज उठाएको छ। कम्युनिष्ट एकताका विरोधीहरू समाजमा सक्रिय छन्। यो बेलामा काममा मात्रै पनि कम्युनिष्टहरूलाई "एक" गराउनु जिम्मेवार सबैको कर्तव्य हो। एकले अर्कोलाई हेर्दै नहेर्ने, कुरा सुन्दै नसुन्ने कम्युनिष्टहरू पनि नेपालमा छन्। यस्तोमा अन्तर्क्रियाको बाटो एकदमै वैज्ञानिक बाटो हो।

"मूल्यांकन"लाई "जनता" साप्ताहिक पत्रिकामा कुनै पाठकले प्रतिक्रिया पठाएर निर्मललामाको आवाज बोलको भन्ने आरोप लगाएको पढें। "झिल्को" साप्ताहिकमा "एमालेमा पोइल जान लागेको" भन्ने आरोप पनि पढें। यी दुवै आरोपहरू पढ्दा मलाई दुःख लागेको छ। राम्रो कामलाई देखी नसहने प्रवृत्तिले नेपालको वामपन्थी आन्दोलनलाई ठूलो घाटा पुऱ्याएको छ। आफ्नो पछि लागेन भने त्यसलाई गाली गर्ने बानी हाम्रो कहिले छुट्ने? त्यसैले म तपाईंकै पत्रिका मार्फत भन्दछु

-"मूल्यांकन"लाई हामीले बचाउनु पर्छ। हाम्रा प्रकाशनहरूलाई हामीले नजोगाउने हो भने के पूँजीवादीहरूले जोगाइदिन्छन् ?

- किरण थापा, पाटन क्याम्पस।

# जन-आन्दोलनको आचार-नीति के हो?

-खगेन्द्र संग्रौला

गत चैत २४ र बैशाख २१ का जन-आन्दोलनहरूपछि जन-आन्दोलनको आचार-नीतिबारे नेपाली बौद्धिक र राजनीतिक फाँटमा व्यापक चर्चा र भीषण द्वन्द चलिरहेछ। सत्ताधारी वर्ग र आन्दोलनकारी वर्ग दुबैले आ-आफ्नो वर्गहित अनुकूल हुने गरी आन्दोलनका आचारनीतिहरू अघि सारेका छन्। हालैको जन-आन्दोलनको क्रममा भएको र पछिका आन्दोलनमा हुन सक्ने ज्यान धनको खतीको जिम्मा कस्को हुने भन्ने विषयमा केन्द्रित भई यी परस्पर विरोधी आचार-नीतिहरू द्वन्दरत छन्। यस द्वन्दको एक विचारणीय पक्ष के छ भने, जन-आन्दोलनका पक्षधर कतिपय बौद्धिकहरू र छापाहरू नरसंहारकारी सत्ताले आफ्नो स्वार्थलाई जोगाइराख्नका निम्ति अघि सारेका आचार-नीतिहरूबाट कतै आंशिक र कतै पूर्ण रूपमा प्रभावित देखिन्छन्। यस पृष्ठभूमिमा जन-आन्दोलनको आचार-नीति सम्बन्धी भ्रामक विचारको खण्डन गरी सही विचारको निर्माण गर्न गम्भीर छलफल चलाउनु जरूरी देखिन्छ। त्यसैले, यस लेखमा "मूल्याकन"को अघिल्लो अंकको सम्पादकीयको एक अंशको सम्बन्धमा म यहाँ अलिकता अन्तर्क्रिया गर्नेछु।

अंक ३ को सम्पादकीयमा "मूल्याकन" यसो लेख्छः "गोली हान्नु पर्ने कुनै परिस्थिति नै खडा नभइकन पनि गिरीजा सरकारले संविधान बमोजिम सडकमा उत्रेका निहत्था जनतामाथि अन्धाधुन्ध गोली बर्साएर एक दर्जन भन्दा बढी निर्दोष मानिसको ज्यान लिने र सयौं नागरिकलाई घाइते पार्ने अक्ष्यम्य काम गरेको छ।" मूलतः जन-आन्दोलनको समर्थनमा लेखिएको यस भनाईबाट जन-आन्दोलनको आचार-नीति सम्बन्धमा दुइ वटा सरल निचोड निकाल्न सकिन्छः

(क) आन्दोलनकारीहरूका कार्यकलापहरूबाट तिनमाथि गोली हान्नुपर्ने परिस्थिति पनि खडा हुनसक्छ

(ख) त्यस्तो परिस्थिति खडा भई गोली हानिएमा सो कार्य क्षम्य हुन पनि सक्छ।

यी दुई निचोडहरूले स्वभावतः आन्दोलनकारी जनतासामु एक डरलाग्दो प्रश्न खडा गर्छन्। त्यो हो- जन-आन्दोलनमा कुन त्यस्तो परिस्थिति हुन्छ जहाँ निरंकुश सत्ताले आन्दोलनकारी माथि गोली हान्नु क्षम्य हुनसक्छ? भन्नै नपर्ने कुरा के हो भने जन-आन्दोलन शान्त, सुशील र सुखद कहिल्यै हुँदैन। जन-आन्दोलन भनेको जन-आकांक्षा पूरा गर्नका निम्ति जन-विरोधी सत्तालाई प्रचण्ड दवाब दिन पैदा गरिने उथलपुथल र विप्लव हो। जन-आन्दोलन आँधीबेरी जस्तै हुने भएकोले आँधीबेरीको वेगले फोहोर मैला र सढेगलेका पातपतिंगर मात्र नबढारी कतिपय मूल्यवान् र उपयोगी बस्तु समेत नष्ट गर्न सक्ने जोखिम रहन्छ। त्यसैले जन-आन्दोलनको आचार नीतिका दृष्टिबाट हेर्दा आन्दोलनकारीमाथि गोली हान्न मिल्ने त्यस्तो परिस्थिति भनेको के होला?

मेरो विचारमा जन-आन्दोलनको प्रभावले जस्तोसुकै स्थिति खडा गर्दा पनि जन-आन्दोलनकारीहरूमाथि निरकुंश सत्ताले चलाउने गोली औचित्यपूर्ण र क्षम्य कदापि हुन सक्दैन। आन्दोलन जस्तो मर्न र मार्न बाध्य हुनु पर्ने कष्टकर बाटोमा लाग्न जनतालाई वाध्य तुल्याउने कार




क तत्व के हो? त्यो हो-निरंकुश सत्ता। कारक तत्व निरंकुश सत्ता। आन्दोलनबाट पैदा हुने संभावित क्षतिप्रति आन्दोलनकारी किन ज़िम्मेवार हुन्छ? र हठवादी सत्ताको अविवेकबाट उत्पन्न हुनसक्ने आन्दोलनको असामान्य परिस्थितिको शिकार उल्टै आन्दोलनकारी जनताले नै हुनुपर्ने किन?

जन-आन्दोलनको क्रममा, निरंकुश सत्ताले थोपरेको आर्थिक कष्ट, असुरक्षाको त्रास, भविष्यको चिन्ता र अपमानको चापबाट जनताका मनमा संगालिएको सत्ताप्रतिको घनघोर क्रोध र घृणाको विस्फोट हुन्छ। क्रोध र घृणाको सामूहिक विस्फोटनबाट नाश गर्नु नहुने वस्तु समेत नाश हुनगयो भने त्यसका लागि को जिम्मेवार हुन्छ? जन-आन्दोलनको आचार-नीतिका दृष्टिबाट भन्ने हो भने त्यसका लागि जिम्मेवार उही निरंकुश सत्ता हुन्छ, जसले जनताका मन-मस्तिष्कमा क्रोध र घृणाको त्यो सागर पैदा गर्छ। उसोभए, जन-आन्दोलनमा कुन त्यस्तो परिस्थिति हुन्छ जहाँ जन-विरोधी सत्ताले जनतामाथि गोली हान्नु क्षम्य हुन्छ?

आज शान्तिपूर्ण आन्दोलनमा जुटेका निःशस्त्र जनताको सशस्त्र सत्ताले हत्या गरेको छ। त्यसैले बलियो सत्ताले निर्धो जनतामाथि बलमिच्याइँ गर्‍यो भनेर त्यसको निन्दा गरिएको छ। शान्तिपूर्ण आन्दोलनको माध्यमबाट जनताले आफ्ना आकांक्षा पूरा गर्न सकेन र आफ्ना सन्तानको भविष्य देखिने आसाको ढोका उघार्न सकेन भने आफ्नो र मुलुकको अस्तित्व जोगाउन जनता सशस्त्र बन्न वाध्य हुनेछ र त्यसबेला सशस्त्र सत्ताले सशस्त्र जनतामाथि गोली चलाएमा त्यस कार्यलाई क्षम्य मान्न सकिएला? कदापि सकिन्न। किन? किनभने जन-आन्दोलनको आचार-नीति अनुसार अन्याय र अगतिका शक्तिले न्याय र प्रगतिका शक्तिमाथि प्रहार गर्नु अनुचित हो। उसोभए, जन-आन्दोलनको कुन त्यस्तो परिस्थिति हुन्छ जहाँ जन-विरोधी सत्ताले आन्दोलनकारी जनतामाथि गोली हान्नु क्षम्य हुनसक्दछ?

"मूल्याकन" शोषित र उत्पीडित जनताका हक र हितप्रति प्रतिबद्ध एक वामपन्थी प्रकाशन हो, मानव अधिकारवादी संस्था होइन। सत्ता र जनता माझ समदूरीमा बस्न र तटस्थताको अभिनय गर्न रूचाउने मानव अधिकारवादी संस्थाहरूका आफ्ना सीमा होलान्। ती सीमाभित्रबाट तिनले "मूल्याकन" को माथि उतार गरिएजस्तो भाषा बोल्नु मुनासिपै होला। तर "मूल्याकंन" को कथन केलाउँदा यो जन-आन्दोलनको आचार-नीतिको प्रश्नमा अलमलमा परेको र आफ्नो वर्ग प्रतिबद्धताबाट कतै अन्जानवश चिप्लन लागेको पो हो कि भन्ने मलाई लाग्छ। वाम आन्दोलनभित्रका मित्र शक्तिहरूलाई स्वस्थ वैचारिक अन्तर्क्रियाको प्रक्रियामा सामेल गराई विचारको प्रस्टता प्राप्त गर्ने उच्च उद्देश्य अँगालेको "मूल्याकंन" ले साँचो अर्थमा आफ्नै सानो परिवार माझ पनि मनग्गे विचार अन्तर्क्रिया गराउन नसकेको कुराको यो एक खट्कँदो उदाहरण हो। आफ्नो घोषित आदर्श विरूद्ध आफै उभिन सक्ने खतराबाट जोगिन "मूल्याकन" ले साँचो अर्थमा आफ्नै माझ मनग्गे अन्तर्क्रिया गर्नुपर्ने खाँचो देखिन्छ। मिलेर हिंडे जीवनको उकालो काट्न सजिलो हुन्छ।

❑

*("संपादक-मण्डलको विचार उपर पनि विचार अन्तर्क्रियालाई स्वागत गरिने छ" भन्ने "मूल्याकन"को घोषित नीति रहेको छ। तसर्थ खगेन्द्र संग्रौलाज्यूले गतांकको हाम्रो संपादकीयको अंशमाथि उठाउनु भएका प्रसंगहरूलाई हामीले यहाँ प्रस्तुत गरेको हौं।*

*गतांकमा हाम्रो संपादकीय र अन्य सामग्रीहरूको मूल आशय जन-आन्दोलनको पूर्णतः पक्षमै रहेको र हामी यही पक्षमा दृढ नै रहेका छौं। गत चैत्र २४ को घटनामा सत्ता पक्षले "आत्म-रक्षाका लागि गोली चलाएको" वा "काठमाडौं शहर नै जलाउन खोजिएकोले गोली चलाएको" आदि निहुँहरू प्रचार गरी "गोली-प्रहार"लाई जायज ठह्‍याउने कोशिस गरेको थियो। हाम्रो आशय थियो- सत्ताले दावी गरेकै यो स्थिति पनि गत चैत्र २४ गते थिएन र सत्ताले सरासर झूठ बोलेको छ, यस अर्थमा हामीले "गोली हान्नु पर्ने परिस्थिति नै खडा नभइकन" भनेका हौं। यसबाट अन्यथा अर्थ लाग्न गएकोमा हामी क्षमा याचना गर्दछौं। "मूल्याकंन" कोरा बर्जुवा मानव अधिकारवादी संस्था नभएको कुरा यसको कामवाटै प्रष्ट हुने हामीले आशा लिएका छौं। प्रतिकृयाको लागि संग्रौलाज्यूमा धन्यवाद। - सं)*

---

"मूल्यांकन" ले वामपन्थी खेमाका विभिन्न पार्टीहरूलाई एकै थलोमा सामेल गराएर विचार-अन्तर्क्रिया चलाएर वाम खेमामा देखा परेको विभाजनलाई मेटाउन सक्ने भूमिका खेल्न सक्छ कि भन्ने विश्वास मैले एक स्वतन्त्र वामपन्थी वुद्धिजीवीको हैसियतले लिएको छु।

गतांकमा महिला नेतृहरूको विचार समसामयिक र सान्दर्भिक लाग्यो।

**-राकेश के.सी. खोपासी, काभ्रे।**

---

गतांकमा "वाँकी ........... पेजमा" भनेर दिएको पेज नं. फरक परेको छ। आइन्दा यस्तो भूल नहोस्।

डि.आर. पोखरेलको "ढोंग : विभाजित मनस्थितिको उपज" लेख सरल, व्यावहारिक र कम्युनिष्ट आन्दोलनका लागि अत्यन्त उपयोगी पाएँ।

**पूर्ण महर्जन, नगाउँ, कीर्तिपुर**

---

गतांक "जन आन्दोलन विशेषांक" बाट आन्दोलनका विविध पक्षहरूबारे जानकारी पाएँ। पत्रिकालाई राजनीतिमा मात्र सीमित नराखी अन्य पक्षतिर पनि ध्यान जाओस्। कथा, कविताहरू पनि समावेश गरियून।

विजय राज घिमिरे टिमकिया-४ महोत्तरी

साम्यवादको पतन भयो भनेर कराउँदै हिंड्ने पुँजीवादी मिजिलान्ते समूहलाई "मूल्याकंन" ले बजमुक्का प्रहार गरेको छ। महिलाहरूलाई यसमा विशेष सहभागी गराइयोस्। विज्ञापनको संख्या घटाइयोस्।

वि. के. श्रेष्ठ "साहस"पि. एन. कयाम्पस, पोखरा

(बाँकी पृष्ठ ४९मा ---)

टूथपेष्ट जगतमा
चिर परिचित




प्रयोग गरी
दाँत र गिजाको
सुरक्षा गर्नुहोस् ।




वैज्ञानिक ढंगले गलैंचाको
ऊन रंगाइको लागि
हामीलाई संझनुहोस्!

वागमती डाइङ्ग इण्डस्ट्रिज
कुलेश्वर
(कृषि सामग्री संस्थान अगाडि)
फो. नं. २-१३९०६

नव वर्ष २०४९ को आगमनको
सुखद उपलक्ष्यमा हाम्रा ग्राहक वर्ग
सहित संपूर्ण देशवासीमा हार्दिक
शुभ-कामना!

स्वाद्य उद्योग (प्रा०) लि०
हेटौंडा औद्योगिक क्षेत्र
हेटौडा।

नव वर्ष २०४९ को सुखद
उपलक्ष्यामा हाम्रा ग्राहक वर्ग
सहित समस्त देशवासीहरूप्रति
हार्दिक शुभ-कामना!

अमरावती मद्यशाला प्रा. लि.
हरिऔन, सर्लाही, नेपाल

विगी जनरल ट्रेडिंग कम्पनी प्रा लि को अनौठो कार्यक्रम..
बिगी धनराशी फिर्ता बम्पर
मात्र सय रूपैंयाँले



राजधानीमा ६० वटा घर
बिगी बिगी बिगी बिगी बिगी बिगी


ल.पु.जि.का.द.नं. ४८: ०३९/४० बा.अ.हु.द.नं. ६२: ०३९/४०

# सित्तैमा ६० वटा घर र ६० वटा घडेरी

## प्रत्येक उपभोक्तालाई उपहारै उपहार

# जय गुरु गणेश धनराशी फिर्ता योजना

# JAYA GURU GANESH MONEY BACK PLANNING



काठमाण्डौं उपत्यका भित्र



एक पटक मात्र

रु. १००/–

पछि आफैलाई फिर्ता ।

प्रथम उपहार

लगानी थोरै फाइदा धेरै

**प्रत्येक पटक खोलिने उपहारहरू**

१. प्रथम– एक जवानलाई घर
२. दोश्रो–एक जवानलाई घडेरी
३. तेश्रो– ८ जवानलाई घरायसी स्टील दराज
४. चौथो– ५०० जवानलाई नगद रु. ५००/– (प्रतिब्यक्ति)

जोखिम शून्य, फाइदै फाइदा

एकै व्यत्तिलाई ६० पटकसम्म घर पर्नसक्ने, परिपक्व योजना अवधि पछि रु. २५।– बराबरको उपहार स्वरूप थप सुविधा सहित आफ्नो रकम आफैलाई फिर्ता
यही श्रावण १ गतेदेखि आश्विन १ गतेसम्म प्रत्येक महीना विशेष उपहार खोलिने निर्णय भएको सहर्ष जानकारी गराउँदछौं।

विशेष उपहार यस प्रकार छन्:–

| | | | |
|---|---|---|---|
| १. प्रथम– | १४" कलर टि.भी. | – | १ जवानलाई |
| २. दोस्रो:– | १४" श्याम/श्वेत टि.भी: | – | १ जवानलाई |
| ३. तृतीय:– | नगद रू. १००० ।– | – | ८ जवानलाई |
| ४. चतुर्थ:– | नगद रू. ५०० ।– | – | २४ जवानलाई |

प्रथम उपहार परेको टिकट विक्री गर्ने एजेन्टलाई नगद रू. १००० ।– उपहार प्रदान गरिने छ।

सञ्चालक
**जि.के. आइरन एण्ड स्टील इण्डष्ट्रिज (प्रा.) लि.**
ललितपुर, सुन्धारा, चपटटोल
पो.ब. नं. १३७४

फोन नं.: ५२६०५९, ५२४१६४, ५२५५५५

NIRAYOO 527099